विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# कलस्सीहरूलाई लेखिएको प्रेरित पावलको पत्रको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# कलस्सीहरूलाई लेखिएको प्रेरित पावलको पत्र

## भूमिका

*'कलस्सीहरूलाई लेखिएको प्रेरित पावलको यो पत्र किन पढ़िन्छ? यो पत्र पढ्नुमा के फाइदा होला? पवित्र आत्माको प्रेरणाले अभिप्रेरित भएका शब्दहरूको भेसभूषामा परमेश्‍वरको आत्माले यस पत्रमार्फत यी विश्‍वासीहरूलाई के भन्न चाहनुभयो, सो कुरामा हामीले आफ्नो विचार पुर्‍याउनुपर्छ; हामीले यसको भाव पक्रनुपर्छ; तब यस पत्रमा प्रकट भएको तत्त्व र त्यसको तथ्यको शक्तिले हाम्रो मन र आत्मालाई भरिदिन्छ र हाम्रो जीवन आफ्नै ढाँचामा ढालिदिन्छ; यसरी नै वर्तमान समयका निम्ति हाम्रो आत्मिक समृद्धि हुनुको साथै हाम्रो अनन्त लाभ हुनेछ।'*

*श्री आर. सी. एच. लेन्स्की*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

पावलले लेखेका पत्रहरूमध्ये प्रायः सबै रोम, कोरिन्थ, एफेसस, फिलिप्पीजस्ता ठूला र महत्त्वपूर्ण शहरका मण्डलीहरूलाई लेखिए। तर कलस्सेअचाहिँ आफ्नो चरमबिन्दु नाघिसकेको र ओरालिरहेको एउटा

सानो शहर थियो। अनि शुरुको मण्डलीको इतिहासमा कलस्सेअको मण्डली पनि प्रख्यात भएन। कलस्सीहरूलाई लेखिएको, आत्माको प्रेरणाद्वारा अभिप्रेरित भएको यो पत्र हाम्रो हातमा नभएको भए हामीले कलस्सेअको नाम कहिल्यै सुन्न पाउनेथिएनौं होला; त्यो नाम पुरातत्त्व र प्राचीन इतिहास पढ्ने अल्पसङ्ख्य विद्यार्थीहरूले मात्र जान्नेथिए होला।

कलस्सेअ भन्ने ठाउँको महत्त्व कम थियो, तर प्रेरित पावलले त्यस ठाउँका विश्वासीहरूलाई लेखेर पठाएको पत्रको महत्त्व ठूलो छ। यूहन्नाको सुसमाचारको एक अध्याय, हिब्रूहरूलाई लेखिएको पुस्तकको एक अध्याय र कलस्सीहरूलाई लेखिएको पत्रको एक अध्यायचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टको सम्पूर्ण परमेश्वरत्वको शिक्षा प्रस्तुत गरिदिने सर्वोच्च व्याख्या मानिन्छन्। अनि यो शिक्षा सारा ख्रीष्टीय सत्यताको सत्‌आधार हो; यसको मूल्य साह्है किम्मती छ, यसको साध्य छैन।

यो पत्र विभिन्न नाताका सम्बन्धहरू, पूजापद्धति आधारित भएको स्थानीय धर्म र इसाई जीवनको विषयमा अमूल्य अर्ती र शिक्षाले पूर्ण छ।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

उन्नाइसौं शताब्दीसम्म कसैले पनि कलस्सीहरूलाई लेखिएको पत्रको लेखक पावल होइनन् भनेर भन्दैनथियो; किनभने यसको विरोधमा कुनै पनि प्रमाण छैन। तिनको पक्षमा प्रमाणहरू यत्ति पक्का र यत्ति सकारात्मक छन्।

*बाहिरी प्रमाणहरूः* बाहिरी प्रमाणहरू साह्है बलिया छन्। इग्नाटियस (इस्वी संवत् -१४०), जस्टिन मार्टर (इस्वी संवत् १००-१६५), एन्तिओकको थियोफिलस (इस्वी संवत् -१८३), इरेनेयस (इस्वी संवत् १३०-२०२), अलेक्जान्द्रियाको क्लेमेन्ट (इस्वी संवत् १५०-२१५), टेर्टुलियान (इस्वी संवत् १५५-२२०) र इस्वी संवत् १८४-२५३ जिउने ओरिगेनले पनि यस पत्रबाट केही अंश उद्धृत गरे र यीमध्ये धेरैजनाले यस पत्रको लेखक पावल हुन् भनेर सीधा बताइदिए। अँ, मार्सियोन कानुन र

मुराटोरी कानुनमा पनि यो पत्र पावलको सकली पत्रको रूपमा समावेश गरिएको छ।

*भित्री प्रमाणहरू:* कलस्सी १:१ र २३ पदमा अनि कलस्सी ४:१८ पदमा लेखकले आफूलाई 'म प्रेरित पावल हुँ' भनेर भन्छन्। यो एक सरल, तर सशक्त भित्री प्रमाण हो; किनभने यस लेखकको व्यक्तिगत परिचयसित यस पत्रमा प्रस्तुत गरिएका विषयवस्तुहरू पनि मिल्छन्। अनि प्रेरित पावलको आदतअनुसार यस पत्रमा पनि तिनको हरेक पत्रमा जस्तै यसको शुरुमा शिक्षाको एउटा खण्ड छ, त्यसपछि पेश गरिएको शिक्षा कसरी व्यावहारिकतामा उतार्नुपर्छ, सो सम्बन्धमा अर्तीहरू पाइन्छन्।

अनि भित्री प्रमाणहरूको सम्बन्धमा फिलेमोनको कुरा आयो। प्रेरित पावल यस पत्रको लेखक हुन् भन्ने पक्षमा सबैभन्दा बलियो भित्री प्रमाण यही होला; किनभने फिलेमोनसित प्रेरित पावलको घनिष्ठ मित्रता भएको थियो। अनि फिलेमोनलाई लेखिएको पत्र पावलको हो भन्ने कुरा सबैजनाले स्वीकार गर्छन्। फिलेमोनको सानो पत्रमा कलस्सीहरूका पाँचजनाका नामहरू फेरि पढ़िन्छन्। अनि बाइबल-समीक्षक श्री जोसेफ ई. रेनान (इस्वी संवत् १८२३-९२) कलस्सीको पत्र र फिलेमोनको पत्रको बीचमा भएका धेरै समरूपताहरूबाट निक्कै प्रभावित भए, यहाँसम्म कि तिनले कलस्सीहरूलाई लेखिएको पत्रको विषयमा आफ्नो राय सठीक नहोला भन्ने शङ्का गर्दैथिए।

पावल कलस्सीहरूलाई लेखिएको पत्रको लेखक होइनन् भन्ने कुरा कहाँबाट उठ्यो त? यो तर्कको कारणचाहिँ यस पत्रमा प्रयोग गरिएको शब्दभण्डार हो, ख्रीष्टको विषयमा पेश गरिएको शिक्षा हो, अनि गूढ़ज्ञानवादको सन्दर्भमा लेखिएका सुस्पष्ट खण्डहरू हुन्।

यस तर्कका मुख्य बुँदाहरू पेश भएपछि हामी यसको एक-एक बुँदाको जवाफ पनि यहाँ दिइहालौं। शब्दभण्डारको कुरा यस प्रकारको छः पावलले अरू पत्रहरूमा प्रयोग गरेका प्रसिद्ध र सुपरिचित शब्दहरू यस पत्रमा केही नयाँ शब्दहरूद्वारा बदली भएका छन्। इस्वी संवत् १८१९-१९०४ सालमा जिउने ब्रिटिश अनुदार बाइबल-विद्वान्

श्री जोर्च साल्मोनले यसको तर्कको जवाफ साह्रै मज्जाले दिएर यसो भनेका छन्ः

> 'लेखकले नयाँ रचनामा अघि कहिल्यै नचलाएको कुनै नयाँ शब्द प्रयोग गर्नुहुँदैन, नत्र ता लेखकले आफ्नो परिचय र चिनारी गुमाउँछन् भन्ने सिद्धान्त म कुनै हालतमा पनि स्वीकार गर्न सक्दिनँ।' [1)]

अनि कलस्सीको पत्रमा ख्रीष्टको विषयमा प्रस्तुत गरिएको शिक्षाको विषयमा कसो हो ? यस पत्रमा ख्रीष्टको विषयमा पेश गरिएको शिक्षाले फिलिप्पीको पत्रमा र यूहन्नाको सुसमाचारमा उहाँको विषयमा प्रस्तुत गरिएको शिक्षासित पूरा मेल खान्छ र पूरकको काम गर्छ। अनि यस सिलसिलामा हामी यो सफासँग भनिहालौंः ख्रीष्टको परमेश्वरत्वको शिक्षामा कसले समस्या देखेका छन् त ? के केवल तिनीहरू होइनन् र, जसले यो शिक्षा दोस्रो शताब्दीमा युनानी गैर-इसाई धर्मबाट विकासित भएर आएको शिक्षा तुल्याउन चाहन्छन् ? हो, निश्चय यस्ताहरूले यो शिक्षा अवश्य मन पराउँदैनन्।

अब गूढ़ज्ञानवादको कुरा आयो। यस सम्बन्धमा स्कटिश उदारवादी बाइबल-विद्वान् श्री जेम्स मोफ्फाटको विचार के थियो भने, निश्चय कलस्सीको पत्रमा पेश गरिएको गूढ़ज्ञानवादचाहिँ त्यस सिद्धान्तको शुरुको, पहिलो शताब्दीको प्रारम्भिक अवस्था हुनु परेको छ। [2)]

यसो भए कलस्सीहरूलाई लेखिएको पत्र पावलको रचना हो। तिनी यस पत्रको लेखक हुन् भन्ने कुराको जग बलियो छ।

## ३) त्यस पत्रको लेख्ने मिति

कलस्सीको पत्र 'कैदमा लेखिएका पत्रहरू'मध्ये एक गनिन्छ। यसर्थ यो पत्र कि त पावल सिजरियामा कैदी भएको समयको फल हुन सक्छ; किनकि तिनी त्यहाँ दुई वर्षसम्म जेलमा बसे (प्रेरित २३ः२३; प्रेरित २४ः२७), कि त पावल रोममा पहिलो पल्ट झ्यालखानामा हालिएको समयमा यो पत्र लेखियो (प्रेरित २८ः२९-३०)। अनि यो बढ़ी सम्भव देखिन्छ।

पावलले यस पत्रमा सुसमाचार-प्रचारक फिलिपको नाम लिएनन्, जुन फिलिपले चाहिँ तिनी सिजरियामा कैदी भएको समयमा तिनको सत्कार र सेवाटहल गरेका थिए। अनि प्रेरित पावलजस्तो भद्र र शिष्ट मानिसले फिलिप आफ्नो साथमा भएदेखि उनको नाम नलिन सक्दै-सक्दैनथिए। अनि कसैले यो पत्र एफेससको कैदको फल हो भन्छन्; तर यसको निम्ति सम्भावना झन् कम देखिन्छ।

यो पत्र र फिलेमोनको पत्र लेखिएको मिति इस्वी संवत् ६० साल भएको हुनुपर्ला, अर्थात् पावल रोममा प्रथम पल्ट कैदी भएको समयको ठीक बीचमा। भाग्यवश यस पुस्तकमा लेखिएको कुरा बुझ्नलाई हामीले यसको लेख्ने मिति जान्नुपर्दैन, न ता यो पत्र कुन-कुन परिस्थितिमा लेखियो, सो सबै कुरा जान्नुपर्छ। अनि हामी भाग्यमानी हौं; किनकि पवित्र बाइबलका अन्य पुस्तकहरूको विषयमा यो कुरा पनि सत्य ठहरिन्छ।

## ४) सन्दर्भ र विषयवस्तु

कलस्सेअचाहिँ फ्रिगिया जिल्लाको एउटा शहर थियो, जुन जिल्ला हालैमा तुर्कीमा पर्छ, जुन पृथ्वीको भूभाग वर्तमान समयमा एशिया माइनरको नामले चिनिन्छ। अनि कलस्सेअचाहिँ लाओडिसियादेखि दस माइल पूर्व र हिरापोलिसदेखि तेह्र माइल दक्षिण-पूर्वमा अवस्थित थियो (कलस्सी ४:१३)। अनि एफेससदेखि कलस्सेअ लगभग एक सय माइल पूर्व परेको थियो। होनाज वा कद्मुस पर्वत-शृङ्खलाको उत्तरपट्टि बाह्र माइल लामो साघुरो बेंसीको अन्तमा एउटा भन्ज्याङ छ, जसको मुखमा कलस्सेअ शहर एउटा सैनिक राजमार्गमा अवस्थित थियो, जुन राजमार्गबाट भएर पश्चिममा यूफ्रेटिस नदीको किनारमा पुगिन्थ्यो। कलस्सेअ लुकोस नदीको किनारमा स्थित थियो, जहाँबाट त्यो नदी पश्चिम बगेर लाओडिसिया थोरै नाघेपछि मेअन्डर नदीमा मिसिन्छ। त्यस दोभानमा हिरापोलिसबाट आएको तातो पानी पनि कलस्सेअबाट आएको चिसो पानीसित मिसिन्थ्यो, र यसले लाओडिसियाको पानी मनतातो

तुल्याइदियो । हिरापोलिसचाहिँ एक स्वास्थ्य-केन्द्र र एउटा धार्मिक मुख्य केन्द्र थियो भने, लाओडिसियाचाहिँ त्यस बेंसीको मुख्य शहर थियो । नयाँ नियमको समयभन्दा अघि कलस्सेअ ठूलो थियो; यस शहरले आफ्नो नाम त्यहाँका ठूला चुनाढुङ्गाहरूको अनौठा-अनौठा रूपहरूबाट पायो होला भन्ने अनुमान गरिन्छ; त्यससित सम्बन्धित 'कोल्लोसोस्' भन्ने ग्रीक शब्दको अर्थ विशाल वा भीमकाय हो ।




सुसमाचार कहिले र कसरी कलस्सेअमा पुगेको सुनिश्चित जानकारी हामीसँग छैन । तर जुन समयमा पावलले यो पत्र लेखे, त्यस समयसम्म तिनले कलस्सेअका विश्वासीहरूलाई भेटेका थिएनन् (कलस्सी २:१) । सर्वमान्य विचारअनुसार एपाफ्रासचाहिँ यस शहरमा मुक्तिको सुसमाचार ल्याउनुमा प्रथम मानिन्छन् (कलस्सी १:७)। अनि धेरैजनाको रायअनुसार पावलको सेवकाइद्वारा एपाफ्रास प्रभु येशूकहाँ फर्के; त्यस बेलामा प्रेरित पावल एफेससमा तीन वर्ष बिताए। फ्रिगिया नामक जिल्लाचाहिँ एशिया नामक रोमी उप-प्रदेशमा परेको थियो । अनि पावल पहिले फ्रिगियामा आएका थिए, तर त्यस बेलामा तिनी कलस्सेअमा पुगेनन् (प्रेरित १६:६; प्रेरित १८:२३ र कलस्सी २:१) ।

कलस्सीहरूलाई लेखिएको यस पत्रबाट विदितै छ, कि कलस्सेअमा एउटा विशेष झूटो शिक्षाले त्यहाँको मण्डलीका विश्वासीहरूलाई सताउन थालेको थियो, जुन झूटो शिक्षा पूर्ण विकसित भएपछि त्यसको नाम 'गूढ़ज्ञानवाद' भयो। गूढ़ज्ञानवादीहरूले आफ्नो ज्ञानमा पूरा घमण्ड गर्थे। तिनीहरूको दाबीमा विश्वास गर्नु हो भने, तिनीहरूसँग प्रभु येशूका प्रेरितहरूभन्दा उच्च ज्ञान थियो रे। अनि तिनीहरूले मानिसहरूको बीचमा आफ्नो त्यस झूटो पन्थका गहन-गहन रहस्यहरू नजानीकन कुनै पनि मानिस कहिल्यै साँच्चै सुखी हुन सक्दैन भन्ने झूटो आभास सृजना गर्थे।

कति गूढ़ज्ञानवादीहरूले ख्रीष्ट येशू साँचो मानिस हुनुभएको कुरा इन्कार गर्थे। तिनीहरूको शिक्षाअनुसार प्रभु येशूको बप्तिस्मामा 'ख्रीष्ट' भन्ने ईश्वरीय तत्त्व वा ईश्वरीय भाव परमेश्वरबाट आएर येशू भन्ने मानिसमाथि बस्न आयो अरे। अनि प्रभु येशूको क्रूसको मृत्यु हुनुभन्दा अगाड़ि त्यो ख्रीष्ट भन्ने तत्त्व फेरि उहाँलाई छोड़्यो रे। तिनीहरूको गलत अर्थअनुसार येशूचाहिँ क्रूसमा मर्नुभयो, तर ख्रीष्ट भन्ने ईश्वरीय तत्त्वचाहिँ मरेन अरे।

अनि गूढ़ज्ञानवाद अन्तर्गत कति उप-शिक्षाहरूअनुसार परमेश्वर र भौतिक जड़-तत्त्वको बीचमा विभिन्न लोक र भुवनहरू थिए अथवा विभिन्न श्रेणीका आत्माहरू थिए। दुष्टता कहाँबाट शुरु भयो, यसको स्पष्टीकरण दिन खोज्न यो सिद्धान्त तिनीहरूको व्यर्थ प्रयास थियो। श्री ए. टी. रोबर्टसनले स्पष्ट पारेर यसो भनेका छन्ः

> 'सृष्टिको उत्पत्ति कसरी भयो, र दुष्टताको अस्तित्व कहाँबाट आयो ? यी दुईवटा प्रश्नको उत्तर पाउनु गूढ़ज्ञानवादको परिकल्पनाको मुख्य उद्देश्य र प्रयास थियो। तिनीहरूको अड़कलअनुसार परमेश्वर भलो हुनुहुन्छ; र पनि पृथ्वीमा दुष्टता र खराबीको अस्तित्व छँदैछ। यसो भए यो खराबी भौतिक तत्त्वभित्र भएको हुनुपर्छ; यो खराब गुण त्यसको स्वभाव हुनुपर्ला अरे। तर निश्चय भलो परमेश्वरले जड़-तत्त्वको खराबी सृष्टि गर्नुभएन, सृष्टि गर्न सक्नुहुन्न नै। यसकारण तिनीहरूले आफ्नो सिद्धान्त पुष्टि गर्न मालैमाला अवतारहरू, अन्तराल युगहरू, विभिन्न

आत्मा र स्वर्गदूतहरूमा सहारा लिए; यी सबै कुराहरू तिनीहरूले परमेश्वर र जड़-तत्त्वको बीचमा हालिदिए। तिनीहरूले भन्न खोजेको तत्पार्य यो होः परमेश्वरबाट पहिलो युग आयो, अनि त्यस युगबाट अर्को युग आयो; यस क्रमअनुसार थुप्रै युगहरू भए, र अन्तमा एउटा यस्तो युग आयो, जुन युग परमेश्वरबाट धेरै टाढ़ा रहेको थियो; यसरी नै भौतिक तत्त्वबाट पैदा भएको खराबीबाट परमेश्वरलाई कुनै नराम्रो असर परेन, र उहाँले यस खराबीबाट टाढ़ो रहेरै आफ्नो सृष्टिको काम पूरा गर्न सक्नुभयो अरे।' 3)

अरू गूढ़ज्ञानवादीहरू पनि थिए, जसले मानिसको शरीरलाई पापमय शरीर भन्थे। तिनीहरूले तपस्या गर्थे; उच्च आत्मिक स्तर र श्रेणीमा पुग्नका निम्ति तिनीहरूले किसिम-किसिमका आत्मा-त्याग र आत्म-सास्तीको कुनचाहिँ नियम पालन नगरेको मलाई भन्नुहोस्! अझै अरू चरमपन्थी गूढ़ज्ञानवादीहरू थिए, जसले आफ्नो शरीरमा कुनै आत्मिक महत्त्व देखेनन्, र 'मानिसको आत्मिक जीवन उसको शरीरसित कुनै सरोकार राख्दैन र शारीरिक अभिलाषाहरू पूरा गरेकोमा कुनै पर्बाह र मतलब हुँदैन' भन्ने गर्थे।

कलस्सेअमा अरू दुईवटा भ्रमहरूका लेशहरू पनि रहेछन्ः अव्यवस्थावाद र यहूदीवाद। अव्यवस्थावादको सिद्धान्त के हो? अनुग्रहको अधीनतामा जिउनेहरू आत्मसंयमी हुनुपर्दैन, तर तिनीहरूले आफ्ना शरीरका सबै इच्छा र अभिलाषाहरूको लगाम पूरा छोड्न सक्छन् र यी कुअभिलाषाहरू उपभोग गर्न पाउँछन् अरे। अनि यता पुरानो नियमको यहूदीधर्मचाहिँ बिग्रेर-बिग्रेर केवल रीतिविधिहरू पालन गर्ने सिद्धान्त-हरूमा सीमित रहेको एउटा क्रमबद्ध, तर व्यर्थ शिक्षा-समूह बन्यो, जसको आज्ञापालन गरेर मानिसहरूले परमेश्वरको सामु धर्मी हुन खोजे र उहाँको सामु गनिने धार्मिकता प्राप्त गर्ने आशा गरे।

कलस्सेअमा जुन भ्रमहरू थिए, ती भ्रमहरू आज पनि छँदैछन्। गूढ़ज्ञानवाद Christian Science, Theosophy, Mormonism, Jehovah's Witnesses, Unity आदि झूटा सम्प्रदाय र पन्थहरूमा फेरि नयाँ गरी देखा

परेको छ। अनि अव्यवस्थावादचाहिँ? 'हामी अनुग्रहको अधीनतामा जिउने हौं; यसैले हामी आफूलाई मनपर्ने गरी जिउन सक्छौं' भन्नेहरू सबै अव्यवस्थावादी हुन्।

अनि यहूदीवादचाहिँ? शुरुमा यहूदीधर्मचाहिँ परमेश्वरले दिनुभएको प्रकाश र दर्शन थियो। अनि यहूदीधर्मको विधान र त्यसका रीतिविधि-हरूचाहिँ हामीलाई आत्मिक तथ्यहरू सिकाउने दृष्टान्त र प्रतीकहरू थिए, जसरी हिब्रूहरूको पुस्तकले र नयाँ नियमको पुस्तकका अन्य खण्डहरूले हामीलाई स्पष्ट पारेका छन्। तर के गर्ने? जुन व्यवस्था र त्यसका रीतिविधिहरूमा आत्मिक अर्थहरू थिए, त्यो व्यवस्था र त्यसका रीतिविधिहरू पुण्यफल दिने माध्यम र स्रोत पो बन्न पुगेछन्। मानिसहरूले त्यसको छायाचाहिँ पक्रिराखे, तर त्यसमा भएको आत्मिक अर्थ र वास्तविकता बिर्सिपठाए र पूरा बेवास्ता गरे। वर्तमान समयमा यहूदीवादको प्रतिरूप कहाँ देखिन्छ? धेरै धर्मसिद्धान्तका क्रमबद्ध शिक्षा-समूहहरू छन्, जसले 'मानिस आफ्ना कामहरूद्वारा परमेश्वरको स्याबासी र उहाँको निगाह प्राप्त गर्न सक्छ' भन्ने कुरा सिकाउँछन्। यस प्रकारको शिक्षाले मानिसको हराएको पापी अवस्थामाथि ध्यान दिँदैन र मानिसको आत्मिक खाँचो इन्कार गर्छ; किनभने मानिसले मुक्ति पाउनु छ, परमेश्वरको अनुग्रहको सित्तैंको दानको रूपमा मुक्ति पाउनु छ।

प्रेरित पावलले कलस्सीहरूलाई लेखेको यस पत्रमा यी सबै भूट र भ्रमहरूसित व्यवहार गर्छन् र पूरा निपुणतासाथ ती गलत कुराहरूको खण्डन गर्छन्। तिनले यो कसरी गर्छन्? हाम्रा प्रभु येशू ख्रीष्ट र उहाँको त्राणको कामको महिमाका प्रतापहरूको प्रदर्शनी गरेर नै।

कलस्सीहरूलाई लेखिएको पावलको पत्र र एफेसीहरूलाई लेखिएको पावलको पत्रको बीचमा समानताहरू धेरै छन्। हो, यी पत्रहरूमा अकाट्य समानता त छ, तर यिनमा दोहोरिएको कुराचाहिँ छैन। किनभने विश्वासीहरू ख्रीष्टसित स्वर्गीय स्थानहरूमा बसालिएको दृष्टिकोण एफेसीको पत्रको दृष्टिकोण हो। तर कलस्सीको पत्रमा विश्वासीहरू यस पृथ्वीमा छन्, जसको महिमित शिर ख्रीष्ट येशू स्वर्गमा हुनुहुन्छ।

विश्वासीहरू ख्रीष्टमा छन् भन्ने जोड़ एफेसीको पत्रको जोड़ हो; तर ख्रीष्ट विश्वासीहरूमा उनीहरूको महिमाको आशा हुनुहुन्छ – यस कुरामा कलस्सीको पत्रले जोड़ गर्छ। एफेसीको पत्रमा मण्डलीचाहिँ ख्रीष्टको शरीरको रूपमा पेश गरिएको छ, जसभित्र सबैजनामा सबै कुरा भरिदिनुहुने प्रभुको परिपूर्णताले वास गरेको छ (एफेसी १:२३)। त्यसको जोड़ ख्रीष्टको शरीरमा भएको एकतामा केन्द्रित रहेको छ। तर कलस्सीको पत्रको एक अध्यायमा ख्रीष्टको शिरत्व विस्तृत रूपले बयान गरिएको छ, अनि कलस्सी २:१८-१९ पदमा हामीले शिर पक्रिराख्नुपरेको र आफूलाई उहाँको अधीनतामा सुम्पनुपरेको आवश्यकता पेश गरिएको छ। एफेसीको पत्रमा जम्मा एक सय पचपन्न पदहरू छन्, जसमध्ये चौवन्न पदहरू कलस्सीको पत्रका पदहरूसित मिल्छन्।

# रूपरेखाः

## खण्ड १) कलस्सी १ः-२ः ख्रीष्टको प्राथमिकताको शिक्षा

क) **कलस्सी १ः१-२ः** अभिवादन

ख) **कलस्सी १ः३-१४ः** पावलले कलस्सी विश्‍वासीहरूका निम्ति परमेश्‍वरलाई धन्यवाद चढ़ाउँछन् र उनीहरूका निम्ति प्रार्थना गर्छन् ।

ग) **कलस्सी १ः१५-२३ः** मण्डलीको शिर हुनुभएको ख्रीष्ट येशूको महिमाका प्रतापहरू के-के हुन् ?

घ) **कलस्सी १ः२४-२९ः** पावलको जिम्मामा सुम्पिएको सेवकाइ के थियो ?

ङ) **कलस्सी २ः१-२३ः** दर्शन-शास्त्र, तत्त्व-ज्ञान, कर्मकाण्डवाद, विधिवाद, रहस्यवाद र तपस्यावादको विरोधमा ख्रीष्टमा हुने पूर्ण पर्याप्ति

## खण्ड २) कलस्सी ३ः-४ः प्रथम स्थान प्राप्त हुनुभएको ख्रीष्टप्रति ख्रीष्ट-विश्‍वासीहरूको जिम्मेवारी के हो ?

क) **कलस्सी ३ः१-१७ः** ख्रीष्ट-विश्‍वासीहरूको नयाँ जीवन कस्तो छ ? पुरानो मानिसलाई निकालेर नयाँ मानिसलाई धारण गरेजस्तो छ ।

ख) **कलस्सी ३ः१८-४ः१ः** इसाई परिवारका सदस्यहरूलाई सुहाउँदो व्यवहार के-कस्तो छ ?

ग) **कलस्सी ४ः२-६ः** ख्रीष्ट-विश्वासीहरूको प्रार्थनाको जीवन कस्तो हुनुपर्छ ? अनि उनीहरूको जीवन-चरित्र र बोलीवचनरूपी गवाही कस्तो हुनुपर्छ ?

घ) **कलस्सी ४ः७-१४ः** पावलका केही सहकर्मीहरूको झलक्क सम्झना

ङ) **कलस्सी ४ः१५-१८ः** बिदाको अभिवादन र केही अन्तिम अर्तीहरू

# कलस्सीहरूलाई लेखिएको प्रेरित पावलको पत्रको टिप्पणी

## खण्ड १) कलस्सी १ः-२ः ख्रीष्टको प्राथमिकताको शिक्षा

### क) कलस्सी १ः१-२ः अभिवादन

**कलस्सी १ः१ः** नयाँ नियमको समयमा पत्र लेख्ने चलन यस प्रकारको थियोः लेखकले पहिले आफ्नो नाम लेख्ने गर्थ्यो। यस पत्रमा कुरा पनि यस्तो भयो। पावलले आफ्नो परिचय दिएर आफूलाई *'परमेश्वरको इच्छाअनुसार येशू ख्रीष्टको प्रेरित भएको'* भन्छन्। प्रेरित भन्नाले प्रभु येशूले पठाउनुभएको विशेष अधिकारप्राप्त राजदूत बुझिन्छ। अनि

आफूले प्रचार गरेको सुसमाचार पुष्टि गर्न प्रभु येशूका प्रेरितहरूलाई आश्चर्यकर्म गर्ने शक्ति दिइएको थियो (२ कोरिन्थी १२:१२)। त्यसबाहेक कुनै-कुनै विशेष अवसरमा प्रेरितहरूको हात-रखाइद्वारा पवित्र आत्मा दिइनुभएको थियो (प्रेरित ८:१५-२०; प्रेरित १९:६)। साँचो अर्थमा वर्तमान समयमा यस संसारमा कुनै प्रेरितहरू छैनन्। तब कुन अर्थमा मानिसहरूले 'बाह्रजना प्रेरितहरूका स्थानापन्न अधिकारी हौं' भन्ने दाबी गर्छन्, सो बुझ्न गाह्रो पर्छ। यो तिनीहरूको मूर्खता ठहरिन्छ। एफेसी २:२० पदअनुसार प्रेरितहरू र भविष्यवक्ताहरू विशेष वरदानहरू थिए, जुन वरदानहरूको सेवकाइद्वारा मण्डलीको जग बसालिएको थियो। अनि एफेसी ४:११ पदअनुसार सुसमाचारका प्रचारकहरू, पास्टररूपी आत्मिक गोठालाहरू र शिक्षकहरूको सेवकाइ मण्डली-युगभरि रहि-रहन्छ। धेरैजनाको बुझाइ र राय यस प्रकारको छ।

पावल येशू ख्रीष्टको प्रेरित हुनुचाहिँ परमेश्वरको इच्छा थियो (प्रेरित ९:१५; गलाती १:१)। तिनले आफ्नो बोलावटमा परमेश्वरको इच्छा देख्थे। आफूले रोजेर तिनी प्रेरित भएनन्; तिनले कुनै मानिसद्वारा प्रेरित हुने तालिम पनि पाएनन्। कसैले पनि तिनलाई प्रेरित हुन नियुक्ति वा अभिषेक गरेनन्। मानिसहरूबाट तिनी प्रेरित भएनन्, न ता मानिसहरूद्वारा नै तिनी प्रेरित भए। मानिसहरू न यसको स्रोत, न यसको माध्यम थिए। तर तिनको सम्पूर्ण सेवकाइको विषयमा भन्न सकिन्छः परमेश्वरले तिनलाई प्रेरित हुन चुन्नुभएको थियो। अनि परमेश्वरबाट पाएको पवित्र जिम्मेवारी सम्झेर तिनले आफ्नो सेवकाइ पूरा गरे।

पावलले यो पत्र लेख्ने बेलामा तिनीसँग तिमोथी पनि थिए। यस पत्रमा उनको नाम पनि हालियो, *'... र हाम्रा भाइ तिमोथीबाट'* भनेर। अनि तिमोथीको विषयमा यहाँ याद गर्नु उचित के हो भने, पावलले तिमोथीलाई कुनै पद दिएनन्। अधिकारी-वर्गको कुरा छैन यहाँ। पावल र तिमोथी भाइबन्धु थिए। मण्डलीका पदाधिकारीहरूको अनुक्रम र तिनीहरूका श्रेणीहरू खोइ कहाँ छन्? शब्द-आडम्बरपूर्ण मानोपाधिहरू र विशिष्ट गाउन आदि तिनीहरूलाई चिनाउने भड्किला पहिरनहरू खोइ कहाँ छन्?

**कलस्सी १:२:** यस पत्रका प्रापक *‘कलस्सेअमा भएका पवित्र जनहरू र ख्रीष्टमा विश्वासयोग्य भाइहरू’* हुन्। नयाँ नियममा सबै ख्रीष्ट-विश्वासीहरूलाई दुईवटा सुन्दर नामहरू दिइएका छन्। उनीहरू पवित्र जनहरू हुन्; अनि पवित्र जनहरूचाहिँ संसारबाट अलग, परमेश्वरका निम्ति अलग भएकाहरू हुन्, जसले एउटा पवित्र जीवन व्यतीत गर्छन् र जसले एउटा पवित्र जीवन व्यतीत गर्नुपर्छ। अनि विश्वसयोग्य भाइहरू-चाहिँ ? प्रभु येशूमाथि राखेको विश्वासद्वारा उनीहरू सबैजना परमेश्वरका सन्तान भए। परमेश्वर उनीहरू सबैजनाको पिता हुनुहुन्छ। अनि विश्वासमा उनीहरू आपसमा दाजुभाइ-दिदीबहिनीहरू हुन्। नयाँ नियमका अन्य खण्डहरूमा क्रिस्तानहरूलाई चेलाहरू र विश्वासीहरू भनिएको छ।

उनीहरू ‘ख्रीष्टमा’ छन्; यो उनीहरूको आत्मिक ठहर हो। जब उनीहरूले मुक्ति पाए, तब परमेश्वरले उनीहरूलाई लिएर ख्रीष्टमा स्थानान्तर गर्नुभयो। उहाँले उनीहरूलाई आफ्ना प्रिय पुत्रमा ग्रहण गर्नुभयो र ग्रहणयोग्य तुल्याउनुभयो। यसकारण अबदेखि उसो उनीहरूमा उहाँको जीवन र उहाँको स्वभाव छ। परमेश्वरको दृष्टिमा उनीहरू अबदेखि उसो आदमका नयाँ जन्म नपाएका सन्तान होइनन्। तर उहाँको पुत्र प्रभु येशूको सम्पूर्ण योग्यतामा उनीहरू उहाँको सामु ग्रहणयोग्य भएका छन्। ‘ख्रीष्टमा’ घनिष्ठता, स्वीकरण र सुरक्षा छ; यसका निम्ति उपयोगी शब्द र साध्य नै छैन। यो मानिसको दिमागदेखि बाहिरको कुरा हो।

यी ख्रीष्ट-विश्वासीहरू कलस्सेअमा थिए। यो उनीहरूको भौगोलिक स्थान थियो। अनि ख्रीष्टको सुसमाचार कलस्सेअमा प्रचार नगरिएको भए र त्यहाँका कतिजना बासिन्दाहरूले मुक्ति नपाएका भए हामीले यस ठाउँको नाम कहिल्यै सुन्न पाउनेथिएनौं होला।

पावलले यी पवित्र जनहरूलाई कति आशिषमय र सुन्दर अभिवादन गर्छन्: *‘परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति मिलेको होस् !’* अनुग्रह र शान्ति – यी दुईवटा शब्दहरूद्वारा

ख्रीष्टीय विश्वासका आशिषहरूको के राम्रो परिभाषा दिइएको छ। यसका निम्ति यी दुई शब्दभन्दा अरू कुनै उपयोगी शब्द नै छैन होला। अनुग्रहचाहिँ ग्रीक भाषाको चल्ती अभिवादनको शब्द थियो; अनि 'शलोम' भनेर यहूदीहरूले शान्ति भन्ने शब्द अभिवादनको रूपमा प्रयोग गर्थे। यी दुईवटा शब्द कि त भेट्दाखेरि कि ता बिदा हुँदाखेरि ग्रीक वा यहूदी मानिसहरूद्वारा अभिवादनको रूपमा प्रयोग गरिन्थे। तर पावलले यहाँ यी दुई शब्द सँगै प्रयोग गरेका छन् र यी शब्दको अर्थ उच्च पारेका छन्। पापमा हराएका अधर्मी मानिसहरूप्रति आफ्नो ठूलो प्रेम र कोमल दया देखाउन परमेश्वर कति झुक्नुभयो, सो चित्रण अनुग्रहले दिन्छ। अनि शान्तिभित्र परमेश्वरको अनुग्रहको सित्तैंको वरदान ग्रहण गर्ने मानिसको जीवनमा आउने सबै असल परिणामहरू समावेश हुन्छन्।

यस विषयमा श्री आर. जे. लिटलले यसो भनेका छन्ः

> 'अनुग्रहको शब्दले धेरै विभिन्न अर्थहरू लिन सक्छ; अनुग्रह मानौं रकम केही नलेखिएको, अँ, आफ्नो खाँचोअनुसार जुनसुकै रकम लेख्न सकिने खाली रहेको ब्याङ्क-चेकजस्तो छ। अनि शान्तिचाहिँ ख्रीष्ट-विश्वासीको अधिकारको भागको अभिन्न सुनिश्चित अंश हो; यसकारण हामी शैतानलाई यो हाम्रो सम्पत्ति कहिल्यै लुट्न नदिऔं! हामीले कसैलाई पनि हाम्रो शान्ति लुट्न दिनुहुँदैन।'

यी दुईवटा शब्दहरूको क्रममा महत्त्व छ। पहिलो अनुग्रह आउँछ, त्यसपछि शान्ति। किनभने परमेश्वरले हामीप्रति आफ्नो प्रेम र दया प्रकट नगर्नुभएको भए हामी अझै पनि आफ्ना पापहरूमा हराएको अवस्थामा हुनेथियौं। उहाँको अनुग्रहको कार्य क्रममा पहिलो आयो; उहाँले कदम चाल्नुभयो र आफ्ना पुत्रलाई पठाउनुभयो, जो हाम्रा निम्ति मर्नुभयो। यसकारण हामी अहिले परमेश्वरसित मेलमिलाप राख्न सक्छौं, मानिसहरूसँग मेलमिलापमा बस्न सक्छौं र आफ्नो हृदयमा परमेश्वरको शान्ति अनुभव गर्न सक्छौं। यत्ति भनेर पनि मैले यी दुईवटा महान् शब्दहरूको परिभाषा उपयुक्त ढङ्गमा गर्न सकिनँ होला। यसमा मेरो भाषा र मेरा शब्द नपुगेको कुरा मेरो निराशको कारण भएको छ।

## ख) कलस्सी १ः३-१४ः पावलले कलस्सी विश्वासी-हरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् र उनीहरूका निम्ति प्रार्थना गर्छन् ।

**कलस्सी १ः३ः** अनुग्रह र शान्ति भन्ने शब्दहरू ख्रीष्ट-विश्वासीहरूको नारा भएका छन्। प्रेरित पावलले यी शब्दद्वारा पवित्र जनहरूलाई अभिवादन गरेपछि तिनी घुँड़ा टेकेर उनीहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् र उनीहरूका निम्ति प्रार्थना गर्छन्। यो पनि तिनको विशेष गुण रहेछ। अनि के देखिन्छ भने, प्रेरित पावलले आफ्नो प्रार्थनाको शुरुमा सधैं प्रभु येशूलाई स्तुति-प्रशंसा चढ़ाउँथे। अनि यो कुरा हाम्रा निम्ति यसको देखासिकी गर्न लायकको असल उदाहरण हो। तिनले प्रार्थना गर्दा प्रभु येशू ख्रीष्टका परमेश्वर र पितालाई सम्बोधन गर्थे। प्रार्थनामा हाम्रो अवर्णनीय सौभाग्य सृष्टिको सर्वोच्च मालिकको सुनाइ हुन्छ। तर यस सम्बन्धमा कसैले निम्न प्रश्न गर्लाः 'सर्वोच्च परमेश्वरको भययोग्य उपस्थितिमा प्रवेश गर्न मरणशील मानिसले यत्रो हिम्मत कहाँबाट पायो त ?' यस प्रश्नको उत्तर हामी यस पदमा पाउँछौं। विश्वको प्रतापी र महिमापूर्ण सृष्टिकर्ता परमेश्वरचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टको पिता हुनुहुन्छ। येशूमा सर्वोच्च परमेश्वर अति नजिक हुनुभयो। ख्रीष्ट येशू-माथि विश्वास गर्ने मानिसहरू भएको नाताले हामीमा उहाँको जीवन छ; अनि परमेश्वर हाम्रा पनि पिता हुनुभएको छ (यूहन्ना २०ः१७)। हामी ख्रीष्ट येशूमार्फत सधैं परमेश्वरको उपस्थितिमा जान पाउँछौं।

पावलले उनीहरूका निम्ति सधैं प्रार्थना गर्दैथिए। अरू विश्वासी-हरूका निम्ति गरिएको प्रार्थनामा ठूलो कुरा के छ र? तर याद गर्नुहोस्ः पावलले अघि यी विश्वासीहरूलाई कहिल्यै भेटेका थिएनन्, र पनि उनीहरूका निम्ति सदैव प्रार्थना गर्न उनीहरूमा यत्रो चासो राखे। यसमा ठूलो अर्थ छ। हाम्रो विषयमा कुरा कस्तो छ? आफ्ना आफन्त र

इष्टमित्रहरूलाई अनुग्रहको सिंहासनको सामु याद गर्न हामीलाई गाह्रो पर्छ। अनि प्रेरित पावलले प्रार्थनामा सम्भनुपर्ने कतिजना, कतिजना ! ! तिनले चिनेका-जानेकाहरूका निम्ति मात्र होइन, तर चिनाजान नभएका विश्वासीहरूका निम्ति पनि प्रार्थना गर्थे, जसका नामहरू तिनले अरूको मुखबाट सुनेका थिए। पावलको विषयमा हामीलाई कुरा जान्नेबुभ्ने कुञ्जी यही रहेछ ! किनकि अथक प्रार्थना तिनको प्रार्थनाको आदत थियो।

**कलस्सी १:४:** तिनले के सुनेका थिए ? तिनले यी कलस्सीहरूको विश्वास र उनीहरूको प्रेमको विषयमा सुनेका थिए। उनीहरूको विश्वास प्रभु येशूमाथि राखिएको विश्वास थियो; अनि उनीहरूको प्रेम सबै पवित्र जनहरूलाई अँगाल्ने प्रेम थियो। तिनले उनीहरूको विश्वासबाट शुरु गर्छन्, जुन विश्वास र भरोसा उनीहरूले ख्रीष्ट येशूमाथि गर्दथिए। अनि हाम्रो शुरु पनि यही हुनुपर्छ। संसारमा धर्मनिष्ठ मानिसहरू छन् कति-कति, जसका मुखबाट अरू मानिसहरूप्रति तिनीहरूसँग ठूलो प्रेम छ, सो हामी सुन्ने गर्छौं ! तर ती मानिसहरूलाई तिनीहरूको विश्वासको विषयमा सोध्नुहोस् त ! प्रभु येशूमाथि तिनीहरूको विश्वासै छैन। तर यस प्रकारको प्रेम फिक्का छ, अर्थहीन छ। यता फेरि ख्रीष्ट येशूमाथिको विश्वास दाबी गर्नेहरू पनि छन्, तर तिनीहरूको जीवनमा प्रेम व्यर्थ खोजिन्छ, किनकि तिनीहरूको जीवनमा प्रेमको गन्ध समेत छैन। पावल हुनु हो भने, तिनले यस्ताहरूको विश्वासको विषयमा शङ्का गर्नेथिए। मुक्तिदाता प्रभुमाथि राखिएको विश्वास अनिवार्य हो; अनि यही विश्वासले आफ्नो प्रमाण दिनुपर्छः सक्कली ख्रीष्ट-विश्वासीहरूको जीवनमा परमेश्वरप्रति र छर-छिमेकीहरूप्रति प्रेम हुनुपर्छ।

ख्रीष्ट येशूमा भएको विश्वासको कुरा आयो। पावलले भनेको कुरामा पूरा ख्याल गर्नुपर्छ; किनभने यस कुरामा ठूलो महत्त्व छ। पवित्र धर्म-शास्त्रको साक्षी पक्का छः प्रभु येशू ख्रीष्ट सधैं हाम्रो विश्वासको जग र केन्द्र हुनुपर्छ। उदाहरणको निम्ति, फलाना ब्याङ्कमाथि कुनै मानिसको विश्वास ठूलो होला, तर उसले भरोसा राखेको ब्याङ्क कस्तो छ ? के यो ब्याङ्क भरपर्दो हो ? उसको विश्वास जति ठूलो किन नहोस्, तर जुन

ब्याङ्कमा उसको खाता र उसको पैसा छ, त्यो ब्याङ्क सुव्यवस्थित छैन भने के गर्ने ? उसको पैसा सुरक्षित रहँदैन । ठीक त्यस्तै आत्मिक क्षेत्रमा कुरा पनि उस्तै छ । आधाररहित विश्वास आफैआफ पर्याप्त कहाँ हुन्छ र ? त्यो विश्वास हामीले कहीं न कहीं लगाउनैपर्छ। हाम्रो विश्वास प्रभु येशू ख्रीष्टमाथि अड़िएको हुनुपर्छ, उहाँमा केन्द्रित हुनुपर्छ । अनि उहाँ कहिल्यै अविश्वासी हुनुहुन्न; यसकारण उहाँमाथि भरोसा गर्ने कोही पनि कहिल्यै निराश हुनुपर्नेछैन, र कहिल्यै शर्ममा पर्नेछैन ।

पावलले यी कलस्सी विश्वासीहरूको विश्वास र प्रेमको विषयमा सुने; यसर्थ उनीहरू गुप्त विश्वासीहरू थिएनन् । नयाँ नियममा हेर्नु हो भने, गुप्तमा रहन खोज्ने चेलाचेलीलाई कुनै उत्साह, कुनै प्रोत्साहन मिल्दैन । यस विषयमा परमेश्वरको वचनको शिक्षा सुस्पष्ट छः मुक्तिदाता प्रभुलाई साँचो गरी ग्रहण गर्ने मानिसले खुल्लमखुल्ला ख्रीष्टमाथि राखेको विश्वासको अङ्गीकार पनि गर्नेछ; यो नभई नहुने कुरा हो ।

कलस्सीहरूको प्रेमले सबै पवित्र जनहरूलाई अँगालेको थियो । उनीहरूको प्रेममा साम्प्रदायिक केही पनि थिएन; उनीहरूको प्रेम आफ्नो ठाउँका विश्वासीहरूमा मात्र सीमित पनि थिएन। उनीहरूसँग आफ्नो सङ्गतिकाहरूका निम्ति मात्र प्रेम थिएन; तर सबै साँचो विश्वासीहरूले उनीहरूको प्रेमको न्यानो अनुभव गर्न पाए – तिनीहरूको संस्कृति र पृष्ठभूमि जेसुकै किन नहोस्; किनकि उनीहरूको प्रेमको प्रवाह स्वतन्त्रतासाथ बग्थ्यो; कसैले यो रोक्न सकेन। के हाम्रा निम्ति यहाँ सिक्नुपर्ने कुनै पाठ छैन ? के हाम्रो प्रेम यत्रो सङ्कीर्ण र आफ्नो सङ्गतिका विश्वासीहरूमा सीमित रहेको ठीक छ त ? हामी 'हाम्रै मिशनरी', 'हाम्रो देश', 'हाम्रो मण्डली' कहिल्यै सम्म भनिरहने ? के हामी ख्रीष्ट येशूका अरू भेड़ाहरूलाई चिन्दैनौं ? यसर्थ जहाँ सम्भव हुन्छ, त्यहाँ हामीले उनीहरूलाई भेट्दाखेरि उनीहरूप्रति आफ्नो प्रेम र ममता प्रकट गर्नुपर्छ ।

**कलस्सी १ः५ः** यस पदको सम्बन्ध हराएको जस्तो देखिन्छ। के यसले १ः३ पदसँग आफ्नो सम्बन्ध जोड्छ ? तब यस प्रकारको अर्थ निस्कन्छः 'स्वर्गमा तिमीहरूका निम्ति राखिएको आशाको निम्ति म

धन्यवाद चढ़ाउँछु।' अथवा के यसको सम्बन्ध १:४ पदको अन्तसँग जोड़िनु ठीक छ? निम्न वाक्यमा व्यक्त गरेजस्तैः 'स्वर्गमा तिमीहरूका निम्ति सुरक्षित राखिएको आशाको खातिर तिमीहरूसँग सबै पवित्र जनहरूका निम्ति प्रेम छ।' यी दुईवटा व्याख्याहरू सम्भव छन्। किनभने प्रेरित पावलले यी विश्वासीहरूको विश्वास र उनीहरूको प्रेमको साथमा उनीहरूको भावी अधिकारको भागका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाएको अर्थ सम्भव देखिन्छ, जुन अधिकारको भाग भविष्यमा निश्चय उनीहरूको हुनेछ। अनि यता, ख्रीष्ट येशूमाथि राखिएको विश्वास र सबै पवित्र जनहरूप्रतिको प्रेम भविष्यमा प्राप्त हुने पैतृक सम्पत्ति र इनाममाथि नजर राखेर काममा लगाइन्छ। जेजस्तो भए पनि, पावलले यहाँ ख्रीष्टीय जीवनका तीनवटा प्रमुख सद्‌गुणहरू पेश गरेका छन्ः विश्वास, प्रेम र आशा। १ कोरिन्थी १३:१३, १ थेस्सलोनिकी १:३ र ५:८ पदहरूमा पनि यी तीनवटा आधारभूत गुणहरू सँगै उल्लेख गरिएका छन्।

यस विषयमा हामी श्री जे. बी. लाइटफुटको कुरा सुनौं, जसले यसो भनेका छन्ः

> 'विश्वासचाहिँ प्रभु येशूले भूतकालमा पूरा गर्नुभएको त्राणको काममा आफ्नो आधार लिन्छ; परमेश्वरको प्रेम वर्तमान समयमा हामीद्वारा काम गरिरहेको छ; अनि हाम्रो आशाले भविष्य ताक्छ।' 4)

यस पदमा आशा भन्ने शब्दले कुनै कुराका निम्ति पर्खेको, त्यसको बाटो हेरेको अर्थ लिँदैन; तर यस आशा भन्ने शब्दले भविष्यमा हाम्रो हुने पैतृक सम्पत्तिलाई सङ्केत गर्छ। हामी एक दिन लगिनेछौं, र हाम्रो अनन्त अधिकारको भाग प्राप्त गर्नेछौं, तब हामीमा मुक्तिको सारा काम सम्पूर्ण र समाप्त हुनेछ। अनि आशा भन्ने शब्दले यहाँ यस ठाउँमा यो अर्थ लिएको छ। कलस्सीहरूले एपाफ्रासको मुखबाट यस आशाको विषयमा सुन्न पाए, किनकि यिनले उनीहरूलाई सुसमाचार सुनाएका थिए। उनीहरूले यिनीबाट सत्यताको वचनरूपी सुसमाचार सुने। कुन शब्दले यहाँ सुसमाचार बयान गरिएको छ? यो त सत्य शुभ सन्देश हो। हुन सक्छ, पावलले गूढ़ज्ञानवादीहरूका झूटा शिक्षाहरू ध्यानमा राखेर यसो लेखे

होलान्। कसैले सत्यताको परिभाषा यस प्रकारले गरेका छन्: 'जुन कुरा परमेश्वरले कुनै विषयमा भन्नुहुन्छ, त्यो कुरा बिलकुल सत्य हुनुपर्छ' (यूहन्ना १७:१७)। यसो भए सुसमाचार किन सत्य हो? किनभने सुसमाचार परमेश्वरको वचन हो।

**कलस्सी १:६:** त्यस बेलासम्म ज्ञात भएको सारा संसारमा फैलिँदा गरेको सुसमाचारको सत्यता ठाउँ-ठाउँमा पुग्दै कलस्सीहरूकहाँ पनि आइपगेको थियो। यस वाक्यको अर्थ हददेखि बाहिर लानुहुँदैन। त्यस बेलासम्म यस संसारको हरेक मानिसले सुसमाचार कहाँ सुन्यो र? तर यस वाक्यको अर्थ यस प्रकारको छः यस बेलासम्म हरेक जातिका कुनै न कुनै मानिसहरूले मुक्तिको सुसमाचार सुनेका थिए (प्रेरित २:)। अनि हुन सक्छ, यस वाक्यको अर्थ हामीले यसरी बुझ्नुपर्छः सुसमाचारको सन्देश सबै मानिसहरूका निम्ति थियो, अनि यसकारणले चारैतिर पूरा संकल्पको साथ र कुनै सीमा नराखी फैलिरहेको थियो।

सुसमाचारले अनिवार्य रूपले ल्याउने परिणामहरू के-के हुन्? पावलले यहाँ यसको चर्चा गर्छन्। संसारमा जहाँ-जहाँ सुसमाचारको प्रचार पुग्छ, कलस्सेअमा पनि, त्यहाँ-त्यहाँ त्यसले फल फलाइरहेको छ, र बढ्छ पनि (एन.के.जे.वी.को उपान्तमा लेखिएको टिप्पणीअनुसार [5])। सुसमाचारको अलौकिक शक्ति यहाँ यसरी नै बयान गरिएको छ। अब प्रकृतिको कुरा आयो। प्रायः फल दिने कुनै बोट एकै समयमा फल फलाउन र बढ्न सक्दैन। अनि छाँटकाँट नगरीकन र नछिमलीकन कुनै रूख फल फलाउँदैन रहेछ। रूख त्यत्तिकै छोड़िएमा त्यसले फल फलाउनुको सट्टामा त्यसको पूरा बल हाँगाहरू र पातहरूमा जान्छ। तर सुसमाचार एकै समयमा फल फलाउन र बढ्न सक्छ। मुक्ति पाएका आत्माहरू त्यसको फल हुन्, र पवित्र जनहरूको आत्मिक वृद्धि त्यसको बढ्ती हो, साथै एउटा शहरदेखि अर्को शहरमा र एउटा देशदेखि अर्को देशमा फैलिँदै जान्छ; यसरी पनि सुसमाचार बढ्छ।

हो, कलस्सीहरूले सुसमाचार सुनेको दिनदेखि र परमेश्वरको अनुग्रह त्यसको पूरा सत्यतामा बुझेको दिनदेखि यता उनीहरूको जीवनमा पनि

ठीक त्यस्तै भयो। किनभने कलस्सेअमा भएको मण्डली सङ्ख्यामा बढ्यो, र त्यसका विश्वासीहरूको जीवनमा आत्मिक वृद्धि देखिन्थ्यो।

यसो हेर्दा के बुझिन्छ भने, पहिलो शताब्दीमा सुसमाचारले ठूलो प्रगति गरेको थियो; किनभने त्यो त्यस समयमा यूरोप, एशिया र अफ्रिकामा पुगिसकेको थियो, अँ, धेरै मानिसहरूले सोचेको भन्दा टाढ़ासम्म पुगेको थियो। तर सारा पृथ्वीभरि चारैतिर त्यसको गुञ्जन कहाँ पुगेको थियो र? यसको निम्ति कुनै प्रमाण छैन। सुसमाचारको सन्देशको सुन्दर उपनाम यहाँ परमेश्वरको अनुग्रह भएछ। परमेश्वरको क्रोधको योग्य दोषी मानिसहरूमाथि परमेश्वरको अनुग्रह प्रदान गरिएको छ। सुसामाचरका निम्ति योजस्तो सुन्दर सारगर्भित शब्द कहाँ पाइन्छ र?

**कलस्सी १:७:** पावलले सफासँग लेखेका छन्ः कलस्सीहरूले एपाफ्रासबाट सुसमाचार सुनेका थिए र विश्वास गरेर आफ्नो जीवनमा अनुभव गरेका थिए। पावलले एपाफ्रासको सिफारिस यस प्रकारले गरेका छन्ः *'हाम्रा प्रिय सङ्गी-दास एपाफ्रास, जो तिमीहरूका निम्ति ख्रीष्टको विश्वासयोग्य सेवक हुन्।'* यिनीप्रति प्रेरित पावलसँग तिक्त ईर्ष्या केही पनि थिएन। अरू कुनै प्रचारकले श्रय र सरहाना पाएमा तिनलाई केही जस्तो लाग्दैनथियो; होइन, बरु तिनी त प्रभुका अन्य दासहरूको सेवकाइ कदर गर्नुमा प्रथम हुन्थे।

**कलस्सी १:८:** पावलले एपाफ्रासबाट कलस्सीहरूको प्रेमको विषयमा सुने, जुनचाहिँ आत्मिक प्रेम थियो। मानिस-मानिसको बीचमा माया र ममता त छ; तर प्रभु येशू र उहाँका जनहरूप्रति कलस्सीहरूको साँचो प्रेम थियो; उनीहरूभित्र वास गर्नुभएको परमेश्वरको आत्माले त्यो उनीहरूमा हालिदिनुभयो र पैदा गर्नुभयो। यस पत्रभरि पवित्र आत्माको एकमात्र सन्दर्भ यति हो।

**कलस्सी १:९:** पावलले परमेश्वर पितालाई धन्यवाद चढ़ाएपछि अघि बढ़ेर यी पवित्र जनहरूका निम्ति अन्तर्विन्ती गर्न थाल्छन्। तिनको अन्तर्विन्ती विषयबद्ध थियो। हामीले अघि भनिसकेका छौं, कि प्रेरित पावलको प्रार्थना गर्ने मन ठूलो थियो; तिनले सबै चिनेका र नचिनेका

विश्वासीहरूका निम्ति प्रार्थना गर्ने गर्थे । त्यसबाहेक तिनका अन्तर्विन्तीहरू सधैं विषयबद्ध प्रार्थना हुन्थे अर्थात् ठाउँ र परिस्थितिअनुसार परमेश्वरका जनहरूको विशेष खाँचोमा केन्द्रित रहन्थ्यो । तिनको प्रार्थना सामान्यीकरण केही पनि थिएन । यहाँ तिनले कलस्सीहरूका निम्ति गरेका विन्तीहरूका चारवटा मुख्य बुँदाहरू पेश गरेका छन्, जस्तैः **क)** उनीहरूले आत्मिक अन्तर्दृष्टि पाऊन्, **ख)** उनीहरू योग्य चालमा चलून्; **ग)** उनीहरूमा प्रशस्त शक्ति आओस् र **घ)** उनीहरूको मन कृतज्ञ भएको होस् ।

पावलका अन्तर्विन्तीहरू उदारचित्तका थिए; ती सङ्कीर्ण, तुच्छ र क्षुद्र थिएनन् । यो कुरा १:९-११ पदमा स्पष्ट हुन्छ, जहाँ तिनले सारा, पूरा, सम्पूर्ण र हरेक भन्ने शब्द प्रयोग गरेका छन्, जस्तै **क)** *सारा* बुद्धि र आत्मिक समझ (१:९); **ख)** *पूरा* रूपले प्रसन्न तुल्याउन (१:१०); **ग)** *हरेक* असल काममा फलवन्त (१:१०) । **घ)** *सारा* शक्तिले बलवान् (१:११); **ङ)** *सम्पूर्ण* धीरज र सहनशीलताका निम्ति (१:११) ।

'यही कारणले' भन्ने शब्द अघिका पदहरूसित सम्बन्ध जोड्छ । 'यही कारणले' भन्ने शब्दले 'एपाफ्रासको मुखबाट यो प्रतिवेदन सुनेको हुनाले' भन्ने अर्थ लिन्छ (कलस्सी १:४, ५ र ८) । कलस्सेअमा भएका यी प्यारा पवित्र जनहरू र उनीहरूको विश्वास, उनीहरूको प्रेम र उनीहरूको आशाको विषयमा सुनेको दिनदेखि नै प्रेरित पावलले उनीहरूका निम्ति प्रार्थना गर्न थाले र वर्तमान समयसम्म अझै पनि उनीहरूका निम्ति प्रार्थना गर्दैथिए। पहिले, तिनले उनीहरूका निम्ति *'उनीहरू सारा बुद्धि र आत्मिक समझमा परमेश्वरको इच्छा जान्ने ज्ञानले भरिएका होऊन्'* भनेर विन्ती गर्दथिए । गूढ़ज्ञानवादीहरूले दाबी गरेको उच्च ज्ञानले उनीहरू पूर्ण र तृप्त भएर घमण्डले फुलून् भन्ने विन्ती तिनले उनीहरूका निम्ति चढ़ाएनन् । होइन, होइन ! उनीहरूले आफ्नो जीवनमा परमेश्वरको सिद्ध इच्छा जान्नु र पूरा गर्नुपरेको थियो, जसरी नै उहाँको इच्छा उहाँको वचनमा प्रकट भएको छ। यस प्रकारको ज्ञानमा घमण्ड गर्ने, सांसारिक वा शारीरिक भएको कुनै कुरा थिएन । किनभने यस ज्ञानमा आत्मिक बुद्धि र आत्मिक समझ थियो। आत्मिक बुद्धि भएको मानिसले ज्ञानको

सदुपयोग गर्छ भने आत्मिक समझ भएको मानिसले परमेश्वरको इच्छासित मिल्ने अनुकूल कुराहरू र नमिल्ने प्रतिकूल कुराहरूको बीचमा छुट्ट्याउन सक्छ।

**कलस्सी १ः१०ः** याद रहोस्ः कलस्सी १ः९ पदसित यस पदको महत्त्वपूर्ण सम्बन्ध रहेको छ। प्रेरित पावलले यी कलस्सी विश्वासीहरू परमेश्वरको इच्छाको ज्ञानले भरपूर होऊन् भनेर किन प्रार्थना गरेका छन् ? के उनीहरू प्रभावशाली पोख्त प्रचारकहरू बन्नुपरेको वा रोचक निपुण शिक्षकहरू हुनुपरेको थियो त ? के यसरी नै उनीहरूले आफ्नो पछि ठूलो भीड़ अनुयायीहरूलाई खिच्न सक्नुपरेको थियो ? किनकि गूढ़ज्ञान-वादीहरूले यही कोशिश गरेका थिए। होइन नि ! ख्रीष्ट-विश्वासीहरूलाई आत्मिक बुद्धि र आत्मिक समझ दिनुमा प्रमुख उद्देश्यचाहिँ उनीहरूलाई प्रभुको योग्य चालमा चल्न सक्षम तुल्याउनु हो, यस हेतुले कि उनीहरूले उहाँलाई पूरा रूपले प्रसन्न तुल्याउन सकून् ।

मार्गदर्शन वा मार्गनिर्देशन पाउने सम्बन्धमा यहाँ एउटा धेरै मूल्यवान् पाठ छः परमेश्वरले हामीलाई हाम्रो जान्न चाहने जिज्ञासो तृप्त पार्न आफ्नो इच्छाको ज्ञान दिनुहुन्न। त्यो हाम्रो अहम र उच्च लक्ष्य प्राप्त गर्ने चाहनाको आहार बन्न अवश्य दिइँदैन नै। तब प्रभुले हाम्रो जीवनको विषयमा आफ्नो इच्छा हामीलाई किन प्रकट गर्नुहुन्छ त ? हामीले उहाँलाई आफ्नो हरेक कामकुरामा प्रसन्न तुल्याउन सकौं भनेर नै।

'... यस हेतुले कि हामी हरेक असल काममा फलवन्त होऔं।' यहाँ, यस ठाउँमा हामीले आफूलाई सम्झना गराउने टीका हाल्नु उचित देखिन्छ। सुकर्म गरेर हामीले मुक्ति पाएका छैनौं, र कसैले सुकर्म गरेर मुक्ति पाउँदैन; तर हामीले सुकर्महरू गर्न मुक्ति पाएका छौं; यो सुनिश्चित छ। मुक्तिको सम्बन्धमा मानिसहरूले गरेका सुकर्महरू व्यर्थ हुन् भन्ने कुरामा जोड़ दिँदा-दिँदै कतिजना कहिलेकाहीं हददेखि बाहिर गएका र 'ख्रीष्ट-विश्वासीहरूले सुकर्महरूमा विश्वास गर्दैनन्' भन्ने झूटो आभास दिलाएका हामीलाई डर लाग्छ। योभन्दा वास्तविकतादेखि अझै टाढ़ा हुने सक्ने अरू कुनै कुरा छैन। किनभने हामीले एफेसी २ः१० पदमा के

सिक्छौं भने, *'हामी ख्रीष्ट येशूमा असल कामहरूका निम्ति सृजना गरिएका उहाँका हातको कारिगरी हौं।'* अनि पावलले तीतसलाई पत्र लेख्दाखेरि यसो लेखेः *'यो एउटा विश्वासयोग्य वचन हो, र म चाहन्छुः तिमीले निरन्तर यी कुराहरूमा जोड़ देऊ, कि जस-जसले परमेश्वरमा विश्वास गरेका छन्, उनीहरूले असल कामहरूमा लागिरहने कुरामाथि ध्यान दिऊन्'* (तीतस ३ः८)।

पावलले यी कलस्सी विश्वासीहरूको विषयमा उनीहरू हरेक असल काममा फलवन्त हुनुको साथै परमेश्वरको चिन्ने ज्ञानमा पनि बढ्ने चाहना गरे। अनि परमेश्वरको चिन्ने ज्ञानमा कसरी बढ़िन्छ त? पहिले, परमेश्वरको वचन ध्यानपूर्वक अध्ययन गरेर परमेश्वरको विषयमा हाम्रो ज्ञान बढ्छ। त्यसपछि, उहाँको शिक्षा र आज्ञाहरू पालन गरेर र उहाँको विश्वासयोग्य सेवा गरेर हामी परमेश्वरको चिन्ने ज्ञानमा बढ्छौं। अनि यहाँ, यस पदको सन्दर्भ उहाँको विश्वासयोग्य सेवा भएको देखिन्छ। यी कुराहरू गरेर नै प्रभुको चिन्ने ज्ञानको गहिरो अनुभव गरिन्छ। *'यसैकारण हामी उहाँलाई चिनौं! परमप्रभुलाई चिन्नुको पछि लागौं!'* (होशे ६ः३)।

के तपाईंले कलस्सीको पत्रको एक अध्यायमा ज्ञान सम्बन्धी शब्दहरूमा ख्याल गर्नुभयो? कलस्सी १ः६ पदमा परमेश्वरको अनुग्रह चिनिन्छ भने, कलस्ती १ः९ पदमा परमेश्वरको इच्छा जानिन्छ, अनि कलस्सी १ः१० पदमा परमेश्वरको चिन्ने ज्ञानमा बढ़िन्छ। यस विषयमा पावलको चिन्तनले एक कदमदेखि अर्को कदममा जाँदा क्रमिक प्रगति गरेको देखिन्छ। किनभने हुन सक्छ, परमेश्वरको अनुग्रह जान्ने कुरा यहाँ मुक्तिको अनुभवसित सम्बन्धित छ होला, अनि परमेश्वरको इच्छा जान्ने कुराले पवित्र धर्मशास्त्रको अध्ययनसित आफ्नो सम्बन्ध राख्ला, अनि परमेश्वरको चिन्ने ज्ञानमा बढ्ने कुराले ख्रीष्ट-विश्वासीको जीवनको चाल र प्रभुका निम्ति गरिने उसको सेवा सङ्केत गर्ला। जे होस्; हाम्रो सठीक र ग्रहणयोग्य चालचाहिँ खाँटी शिक्षाको फल हो, जुन चाल प्रभुको विश्वासयोग्य सेवाबाट प्रकट हुन्छ।

**कलस्सी १ः११ः** प्रेरित पावलले यी पवित्र जनहरूका निम्ति गरेको तिनको तेस्रो विन्ती यस प्रकारको छः *'उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले उनीहरू बलवान् होऊन् ।'* यहाँ पनि क्रमिक प्रगति छः **क)** १ः९ पदमा उनीहरू भरिएका होऊन्; **ख)** १ः९ पदमा उनीहरू फलवन्त होऊन्, अनि **ग)** १ः११ पदमा उनीहरू बलवान् होऊन्। इसाई जीवन कसैले पनि आफ्नो शक्तिले जिउन सक्दैन। यसको निम्ति अलौकिक शक्ति चाहिन्छ। यसकारण पावलको इच्छा यो हो कि यी ख्रीष्ट-विश्वासीहरूले बौरिउठ्नुभएको परमेश्वरको पुत्रको शक्ति जानून् र आफ्नो जीवनमा अनुभव गरून्। यस सिलसिलामा तिनको चाहना अझै सकिएको छैन। किनकि उनीहरूले उहाँको महिमित सामर्थ्यअनुसार यो ईश्वरीय शक्ति जान्न सक्छन्। तिनको विन्तीमा ख्याल राख्नुपर्ने कुरा यो होः हामीले उहाँको महिमित सामर्थ्यको असीम भण्डार*बाट* केही शक्ति पाउनु होइन, तर खास गरी उहाँको महिमित सामर्थ्य*अनुसार* हाम्रो शक्तिको अनुभव हुनुपर्छ। उहाँको महिमित सामर्थ्य असीमित हुन्छ; अनि पावलको प्रार्थनाले यी विश्वासीहरूका निम्ति उहाँको असीमित शक्तिको माग गरेको छ। यस सम्बन्धमा श्री ए. एस. पीकेले यसो लेखेका छन्ः

> 'शक्तिको अभाव हुनेहरूको खाँचोको नापअनुसार यो शक्तिको प्रबन्ध गरिँदैन, तर परमेश्वरको असीम भण्डार र अपार प्रबन्धको नापअनुसार पो यो शक्ति दिइन्छ।' [6)]

तर किन पावलले यी विश्वासीहरूका निम्ति यत्रो ईश्वरीय शक्तिको चाहना गरे ? के उनीहरूले गएर कुनै विशेष आश्चर्यकर्म गर्नुपर्नेथियो ? के उनीहरूले मरेकाहरूलाई बौराएर उठाउनुपर्नेथियो, रोगी-बिरामीहरूलाई निको पार्नुपर्नेथियो र दुष्ट आत्माहरू निकाल्नुपर्नेथियो त ? 'होइन, अवश्य होइन नै' यस प्रश्नको उत्तर हो। तब यत्रो शक्ति किन चाहिन्छ त ? परमेश्वरको हरेक छोरा र हरेक छोरीका निम्ति आनन्द गर्नको साथसाथै सम्पूर्ण धीरज र सहनशीलता धारण गर्न सक्नलाई यस ईश्वरीय शक्तिको खाँचो पर्छ। यस कुरामा पूरा होश र ध्यान दिनुपर्छ। वर्तमान समयमा

इसाई जगत्मा कति हिस्सा ख्रीष्ट्यानहरू छन्, जसले तथाकथित आश्चर्यकर्महरूमाथि ठूलो महत्त्व राख्ने गर्छन्, जस्तैः अन्य भाषाहरू बोल्नु, रोगी-बिरामीहरूलाई निको पार्नु र यस प्रकारका सनसनीपूर्ण चमत्कारहरू। तर हामी जिइरहेको युगमा यी सबै आश्चर्यकर्महरूभन्दा महान् कुरा अझै छः यो त धैर्यसाथ दुःखकष्ट सहेको परमेश्वरको त्यो छोरा वा उहाँकी त्यो छोरी हो, जसले यस्ता अग्नि-जाँच र परीक्षाको बीचमा परमेश्वरलाई धन्यवाद चढ़ाउँछ वा चढ़ाउँछे।

आउनुहोस्, हामी यसको सिलसिलामा १ कोरिन्थी १३ः४ पद पढ़ौं, जहाँ सहनशीलता दयासित जोड़िएको छः *'प्रेमले खूबै सहन्छ, र दयालु हुन्छ।'* अनि यहाँ कलस्सी १ः११ पदमा सहनशीलताचाहिँ आनन्दसित जोड़िएको छ। हामी दुःखकष्टमा पर्छौं; किनभने पतित सृष्टिसँगै सुस्केरा हाल्नुदेखि हामी उम्कन सक्दैनौं, तर यसमा हामी त्योसित सहभागी हुन्छौं। मनको आनन्द कायम राख्न र अरू मानिसहरूलाई दया देखाउन हामीलाई परमेश्वरको शक्ति चाहिन्छ; अनि यसलाई ख्रीष्ट-विश्वासीको विजय भनिन्छ। धीरज र सहनशीलताको बीचमा भिन्नता यस प्रकारको छः गुनासो नगरीकन सहनु धीरज भनिन्छ भने बदलाको भावना केही पनि नराखीकन सहनुचाहिँ सहनशीलता भनिन्छ। धैर्यसाथ दुःखकष्ट सहेर अग्नि-परीक्षाको बीचमा परमेश्वरलाई धन्यवाद चढ़ाउन सक्ने विश्वासीको जीवनमा परमेश्वरको अनुग्रहका महान्-महान् उद्देश्यहरूमध्ये एउटाचाहिँ पूरा भएको छ।

**कलस्सी १ः१२ः** *'... र पितालाई धन्यवाद चढ़ाओ !'* यस वाक्यको सन्दर्भ पावल होइन, तर कलस्सीहरू नै हुन्। किनकि ग्रीक भाषामा यहाँको क्रियापद बहुवचनमा छ। पावलको प्रार्थनामा उनीहरू पूरा शक्तिले बलवान् हुनुको साथै उनीहरूमा कृतज्ञ मन पनि भएको होस् भन्ने विन्ती समावेश गरिएको थियो। उनीहरूले पिता परमेश्वरप्रति आफ्नो कृतज्ञता प्रकट गर्नुमा कहिल्यै नचुकून्; किनकि उहाँले उनीहरूलाई ज्योतिमा पवित्र जनहरूको पैतृक सम्पत्तिमा सहभागी हुन योग्य बनाउनुभयो। आदमका सन्तान भएको नाताले हामी स्वर्गको महिमाका प्रतापहरू उपभोग

गर्न कदापि योग्य थिएनौं। मुक्ति नपाएका मानिसहरूको विषयमा कुरा यस्तो छः सम्भवतः तिनीहरूलाई स्वर्गमा लगिएको भए, तिनीहरूले स्वर्गको आनन्द उपभोग गर्न सक्नेथिएनन्, तर तिनीहरू साह्रै दुःखी हुनेथिए। स्वर्गको सुख अनुभव गर्न मानिस सक्षम हुनुपर्छ। अनि ख्रीष्ट-विश्वासीहरू पनि आफैमा स्वर्गको आनन्द उपभोग गर्न योग्य छैनन्। हामी केवल प्रभु येशू ख्रीष्टमा र उहाँको खातिर स्वर्गको हकदारका योग्य भएका छौं।

*परमेश्वरलाई धन्यवाद होस्! किनकि प्रभु येशूको योग्यता मेरो ठहर भएको छ; त्यसबाहेक म उभिन सक्ने अरू कुनै ठहर जान्दिनँ।*

*अँ, स्वर्गको महिमाले वास गरिरहेको इम्मानुएलको त्यस देशमा पनि ख्रीष्टमा भएको एकमात्र योग्यताबाहेक म अरू कुनै ठहर जान्नेछैनँ नै।*

*श्रीमती एन्न रोस्स कुसॉ*

जब परमेश्वरले कुनै मानिसलाई बचाउनुहुन्छ, तब उहाँले तत्कालै यस मानिसलाई स्वर्गको योग्य तुल्याउनुहुन्छ। उसको योग्यता ख्रीष्ट येशू हुनुहुन्छ। त्योभन्दा योग्य कुरा हुँदैन। उहाँमा प्राप्त गरिएको योग्यता सिद्ध छ। यसकारण यस पृथ्वीमा जीवनभरि प्रभु येशूप्रति आज्ञाकारी हुनुहोस् र विश्वासयोग्यताको साथ उहाँको सेवा गर्नुहोस्, तर यसरी नै मुक्ति पाएको दिनमा योग्य हुनुभएको भन्दा तपाईं कुनै हालतमा पनि स्वर्गको बढ़ी योग्य हुनुहुनेछैन। स्वर्गको महिमाको निम्ति हाम्रो एकमात्र हक ख्रीष्ट येशूको रगतमा छ। हाम्रो अधिकारको भाग ज्योतिमा छ, स्वर्गमा सुरक्षित राखिएको छ; तर यस पृथ्वीमा हामी विश्वासीहरूसँग हाम्रो अधिकारको भाग सुनिश्चित गराउने बैनाको रूपमा पवित्र आत्मा हुनुहुन्छ। यसकारण हामी आफ्नो भविष्यको सम्बन्धमा पूरा आनन्दित हुन सक्छौं; किनभने हामी अहिले पवित्र आत्माको पहिलोफल उपभोग गरिरहेका छौं।

**कलस्सी १:१३:** हामीलाई ज्योतिमा पवित्र जनहरूको अधिकारको भागमा सहभागी हुन योग्य तुल्याउनुहुने परमेश्वरले हामीलाई अन्धकारको शक्तिदेखि छुटाउनुभयो र आफ्नो प्रिय पुत्रको राज्यभित्र सार्नुभयो

(१ यूहन्ना २:११)। बितेको समयमा इस्राएलीहरूले गरेको अनुभव यो कुरा स्पष्ट पार्ने समुचित उदाहरण हो। प्रस्थानको पुस्तकमा यसको बयान उल्लेख गरिएको छ। इस्राएलीहरू मिस्र देशमा दासत्वमा जिइरहेका थिए र तिनीहरूलाई काममा जोत्ने नाइकेहरूको कोर्रा खाँदै सुस्केरा हालिरहेका थिए। तर परमेश्वरले अद्‌भुत रीतिले हस्तक्षेप गर्नुभयो र तिनीहरूको भाग्यको भाटा ज्वारमा परिवर्तन गर्नुभयो। उहाँले तिनीहरूलाई डरलाग्दो बन्धनबाट छुटकारा दिनुभयो र तिनीहरूलाई उजाड़स्थानको बाटो भएर तिनीहरूलाई प्रतिज्ञा गरिएको देशमा ल्याइपुर्‍याउनुभयो। ठीक त्यस्तै हामी पापी मानिसहरू भई शैतानको बन्धनमा परेका थियौं। तर ख्रीष्ट येशूले हामीलाई शैतानको पन्जाबाट छुटाउनुभयो। अनि अहिले हामी ख्रीष्ट राजाको प्रजा हौं। शैतानको राज्य अन्धकारको राज्य हो; त्यहाँ ज्योति, न्यानोपन र आनन्द केही पनि छैन। तर ख्रीष्टको राज्यचाहिँ प्रेमको राज्य हो, जहाँ ज्योति, न्यानोपन र आनन्द हुन्छ।

पवित्र धर्मशास्त्र बाइबलमा ख्रीष्टको राज्य त्यसका विभिन्न रूपहरूमा प्रस्तुत गरिएको छ। जब प्रभु येशू यस पृथ्वीमा आउनुभयो, तब उहाँले आफ्नो पहिलो आगमनको साथमा यहूदी जातिलाई एउटा वास्तविक, प्रत्यक्ष राज्य दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो। तर यहूदीहरूले केवल अत्याचारी रोमी सरकारको हातबाट छुटकारा पाउन चाहे। तिनीहरूले आफ्ना पापहरूको विषयमा पछुताउन चाहेनन्। तर ख्रीष्ट राजाले उहाँसित सठीक सम्बन्ध, अँ, उहाँसँग आत्मिक सम्बन्ध राख्ने मानिसहरूमाथि मात्र राज्य गर्नुहुन्छ। जब यो कुरा यहूदीहरूलाई स्पष्ट भयो, तब तिनीहरूले आफ्ना राजालाई बहिष्कार गरेर उहाँलाई क्रूसमा झुन्ड्याएर मारिदिए। अनि प्रभु येशू स्वर्ग फर्केर जानुभयो र त्यस समयदेखि परमेश्वरको राज्यको रहस्यमय रूप छ (मत्ती १३:)। यसो भन्नुको तात्पर्य उहाँको राज्य प्रत्यक्ष रूपले देखिँदैन। किनकि त्यसको राजा अनुपस्थित हुनुहुन्छ। तर यस वर्तमान युगमा जस-जसले प्रभु येशू ख्रीष्टलाई आफ्ना जीवनको अधिकारपूर्ण मालिक र राजाको रूपमा ग्रहण गर्छन्, तिनीहरू सबै उहाँको राज्यको प्रजा हुन्छन्। तर भावी दिनमा प्रभु येशू फेरि यस पृथ्वीमा फर्केर

आउनुहुनेछ, र आफ्नो राज्य स्थापित गर्नुहुनेछ; त्यस राज्यको राजधानी यरूशलेम हुनेछ। उहाँले एक हजार वर्ष सारा संसारमाथि राज्य गर्नुहुनेछ। त्यस समयको अन्तमा ख्रीष्ट येशूले आफ्ना सबै शत्रुहरूलाई आफ्ना पाउमनि पार्नुहुनेछ र आफ्नो राज्य पिता परमेश्वरको हातमा सुम्पनुहुनेछ। अनि यस समर्पणको साथमा अनन्त राज्यको शुभारम्भ हुनेछ; त्यस राज्यको अन्त कहिल्यै हुनेछैन, तर अनन्त-अनन्तसम्म भइरहनेछ।

**कलस्सी १:१४:** परमेश्वरको प्रिय पुत्रको राज्यको नाम लिनासाथ पावल एउटा नयाँ विषयतिर अघि बढ्छन् र प्रभु येशू र उहाँको त्राणको कामको सम्बन्धमा परमेश्वरको वचनभरिमा यहाँ सबैभन्दा महान् अनुच्छेद वा कण्डिका लेख्न थाल्छन्। पावलले आफ्नो प्रार्थना सिद्ध्याए कि सिद्ध्याएनन्, सो हामीलाई जान्नु र भन्नु गाह्रो पर्छ। हुन सक्छ, हामीले अध्ययन गर्न लागेका यी पदहरूको खण्डमा तिनको प्रार्थना अघि बढ़िरहेको सम्भव छ। तर यसमा महत्त्व के छ र? ठिक्कै छ, अब पढ्न लागेका पदहरूमा लेखिएका कुराहरू पावलले चढ़ाएको प्रार्थनाको विषयवस्तु नठहरिएलान्, तर पूरापूर परमेश्वरको आराधना गर्ने विषय हुन्; यो पक्का र सुनिश्चित छ।

यस सम्बन्धमा श्री रिचर्ड स्टुर्जले यसो भनेका छन्:

> 'येशू ख्रीष्टलाई उच्च महिमा दिने योजस्तै अरू कुनै खण्ड नै छैन, तर यस अचम्मको अद्वितीय खण्डमा उहाँको नाम एकपल्ट पनि, कुनै रूपमा देखा पर्दैन।'

एक प्रकारले यो असाधरण देखिन्छ, तर यसको विषयमा अचम्म मान्नुपर्ने केही पनि छैन; किनभने हाम्रा परमधन्य मुक्तिदाता प्रभुबाहेक अरू को होला, जसको वर्णन यस खण्डमा बयान गरिएको व्यक्तिसित मेल खान्छ? यस खण्डले हामीलाई मरियम मग्दलिनीको याद दिलाउँछ, जसले मालीलाई यसो भन्दै सोधिन्: *'हजुर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको छ भने तपाईंले उहाँलाई कहाँ राख्नुभएको छ, सो मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु'* (यूहन्ना २०:१५)। मरियमले पनि यहाँ

यस प्रश्नमा प्रभुको नाम लिइनन्; तर केवल एकैजना व्यक्तिले तिनको मन ओगट्नुभएको थियो। उहाँको नाम के थियो ?

*'उहाँमा हामीले उहाँको रगतमा* [7] *छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं।'* यस खण्डअनुसार ख्रीष्ट येशू हाम्रो उद्धारक हुनुहुन्छ। छुटकाराचाहिँ दासदासी किनबेच गरिने लिलाम-बजारमा प्रयोग गरिने शब्द हो। हामी पापको दासत्वमा थियौं; अँ, दास-बजारबाट दाम तिरेर छुटाइएकाहरू हौं। मानौं प्रभु येशूले हाम्रो मोल तोकिदिनुभयो। उहाँले हामीलाई कति मूल्यवान् ठान्नुभयो ? वास्तवमा उहाँले आफ्नो कार्यद्वारा भन्न चाहनुभएको तात्पर्य यो होः 'तिमीहरूलाई दाम तिरेर छुटाउन म आफ्नो रगत बगाउन तयार छु।' उहाँका आँखाहरूमा यति धेरै हाम्रो मूल्य हुँदो रहेछ। उहाँको रगतको दाममा किनिएका हामी ! तब हामी कसको भयौं ? के यसको विषयमा कुनै प्रश्न रहेको छ ? अबदेखि उसो हामी आफ्नै होइनौं; हामी मोल तिरेर किनिएका हौं। यसकारण हामी मनपरी जिउन पाउँदैनौं; आफ्नो इच्छाअनुसार जिउन पाउँदैनौं। यस विषयमा इस्वी संवत् १८८७-१९१३ सालमा जिएका, येलको विश्वविद्यालयमा अध्ययनरत भएका श्री विलियम डब्ल्यू. बोर्डनले यसो भनेका छन्ः

> 'हामी आफ्नो जीवन आफ्नो हातमा लिएर आफ्नो इच्छाअनुसार जिउँछौं भने हामी चोर हुन्छौं; किनभने जुन कुरा हाम्रो होइन, त्यो कुरा हामीले लगिरहेका छौं।'

उहाँले हामीलाई दाम तिरेर छुटाउनुभयो। अनि उहाँले हामीलाई पापहरूको क्षमा दिनुभयो। हाम्रा पापहरू हाम्रो ऋण थिए; तर परमेश्वरले हाम्रा पापहरूको ऋण मेटाउनुभयो। प्रभु येशूले क्रूसमा हाम्रा पापहरूको ऋण काट्ने दाम तिरिदिनुभयो। तिरिसकिएको ऋण कसले फेरि कहाँ तिर्नुपर्छ र ? हिसाब छिनाफिना भयो; खाताकिताब बन्द गरियो। जब परमेश्वरले हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ, तब पश्चिमदेखि पूर्व जति टाढ़ो छ, त्यत्ति नै उहाँले हाम्रा अपराधहरू हामीबाट टाढ़ा हटाउनुहुन्छ (भजन १०३:१२)।

## ग) कलस्सी १ः१५-२३ः मण्डलीको शिर हुनुभएको ख्रीष्ट येशूको महिमाका प्रतापहरू के-के हुन् ?

**कलस्सी १ः१५ः** अबका चारवटा पदहरूमा प्रभु येशूलाई निम्न तीनवटा सम्बन्धहरूमा प्रस्तुत गरिन्छः **क)** कलस्सी १ः१५ः परमेश्वरसित उहाँको सम्बन्ध कस्तो छ ? **ख)** कलस्सी १ः१६-१७ः सृष्टिसित उहाँको सम्बन्ध कस्तो छ ? अनि **ग)** कलस्सी १ः१८ः मण्डलीसँग उहाँको सम्बन्ध कस्तो छ ?

**क)** *परमेश्वरसित उहाँको सम्बन्ध कस्तो छ ?*

परमेश्वरको सम्बन्धमा प्रभु येशूचाहिँ अदृश्य परमेश्वरको प्रतिरूप हुनुहुन्छ। अनि प्रतिरूप भन्ने शब्द कम्तीमा दुईवटा अर्थहरूमा बुझ्न सकिन्छ। पहिले, परमेश्वर कस्तो हुनुहुन्छ, सो साक्षात् रूप प्रभु येशूले हामीलाई देख्ने तुल्याउनुभयो। परमेश्वर आत्मा हुनुहुन्छ; यसकारण उहाँ अदृश्य हुनुहुन्छ। तर ख्रीष्ट येशूमा परमेश्वरले आफूलाई मरणशील मानिसहरूका आँखाहरूका निम्ति देख्ने तुल्याउनुभयो। अनि यही अर्थमा प्रभु येशू अदृश्य परमेश्वरको प्रतिरूप हुनुहुन्छ। प्रभु येशूलाई देख्नेहरूले पितालाई देखे (यूहन्ना १४ः९)।

तर प्रतिरूप भन्ने शब्दमा अर्को अर्थ पनि छः प्रतिनिधि। किनकि परमेश्वरले शुरुमा आदमलाई यस पृथ्वीमाथि राख्नुभयो, जसले परमेश्वरको प्रतिनिधि भएर उहाँका दिलचस्पीहरूको पक्ष लिनुपरेको थियो। तर आदम यसमा विफल भए। यसकारण परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई आफ्नो प्रतिनिधिको रूपमा यस संसारमा पठाउनुभयो, जसले परमेश्वरका दिलचस्पीका कुराहरूमा ध्यान र वास्ता गर्नुपरेको थियो र मानिसहरूकहाँ उहाँको हृदयभरिको प्रेम प्रकट गर्नुपरेको थियो। अनि यही अर्थमा प्रभु येशू पनि परमेश्वरको प्रतिरूप हुनुहुन्छ।

अनि कलस्सी ३ः१० पदमा यही 'प्रतिरूप' भन्ने शब्द ख्रीष्ट-विश्वासीहरूको सम्बन्धमा फेरि प्रयोग गरिएको छः उनीहरू ख्रीष्टको प्रतिरूप तब हुन्छन्, जब उनीहरू ख्रीष्टको स्वरूपमा बदली हुँदै जान्छन्।

ख्रीष्ट येशू सारा सृष्टिको जेठा हुनुहुन्छ। 'सारा सृष्टि' भन्ने अनुवाद 'सृष्टि गरिएको हरेक थोक' पनि हुन सक्छ। उहाँ सारा सृष्टिको जेठा हुनुहुन्छ भन्ने अर्थ के हो ? यो सन्दर्भबाट उठेको कुरा हो; किनभने कति झूटा शिक्षकहरूले प्रभु येशू आफू पनि सृष्टि गरिनुभएको प्राणी हुनुहुन्थ्यो भन्ने कुरा सिकाउँथे। हुन त, तिनीहरूको विचारमा उहाँ परमेश्वरले सृष्टि गर्नुभएको प्रथम व्यक्ति हुनुहुन्थ्यो अरे। तिनीहरू 'येशूचाहिँ परमेश्वरको हस्तकलाको सर्वश्रेष्ठ रचना हुन्' भन्ने कुरा मान्न सम्म तयार थिए। तर योजस्तो परमेश्वरको वचनको शिक्षाको उल्टो र विपरीत अर्थ दिने कुरा अरू केही पनि हुन सक्दैन।

यहाँ जेठाको कुरा आयो। पवित्र धर्मशास्त्र बाइबलमा जेठा भन्ने शब्दका अर्थहरू कम्तीमा तीनवटा हुन्छन्। लूका २:७ पदमा यो शब्द यसको सामान्य अर्थमा प्रयोग गरिएको छः मरियमले आफ्ना जेठा छोरालाई जन्माइन्। तर प्रस्थान ४:२२ पदमा जेठा भन्ने शब्द यसको साङ्केतिक अर्थमा प्रयोग गरिएको छ, जहाँ यसो लेखिएको छः *'परमप्रभु भन्नुहुन्छः इस्राएल, मेरो छोरा, मेरो जेठा छोरा हो।'* यस पदमा वास्तविक जन्मको कुरा छैन, 'इस्राएल मेरो जेठा छोरा हो' भनेर परमप्रभुले आफ्ना योजनाहरू र उद्देश्यहरूमा इस्राएली जातिले एउटा विशेष स्थान ओगटेको छ भन्ने जानकारी दिनुभयो। अनि भजन ८९:२७ पदमा परमेश्वरको जेठालाई सर्वश्रेष्ठ, सर्वोच्च, अद्वितीय स्थान दिन यो उपाधिको शब्द प्रयोग गरिएको छ। त्यस ठाउँमा परमेश्वरले आफ्नो जेठा दाऊदलाई पृथ्वीका राजाहरूभन्दा उच्च तुल्याउँछु भन्नुभयो। अनि दाऊदको विषयमा कुरा यस्तो छः शरीरअनुसार तिनी यिशाईको जेठा होइनन्, तर उनको कान्छा छोरा थिए। तर दाऊदलाई अद्वितीय स्थानमा राखेर तिनलाई सर्वोच्च अधिपति र सर्वाधिकारी तुल्याउनु परमेश्वरको मनसाय थियो।

अनि ठीक यही अर्थमा कलस्सी १:१५ पदमा प्रभु येशू ख्रीष्टलाई सारा सृष्टिको जेठा भनिएको छ। उहाँ परमेश्वरको अद्वितीय, अतुलनीय पुत्र हुनुहुन्छ। हुन त, एक प्रकारले सबै ख्रीष्ट-विश्वासीहरू परमेश्वरका सन्तान हुन्छन्, तर जुन नाताले प्रभु येशू परमेश्वरको पुत्र हुनुहुन्छ, त्यस

नाताअनुसार उनीहरूमध्ये कोही पनि परमेश्वरको छोरा हुँदैन, हुनै सक्दैन। किनभने उहाँ सृष्टिको उत्पत्तिभन्दा अघि हुनुहुन्थ्यो। अनि सृष्टिको अधिपतिको रूपमा सारा सृष्टिमाथि उहाँको प्रभुत्व छ। सर्वोच्च उहाँ हुनुहुन्छ; सृष्टिको मालिक उहाँ हुनुहुन्छ; शासन उहाँको हातमा छ। यसकारण बुझ्नुहोस्ः 'सारा सृष्टिको जेठा' भन्ने शब्द प्रभु येशूको जन्म-क्रमसित सम्बन्धित हुँदैन। यहाँ यसो भन्नुको तात्पर्य यो हो, कि प्रभु येशू अनन्त नाताले परमेश्वरको पुत्र हुनुहुन्छ। सारा सृष्टिको जेठा उहाँको उपाधि हो; उहाँ समयको हिसाबले जेठा हुनुहुन्न, तर आफ्नो उच्च कोटि र पदअनुसार प्रथम हुनुहुन्छ।

**कलस्सी १ः१६ः ख)** *सृष्टिसित उहाँको सम्बन्ध कस्तो छ?*

झूटा शिक्षकहरूले कलस्सी १ः१५ पद लिएर, विशेष गरी के.जे.वी.-बाइबलमा यो पद लिएर 'प्रभु येशू पनि सृष्टि गरिनुभएको प्राणी हुनुहुन्थ्यो' भन्ने गलत शिक्षा पेश गर्छन्। तर झूटा पन्थहरूको झूटो शिक्षा र भ्रम प्रायः पवित्र धर्मशास्त्र बाइबलको त्यही खण्डबाट खण्डन गर्न सकिन्छ, जुन खण्डमाथि तिनीहरूले आफ्नो शिक्षा बसालेका छन्। यहाँ कुरा पनि यस्तो छ। किनभने यस पदको अर्थमा कुनै शङ्का छैन, अँ, यहाँ विवाद गर्ने कुनै ठावैं पनि रहँदैनः निश्चय नै प्रभु येशू सृष्टि गरिनुभएको प्राणी हुनुहुन्न; तर सृष्टिकर्ता स्वयम् पो हुनुहुन्छ। यस पदबाट निम्न कुरा सिकिन्छः सृष्टिका सबै थोकहरूको अस्तित्व ल्याउने कर्ता उहाँ हुनुहुन्थ्यो; अनि विश्वका सबै थोकहरू उहाँद्वारा र उहाँका निम्ति सृष्टि गरिए। यहाँ प्रयोग गरिएका विभक्ति शब्दहरूमा ख्याल गर्नुपर्छ, किनभने यसको एक-एक कारकसूचक प्रत्ययले छुट्टै अर्थ दिन्छ। पहिले, हामी यसो लेखिएको पढ्छौंः *'यी सबै कुराहरू उहाँद्वारा नै सृष्टि गरिएका हुन्।'* ग्रीक भाषाको कुरा होः यहाँ 'उहाँमा' लेखिएको छ। यसर्थ उहाँमा त्यो सृष्टि गर्ने शक्ति रहेछ। उहाँ सृष्टिको निर्माता हुनुहुन्छ। उहाँले सबै कुराहरू सृष्टि गर्नुभएको हो।

दुई, यही पदको खण्ड ख)मा हामी यसो पढ्छौंः *'सबै कुराहरू उहाँद्वारा ... सृष्टि गरिएका हुन्।'* यसर्थ सृष्टिको उत्पत्तिमा उहाँ माध्यम

हुनुहुन्थ्यो। तीन व्यक्ति एक ईश्वरमा प्रभु येशूचाहिँ ती व्यक्ति हुनुहुन्छ, जसमार्फत सृष्टिको काम सुसम्पन्न भएको थियो। अनि तीन, *'सबै थोकहरू ... उहाँका निम्ति सृष्टि गरिएका हुन्।'* अहो, सृष्टिको उत्पत्तिमा यही उद्देश्य र यो त्यसको लक्ष्य हुँदो रहेछ ! सृष्टि गरिएका सबै थोकहरू प्रभु येशूका निम्ति सृजना गरिए। सृष्टिको अन्तिम लक्ष्य उहाँ हुनुहुन्छ।

ख्रीष्टले सबै कुराहरू सृष्टि गर्नुभएको कुरामा जोड़ दिँदै पावल अझै के भन्छन् भने, स्वर्गमा भएका र पृथ्वीमा भएका कुराहरू पनि यसमा समावेश गरिएका छन्। उल्टो अर्थ बुझ्नलाई यहाँ कुनै उम्कने बाटो छैन। अबचाहिँ 'उहाँले केवल केही थोकहरू सृष्टि गर्नुभयो'; अथवा 'उत्पत्तिभन्दा अघि उहाँको पनि सृष्टि भएको थियो' भन्ने कुरा अझै पनि कसले भन्न आँट गर्ला ?

प्रेरित पावलले यहाँ स्पष्टसँग भन्छन्ः प्रभु येशूले सृष्टि गर्नुभएका थोकहरूमा देखिने र नदेखिने कुराहरू पनि थिए। देखिने कुराहरूको व्याख्या चाहिँदैन, तर त्यसको अर्थ सरासर बुझिन्छ। तर नदेखिने कुराहरू पनि छन्, जसको अर्थ बुझ्ने हाम्रो जिज्ञासो छ। यसकारण तिनले यी नदेखिने कुराहरूको सूचि यसरी दिन लागेका छन्ः सिंहासनहरू, प्रभुत्वहरू, प्रधानहरू र अधिकारीहरू। हाम्रो विचारअनुसार यहाँ सूचित गरिएका नदेखिने कुराहरू स्वर्गका दूतहरू र तिनीहरूको बीचमा भएका श्रेणीहरू बुझ्नुपर्ला। तर यी बुद्धिमान् र समझदार प्राणीहरूका ओहदाहरू छुट्ट्याउन हामी असमर्थ छौं।

गूढ़ज्ञानवादीहरूले के सिकाउँथे भने, परमेश्वर र भौतिक जड़-तत्त्वको बीचमा विभिन्न वर्गका र विभिन्न श्रेणीका आत्माहरू छन्; अनि यी आत्माहरूको बीचमा ख्रीष्ट पनि एकजना हुनुहुन्छ अरे। अनि हाम्रो जमानामा आत्मावादीहरूले के भन्छन् भने, येशू ख्रीष्टचाहिँ निक्कै प्रगति गरेर छैटौं श्रेणीमा पुग्नुभएको आत्मा हुनुभएको छ रे। अनि जेहोवा-विट्नेसकाहरूले यस प्रकारको शिक्षा सिकाउँछन्ः प्रभु येशू यस संसारमा आउनुभन्दा अघि सृष्टि गरिनुभएको स्वर्गदूत हुनुहुन्थ्यो, अँ, प्रधान स्वर्गदूत माइकल हुनुहुन्छ अरे।

यहाँ पावलले सुस्पष्ट शब्दहरूमा यी तर्क-असङ्गत धारणाहरूको घोर खण्डन गर्छन् । प्रभु येशू ख्रीष्ट स्वर्गदूतहरूको पनि सृष्टिकर्ता, अँ, देखिने र नदेखिने सबै प्राणीहरूको सृजनाहार हुनुहुन्छ ।

**कलस्सी १:१७:** *'उहाँ सबै कुराहरूभन्दा अघि हुनुहुन्छ; अनि सबै कुराहरू उहाँमा स्थिर रहन्छन् ।'* पावलले यसो भन्छन्ः 'उहाँ सबै कुराहरूभन्दा अघि *हुनुहुन्छ*।' तिनले यसो भन्दैनन्ः 'उहाँ सबै कुराहरूभन्दा अघि *हुनुहुन्थ्यो*।' क्रियापद वर्तमान-कालमा लेख्ने कारण के हो भने, यसरी नै प्रायः पवित्र बाइबलमा परमेश्वरत्व कालक्रमभित्र नरहेको, तर समयदेखि बाहिरको हो भन्ने कुरा बयान गरिएको छ । यहाँ हामी यसको उदाहरण दिन्छौं । प्रभु येशूले भन्नुभयोः *'अब्राहामभन्दा पहिले म **हुँ**'* (यूहन्ना ८:५८) ।

हो, प्रभु येशू सृष्टि हुनुभन्दा अघि हुनुहुन्थ्यो । अनि उहाँमा सबै कुराहरू स्थिर रहेका छन् । उहाँ विश्वको पालनहार र परिचालक हुनुहुन्छ । उहाँमा त्यसको निरन्तर चलाइले आफ्नो स्रोत पाएको छ । सूर्य, चन्द्रमा र ताराहरू उहाँको नियन्त्रणमा छन् । हो, उहाँ यस पृथ्वीमा हुनुहुँदा पनि उहाँले हाम्रो विश्व सुचालू तुल्याउने नियमहरू कायम राख्नुभयो ।

**कलस्सी १:१८:** ***ग)*** *मण्डलीसँग उहाँको सम्बन्ध कस्तो छ ?*

प्रभु येशूको प्रभुत्व प्रकृतिमा मात्र सीमित हुँदैन, तर उहाँको प्रभुत्व आत्मिक क्षेत्रमाथि पनि छ । उहाँ मण्डलीको शिर हुनुहुन्छ; मण्डली उहाँको शरीर हो । यस अनुग्रहको युगमा प्रभु येशूमाथि विश्वास गर्ने सबैजना मिलेर ख्रीष्टको शरीर अर्थात् मण्डली बन्दा रहेछन् । मण्डलीलाई ख्रीष्टको देह भनिन्छ । मानिससँग आफ्नो शरीर नभएको भए उसले आफूलाई कसरी प्रकट गर्न सक्छ अर्थात् आफ्नो विचार, आफ्नो मन-मुद्रा आदि कसरी व्यक्त गर्न सक्छ त ? ठीक त्यस्तै प्रभु येशूसँग यस पृथ्वीमा उहाँले रोज्नुभएको आफ्नो शरीर छँदैछ, जुन शरीरद्वारा उहाँले आफूलाई संसारका मानिसहरूकहाँ प्रकट गर्नुहुन्छ । उहाँ यस शरीरको शिर हुनुहुन्छ । शिर हुनुभएको नाताले उहाँले शरीरलाई मार्गदर्शन र निर्देशन

दिनुहुन्छ अनि त्यसको नियन्त्रण गर्नुहुन्छ। मण्डलीमा उहाँ पहिलो स्थान ओगट्नुहुन्छ।

उहाँ शुरु हुनुहुन्छ। हाम्रो बुझाइअनुसार उहाँ नयाँ सृष्टिको शुरु हुनुहुन्छ (प्रकाश ३:१४), अर्थात् उहाँ आत्मिक जीवनको मूल र स्रोत हुनुहुन्छ। यस प्रकारको वाख्याले 'मरेकाहरूबाट बौरिउठ्नेहरूको जेठा' भन्ने वाक्यांशबाट पुष्टि पाएको छ। यहाँ, यस ठाउँमा हामी अर्थ लाउँदा होशियार बस्नुपर्छ। किनकि प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुमा प्रथम हुनुहुन्न। किनभने पुरानो नियमको समयमा र नयाँ नियमको समयमा पनि केही मानिसहरू मरेकाहरूबाट बौरिउठे। तर प्रभु येशू कुन हिसाबमा तिनीहरूमध्ये जेठा हुनुहुन्छ? उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नु-भएपछि फेरि मर्नुभएन, अँ, कहिल्यै मर्नुहुनेछैन नै। महिमित शरीर लिएर बौरिउठ्नुमा उहाँ प्रथम हुनुभयो। अनि नयाँ सृष्टिको शिर भएर उहाँ बौरिउठ्नुभयो। उहाँको पुनरुत्थान अद्वितीय छ; अनि त्यसले उहाँमाथि विश्वास गर्नेहरू सबै एक दिन मरेकाहरूको बीचबाट बौरिउठ्नेछन् भन्ने कुरा सुनिश्चित पार्ने धरोटको काम गर्छ। उहाँको पुनरुत्थानले ख्रीष्ट येशू आत्मिक सृष्टिको सर्वोच्च प्रधान हुनुहुन्छ भन्ने उद्घोषणा गर्छ।

यस सम्बन्धमा हामी श्री अल्फ्रेड मेइसको कुरा सुनौं, जसको कुरा हामीलाई सठीक लाग्छ। उनले यसो लेखेका छन्ः

> 'ख्रीष्ट येशू कुनै कुरामा पनि दोस्रो हुन सक्नुहुन्न; किनकि उहाँ सारा सृष्टिको जेठा हुनुहुन्छ। उहाँले सबै कुराहरू सृष्टि गर्नुभयो (कलस्सी १:१५-१६)। तर मुक्ति पाएकाहरू र स्वर्गको परिवारका सदस्य-सदस्याहरूको सम्बन्धमा उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नेहरूको जेठा पनि हुनुहुन्छ। यसरी नै दुवै सम्बन्धहरूमा, सृष्टिको सम्बन्धमा र मुक्तिको सम्बन्धमा उहाँ सारा आदर र सम्मानको योग्य प्रधान हुनुहुन्छ। उहाँ सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ; सृष्टिको उत्पत्ति र त्राणको काम उहाँका कामहरू हुन्; यसकारण सबै कुराहरूमा उहाँले पहिलो स्थान पाउनुभएको छ। उहाँ जहाँ पनि प्रथम हुनुहुन्छ।' [8)]

प्राथमिकताको सम्बन्धमा प्रभु येशू दुईवटा ठाउँमा प्रथम स्थान ओगट्नुहुन्छः पहिले, सृष्टिमा र दोस्रो, मण्डलीमा। परमेश्वरले हुकुम गर्नुभयो, र उहाँको दिव्य उर्दीअनुसार सबै कुराहरूमा उहाँको प्रथम स्थान हुनुपर्छ। पावलको जमानामा र हाम्रो समयमा ख्रीष्ट येशूबाट परमेश्वरत्व खोस्न खोज्ने मानिसहरूका निम्ति यो परमेश्वरको समुचित जवाफ हो। तब के हामीले उहाँलाई अझै पनि सृष्टि गरिनुभएको उच्च प्राणी तुल्याउन चाहन्छौं हँ, कसरी ?

सबै कुराहरूमा उहाँको प्रथम स्थान हुनुपर्छ भन्ने कुरा पढ्दाखेरि हामीले आफूलाई सोध्नुपर्छः 'के प्रभु येशूले मेरो जीवनमा पहिलो स्थान पाउनुभएको छ ?' नभई उहाँलाई उहाँले पाउनुपर्ने स्थान दिनुहोस् !

**कलस्सी १:१९:** श्री जे. एन. डार्बीले यो पद यस प्रकारले अनुवाद गरेः 'किनकि उहाँमा परमेश्वरत्व सारा भरपूरीको साथ वास गर्न राजी र खुशी भयो।' उनले पिताको बदलीमा परमेश्वरत्व राखे। किनभने के.जे.वी.-बाइबलको अनुवादअनुसार कतै कुरा उल्टो बुझ्न सकिन्छ, जस्तैः आफ्नो निर्धारित समयमा पिताले पुत्रमा सारा परिपूर्णता वास गराउनुमा प्रसन्न हुनुभयो। यहाँ, यस ठाउँमा के.जे.वी.-बाइबलमा 'पिता' भन्ने शब्द थपिएको छ, जसरी डार्बीको अनुवादमा 'परमेश्वरत्व' थपिएको छ। तर ख्रीष्ट येशूमा परिपूर्णताले सदैव वास गरेको यस पदको वास्तविक अर्थ हो।

गूढ़ज्ञानवादीहरू विधर्मीहरू थिए, जसले के सिकाउँथे भने, परमेश्वरकहाँ पुग्ने सम्बन्धमा ख्रीष्टले चाहिँ हामीलाई आधा बाटोसम्म मात्र पुऱ्याउनुहुन्छ; उहाँ परमेश्वरकहाँ ल्याइपुऱ्याउने आत्मिक मालारूपी साङ्लामा एउटा मात्र मुन्द्री हुनुहुन्छ। यस आत्मिक साङ्लामा अघि बढ्दा उहाँभन्दा उत्तम-उत्तम मुन्द्रीहरू फेला पारिनेछन् अरे। यसकारण यी विधर्मीहरूले प्रोत्साहन दिँदै मानिसहरूलाई यसो भन्थेः 'ख्रीष्टलाई पछाड़ि छोड़ेर अघि बढ़, र तिमीहरूले परिपूर्णता भेट्टाउनेछौ' अरे। तर यस प्रकारको गलत विचार काट्ने र पूरा खण्डन गर्ने पावलको उत्तर सुन्नुहोस् ! तिनले भन्छन्ः 'होइन, होइन ! परिपूर्णता ख्रीष्ट येशूमा छ; उहाँ नै परिपूर्णता हुनुहुन्छ।'

सारा परिपूर्णताले ख्रीष्टमा वास गर्छ । वास गर्नु भनेको स्थायी रूपले आफ्नो वासस्थान बनाउनु [९] हो, एक-दुई दिनको पाहुना हुनु होइन ।

**कलस्सी १ः२०ः** उन्नाइस पद र बीस पदको बीचमा सम्बन्ध छ; यो सम्बन्ध यस प्रकारको छः *'... साथै ख्रीष्ट येशूको क्रूसको रगतद्वारा मेलमिलाप गरेर उहाँद्वारा नै सबै कुराहरू ... आफूसँग मिलाप गराएकोमा पिता प्रसन्न हुनुभयो ।'* अर्को शब्दमा भन्नु हो भने, ख्रीष्ट येशूमा सारा परिपूर्णताले वास गरेकोमा मात्र होइन, तर उहाँद्वारा सबै कुराहरू आफूसँग मिलाप गराएकोमा पिता परमेश्वरको शुभेच्छा थियो ।

यस अध्यायमा मिलाप गराउने कार्यहरू दुईवटा छन्ः **क)** कलस्सी १ः२०ः परमेश्वरसँग कुराहरू मिलापमा ल्याइनेछन् । **ख)** कलस्सी १ः२१ः परमेश्वरसँग मानिसहरूलाई मेलमिलापमा ल्याइएका छन् । पृथ्वीमा भएका र स्वर्गमा भएका कुराहरूको मिलाप भविष्यमा पूरा हुन बाँकी छ भने, ख्रीष्ट येशूमाथि विश्वास गर्नेहरू सबैको मिलाप परमेश्वरसँग भइसक्यो ।

## मेलमिलापः

मेलमिलापको अर्थ यस प्रकारको छः दुईजनाको बीचमा बिग्रेको सम्बन्ध मिलाएर पुनर्स्थापित गर्नु हो; अथवा बिग्रेको चीज सठीक मानदण्डमा ल्याउन वा हुनुपर्ने स्तरमा पुनर्स्थापित गर्न यो शब्द पनि प्रयोग गरिएको छ; साथै जहाँ अघि शत्रुता थियो, त्यहाँ शान्ति स्थापित गर्नु मिलाप भनिन्छ । पवित्र बाइबलभरि हेर्नुहोस्, तब परमेश्वरले मानिससँग मेलमिलाप राख्नुपर्छ भन्ने कुरा कहीं लेखिएको तपाईंले पाउनुहुनेछैन । होइन, तर सधैं मानिसले परमेश्वरसँग मेलमिलाप राख्नुपर्छ । शारीरिक मनचाहिँ परमेश्वरसितको शत्रुता हो (रोमी ८ः७); अनि यही कारणले मानिसलाई परमेश्वरसित मेलमिलाप राख्नु आवश्यक छ ।

जब पापले यस संसारमा प्रवेश गर्‍यो, तब परमेश्वरसँग मानिसको सम्बन्ध विच्छेद भयो । अनि मानिसले परमेश्वरप्रति दुश्मन र वैरभाव राख्न थाल्यो । यही कारणले मानिसलाई मेलमिलापको खाँचो छ ।

तर पापले मानव-जातिलाई मात्र होइन, तर सारा सृष्टिलाई नराम्रो असर पारेको छ।

**क)** बितेको समयमा केही स्वर्गदूतहरूले पाप गरेका थिए। (तर कुनै समयमा यी स्वर्गदूतहरूको मिलाप कतै सम्भव होला भन्ने कुरा अनुमान गर्न परमेश्वरको वचनमा कुनै सङ्केत छैन। तर यहूदा १:६ पदअनुसार तिनीहरू त्यस महान् दिनको न्यायका निम्ति अन्धकारमनि सदाकालका साङ्लाहरूमा बाँधिराखिएका छन्।) यस सम्बन्धमा अय्यूब ४:१८ पदमा एलिपजले यसो भनेः *'हेर, उहाँले आफ्ना दूतहरूलाई मूर्खताको दोष लाउनुभयो।'*

**ख)** पापको नराम्रो असर प्राणी-जगत्माथि परेको छ। रोमी ८:१९-२२ पदमा यसरी लेखिएको छः *'किनकि सृष्टिको उत्कट आशाले पनि परमेश्वरका पुत्रहरूको प्रकटीकरणका निम्ति पर्खिरहेको छ। किनभने सृष्टि व्यर्थताको अधीनतामा राखिएको छ; ... किनकि हामी जान्दछौं, कि अहिलेसम्म पनि सारा सृष्टि एकसाथ ऐया-आत्था गरिरहेको र प्रसूति-वेदनामा तड्पिरहेको हुन्छ।'* पशुप्राणीहरू बिमारी हुनुपरेको, पीड़ा-दर्द सहनुपरेको र मर्नुपरेको छ। यस कुराले पापको श्रापले तिनीहरूलाई बाँकी राखेको रहेनछ भन्ने सुस्पष्ट प्रमाण दिन्छ।

**ग)** जब आदमले पाप गरे, तब परमेश्वरले भूमिलाई श्राप दिनुभयो (उत्पत्ति ३:१७)। जमिनबाट उम्रिरहेका कुरो, बनमारा आदि झारपात, काँड़ा र सिउँड़ीहरू यसका साक्षी छन्।

**घ)** अय्यूबको पुस्तकमा बिल्ददले के भन्छन् भने, *'चन्द्रमातिर पनि हेर! र त्यो चहकिलो छैन; अँ, ताराहरू समेत उहाँको दृष्टिमा शुद्ध छैनन्।'* यसो हो भने, पापको नराम्रो असरले तारागणलाई पनि प्रभाव पारेको रहेछ।

**ङ)** हिब्रू ९:२३ पदमा के लेखिएको छ? स्वर्गमा भएका कुराहरूलाई शुद्ध हुनु खाँचो थियो। यसको अर्थको लमाइ-

चौड़ाइ हामीले नाप्न सकेनौं, तर हुन सक्छ, स्वर्गका कुराहरू शैतानको उपस्थितिले अशुद्ध भए कि ? किनकि हाम्रा दाजु-भाइहरूको आरोपकको रूपमा त्यसको प्रवेश परमेश्वरको उपस्थितिमा खुला रहेको छ (अय्यूब १:६; प्रकाश १२:१०)। स्वर्ग भन्नासाथ कतिले परमेश्वरको वासस्थान देखिहाल्छन्; अरूले यसमा आकाश बुझ्छन्। अनि आकाश यहाँको सन्दर्भ हो भने, परमेश्वरको उपस्थितिमा जान पाउने शैतानको प्रवेश-अधिकार तारामण्डलमा सीमित रहेको छ। जेजस्तो भए पनि, निश्चय नै परमेश्वरको सिंहासनमाथि पापको कालो असर परेको छैन भन्ने कुरामा सबैको राय मिलेको छ, र सबैजना सहमत छन्।

ख्रीष्ट येशूको मृत्युमा विभिन्न उद्देश्यहरू थिए। यी उद्देश्यहरूमध्ये एउटाचाहिँ मेलमिलाप गराउनु थियो। उहाँको मृत्युद्वारा मानिसहरू र अरू कुराहरू परमेश्वरसित मेलमिलापमा आउन सम्भव भयो। मेलमिलाप गराउन सक्नलाई उहाँले शत्रुता, वैरभाव, बिरानोपना, परचक्रीपना र सम्बन्ध-विच्छेदका अन्य कारणहरू हटाउनुपरेको थियो। परमेश्वरको चित्त बुझ्ने गरी उहाँले प्रभावकारी ढङ्गमा पापले सृजना गरेको समस्या समाधान गर्नुभयो।

कलस्सीको पत्रको एक अध्यायमा परमेश्वरसँग कस-कसको मेलमिलाप भएको छ, सो सङ्केत गरिएको छ, जस्तैः

**क)** कलस्सी १:२१: प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नेहरू सबैको मेलमिलाप परमेश्वरसँग भइसकेको छ। ख्रीष्ट येशूको त्राणको काम सबै मानिसहरूलाई मेलमिलाप गराउन यथेष्ट छ; तर त्यस कामबाट आफ्नो फाइदा उठाउनेहरूमा मात्र त्यो कार्यकारी हुन्छ।

**ख)** कलस्सी १:२०: अन्तमा सबै कुराहरू, अँ, पृथ्वीमा भएका कुराहरू र स्वर्गमा भएका कुराहरूको मेलमिलाप हुनेछ। यसको सन्दर्भ प्राणी-जगत् हो, साथै निर्जीव वस्तुहरू पनि हुन्, जुन

वस्तुहरूमाथि पापको अशुद्ध पार्ने असर परेको छ। तर शैतान, पतित स्वर्गदूतहरू र विश्वास नगर्ने मानिसहरू त्यस मेल-मिलापबाट वञ्चित भएका छन्। पवित्र धर्मशास्त्र बाइबलमा तिनीहरूको अनन्त विनाश सुनिश्चित ठहराइएको छ।

पृथ्वीमनि भएका कुराहरू यस मेलमिलापमा समावेश गरिएका छैनन्। यस सम्बन्धमा हामीले मेलमिलाप र वशीकरणको बीचमा छुट्ट्याउनुपर्छ। फिलिप्पी २:१० पदको सन्दर्भचाहिँ वशीकरण हो, जहाँ यसो लेखिएको छः *'स्वर्गमा, पृथ्वीमा र पृथ्वीमनि हुनेहरूको हरेक घुँड़ा येशूको नाममा टेकिनुपर्छ।'* अथवा डार्बीको अनुवादअनुसार 'स्वर्गका, पृथ्वीका र पातालका प्राणीहरूको हरेक घुँड़ा येशूको नाममा टेकिनुपर्छ।' यसर्थ सृष्टि गरिएका सबै प्राणीहरूलाई, अँ, पतित स्वर्गदूतहरूलाई धरि अन्तमा प्रभु येशूको सामु घुँड़ा टेक्ने बाध्य पर्नेछ। तर तिनीहरूको मेलमिलाप हुनेछ भन्ने अर्थ यो होइन। हामीले यस कुरामा किन जोड़ दिन्छौं? किनभने सर्वमुक्तिवादको झूटो शिक्षाले कलस्सी १:२० पद आफ्नो शिक्षाको आधार बनाएको छ। के शैतान, के पतित स्वर्गदूतहरू, के विश्वास नगर्ने मानिसहरू, यी सबका सबको मेलमिलाप परमेश्वरसित हुनेछ भन्ने झूटो शिक्षा सर्वमुक्तिवाद भनिन्छ। तर कलस्सीको पत्रको खण्डले 'पृथ्वीमा भएका कुराहरू र स्वर्गमा भएका कुराहरू' भनेर मेल-मिलापको चौड़ाइमा सुनिश्चित सीमा लगाएको छ। पृथ्वीमनि भएका प्राणीहरू अर्थात् पातालमा भएका प्राणीहरू यसबाट बाहेक गरिएका छन्।

**कलस्सी १:२१ः** पावलले यहाँ कलस्सीहरूलाई सम्झाउँछन्ः परमेश्वरसँग उनीहरूको मेलमिलाप भइसकेको छ। मुक्ति पाउनुभन्दा अघि यी कलस्सेअका बासिन्दाहरू अन्यजातिका मानिसहरू थिए, अँ, पापी मानिसहरू थिए; उनीहरू आफ्ना दुष्ट कामहरूले गर्दा परमेश्वरदेखि टाढ़ा रहेका बिरानाहरू र आफ्ना मनमा उहाँका शत्रुहरू थिए (एफेसी ४:१७-१८)। मेलमिलापमा आउनु उनीहरूलाई नितान्त आवश्यक थियो। अनि प्रभु येशू ख्रीष्टले आफ्नो अनुपम अनुग्रहमा मिलाप गराउने पहिलो कदम चाल्नुभयो।

**कलस्सी १:२२:** उहाँले आफ्नो मृत्युद्वारा आफ्नो मासुको शरीरमा उनीहरूको मेलमिलाप गराउनुभयो। मेलमिलाप उहाँको जीवनको फल होइन, तर उहाँको मृत्युबाट आउने नतिजा थियो। उहाँको मासुको शरीर भन्नाले प्रभु येशूको वास्तविक मानवीय शरीर थियो भन्ने सरल अर्थ बुझिन्छ। अनि मेलमिलाप गराउन उहाँ यही मानवीय शरीरमा क्रूसमा मर्नुभयो। गूढ़ज्ञानवादीहरूले यो विश्वास गर्दैनथिए, तर उहाँ शरीरमा होइन, तर केवल आत्मामा आउनुभएको दाबी गर्थे। यो कुरा कृपया हिब्रू २:१४-१६ पदको खण्डसित तुलना गरेर हेरिदिनुहोला, किनभने त्यस खण्डमा स्पष्ट बताइएको छ, कि मानिसहरूको छुटकाराको कार्य पूरा गर्न ख्रीष्ट येशूले मानिसको शरीर धारण गर्नुपरेको थियो; यो अनिवार्य थियो। तर गूढ़ज्ञानवादको शिक्षाले यो नभई नहुने कुरा इन्कार गर्थ्यो।

प्रभु येशूले पूरा गर्नुभएको मेलमिलाप गराउने कार्यबाट निस्केको नतिजा कति अद्भुत छ!! *'तिमीहरूलाई आफ्नो सामु पवित्र, निष्कलङ्क र निर्दोष अवस्थामा उपस्थित गराउनका निम्ति'* भन्ने वाक्यले यो अचम्मको नतिजा व्यक्त गर्छन्। भक्तिहीन पापी मानिसहरूका निम्ति आफ्नो पुरानो पापी, दुष्ट जीवनबाट छुटकारा पाई यस प्रकारको आशिषमय स्तरमा उठाइनु र आशिषमय ओत पाउनु कति ठूलो सौभाग्य हो!! यो अरू केही होइन, तर उहाँको अनुपम अनुग्रहको फल हो।

यस विषयमा श्री सी. आर. एर्डम्यानले यसो भन्न सके:

> 'हामीले ख्रीष्ट येशूमा हाम्रो नजिकमा आउनुभएको परमेश्वर भेट्टाएका छौं, जो हाम्रो वास्ता गर्नुहुन्छ, हाम्रो कुरा सुन्नुहुन्छ, हामीमाथि टिठ्याउनुहुन्छ र हामीलाई बचाउनुहुन्छ।' **10)**

एक दिन हामी परमेश्वर पिताको सामु पापको कुनै दाग, कलङ्क वा खोटरहित अवस्थामा प्रस्तुत गरिनेछौं; अनि तब आफ्ना जनहरूको पक्षमा पूरा भएको ख्रीष्ट येशूको मिलाप गराउने कार्य-कुशलता कहाँसम्म पुग्दो रहेछ, सो हामी जान्नेछौं। त्यस दिनमा हामी ख्रीष्ट-येशूका उपासकहरू हुनेछौं, जसले सहर्षसाथ उहाँलाई सारा सामर्थ्य, सारा धन, सारा बुद्धि,

सारा बल, सारा आदर, सारा महिमा र सारा धन्यवादको योग्य हुनुहुनेको रूपमा स्वीकार गर्नेछौं (प्रकाश ५ : ) ।

**कलस्सी १ : २३ :** 'यदि [11]...;' यस शब्दलाई केही सर्त सङ्केत गर्ने संयोजक-शब्द भनिन्छ । पावलले कति खण्डहरू 'यदि' भन्ने शब्दबाट शुरु गर्छन्; अनि यी खण्डहरू परमेश्वरका धेरै जनहरूका निम्ति निराशको कारण बनेका छन् । यस पदमा प्रस्तुत गरिएको शिक्षा हल्का प्रकारले लिँदा 'विश्वासमा लगिरहने विश्वासीको मुक्ति मात्र अटल रहन्छ कि के हो' भन्ने अर्थ बुझ्न सकिन्छ । ठीक छ, हामी एक क्षण यस पदको अर्थ यो हो भनेर स्वीकार गरौं; तर परमेश्वरको वचनका यूहन्ना १० : २८-२९ जस्तै अन्य खण्डहरूसित हामी के गरौं त ? तिनको बीचमा हामी कुरा कसरी मिलाऔं ? किनभने यूहन्ना १० : २८-२९ पदमा स्पष्टसँग बताइएको छ, कि ख्रीष्ट येशूको एउटै भेड़ा पनि कहिल्यै हराउन सक्दैन, अँ, कहिल्यै नष्ट हुनेछैन नै ।

के हजुरहरूले यस सम्बन्धमा सठीक उत्तर खोजिरहनुभएको छ ? तब हाम्रो तर्क सुन्नुहोस् ! ख्रीष्ट-विश्वासी अनन्तसम्म सुरक्षित रहनेछ भन्ने धन्य-धन्य वास्तविकता नयाँ नियमले प्रस्तुत गरेको सुस्पष्ट शिक्षा हो । तर यहाँ, यस पदमा भएको जस्तो पवित्र धर्मशास्त्र बाइबलमा निम्न शिक्षा पनि छः हामीसँग साँचो विश्वास छ भने त्यो चिरस्थायी विश्वास हुनुपर्छ । अनि परमेश्वरबाट नयाँ जन्म पाएको मानिस अन्तसम्म विश्वासी रहि-रहनेछ । विश्वासको निरन्तरताले विश्वासको वास्तविकताको प्रमाण दिन्छ । हो, विश्वासबाट पछि हट्ने सम्भावना सधैं जारी रहन्छ; तर ख्रीष्ट-विश्वासी लड़्यो भने फेरि उठ्नेछ (हितोपदेश २४ : १६) । उसले आफ्नो विश्वास कहिल्यै त्याग्दैन ।

पवित्र आत्माले परमेश्वरको वचनमा धेरै यस्ता 'यदि' भन्ने सर्तात्मक खण्डहरू हाल्न उचित ठान्नुभयो; किनभने उहाँले यी वाक्यहरूद्वारा ख्रीष्ट येशूको नाम लिनेहरू सबैलाई चुनौती दिन चाहनुभयोः उनीहरूले अङ्गीकार गरेको आफ्नो विश्वासको वास्तविकता देखाइदिएका होऊन् । यसकारण यी खण्डहरूको विरोधमा हामी केही पनि भन्न चाहँदैनौं, जसले

गर्दा यी खण्डहरूको जोड़ र अर्थ धीमा पारिन्छ। एकजना अज्ञात भाइले यसो भनेका छन्ः

> 'पवित्र धर्मशास्त्र बाइबलमा यी 'यदि' भन्ने सर्तात्मक वाक्यहरूले हामी यस संसारमा जिउने ख्रीष्ट येशूको नाम लिनेहरूलाई ताकेका छन्; अनि हामीले तिनलाई हाम्रो आत्मिक स्वास्थ्य-जाँच गर्ने कसीको रूपमा लिनुपर्छ।'

श्री अर्थर प्राइड्ह्यामले यी चुनौतीपूर्ण पदहरूको व्याख्या यस प्रकारले गरेका छन्ः

> 'होशियारीसाथ र ध्यानपूर्वक परमेश्वरको वचन अध्ययन गरेको फलस्वरूप बाइबल-विद्यार्थीले के थाहा गर्छ भने, पवित्र आत्माले आफ्नो आदतअनुसार वचनमा परमेश्वरको अनुग्रहको सम्बन्धमा हामीलाई सुनिश्चयता र ठूलो आश्वासन दिने वाक्यहरूको साथमा चेताउनीहरू पनि हाल्नुभएको छ; यी चेताउनीहरूद्वारा विश्वासमा कच्चा, नामधारी इसाई मात्र भएकाहरूलाई तिनीहरू विश्वासमा विफल भएर नाश हुने सम्भावना जारी रहेको सङ्केत दिइएको छ। ... जुन चेताउनी-वचनहरू पाखण्डीहरूका कानहरूलाई निक्कै चर्को लाग्छन्, यी चेताउनी-वचनहरू निष्ठावान् विश्वासीका निम्ति औषधी हुन्; उसले तिनलाई दवाई सम्झेर खुशीसाथ ग्रहण गर्छ। ... यस खण्डमा दिइएको शिक्षा र यस प्रकारको जुनसुकै शिक्षाको उद्देश्य के हो भने, साँचो विश्वासी भाइबहिनीहरूलाई विश्वासमा उत्साह दिनु अनि लापरवाह, बेहोशी, दुःसाहसी र आत्मविश्वास गर्ने इसाई भनाउँदाहरूलाई दोषी ठहराउनु र साबित तुल्याउनु ती चेताउनी-वचनहरूको मुख्य उद्देश्य हो।' 12)

गूढ़ज्ञानवादीहरूलाई ध्यानमा राखेर प्रेरित पावलले कलस्सी विश्वासीहरूलाई 'सुसमाचारले प्रस्तुत गरिएको आशाबाट नहट्नू' भनेर आग्रह गरेका छन्; यसमा शङ्का छैन। हाम्रो इसाई आशा सुसमाचारले हामीमा पैदा गरेको फल हो। उनीहरूले सुसमाचारको आशा प्राप्त नगरेसम्म विश्वासमा लागिरहनुपर्छ, जुन सुसमाचार उनीहरूले

एपाफ्रासको मुखबाट सुन्न र सिक्न पाए। उनीहरूको विश्वासको जग बलियो र अटल हुनुपर्छ।

पावलले यहाँ फेरि एकपल्ट भन्छन्, कि सुसमाचार हरेक प्राणीलाई अथवा सारा सृष्टिलाई प्रचार गरिएको छ। सुसमाचार सारा सृष्टिलाई प्रचार गरिन्छ, तर अक्षरशः रूपले हरेक प्राणीकहाँ पुगेको छैन होला। तिनले यहाँ भन्न खोजेको तात्पर्य के हो? सुसमाचार सारा संसारभरि प्रचार गरिएकोमा तिनले सुसमाचारको सच्चाइ र इमानदारीको गवाही देखे। किनकि सुसमाचार संसारका सबै ठाउँका सबै मानिसहरूका आवश्यकताहरू पूर्ति गर्न सक्षम हुन्छ।

यस पदले कुन कुरा भन्न र कुन कुरा नभन्न चाहेको, सो हामीले याद गर्नुपर्छ। त्यस बेलामा यस संसारमाथि जिइरहेको हरेक मानिसले सुसमाचार सुनेको थिएन। यो कार्यक्रम जारी रहेको छ, तर सिद्धिएको छैन। तर बाइबल-जगत्‌रूपी भूमध्यसागर-जगत्‌भरि सुसमाचार पुगि-सकेको थियो। हो, हो; यो पनि साँचो र सत्य हो।

पावलले आफूलाई सुसमाचारको सेवकको रूपमा देखे। अनि ‘मिनिस्टर’को अर्थ पनि त्यही हो। यो एक ल्याटिन शब्द हो। सुसमाचारको सेवकमा अफिसरी केही पनि थिएन; यो त कुनै उच्च पद होइन, तर एउटा विनम्र सेवा नै हो।

## घ) कलस्सी १:२४-२९: पावलको जिम्मामा सुम्पिएको सेवकाइ के थियो?

**कलस्सी १:२४:** यस अध्यायका बाँकी छवटा पदहरूमा पावलले आफ्नो सेवकाइको वर्णन गर्छन्। पहिले, तिनले आफ्नो सेवकाइ दुःखकष्टको बीचमा पूरा गर्थे। याद रहोस्: *‘अब म तिमीहरूको खातिर मेरा दुःखहरूमा आनन्द मनाउँछु’* भन्ने कुरा तिनले झ्यालखानामा बसेर लेखे। तिनले पवित्र जनहरूको खातिर दुःख सहे। प्रभु येशू ख्रीष्टको सेवकको रूपमा तिनले आफ्नो बोलावटअनुसार कठिनाइहरू, सतावटहरू

र दुःखकष्टहरू सहनुपरेको थियो; यसको साध्य छैन। यी दुःखकष्टहरू सहेकोमा तिनले आफूलाई सौभाग्यशाली सम्झन्थे; किनभने ख्रीष्टका कष्टहरूमा जे बाँकी रहेको थियो, त्यो तिनले यसरी नै आफ्नो शरीरमा पूरा गर्न सके। यो कत्रो अनुपम सौभाग्य हो !

प्रेरित पावलले यहाँ भन्न चाहेको के हो ? पहिले, यसको सन्दर्भ प्रभु येशू ख्रीष्टले त्राणको काम पूरा गर्नुहुँदा क्रूसमा सहनुभएका कष्टहरू हुनै सक्दैनन् भन्ने कुरा सुस्पष्ट हुन्छ। उहाँले क्रूसमा सहनुभएका कष्टहरूमा केही पनि बाँकी रहेन। कसैले पनि यी कष्टहरू सहनुमा कुनै हिस्सा पाउँदैन। एकैपल्टमा सधैंका निम्ति यी कष्टहरू सहिसकिए। तर एक प्रकारले प्रभु येशू अझै पनि दुःखकष्ट सहनुहुन्छ; तर यसको अर्थ अर्कै छ।

यहाँ टार्ससको शावलको कुरा आयो। जब दमस्कस जाने बाटोमा तिनी भुइँमा पछारिए, तब तिनले स्वर्गबाट यसो भन्दै गरेको वाणी सुनेः 'हे शावल, शावल ! तिमीले मलाई किन सताइरहेका छौ ?' तिनले प्रभु येशूलाई कहाँ सताइरहेका थिए ? तिनले ख्रीष्ट-विश्वासीहरूलाई पो सताउँथे, होइन र ? तर तिनले बुझ्नुपरेको थियोः जसले ख्रीष्ट-विश्वासीहरूलाई सताउँछ, त्यसले उनीहरूका मुक्तिदाता प्रभुलाई सताउँछ। ख्रीष्टको देहले यस पृथ्वीमा सहेका दुःखहरूले स्वर्गमा हुनुहुने त्यसको शिरलाई पनि दुःखाउँछन्।

यसकारण ख्रीष्ट-विश्वासीहरूले प्रभु येशूको खातिर सहनुपरेका सबै दुःखकष्टहरूमा प्रेरित पावलले ख्रीष्टका बाँकी रहेका कष्टहरू देख्थे। धार्मिकताको खातिर सहेका कष्टहरू, ख्रीष्ट येशूको निन्दा बोकेर उहाँका निम्ति सहेका कष्टहरू र सुसमाचारका निम्ति सहेका कष्टहरूचाहिँ हाम्रो निम्ति सहन बाँकी रहेका कष्टहरू हुन्।

तर ख्रीष्टका कष्टहरू केवल हामीले ख्रीष्ट येशूका निम्ति सहेका दुःखकष्टहरू होइनन्, तर मुक्तिदाता प्रभु यस संसारमा हुनुहुँदा जुन प्रकारका दुःखकष्टहरू सहनुभयो, त्यही प्रकारका दुःखकष्टहरू बुझ्नु-

पर्छ। हामीले त्यही प्रकारका दुःखकष्टहरू सहनुपर्छ, तर उहाँको तुलनामा धेरै कम।

प्रेरित पावलले आफ्नो शरीरमा यी कष्टहरू सहन्थे, अँ, ख्रीष्टको देहरूपी मण्डलीको खातिर सब सहन्थे। एक प्रकारले मुक्ति नपाएका मानिसहरूले जुन कष्टहरू सहन्छन्, ती कष्टहरू व्यर्थमा सहिन्छन्। ती कष्टहरू सहेकोमा महानता के छ र? ती त नरकमा तिनीहरूले सदा-सर्वदा सहनुपरेका दुःखकष्टहरूको स्वाद दिलाउने पूर्वअनुभवहरू मात्र हुन्। तर ख्रीष्ट-विश्वासीहरूले सहनुपरेका दुःखकष्टहरू तीजस्ता छैनन्। किनकि जब उनीहरूले ख्रीष्ट येशूका निम्ति कष्टहरू सहन्छन्, तब वास्तवमा ख्रीष्ट येशूले उनीहरूसँग-सँगै यी कष्टहरू सहनुहुन्छ।

**कलस्सी १:२५:** *'म मण्डलीको सेवक बनें।'* कलस्सी १:२३ पदको अन्तमा पावलले *'जसको सेवक म बनें'* भन्ने कुरा लेखिसके। अनि यहाँ तिनले यो कुरा दोहोऱ्याउँछन्। तर सुसमाचारको सेवक हुनु र मण्डलीको सेवक हुनुमा भिन्नता छ। किनकि प्रेरित पावलका दुईवटा सेवकाइहरू थिए। कलस्सी १:२३ पदअनुसार सुसमाचार प्रचार गर्नु तिनको पहिलो बोलावट थियो। अनि कलस्सी १:२५ पदअनुसार मण्डलीको अद्‌भुत रहस्य खुलस्त पार्ने शिक्षक हुनको निम्ति तिनको दोस्रो बोलावट भएको थियो।

ख्रीष्टका सबै दासदासीहरूका निम्ति यहाँ सिक्नुपर्ने एउटा असल पाठ छ। किनभने सुसमाचार सुनाएर हामीले मानिसहरूलाई ख्रीष्ट येशूकहाँ ल्याएपछि ती नयाँ विश्वासीहरू विश्वासमा अघि बढून् वा नबढून्, जेसुकै होस् भनेर हामीले तिनीहरूलाई त्यत्तिकै छोड्नुहुँदैन। होइन, तर नयाँ विश्वासीहरूलाई लिएर नयाँ नियमअनुसारका स्थानीय मण्डलीहरू स्थापित गर्नु सुसमाचारको काम गर्ने हाम्रा सबै प्रयासहरूको लक्ष्य हुनुपर्छ, जहाँ परम पवित्र विश्वासमा यिनीहरूको निर्माण भएको हुन्छ, र यिनीहरूले मण्डलीको रहस्यको विषयमा पनि शिक्षा पाउँछन्। प्रभु येशूको इच्छाअनुसार स्थानीय मण्डलीहरू उहाँका दूधे बालकहरूका

निम्ति खुराक पाउने स्थानहरू हुन्, जहाँ यिनीहरूले नियमित रूपले पालनपोषण पाउँछन्, र यिनीहरू विश्वासमा असल ढङ्गले बढ्न सक्छन् ।

हाम्रो अध्ययनमा यहाँसम्म आएर हामीले कलस्सीको पत्रको एक अध्यायबाट के सिकेका छौं भने, **क)** ख्रीष्ट येशूको प्राथमिकता विशेष गरी दुई क्षेत्रहरूमाथि भएको छ; अनि **ख)** ख्रीष्ट येशूमा मेलमिलापको दुईवटा कार्यहरू समावेश भएका छन् । अनि **ग)** पावलको सेवकाइमा तिनका दुईवटा बोलावटहरू भएका रहेछन् ।

यहाँ, यस पदमा जब पावलले *'म मण्डलीको सेवक बनें'* भन्छन्, तब तिनी सुसमाचारमा आफ्नो बोलावटको कुरा गर्न छोड़ेर मण्डलीको विषयमा आफ्नो बोलावटपट्टि जान्छन् । *'तिमीहरूका निम्ति मलाई दिइएको परमेश्वरको प्रबन्धअनुसार'* भन्ने वाक्यले यो कुरा अझै स्पष्ट पार्छ । प्रबन्धको अनुवाद भण्डारीपना पनि हुन सक्छ । अनि भण्डारीले अर्कोको सम्पत्तिको रेखदेख गर्छ र अर्कोको हितका निम्ति काम गर्छ । अनि पावलचाहिँ मण्डलीको महान् सत्यताको रेखदेख गर्ने भण्डारी थिए; किनभने यो सत्यता विशेष गरी तिनको जिम्मा लगाइएको थियो । ख्रीष्टको देहको रहस्य तिनीकहाँ मात्र प्रकट गरिएन, तर तिनी यो बहुमूल्य सत्यता अन्यजातिहरूकहाँ पुर्‍याउने पात्रको रूपमा छानिए । मण्डलीको रहस्य अन्तर्गत निम्न सत्यताहरू थिएः ख्रीष्ट येशूको सम्बन्धमा मण्डलीको अद्वितीय स्थान, अनि युगयुगहरूमा मण्डलीको भूमिका, मण्डलीको सङ्गठन, नियम र बनावट, साथै मण्डलीको छुट्टै आशा र लक्ष्य आदि । मण्डलीको कामगराइ, त्यसको व्यवस्था र क्रमको विषयमा धेरै तथ्यहरू छन्, जुन तथ्यहरू परमेश्वरले प्रेरित पावल र प्रभु येशूका अरू प्रेरितहरूलाई दिनुभयो ।

जब तिनले 'तिमीहरूका निम्ति मलाई दिइएको छ' भनेर भन्छन्, तब तिनले कलस्सी विश्वासीहरूलाई अन्यजातिहरूका प्रतिनिधि सम्झन्छन् । प्रेरित पत्रुस यहूदीहरूलाई सुसमाचार प्रचार गर्न पठाइए भने, पावलले अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्ने कार्यभार पाए ।

यस अध्यायमा *'परमेश्वरको वचन अर्थात् त्यो रहस्य पूरा गर्न'* भन्ने वाक्य हामीलाई बुझ्न गाह्रो पर्ला। यसो लेखेर पावलले खास के भन्न खोजेका छन् ? पहिले यो स्पष्ट छः तिनले परमेश्वरको वचनको अन्तिम पुस्तक लेख्न लागेको यस वाक्यको अर्थ हुन सक्दैन। किनभने हाम्रो जानकारीअनुसार प्रेरित यूहन्नाले लेखेको प्रकाशको पुस्तक समयको हिसाबले पनि नयाँ नियमको अन्तिम पुस्तक थियो। तब पावलले परमेश्वरको वचन कुन प्रकारले पूरा गरे त ?

यस प्रश्नको जवाफ दिँदा हामी पहिले यो भन्छौंः परमेश्वरको वचन पूरा गर्नुको मतलब उहाँको वचन पूरा सुनाउनु, पूरा जनाउनु वा पूरा प्रकट गर्नु हो। यस हिसाबले पावलले परमेश्वरको सारा मनसाय प्रकट गरे, अवगत गराए।

यस सम्बन्धमा हाम्रो दोस्रो सुझाउ यस प्रकारको छः पावलले परमेश्वरको वचन शिक्षाको हिसाबले पूरा गरे। ख्रीष्ट र उहाँको मण्डली – यो रहस्ययुक्त महान् सत्यता हामीले नयाँ नियमको प्रकाशमा शिर-ढुङ्गो मान्नुपर्‍यो; किनभने नयाँ नियमभित्र जति शिक्षाका विषयहरू प्रस्तुत गरिएका छन्, ती विषयहरूरूपी शिक्षा-मालाको अन्तिम टुक्रा यही महान् सत्यता हो। पावलका पत्रहरूभन्दा पछि नयाँ नियमका अरू पुस्तकहरू लेखिए, तर ती पछि लेखिएका पुस्तकहरूमा विश्वासको सम्बन्धमा कुनै नयाँ महान् रहस्यरूपी सत्यता पेश गरिएको छैन, जुनचाहिँ प्रेरित पावलका लेखहरूमा पाइँदैन। यसकारण कुरा साँचो छः मण्डलीको रहस्यको विषयमा दिइएका प्रकाशहरूद्वारा परमेश्वरको वचन पूरा भयो। किनकि परमेश्वरको वचनमा पछि जे थपियो, त्यसको दृष्टिकोणले नयाँ सत्यता ठहरिएन।

**कलस्सी १:२६:** पावलको सेवकाइ परमेश्वरको वचन पूरा गर्ने सेवकाइ थियो। अनि परमेश्वरको वचन पूरा गर्ने खास सन्दर्भ त्यो रहस्य थियो, *'जुन रहस्यचाहिँ युगयुगदेखि र पुस्ता-पुस्तादेखि लुकाइराखिएको थियो, तर अहिले उहाँका पवित्र जनहरूकहाँ प्रकट गरिएको छ।'* यो पद यसको साक्षी बसेको छ। अनि नयाँ नियमको भाषाअनुसार पहिले

प्रकाशमा नआएको, तर अहिले प्रभु येशूका प्रेरितहरू र नयाँ नियमका भविष्यवक्ताहरूद्वारा मानिसहरूकहाँ प्रकट भएको सत्यताचाहिँ रहस्य भनिन्छ। त्यो सत्यता मानिसहरूले आफ्नो ज्ञान र बुद्धिद्वारा कहिल्यै प्राप्त गर्न सक्नेथिएनन्। तर त्यस सत्यताको प्रकाश परमेश्वरको दया र अनुग्रहको फल हो।

नयाँ नियममा यस्ता पदहरू धेरै छन्, जुन पदहरूको शिक्षाअनुसार मण्डली सम्बन्धी सत्यता पुरानो नियमको समयमा प्रकट भएको थिएन। *'त्यो रहस्यचाहिँ युगयुगदेखि र पुस्ता-पुस्तादेखि लुकाइराखिएको थियो;'* (एफेसी ३:२-१३; रोमी १६:२५-२७)। यसकारण मण्डलीको युग आदमदेखि वा अब्राहामदेखि शुरु भयो भन्नु गलत हो; किनभने मण्डली पेन्टेकोष्टको दिनमा शुरु भएको हो। अनि प्रभु येशूका प्रेरितहरूले मण्डलीको सत्यता प्रकट गरे। नयाँ नियमको मण्डली पुरानो नियमको इस्राएली जाति होइन। पेन्टेकोष्टको दिनभन्दा अघि मण्डली कहिल्यै भएको थियो।

जब परमेश्वरले अब्रामलाई कल्दीहरूको ऊरमा बोलाउनुभयो र अरू सबै जातिहरूलाई मूर्तिपूजा आदि पापहरूमा छोड़ेर उनलाई त्यहाँबाट निकाल्नुभयो, तब इस्राएली जाति शुरु भयो। परमप्रभुले अब्राहामका सन्तानबाट इस्राएली जाति बनाउनुभयो, जुन जाति अरू सबै जाति-हरूभन्दा छुट्टै थियो र तिनीहरूबाट अलग थियो।

तर मण्डली त्यसको ठीक विपरीत कुरा हो। सबै जाति र सबै देशका मानिसहरू ख्रीष्ट-विश्वासीहरूको संघ, ख्रीष्टको एउटै देह बनेका छन्, जुन विश्वासीहरू नैतिक र आत्मिक हिसाबले अरू सबै मानिसहरूबाट भिन्नै हुन्छन्।

मण्डलीचाहिँ इस्राएली जातिको अवस्थिति र जारी रहेको भाग होइन। यो कुरा विभिन्न कुराहरूबाट देख्न सकिन्छ, जस्तैः रोमी एघार अध्यायमा पावलले नेभाराको रूखको दृष्टान्त दिएका छन्, जुन दृष्टान्तअनुसार इस्राएली जातिले आफ्नो अस्तित्व गुमाउँदैन; तर जुन यहूदी मानिसले ख्रीष्ट येशूमाथि विश्वास गर्छ, त्यो यहूदी मानिस

मण्डलीको सदस्य बन्छ (कलस्सी ३ःं१०-११)। यो यसको एउटा उदाहरण हो।

**कलस्सी १ः२७ः** यस रहस्यको सत्यता हामीले निम्न प्रकारको सारले व्यक्त गर्न सक्छौंः

**क)** मण्डली ख्रीष्टको देह हो। अनि सबै ख्रीष्ट-विश्वासीहरू त्यस शरीरका अङ्गहरू हुन्, जसले ख्रीष्टको अनन्त महिमामा सहभागी हुने सौभाग्य पाएका छन्।

**ख)** प्रभु येशू त्यस शरीरको शिर हुनुहुन्छ। उहाँले त्यस शरीरलाई जीवन, पोषण र निर्देशन दिइरहनुहुन्छ।

**ग)** मण्डलीमा ग्रहण गर्ने स्वीकरणको सम्बन्धमा न यहूदीहरूलाई प्राथमिकता दिइन्छ, न अन्यजातिका मानिसहरू पछाड़ि परेका छन्। यहूदी र अन्यजातिको मानिसले यस शरीरको अङ्ग बन्नलाई प्रभु येशूमाथि व्यक्तिगत रूपले विश्वास गर्नुपर्छ; ख्रीष्ट येशूमा तिनीहरू दुवैबाट एउटा नयाँ मानिस बनिन्छ (एफेसी २ः१५ र ३ः६)। अन्यजातिका मानिसहरूले मुक्ति पाउन सक्छन् भन्ने कुरा पुरानो नियममा प्रकट भएको सत्यता थियो। तर प्रभुकहाँ फर्केर आएका अन्यजातिका मानिसहरू ख्रीष्टको देहमा सङ्गी-अङ्गहरू हुने तथ्य यो समयभन्दा अघि कहिल्यै प्रकट भएको थिएन, झन् अन्यजातिका मानिसहरू ख्रीष्टसँग महिमामा सहभागी हुने र उहाँको साथमा राज्य गर्ने कुरा छोड़िजाओस्!

यस पदमा पावलले यस रहस्यको विषयमा जोड़ गर्न चाहेको विशेष पक्षचाहिँ यो होः प्रभु येशूले अन्यजातिको मानिसको हृदयमा वास गर्न चाहनुभएको छ। *'महिमाको त्यो आशा तिमीहरूभित्र हुनुहुने ख्रीष्ट हुनुहुन्छ।'* यो वाक्यको सन्दर्भ कलस्सी विश्वासीहरू हुन्, जो अन्यजातिका मानिसहरू थिए। आउनुहोस्, हामी यस विषयमा श्री एफ. बी. मेयरको कुरा सुनौं, जसले यसो भन्दै उद्गार गरेका छन्ः

'अरे, परमेश्वर अब्राहामको सन्तानको हृदयमा आफ्नो वासस्थान बनाउनुहुन्छ, हो र ? अहो, यो अद्‌भुत कार्य पूरा गर्नका निम्ति उहाँ कति झुक्नुपरेको थियो, कति, हो नि ! त परमेश्वरले अन्यजातिको मानिसको हृदयलाई आफ्नो घर तुल्याउनुहुन्छ भन्ने कुरा झन् कति पत्याइनसकिने कुरा हो !'

तर ठीक त्यही कुरा यस रहस्यको मुख्य बुँदा हो । हो, *'सुसमाचारद्वारा ख्रीष्टमा अन्यजातिहरू साझा-हकवालाहरू, एउटै शरीरका साझेदार र उहाँको प्रतिज्ञाका साझा-भागीदार हुनुपर्छ'* (एफेसी ३ : ६ ) । *'परमेश्वरले अन्यजातिहरूको बीचमा* ***यही रहस्यको महिमाको धन*** *के हो, सो प्रकट गर्न चाहनुभयो ।'* यहाँ प्रेरित पावलका शब्दहरूमा ख्याल गर्नुहोस् ! परमेश्वरले यही रहस्यको जानकारी मात्र दिन चाहनुभएन; अनि उहाँले केवल यही रहस्यको महिमा प्रकट गर्नुभएन, तर उहाँले 'यही रहस्यको महिमाको धन' प्रकट गर्नुभएको हो । यो रहस्य कति महत्त्वपूर्ण हो, सो कुरा तिनले प्रयोग गरेका शब्दहरूबाट बुझिन्छ । तिनले शब्दमाथि शब्द थुपारेर यस महिमित सत्यतामाथि आफ्ना पाठकगणको ध्यान आकर्षण गर्न खोजेका हुन्; किनभने यो रहस्य उनीहरूको र हाम्रो पूरा ध्यानको योग्य हुन्छ ।

*'महिमाको त्यो आशा तिमीहरूभित्र हुनुहुने ख्रीष्ट हुनुहुन्छ ।'* ख्रीष्ट-विश्वासीहरूमा वास गर्नुहुने ख्रीष्ट उनीहरूको महिमाको आशा हुनुहुन्छ । मुक्तिदाता प्रभुबाहेक हाम्रो स्वर्गको हक दाबी गर्ने सक्ने हामीसँग अरू के छ र ? उहाँले हामीभित्र वास गर्नुभएको कुराद्वारा स्वर्ग हाम्रो निम्ति सुनिश्चित भएको र हामी स्वर्गमा पुगिसकेको जत्तिकै पक्का छ ।

**कलस्सी १ : २८ :** *'हामी उहाँलाई प्रचार गर्छौं'*; यो वाक्य महत्त्वपूर्ण छ । उहाँलाई प्रचार गर्नु भनेको प्रभु येशू ख्रीष्टलाई प्रचार गर्नु हो (कलस्सी १ : २७ ) । पावलले एकजना व्यक्तिको प्रचार गर्थे । तिनले राजनीतिमा वा तत्त्वज्ञानमा आफ्नो समय खेर फालेनन्, तर तिनी सदैव प्रभु येशूमा केन्द्रित रहन्थे; किनभने तिनलाई थाहा थियो, कि इसाई-धर्म खास ख्रीष्ट येशू हुनुहुन्छ । ***'हरेक मानिसलाई ख्रीष्ट येशूमा सिद्ध भएको***

***अवस्थामा उपस्थित गराउने उद्देश्यले हामी हरेक मानिसलाई चेताउनी दिँदै र हरेक मानिसलाई सम्पूर्ण बुद्धिसित शिक्षा दिँदै*** *उहाँलाई प्रचार गर्छौं।'* यहाँ हामी प्रेरित पावलको सेवकाइको अर्को झलक देख्न पाउँछौंः त्यो त एक-एक मानिसकहाँ सेवा पुऱ्याउने सेवकाइ थियो। तिनले मुक्ति नपाएका मानिसहरूलाई परमेश्वरको भयानक क्रोध र नरकको डरलाग्दो दण्डको विषयमा चेताउनी दिन्थे भने, तिनले पवित्र जनहरूलाई ख्रीष्टीय विश्वासका महान्-महान् सत्यताहरू सिकाउने गर्थे।

त्यसपछि तिनले अनुवर्ती सेवकाइमा कति जोड़ दिन्थे, सो कुरा यस पदबाट थाहा लाग्छ। जस-जसलाई तिनले मुक्तिदाता प्रभु चिनाउन र उहाँकहाँ डोऱ्याउन सके, यिनीहरूप्रति तिनको कर्तव्यले तिनलाई निक्कै चापेको थियो। मानिसहरूले मुक्ति पाएकोमा तिनी रमाउँथे, तर त्यसमा तिनलाई सन्तोष लाग्दैनथियो। तिनीहरूलाई त्यत्तिकै छोड़ेर तिनी अघि बढ्न सक्दैनथिए। तिनले हरेक मानिसलाई ख्रीष्ट येशूमा सिद्ध भएको अवस्थामा उपस्थित गराउन चाहन्थे। पावलले यहाँ आफूलाई पूजाहारीको रूपमा चित्रण गर्छन्, जसले परमेश्वरका निम्ति बलिदानहरू चढ़ाउँछन्। अनि पावलले चढ़ाउने बलिदानहरू मुक्ति पाएका मानिसहरू हुन्थे। तिनले उनीहरूलाई प्रभुका निम्ति कुन अवस्थामा चढ़ाउन चाहे त? उनीहरू कमजोर र ख्रीष्टमा दूधे बालकहरू हुँदा के त्यो चल्थ्यो? होइन, तिनले उनीहरूलाई पाको, परिपक्व र प्रौढ़ इसाई भएका देख्न खोज्थे। उनीहरू सत्यतामा बलियो गरी जग बसालेका र सुदृढ़ भएका हुनुपर्छ। जस-जसलाई हामीले ख्रीष्ट येशूकहाँ डोऱ्यायौं, के तिनीहरूका निम्ति हाम्रो बोझ पनि उस्तै छ कि?

**कलस्सी १ः२९ः** प्रेरित पावलको सेवकाइमा लक्ष्य यही थियो, र यस लक्ष्यमाथि नजर राखेर तिनले परिश्रम गर्थे, अनि प्रभुका अरू प्रेरितहरूले पनि यस्तै गर्थे। तर तिनले महसुस गरे, कि तिनले आफ्नो शक्तिले केही पनि गर्न सक्दैनथिए। यसैले तिनमा शक्तिको साथ काम गर्ने प्रभुको प्रभावकारी कार्यअनुसार तिनले परिश्रम गर्थे। अर्को शब्दमा भन्नु हो भने, केवल प्रभुबाट शक्ति पाएर उहाँको सेवा गर्न सकिन्छ। पावल ठाउँ-

ठाउँमा स्थानीय मण्डलीहरू स्थापित गर्दा र परमेश्वरका पवित्र जनहरूलाई पालनपोषण गर्दा प्रभु येशू तिनमा शक्तिको साथ काम गर्नुहुन्छ भन्ने कुरा तिनले महसुस गरे।

कलस्सी १:२८-२९ पदहरू फिलिप्पस्को अनुवादमा उपयोगी छन्ः

> 'यही कारणले हामी ख्रीष्टको प्रचार गर्छौं। हामी भेट्ने हरेक मानिसलाई चेताउनी दिन्छौं; हामी सकेसम्म हरेक मानिसलाई ख्रीष्ट येशूको विषयमा आफूले जानेजति सिकाइदिन्छौं। सम्भव भए, हामी हरेक मानिसलाई ख्रीष्टमा उसको पूर्ण परिपक्वतामा ल्याइपुऱ्याउने कोशिश गर्छौं। यसका निम्ति म हरेक समयमा परमेश्वरले मलाई दिनुभएको सारा शक्तिबल लगाएर काम गर्छु।'

## ङ) कलस्सी २ः१-२३ः दर्शन-शास्त्र, तत्त्व-ज्ञान, कर्मकाण्डवाद, विधिवाद, रहस्यवाद र तपस्यावादको विरोधमा ख्रीष्टमा हुने पूर्ण पर्याप्ति

**कलस्सी २ः१ः** यस पदले एक अध्यायका अन्तिम दुई पदहरूसित नजिकको सम्बन्ध राख्छ, जहाँ प्रेरित पावलले आफ्नो सेवकाइ वर्णन गरेः प्रचार गरेर होस् वा शिक्षा दिएर होस्, तिनले हरेक विश्वासीलाई ख्रीष्टमा परिपक्व भएको अवस्थामा परमेश्वरकहाँ प्रस्तुत गर्न सकभर प्रयत्न गर्दथिए। तर यहाँ, यस ठाउँमा तिनका यत्नहरूले अर्को रूप लिएका छन्; किनकि प्रार्थनामा तिनको भारी संघर्ष भइरहेको थियो; हो, तिनले यहाँ कहिल्यै नभेटेका विश्वासीहरूका निम्ति संघर्ष गर्दैथिए। तिनले कलस्सी विश्वासीहरूको विषयमा प्रथम पल्ट सुनेको दिनदेखि नै तिनले उनीहरूका निम्ति, साथै लाओडिसिया त्यसको छिमेकी शहरमा हुनेहरूका निम्ति, साथै अरू अपरिचित ख्रीष्ट-विश्वासीहरूका निम्ति प्रार्थना गर्न थाले। (लाओडिसियाको मण्डलीको पछिल्लो दायनीय अवस्थाको जानकारीको लागि तपाईंले कृपया प्रकाश ३ः१४-१९ पदको खण्ड पढ्नुहोला)।

जस-जसले सार्वजनिक सेवकाइ पाएका छैनन्, तिनीहरूका निम्ति यो पद सान्त्वनाको कारण बनेको छ। किनकि हाम्रो सेवकाइ मानिसहरूको

उपस्थितिमा गरिने सेवकाइमा सीमित हुँदैन; किनभने हामी आफ्नो कोठामा प्रभु येशूको सेवा गर्न सक्छौं, जब हामी घुँडा टेकी प्रार्थना गर्छौं। अनि सार्वजनिक सेवकाइ पाउनेहरूको सफलता र प्रभावकारिता पनि परमेश्वरसित तिनीहरूका व्यक्तिगत भक्तिको घनिष्ठ सम्बन्धमा र तिनी-हरूका प्रार्थनाहरूमाथि निर्भर गर्छ।

**कलस्सी २ः२ः** पावलले उनीहरूका निम्ति चढ़ाएको प्रार्थनाको सारांश यहाँ प्रस्तुत गरिएको छ। *'उनीहरूका हृदयहरूले सान्त्वना पाऊन्'* भन्ने प्रार्थना तिनको प्रार्थनाको पहिलो विषय थियो। गूढ़ज्ञानवादीहरूको शिक्षाले गर्दा यी कलस्सीहरूको विश्वास खतरामा परेको थियो। यसकारण यस ठाउँमा सान्त्वना पाउनु भन्ने शब्द उनीहरूले सान्त्वना पाएको फलस्वरूप उनीहरू विश्वासमा सुदृढ़ वा बलिया भएका होऊन् भन्ने अर्थ लिन्छ।

उनीहरू प्रेममा एकसाथ बाँधिएका होऊन् – यो तिनको यस प्रार्थनाको दोस्रो बुँदा थियो। पवित्र जनहरू खुशी छन् र आपसमा प्रेमको न्यानो सङ्गतिमा बाँधिएका हुन्छन् भने, उनीहरूले शत्रुका हमलाहरूको विरोधमा आफ्नो वरिपरि सुरक्षाको घेरा र बलियो मोर्चा खड़ा गरेका हुन्छन्। अनि उनीहरूका हृदयहरूमा ख्रीष्ट येशूप्रति प्रगाढ़ प्रेम छ भने उहाँले उनीहरूलाई ख्रीष्टीय विश्वासका गहन-गहन तथ्यहरू प्रकट गर्नुहुनेछ। पवित्र धर्मशास्त्र बाइबलको सुपरिचित आत्मिक नियम यस प्रकारको छः प्रभुले तिनीहरूलाई आफ्ना रहस्यहरूको प्रकाश दिनुहुन्छ, जो उहाँको घनिष्ठ सम्बन्धमा रहेका हुन्छन्। प्रेरित यूहन्ना यसको उदाहरण हुन्; किनभने यिनी येशूको छातीमा अड़ेसिन्थे; अनि येशू ख्रीष्टको विषयमा प्रकाशको पुस्तकको महान् प्रकाश यिनलाई दिइएको थियो। अवश्य यो संयोगको फल थिएन।

उनीहरूले समझको सम्पूर्ण निश्चयताको सारा धन प्राप्त गरून् – योचाहिँ उनीहरूका निम्ति गरिएको पावलको प्रार्थनाको अर्को बुँदा थियो। ख्रीष्टीय विश्वासको सम्बन्धमा उनीहरूको समझ जत्ति बढ़्छ, त्यत्ति नै उनीहरूको मनमा त्यो बिलकुल सत्य र कति विश्वसनीय रहेछ भन्ने

निश्चयता पनि बढ्छ। विश्वासमा बलियो जग बसालेका ख्रीष्ट-विश्वासीहरूलाई, उनीहरू जुनसुकै युगमा जिइरहेका भए पनि, झूटा शिक्षाहरूले भड्काउन सक्दैनन्। उनीहरू यस खतरामा पर्नेछैनन्, वा यसको सम्भावना कम हुन्छ।

नयाँ नियममा सम्पूर्ण निश्चयता भन्ने शब्द तीन पल्ट पाइन्छ, जस्तैः

**क)** *हिब्रू १०ः२२ः* विश्वासको पूरा निश्चयता भनेको परमेश्वरको वचनमा आश्रय लिनु हो। यसर्थ उहाँको साक्षी हाम्रो बलियो टेको, हाम्रो विश्वासको एकमात्र सहारा हो।

**ख)** *कलस्सी २ः२ः* समझको सम्पूर्ण निश्चयता भनेको विश्वासको सत्यता जान्नु र जानेर सुनिश्चित हुनु हो।

**ग)** *हिब्रू ६ः११ः* आशाको पूरा निश्चयता त्यस कुरालाई भनिन्छ, जुन कुराले गर्दा हामी विश्वासको अन्तको विषयमा ढुक्कै भएर अघि बढ्छौं।

अब पावलले यी विश्वासीहरूका निम्ति चढ़ाएको प्रार्थना चरम-सीमामा आइपुगेको छ र परमेश्वरको त्यस रहस्यको ज्ञानमा टुङ्गिन्छ, जुन रहस्यको सन्दर्भ परमेश्वर पिता र उहाँको ख्रीष्ट हुनुहुन्छ।

परमेश्वरको रहस्य, अर्थात् पिताको र उहाँको ख्रीष्टको रहस्यको ज्ञान प्राप्त गर्ने विषयमा पावलले यहाँ खास के भन्न खोजेका छन्? तिनले यहाँ अझै पनि मण्डलीको विषयमा सत्यता पेश गरिरहेका छन्। ख्रीष्ट येशू यस देहको शिर हुनुहुन्छ, अनि सबै विश्वासीहरू त्यस शरीरमा अङ्गहरू हुन्। तर यहाँ पावलको मन ख्रीष्ट येशूको शिरत्वमाथि अड्किरहेको छ, जुन कुरा यस रहस्यको एक मुख्य बुँदा हो। पवित्र जनहरूले यो तथ्य जान्नुपरेको थियो। पावलको चिन्ता यसैमा थियो; किनभने तिनले जान्दथिए, कि उनीहरूले मण्डलीको शिरको महानता र गौरव जानेका भए गूढ़ज्ञानवाद र अरू कुनै दुष्ट पन्थ र झूटो वादले उनीहरूलाई आकर्षण गर्न सक्नेथिएन र उनीहरूलाई कुनै किसिमको धम्की दिन सक्नेथिएन।

कलस्सी विश्वासीहरूले ख्रीष्टमा भएका आशिषहरू दाबी गरून्, उहाँमा भएका स्रोतहरू उपयोग गरून् र हरेक आपद्‌विपद्‌मा उहाँमाथि भरोसा राखून् भन्ने पावलको इच्छा थियो। पावलले भन्न खोजेको कुरा श्री अल्फ्रेड मेसले निम्न शब्दमा व्यक्त गरेका छन्ः

> 'कलस्सी विश्वासीहरूले ख्रीष्ट आफ्ना जनहरूभित्र हुनुहुन्छ र उहाँ परमेश्वरत्यको हरेक सद्‌गुणले भरपूर हुनुहुने प्रभु हुनुहुन्छ भन्ने कुरा देख्नुपर्छ र जान्नुपर्छ। उहाँका अनन्त स्रोतहरू अवर्णनीय, अगणित र अगम्य हुन्छन्। यसकारण उहाँबाहेक उनीहरूलाई केही पनि र कसैको पनि आवश्यकता परेको थिएन। किनभने सबै कुराहरू उहाँमा छन्। *"उनीहरूलाई नै परमेश्वरले अन्यजातिहरूको बीचमा यो रहस्यको महिमाको धन के हो, सो प्रकट गर्न चाहनुभयो, अर्थात् महिमाको त्यो आशा तिमीहरूभित्र हुनुहुने ख्रीष्ट हुनुहुन्छ"* (कलस्सी १:२७)। यो सत्यता उनीहरूले यसको शक्तिमा अनुभव गर्नुपरेको थियो; तब मनतातो विश्वासीहरूलाई लागिने घमण्डको विष झार्ने औषधी, साथै दिमागी धर्मविज्ञान, इसाई रीतिवाद, अनि प्रेतात्मावादी, धामी-झाँक्री, योगी-योगिनी र माताहरू, साथै अन्य नक्कल, हरेक जारी-कर्म र सबै विपरीत प्रयत्नका निम्ति तिनको विष झार्ने पक्का, कड़ा, सुनिश्चित दवाई हुनेथियो।' [13)]

**कलस्सी २:३:** *'ख्रीष्टमा बुद्धि र ज्ञानका सबै सम्पत्तिहरू लुकेका छन्।'* गूढ़ज्ञानवादीहरूले पवित्र शास्त्रअन्तर्गत पाउन सकिने जुनसुकै ईश्वरीय प्रकाशलाई मात गर्ने आफ्नो उच्च ज्ञानको विषयमा घमण्ड गर्थे; यसमा शङ्का छैन। तिनीहरूको बुद्धि ख्रीष्टमा वा ख्रीष्टीय विश्वासमा पाउन सकिने बुद्धिभन्दा फरक थियो, त्यसको थपुवा मानिन्थ्यो। तर पावलले यहाँ स्पष्टसँग भन्छन्ः बुद्धिको होस्, ज्ञानको होस्, तिनका सबै सम्पत्तिहरू मण्डलीको शिर हुनुभएको ख्रीष्टमा लुकिएका छन्। यसकारण ख्रीष्ट-विश्वासीहरूका निम्ति पवित्र धर्मशास्त्र बाइबलमा लेखिएको कुरा नाघेर जाने कुनै कारण छैन। ख्रीष्टमा भएका धन-सम्पत्तिहरू केवल अविश्वासका आँखाबाट छिपेका छन्। अनि जुन

विश्वासीको घनिष्ठ सम्बन्ध ख्रीष्ट येशूसँग छैन, त्यस विश्वासीले पनि ती धनहरू गहन रूपले जान्न पाउँदैन, तर तिनको सतहमा मात्र रहिरहन्छ।

> 'विश्वासीभित्र हुनुहुने ख्रीष्ट उसको शिर, उसको मूलकेन्द्र र उसको आशिषको स्रोत हुनुहुन्छ। उहाँको अपार धन विशाल छ; उहाँको अपरम्पार महानतामा सर्वश्रेष्ठ धन अवर्णनीय छ; किनकि उहाँ परमेश्वर हुनुहुन्छ। उहाँले सबै कुराहरू सृष्टि गर्नुभयो; उहाँले त्राणको काम पूरा गर्नुभयो। उहाँ आफ्नो अधिकारमा, आफ्ना व्यक्तिगत सद्गुणहरूमा र आफ्ना नैतिक गुणहरूमा अद्वितीय, प्रतापी हुनुहुन्छ। तब के प्रध्यापकहरू, के लेखकहरू, के रेडियो, टेलिभिजन र अरू सोसियल मिडियाहरूमा पाउने सबै जानकारी र समाचारहरू, के आलोचकहरू र छिद्रान्वेषीहरू, के उहाँको विरोधमा मोर्चा बाँधेको जे-जस्तोसुकै फौज, तिनीहरू सबैलाई उहाँ उक्त सबै कारणहरूले गर्दा उचिन्नुहुन्छ र सबैलाई सुदूर छेउमा, अँ, पछिल्लो कुनामा राखिछोड्नुहुन्छ।' (सङ्कलित)

यस पदमा जे शुरुमा देखिन्छ, त्योभन्दा अझै बढ़ी यसमा छ। सबै ज्ञान ख्रीष्टमा छ। उहाँमा सत्यताले एउटा देह धारण गरेको छ। उहाँले भन्नुभयोः *'बाटो, सत्य र जीवन म नै हुँ'* (यूहन्ना १४ः६)। यसकारण जे सत्य छ, त्यो उहाँका वचनहरू र उहाँका कामहरूसित मेल खान्छ। ज्ञान र बुद्धिको बीचमा भिन्नता प्रायः यस प्रकारले व्यक्त गरिएको छः ज्ञान भनेको सत्यताको विषयमा समझले बुझ्न र जान्न सक्ने जानकारी हो; तर बुद्धिचाहिँ कुनै तथ्यको बारेमा जानेको ज्ञान व्यवहारमा ल्याउने क्षमता हो।

**कलस्सी २ः४ः** सारा बुद्धि र सारा ज्ञान ख्रीष्ट येशूमा छ। यसकारण ख्रीष्ट-विश्वासीहरू झूट बोल्ने पन्थहरूले चलाइराखेका फकाउने शब्द-हरूको शिकार बन्नुहुँदैन। जुन मानिससँग सत्यता छैन, त्यस मानिसले आफ्नो सन्देशको प्रस्तुतिमा चतुऱ्याइँ लगाउनुपर्छ, नत्र ता त्यस मानिसले अरू मानिसहरूलाई आफ्नो पछि तान्न सक्दैन, तिनीहरूलाई आकर्षित गर्न सक्दैन। अनि विधर्मीहरूले सधैं यही तरिका अपनाउँछन्। तिनीहरूको तर्क सम्भावनाहरू हुन्, तिनीहरूको क्रमबद्ध शिक्षा-समूह अनुमानित अनुमितिहरूमाथि निर्माण गरिएको वा बाइबलको काटछाँट गरिएको

शिक्षामाथि स्थापित भएको हो। तर जसले परमेश्वरको सत्यताको प्रचार गर्छ, उसले वाक्पटुता वा बाठो र चलाख तर्क आदि कुरामाथि भर पर्नुपर्दैन। सत्यताचाहिँ आफ्नो पक्षमा बोल्ने सर्वोत्कृष्ट तर्क मानिन्छ, र सिंहले झैं आफ्नो रक्षा आफैले गर्छ।

**कलस्सी २:५:** कलस्सीहरूले सामना गर्नुपरेका समस्या र खतराहरू के-के थिए, सो कुरा पावलले नजिकैबाट राम्ररी जाने। यो हामी कसरी जान्दछौं? यस पदबाट नै यो जानिन्छ। यहाँ कस्तो चित्रण देखा पर्छ? पावलले यहाँ मानौं सेनाको कप्तान भएर आफ्नो सामु उभिरहेका सिपाहीहरूको निरीक्षण गर्दो रहेछन्। किनभने तह मिलेको चाल र दृढ़ता दुवै सैनिक भाषाका शब्द हुन्। तह मिलेको चालचाहिँ खास सेनाको एक कम्पनी सिपाहीहरू विशेष क्रममा मिलाएर राख्ने काम हो। अनि दृढ़ता-चाहिँ देब्रे-दाहिने, अघि-पछि पार्श्व रक्षक-सेनाको बलियो मोर्चा देखाउँछ, जुन मोर्चा उनीहरूले शत्रुको विरोधमा बाँधेका छन्। कलस्सी विश्वासीहरू परमेश्वरको वचनप्रति सत्यनिष्ठ रहेका देखेर पावल रमाउँछन् – शरीरमा अनुपस्तित भएर, तर आत्मामा उनीहरूको बीचमा उपस्थित भएर।

**कलस्सी २:६:** अब पावलले उनीहरूलाई प्रोत्साहन दिएर यसो भन्छन्: *'यसकारण जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गरेका छौ, त्यसरी नै तिमीहरू उहाँमा हिँड़!'* उनीहरूले विश्वासमा शुरु गरे, अब उनीहरू विश्वासमा अघि बढ्नुपर्छ।

यस वाक्यमा प्रभु भन्ने शब्दमा बढ़ी जोड़ गरिएको देखिन्छ। अर्को शब्दमा भन्नु हो भने, आफ्नो विश्वासको शुरुमा उनीहरूले ख्रीष्टमा मुक्ति र इसाई जीवनका निम्ति सम्पूर्ण पर्याप्ति छ भन्ने कुरा स्वीकार गरे। तर अब पावलले यी पवित्र जनहरूलाई उनीहरूमाथि ख्रीष्टको प्रभुत्व मानिलिने आग्रह गर्छन्। उनीहरू न यता, न उता उहाँबाट भड्किएर जानु हुन्छ। मानिसका शिक्षाहरू जति चित्तबुझ्दा सुनिऊन्, तर उनीहरूले ती शिक्षाहरू ग्रहण गर्नुहुँदैन।

हिँड्नु भन्ने शब्द इसाई जीवनको चालको निम्ति प्रयोग गरिएको शब्द हो। हिँड्ने मानिस एक ठाउँदेखि अर्को ठाउँमा प्रस्थान गर्छ। कदम नचालेर र अघि नबढ़ेर हिँड्न सकिँदैन। एकै ठाउँमा खुट्टा टेकिरहेको कुरा हिँड्न भनिँदैन। ठीक त्यस्तै हाम्रो इसाई जीवन पनि होः हामी कि त अघि बढ्छौं, कि त खुट्टा पछाड़ि सार्छौं।

**कलस्सी २ः७ः** पावलले पहिले 'जरा हाल' भनेर कृषिको शब्द प्रयोग गरेर आफ्नो अर्ती पुष्टि गर्छन्, त्यसपछि 'बनिँदै वा निर्माण गरिँदै जाओ' भनेर यसो गर्न निर्माताको शब्द चलाउँछन्। ख्रीष्ट येशूमा हामीले कहिले जरा हाल्न थाल्यौं त ? के उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेको बेलामा होइन र ? के तपाईंले कुनै समयमा उहाँलाई यसरी नै व्यक्तिगत रूपले ग्रहण गर्नुभयो ? नभई, ढिलो नगरी उहाँलाई ग्रहण गरिहाल्नुहोस् र उहाँमा आफ्नो विश्वासको जरा हाल्नुहोस्! किनभने प्रभु येशू हाम्रो विश्वासको निम्ति त्यही फलाइलो माटो हुनुहुन्छ, जुन माटोबाट हाम्रो सबै आत्मिक पालनपोषण आउँछ। यसकारण आफ्नो विश्वासको पोषण उहाँबाट लिनुहोस्! अनि जरा हाल्ने कुरामा जोड़ यस प्रकारको छः उहाँमा हामीले गहिरो गरी आफ्नो विश्वासको जरा हाल्नुपर्छ। हाम्रो जीवनमाथि हावा चल्दा, घाम-पानी जे आइपर्दा ख्रीष्ट येशूमा गहिरो जरा हालेको विश्वास टल्दैन, तर टिक्छ (मत्ती १३ः५ र १३ः२०-२१)।

अब घर बनाउने कुरा आयो। पावलले के भन्छन्? 'उहाँमा बनिँदै जाओ!' प्रभु येशू घरको जग हुनुहुन्छ, अनि त्यस जगमाथि हाम्रो निर्माण भएको छ, र त्यस अनन्त चट्टानरूपी जगमाथि हामी बनिँदै जान्छौं (लूका ६ः४७-४९)। मुक्ति पाउने बेलामा हाम्रो विश्वासको जरा ख्रीष्ट येशूमा रोपिएको थियो; तर त्यस दिनदेखि हामी उहाँमा बनिँदै जानुपर्छ।

*'... अनि विश्वासमा स्थिर हुँदै जाओ!'* जुन शब्दको अनुवाद स्थिर भएको छ, त्यसको अनुवाद स्थापित हुनु पनि हुन सकिन्छ। इसाई जीवनभरि हामी एउटा दृढ़तादेखि अर्को दृढ़तामा जानुपर्छ। स्थिरताको क्रम यस प्रकारको छ। परमेश्वरलाई धन्यवाद होस्, यी कलस्सीहरूले एपाफ्रासको मुखबाट ख्रीष्टीय विश्वासको क-ख-ग सिक्न पाए! अब

उनीहरू विश्वासको बाटोमा अघि बढ्दाखेरि यी बहुमूल्य तथ्यहरू निरन्तर उनीहरूको हृदय र जीवनमा सुदृढ़ पारिँदै जानेछन्। तर २ पत्रुस १:९ पद-अनुसार आत्मिक जीवनमा प्रगति नगर्ने विश्वासीको मनमा शङ्काहरू पैदा हुन्छन्, र उसले आफ्नो आनन्द, उमङ्ग र सुसमाचारका कतिपय आशिष-हरू गुमाइपठाउँछ।

'शिक्षा पाएअनुसार विश्वासमा धन्यवादले प्रशस्त हुँदै जाओ!' पावलले उनीहरूको विश्वासको प्रगतिको वर्णन यही वाक्य थपेर अन्त्याउँछन्। ख्रीष्ट-विश्वासीहरू भावशून्य, चिसा शिक्षार्थी हुनुहुँदैन। उनीहरूका हृदयहरू सुसमाचारका अद्‌भुत तथ्यहरूद्वारा मोहित र मुग्ध हुनुपर्छ, यहाँसम्म कि उनीहरूले प्रभुको प्रशंसा गरिरहून्, र उहाँप्रति उनीहरूको कृतज्ञता पोखिरहोस्। यसकारण ख्रीष्ट येशूमा पाएका अनगणित आशिषहरूका निम्ति धन्यवाद चढ़ाउनुहोस्, र झूटो शिक्षाको विष झार्ने यो उदेकको औषधीको काम केकस्तो हुन्छ, सो आफ्नो अनुभवबाट थाहा गर्नुहोस्!

श्री आर्टर वेयले कलस्सी २:७ पद यसरी अनुवाद गरेका छन्:

> 'रूखहरूले जस्तो बलियो गरी विश्वासमा आफ्नो जरा हाल! निर्माण-कार्य नित्य भइरहेका भवनहरूजस्तै विश्वासको निर्माणमा बनिँदै जाओ! उहाँको उपस्थिति थाहा गर्दै र विश्वासमा अलि कति पनि नडगमगाउँदै आफ्नो हृदयभरिको कृतज्ञता पोखाइदेओ! किनभने यस प्रकारको शिक्षा तिमीहरूले पाएका छौ।'

**कलस्सी २:८:** खास कुन-कुन झूटा शिक्षारूपी भ्रमहरूले लुकोस बेंसीमा बस्ने ख्रीष्ट-विश्वासीहरूलाई हमला गरे, ती झूट र भ्रमहरूसित व्यवहार गर्न अब पावल तयार भए। किनकि त्यस बेंसीमा कलस्सेअ शहरमा अवस्थित भएको थियो। *'होशियार होओ, नत्र ता कसैले तत्त्वज्ञान र व्यर्थको धोकाद्वारा तिमीहरूलाई शिकार बनाउला।'* याद गर्नुहोस्: झूटा शिक्षाहरूले हामीलाई लुट्न खोज्छन् र हामीबाट बहुमूल्य कुरा लैजान चाहन्छन्, तर त्यसको बदलीमा हामीलाई ठोस कुरा केही पनि दिँदैनन्, तर खोक्रो र व्यर्थ कुरा मात्र दिन्छन्। तत्त्वज्ञानको शाब्दिक अर्थ बुद्धि-परायण

हो। बुद्धि मनपराउनुमा खराब केही पनि छैन। तर जब मानिसहरूले प्रभु येशू ख्रीष्टदेखि बाहिर बुद्धि खोज्न थाल्छन्, तब यो खोज खराब हुन जान्छ। यसो हो भने, तत्त्वज्ञान भन्ने शब्द यहाँ कुन अर्थमा प्रयोग गरिएको छ? यो त जुन कुराहरू ईश्वरीय प्रकाशद्वारा मात्र जान्न सकिन्छन्, ती कुराहरू मानिसहरूले आफ्नो बुद्धिमाथि भर परेर आफ्नो अनुसन्धनद्वारा पत्ता लगाएर प्राप्त गर्न खोज्ने व्यर्थ प्रयाग हो (१ कोरिन्थी २:१४)। मानिसहरूको यो खोज किन खराब हो? किनभने त्यसले मानिसको मस्तिष्क परमेश्वरलाई भन्दा उच्च पार्छ; त्यसले सृष्टिकर्तालाई होइन, तर सृष्टि गरिएको थोकको भक्ति गर्छ। तब हामीले आफ्नो जमानाको कुरा गर्नुपर्छ; किनभने हाम्रो समयमा जिउने उदारवादीहरूले आफ्नो समझ, ज्ञानशक्ति र तर्कविद्यामा गर्व गर्छन्।

अनि खोक्रो छलचाहिँ? सत्यताको नाममा भित्री मण्डलका सदस्य-सदस्याहरूका निम्ति मात्र उपलब्ध गराइएको 'गुप्त ज्ञान'रूपी झूटा र व्यर्थका शिक्षाहरूलाई व्यर्थको धोका र खोक्रो छल भन्नुपर्छ। यस 'गुप्त ज्ञान'मा के छ र? वास्तवमा त्यो खोक्रो छ। त्यसमा केही पनि छैन। तब गुप्त ज्ञान पढ़ाउने ठाउँमा मानिसहरूको ताँती किन लाग्छ? किनभने तिनीहरूले मानिसहरूमा कुतूहल र जिज्ञासो उक्साउन जान्दछन्। अँ, 'चुनिएको थोरै' नामक गुप्ती मण्डलको सदस्य हुन पाएकोमा मानिस-हरूको व्यर्थको मन के साह्है फुलिरहन्छ?!

जुन तत्त्वज्ञान र जुन खोक्रो छल पावलले यहाँ, यस ठाउँमा विरोध गरेका छन्, त्यो तत्त्वज्ञान र यो खोक्रो छल मानिसहरूको रीतिथिति र संसारका प्राथमिक शिक्षाहरूअनुसारका थिए, तर ख्रीष्टको शिक्षा-अनुसारका थिएनन्। यहाँ मानिसहरूको रीतिथितिको सन्दर्भ धार्मिक शिक्षा-सिद्धान्तहरू हुन्, जुन शिक्षासिद्धान्तहरू परमेश्वरले दिनुभएको होइन अर्थात् पवित्र धर्मशास्त्र बाइबलअनुसारका छैनन्, तर मानिसहरू आफैले यी शिक्षा-सिद्धान्तहरू बनाएका छन्। एउटा रीति कसरी शुरु हुन्छ? आफ्नो सुविधाअनुसार मानिसहरूले कुनै दस्तुर अपनाउँछन् वा कुनै परिस्थिति सुहाउँदो परिपाटि स्थापित गर्छन्, जुन दस्तुर र जुन परिपाटिचाहिँ समय बित्दै एउटा परम्परा र प्रथा बन्दै जान्छ। अनि

संसारका प्राथमिक शिक्षाहरू के हुन्? यी बुनियादी शिक्षाहरू यहूदी रीतिहरू, धर्म-विधिहरू र नियमहरू हुन्, जसको आज्ञापालन गरेर मानिसहरूले परमेश्वरको निगाह प्राप्त गर्ने आशा र भरोसा गर्दथिए र गर्छन्।

> 'मोशाको व्यवस्थाको उद्देश्य के थियो? त्यो त भविष्यका कुराहरूको निम्ति नमुना र प्रतीक हुनु थियो। त्यो त एउटा प्राथमिक पाठ्यक्रम थियो, जुन पाठ्यक्रमले मानिसहरूको हृदय ख्रीष्ट येशूको आगमनका निम्ति तयार पार्नुपरेको थियो। प्रभु येशू आइसक्नुभएपछि हामी त्यस प्राथमिक शिक्षापट्टि कसरी फर्कन सक्छौं? यसरी नै हामीले नजानीकन झूटा शिक्षकहरूलाई साथ दिनेथियौं र तिनीहरूका हातमा खेल्नेथियौं, जुन झूटा शिक्षकहरूले मोशाको व्यवस्थाजस्तो खारिज भएको प्रणाली लिएर परमेश्वरको पुत्रलाई आफ्नो स्थानबाट हटाउने युक्ति रचेका छन्।' स्क्रिप्चर यूनियनको दैनिक टिप्पणी

पावलले यी कलस्सी विश्वासीहरूलाई के भन्छन् भने, उनीहरूले सबै शिक्षाहरू एउटै कसीले जाँच्नुपर्छ। अनि उनीहरूले काममा लगाउनुपर्ने कसी यस प्रकारको छः के कसैद्वारा प्रस्तुत गरिएको शिक्षा ख्रीष्ट येशूको शिक्षाअनुसार छ कि छैन? फिलिप्स्को अनुवाद यहाँ उपयोगी देखिन्छ, जसले यो पद यसरी अनुवाद गरेका छन्ः

> 'होशियार होओ! कसैले दिमागी कुरा गरेर वा शब्दाडम्बर देखाएर तिमीहरूको विश्वास बिगार्न नपाओस्! यी कुराहरू संसारको तत्त्वको विषयमा गरिएका मानिसहरूका परिकल्पनाहरू मात्र हुन्, जुन परिकल्पनाहरूले ख्रीष्ट येशू र उहाँको शिक्षाको कुनै ख्याल राख्दैनन्।'

**कलस्सी २:९:** प्रेरित पावलले आफ्ना पाठकहरूलाई घरिघरि ख्रीष्ट येशूकहाँ फर्काउँछन्। यसो गर्नुमा तिनको सीप अचम्मको छ। *'किनकि उहाँमा ईश्वरत्वको सारा परिपूर्णताले शारीरिक रूपमा वास गर्छ'* भनेर तिनले यहाँ प्रभु येशू ख्रीष्टको परमेश्वरत्वको विषयमा पवित्र बाइबलमा

लेखिएको सबैभन्दा सुस्पष्ट र उत्कृष्ट पद प्रस्तुत गरेका छन् । ख्रीष्ट येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्न तिनले यहाँ, यस पदमा एक प्रमाणमाथि अर्को प्रमाण थुपारेर पेश गरेका छन्। तिनले पहिलो प्रमाणस्वरूप के भन्छन् भनेः ख्रीष्ट येशूमा परमेश्वरत्वले *शारीरिक रूपमा* वास गरेको हो। दोस्रो कुराः उहाँमा परमेश्वरत्वको *परिपूर्णताले* वास गरेको हो । अनि तेस्रो र अन्तमा, उहाँमा परमेश्वरत्वको ***सारा** परिपूर्णताले* वास गरेको हो । गूढ़ज्ञानवादले हिजोआज विभिन्न रूप लिएको छ, जस्तैः Christian Science, Jehovah's Witnesses, Unity, Theosophy and Christadelphian-ism इत्यादि । किनकि यी सबै पन्थहरूले प्रभु येशूको परमेश्वरत्व इन्कार गर्छन्; तिनीहरू सबैले यहाँ प्रेरित पावलबाट त्यसको सठीक जवाफ पाएका छन् ।

यस पदको विषयमा श्री मार्विन विन्सेन्टले यसो भनेका छन्ः

> 'यस पदमा दुईवटा छुट्टै सुनिश्चित र ठोस तर्कहरू पेश गरिएका छन् । **क)** अनादिदेखि नै सम्पूर्ण परमेश्वरत्वले ख्रीष्टमा वास गरेको, र **ख)** मानिस हुनुभएको ख्रीष्ट येशूमा सम्पूर्ण परमेश्वरत्व वास गरेर देहधारी भएको हो ।' [14)]

उपरोक्त पन्थहरूले येशूमा केही न केही ईश्वरीयत्व छ भन्ने कुरा स्वीकार गर्छन्। तर तिनीहरूको शिक्षा यस पदले सिकाएको स्तरमा आइपुग्दैन। प्रभु येशूमा सम्पूर्ण परमेश्वरत्वले वास गरेको हो, उहाँको मानवीय शरीरमा। पावलले पेश गरेको तर्कको बुँदा स्पष्ट छः प्रभु येशू ख्रीष्टमा हुने पर्याप्ति यति विघ्न हुन्छ भने, हामी उहाँलाई हल्का र नगण्य मान्ने वा उहाँसित केही सरोकार नराख्ने शिक्षाहरूसँग किन सन्तुष्ट रहने ?

**कलस्सी २:१०ः** प्रभु येशू ख्रीष्टमा हुने पर्याप्ति प्रशस्त हुन्छ भन्ने कुरा पाठकवर्गको मनमा अङ्कित पार्न प्रेरित पावलको प्रयत्न यस पदमा अझै पनि जारी रहेको छ; किनभने उहाँमा उनीहरूको ठहर सिद्ध छ। '... र *उहाँमा तिमीहरू परिपूर्ण छौ'* भन्ने वाक्यमा परमेश्वरको ठूलो अनुग्रह देखिन्छ, किनकि २ः९ पद लगायत २ः१० पदमा यो अद्‌भुत सत्यता पेश गरिएको छ। किनभने ख्रीष्ट येशूमा, उहाँको शरीरमा सम्पूर्ण

परमेश्वरत्वले वास गरेको कुरा प्रस्तुत गरिनसाथ ख्रीष्ट-विश्वासीहरू उहाँमा सिद्ध र पूर्ण भएको कुरा पेश गरिएको छ।

यस वाक्यमा ख्रीष्ट-विश्वासीभित्र सम्पूर्ण परमेश्वरत्वले वास गरेको अर्थ लगाउनु एउटा गलत प्रयास हो; यसमा शङ्का छैन। किनभने केवल प्रभु येशू ख्रीष्टको विषयमा यसो भन्नु बिलकुल साँचो हो र अनन्तसम्म सत्य ठहरिनेछ।

तब यस पदले के सिकाउन खोज्यो त ? ख्रीष्ट-विश्वासीलाई इसाई जीवन जिउन, अँ, एउटा भक्तिको जीवन जिउन आवश्यक हुने सबै कुराहरू ख्रीष्टमा प्रशस्त छन्, अनि उसले ख्रीष्टमै यी कुराहरू पाएको छ। ख्रीष्ट येशूमा प्राप्त भएको हाम्रो परिपूर्णताको उपयोगी परिभासा दिएर श्री चार्लस् एच. स्पर्जनले यसो भनेका छन्ः

> '**क)** यहूदीधर्मका रीतिविधिहरू पालन नगरीकन हामी परिपूर्ण भएका छौं; **ख)** तत्त्वज्ञानको सहायताविना हामी परिपूर्ण भएका छौं; **ग)** किसिम-किसिमको अन्धविश्वासको सहारा नलिईकन हामी परिपूर्ण भएका छौं; **घ)** आफ्नो पुण्यफलविना हामी परिपूर्ण भएका छौं।'

ख्रीष्ट येशू, जसमा हामी परिपूर्ण भएका छौं, उहाँचाहिँ सबै प्रधानता र अधिकारहरूको शिर हुनुहुन्छ। गूढ़ज्ञानवादीहरूले स्वर्गदूतहरूमा पूरा ध्यान दिन्थे र तिनीहरूको सहारा लिन्थे। यसको विषयमा हामी पछि यस अध्यायमा पढ्न पाउनेछौं। तर ख्रीष्ट स्वर्गका सबै दूतहरूको शिर हुनुहुन्छ। स्वर्गदूतहरूमा ख्याल गरिबस्ने हाम्रा निम्ति के काम, जब हामी स्वर्गदूतहरूका सृष्टिकर्ता र तिनीहरूका मालिकसँग व्यवहार गर्न पाउँछौं ? उहाँ हाम्रो पूरा ध्यानको योग्य हुनुहुन्छ; किनभने उहाँको मीठो सङ्गति हामीले उपभोग गरिरहेका छौं।

**कलस्सी २ः११ः** अब खतनाको कुरा आयो। यो त यहूदीधर्मका निम्ति विशिष्ट हुने संस्कारको रीतिविधि थियो, जसमा नर-बालकको लिङ्गमा छुरीले सानो चिरफार गरेर त्यसको खलड़ी हटाइन्छ। यस विधियुक्त कार्यमा आत्मिक अर्थ छ, जस्तैः मानिसको आत्मिक मृत्युद्वारा

उसको दुष्ट, भ्रष्ट, पापी स्वभाव हटाउनु हो। तर दुःखको कुरा हो, यहूदीहरूको सारा ध्यान यस संस्कारको विधिमाथि रहन पुग्यो, र यस विधिको आत्मिक अर्थ हरायो। यी विचरा धर्मान्धहरूले रीतिथितिहरू पालन गरेर र धर्मकर्महरू गरेर परमेश्वरको निगाह प्राप्त गर्न खोज्थे र खोज्छन्। के मानिसको स्वभावमा परमेश्वरलाई कुनै न कुनै तरिकाले खुशी पार्ने क्षमता हुन्छ र? तिनीहरूको यो धारणा सत्यतादेखि धेरै टाढ़ा थियो, अँ, सत्यतादेखि अझै बढ़ी टाढ़ा हुन सकिँदैन।

यस पदमा पुरुषको लिङ्गमा गरिने विधिवत् खतना यसको विषयवस्तु होइन, तर यहाँ एउटा आत्मिक खतनाको विषयमा कुरा गरिएको छ, जुन खतना प्रभु येशूमाथि विश्वास गर्ने हरेक ख्रीष्ट-विश्वासीमा पूरा भएको हो। यहाँ त्यस आत्मिक खतनाको कुरा गरिएको छ भन्ने कुरा कसरी जानिन्छ? किनकि 'हातविना गरिएको खतना' भनेर यहाँ भनिएको छ। यस पदमा सिकाएको कुरा यस प्रकारको छः ख्रीष्टको खतनाद्वारा हरेक विश्वासीको खतना भएको छ। ख्रीष्टको खतनाको सन्दर्भ उहाँको क्रूसको मृत्यु हो। यसमा बुझ्नुपर्ने कुरा यो होः जब प्रभु येशू क्रूसमा मर्नुभयो, तब त्यस बेलामा ख्रीष्ट-विश्वासीको पनि मृत्यु भएको हो। यसर्थ ऊ पापको लेखि मऱ्यो, व्यवस्थाको लेखि मऱ्यो, आफ्नो लेखि मऱ्यो र संसारको लेखि मऱ्यो (रोमी ६:११; गलाती २:२० र ६:१४)। ख्रीष्टको खतनामा कुनै मानिसको हात छैन, तर यो खतना हातैविना गरिएको हो। यसमा मानिसलाई पुण्य दिने केही पनि छैन; मानिस कहिल्यै यस खतनाको योग्य हुँदैन; यो मानिसको कमाइ होइन, तर यो पूरापूर परमेश्वरको काम हो। यस खतनाद्वारा विश्वासीको शरीरका पापहरूको देह फालिएको छ। अर्को शब्दमा भन्नु हो भने, जुन बेलामा कुनै मानिसले मुक्ति पाउँछ, त्यस बेलामा ख्रीष्ट येशूसँग उसको सम्पर्क जोड़िन्छ; यसर्थ त्यो मानिस उहाँको मृत्युसित एक हुन्छ; उसले आफ्नो योग्यताले र आफ्नो कमाइले, अथवा आफ्नो कुनै प्रयासले मुक्ति पाउन सक्छु भन्ने आशा एकैपल्ट सधैंका निम्ति गाड़ेको छ। यस सम्बन्धमा श्री सामुएल रिडूले यसो लेखेका छन्ः

‘हाम्रा प्रभुको मृत्युले अधर्मरूपी पापको फलसित मात्र कारवाही गरेन, तर मानिसमा पापकर्म पैदा गर्ने उसको पापी स्वभावलाई दण्डको आज्ञा दिएर त्यसमा आफ्नो छुरा लगाएर त्यसको जरा काटिदियो र फालिदियो ।’

**कलस्सी २:१२:** अब खतनाको चित्रण बप्तिस्माको चित्रणसित फेरिन्छ। *‘बप्तिस्मामा तिमीहरू उहाँसित गाड़ियौ, जुन बप्तिस्मामा उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुहुने परमेश्वरको कार्यमाथि राखिएको विश्वासद्वारा तिमीहरू पनि उहाँसित बिउँताइयौ।’* ख्रीष्टको खतनाको सन्दर्भ मानिसको पापी स्वभावको मृत्यु हो भने, पानीको बप्तिस्माले पुरानो मनुष्यताको दफनको कुरा गर्छ।

यस पदको शिक्षा यस प्रकारको छः हामी जो ख्रीष्टसँग मर्‍यौं, हाम्रो दफन पनि भएको छ। पानीको बप्तिस्मा यस दफनको चित्र हो; किनभने वास्तवमा प्रभु येशूकहाँ फर्केको बेलामा हाम्रो दफन भएको हो; अनि पानीको बप्तिस्मा लिने बेलामा हामीले यो कुरा सबैको सामु खुल्लमखुल्ला स्वीकार गर्छौं। बप्तिस्माचाहिँ एउटा दफनको कार्य हो। किनभने आदमका सन्तान भएर हामी जे थियौं, त्यो सबको सबको दफन हुनुपर्छ। बप्तिस्मा लिनेले के स्वीकार गर्छ? ‘ममा परमेश्वरलाई खुशी पार्ने केही पनि छैन; यसकारण ममा भएको सबै कुरालाई मेरो पापी स्वभाव सम्झीकन त्यो सब एकैपल्टमा सधैंको निम्ति परमेश्वरको सामुबाट हटाइदिन्छु, दफन गरिदिन्छु’ भनेर उसले मानिलिन्छ। तर बप्तिस्मा एउटा दफनको कार्य मात्र हुँदैन; कुरा त्यसमा मात्र सीमित हुँदैन, यत्तिमै टुङ्गा हुँदैन। ख्रीष्ट येशूको क्रूसको मृत्युमा हामी उहाँसँग मर्‍यौं; यसकारण उहाँसित हाम्रो दफन पनि भयो; तर हामी उहाँसित मरेकाहरूको बीचबाट जीवनको नयाँ चालमा हिँड्न बौरिउठ्यौं। कहिले? हाम्रो जीवनमा कहिले यस्तो भयो? जुन बेलामा हामी प्रभु येशूकहाँ फर्क्यौं, त्यही बेलामा यो सब भएको हो; *‘ख्रीष्ट येशूलाई मेरकाहरूको बीचबाट बौराएर उठाउनुहुने परमेश्वरको कार्यमाथि राखिएको विश्वासद्वारा’* यो भएको हो।

**कलस्सी २:१३:** प्रेरित पावलले उक्त सैद्धान्तिक कुरा कलस्सीहरूका निम्ति व्यावहारिक तुल्याउँछन्। मुक्ति पाउनुभन्दा अघि उनीहरू आफ्ना अधर्महरूमा मरेका थिए। उनीहरूका पापहरूले गर्दा उनीहरू परमेश्वरको निम्ति आत्मिक मुर्दा थिए। उनीहरूका आत्माहरू मरेका थिए भन्न त मिल्दैन, तर परमेश्वरप्रति उनीहरूको मनमा कुनै चेतना थिएन; यसैमा उनीहरू मुर्दा सरह थिए। उनीहरूमा परमेश्वरको निगाह प्राप्त गर्ने के पो थियो र? उनीहरू पापहरूमा मरेका मुर्दा मात्र होइनन्, तर उनीहरूको शरीरको खतना पनि भएको थिएन। अन्यजातिका मानिसहरूलाई बेखतनाकाहरू भनिन्थ्यो। हो, कलस्सीहरू अन्यजातिका मानिसहरू थिए; उनीहरू गैर-यहूदी थिए। अनि यहूदीहरू यस पृथ्वीमा परमेश्वरको चुनिएको जाति थिए। गैर-यहूदी भएको नाताले कलस्सीहरू परमेश्वर-बाट टाढ़ा थिए; उनीहरू शरीरका अभिलाषाहरूमा लिप्त थिए। त्यसपछि उनीहरूले सुसमाचार सुन्न पाए र प्रभु येशू ख्रीष्टमाथि विश्वास गरे। तब परमेश्वरले उनीहरूलाई ख्रीष्ट येशूसँग जीवित पार्नुभयो; उहाँले उनी-हरूका सबै पाप र अधर्महरू क्षमा गर्नुभयो।

अर्को शब्दमा भन्नु हो भने, कलस्सीहरूलाई के भएको थियो? उनीहरूको सम्पूर्ण जीवन परिवर्तन भयो। पापी मानिसको रूपमा जिइरहेको उनीहरूको पुरानो इतिहासको अन्त भएको छ। ख्रीष्ट येशूमा उनीहरू नयाँ सृष्टि भएका छन्। मरेकाहरूको बीचबाट बौरिउठेको हुनाले उनीहरू आफ्नो बौरिउठाइको योग्य नयाँ जीवनको चालमा हिँड्नुपर्छ; किनभने उनीहरूले आफ्नो शारीरिकतालाई बिदा दिएका र आफ्नो पछाड़ि छोड़िदिएका छन्।

**कलस्सी २:१४:** *'... र उहाँले हाम्रो नाममा लेखिएको धर्मविधि-हरूरूपी त्यो लेख मेटाइदिनुभयो, जुनचाहिँ हाम्रो विरोधमा थियो, र त्यसलाई क्रूसमा ठोकेर त्यसलाई बीचबाट हटाइदिनुभयो।'* यस पदअनुसार ख्रीष्टको त्राणको काममा अझै पनि एउटा कुरा थपिएको छ, जुन कुराको विषयमा पावलले अहिले चर्चा गर्न लागेका छन्। हाम्रो विरोधमा भएको लेख मोशाको व्यवस्था र त्यसका विधिनियमहरू थियो।

एक प्रकारले यी दस आज्ञाहरू हाम्रो विरोधमा थिए; किनकि हामीले यी आज्ञाहरू पूरा रूपले पालन नगरेका हुनाले दस आज्ञाहरूले हामीलाई दोष्याए। तर प्रेरित पावलले यहाँ दस आज्ञाहरूमा मात्र होइन, तर इस्राएली जातिलाई दिइएको सम्पूर्ण व्यस्थामाथि विचार पुऱ्याएका छन्, जुन व्यवस्थामा धेरै विधिवत् नियमहरू पनि समावेश गरिएका थिए। पवित्र दिनहरू मान्ने नियमहरू, खान हुने-नहुने खानेकुराको विषयमा नियमहरू र अन्य धार्मिक विधिहरू त्यसमा छँदैथिए। यो सबको सब यहूदी मानिसहरूले पालन गर्नुपर्ने यहूदीधर्म भनिन्थ्यो। यहूदीधर्मका सबै रीति-विधिहरूले प्रभु येशू र उहाँको भविष्यत् आगमनतिर औंल्याए। ती रीतिविधिहरू प्रभु येशू र उहाँको त्राणको काम दर्साउने छाया-चित्रण थिए। अनि आफ्नो क्रूसको मृत्युद्वारा उहाँले व्यवस्था र त्यसका नियम र विधिहरू सबको सब बीचबाट हटाइदिनुभयो। हाम्रो विरोधमा विधि-विधानरूपी त्यो लेख के, त्यो व्यवस्था के, तमसुकरूपी त्यो दोष-पत्र के, उहाँले यी सबै क्रूसमा ठोकिदिनुभयो र रद्द गरिदिनुभयो; किनभने हाम्रो ऋण जेजति थियो, त्यो सब तिरियो। आउनुहोस्, हामी यस सम्बन्धमा श्री एच. ए. डब्ल्यू. मेयरको कुरा सुनौं, जसले यसो लेखेका छन्ः

> 'आफ्नो क्रूसको मृत्युद्वारा ख्रीष्ट येशूले मानिसहरूलाई दोषी ठहऱ्याउने व्यवस्थाबाट त्यसको दण्डको आज्ञा दिने अधिकार खोसि-दिनुभयो; किनभने ख्रीष्ट येशूले क्रूसमा मानिसहरूको निम्ति व्यवस्थाको श्राप सहनुभयो; यसकारण उहाँ व्यवस्था अन्त्याउने अन्त हुनुभयो र हुनुहुन्छ।' [15)]

अथवा आउनुहोस्, हामी यस विषयमा श्री विलियम केल्लीको संक्षिप्त सार सुनौं, जसले यसो भनेका छन्ः

> 'व्यवस्थाको मृत्यु कहाँ भएको छ र! तर व्यवस्थाप्रति हाम्रै मृत्यु पो भएको छ।'

यहाँ पावलले प्रयोग गरेको चित्रण कहाँसम्म लिन सकिन्छ? हुन सक्छ, तिनले यहाँ एउटा पुरानो दस्तुरलाई सङ्केत गरेका छन् होलान्, जुन

दस्तुरअनुसार ऋणीको ऋण चुक्ता भएपछि त्यसको तमसुक कुनै सार्वजनिक ठाउँमा सबैले देख्ने गरी ठोकिन्थ्यो, यस हेतुले कि यसरी साहुकारले 'फलानोको ऋण छिनाफिना भएको छ, र अबदेखि उसो उसबाट पाउनुपर्ने मेरो केही पनि छैन' भन्ने सार्वजनिक सूचना दिन सकोस्।

**कलस्सी २ः१५ः** आफ्नो क्रूसको मृत्युद्वारा, आफ्नो बौरिउठाइ र स्वर्गारोहणद्वारा प्रभु येशूले दुष्टका सबै प्रधानता र अधिकारहरूलाई हार खुवाउनुभयो, तिनीहरूलाई खुल्लमखुल्ला एउटा तमाशा तुल्याउनुभयो र तिनीहरूमाथि विजयी हुनुभयो। हाम्रो विचारमा, एफेसी चार अध्यायमा त्यही विजय बयान गरिएको छ, जहाँ प्रभु येशूको विषयमा लेखिएको छ, कि *'उहाँले कैदलाई कैद गरेर लैजानुभयो।'* उहाँको मृत्यु, उहाँको दफन, उहाँको बौरिउठाइ र उहाँको स्वर्गारोहण नै शैतान र त्यसका सबै नरकीय सेनाहरूमाथि पूरा जय पाएको महिमित विजय थियो। स्वर्गारोहण हुनुभएको प्रभु येशू वायुमण्डल पार भएर स्वर्गमा फर्कनुभयो; यसर्थ उहाँ वायुमण्डलमाथि अधिकार भएको शासकरूपी शैतानको अधिकार-क्षेत्रबाट भएर नै स्वर्गमा फर्कनुभएको रहेछ।

हुन सक्छ, यस पदबाट तिनीहरूले विशेष सान्त्वना पाउलान्, जसले मुक्ति पाएर दुष्ट आत्माले ग्रसित भएको अवस्थाबाट पनि छुटकारा पाए, तर जसलाई अझै पनि दुष्ट आत्माहरूदेखिको डर लागिरहेको छ। ख्रीष्टमा हुनेहरू सबैलाई दुष्ट आत्माहरूको केही पनि डर लाग्नुपर्दैन; किनभने उहाँले प्रधानताहरू र अधिकारहरूलाई पूरा अस्त्र-शस्त्ररहित पार्नुभयो।

**कलस्सी २ः१६ः** अहिले प्रेरित पावल आफूले भर्खर लेखिरहेको कुरा व्यावहारिकतामा ल्याउन तयार भएका छन्। यहाँसम्म प्रस्तुत गरिएका मुख्य बुँदाहरू लिएर हामी यहाँ यस प्रकारको सार पेश गर्न सक्छौंः आफ्नो शक्तिले परमेश्वरलाई खुशी पार्ने हरेक शारीरिक प्रयासप्रति कलस्सी विश्वासीहरू मरे। उनीहरूको मृत्यु हुनुको साथमा ख्रीष्ट येशूसँग उनीहरूको दफन पनि भएको हो र उहाँसँग उनीहरू बौरिउठेर उनीहरूले

एउटा नयाँ जीवनमा प्रवेश गरे। यसकारण के यहूदीवाद, के गूढ़ज्ञानवाद, यी सबै शिक्षासिद्धान्तहरूको लेखि उनीहरू एकैपल्टमा सधैंका निम्ति मरे नि। किनकि यहूदीवादी र गूढ़ज्ञानवादीहरूले कलस्सी विश्वासीहरूलाई ती कुराहरूकहाँ फर्काउन खोज्थे, जुन कुराहरूको लेखि उनीहरू मरिसके।

अनि यस सिलसिलामा निम्न आज्ञा दिइएको छः *'यसकारण खानेकुरा र पिउने कुराको विषयमा, चाड़को विषयमा, अथवा औंसी र विश्राम-दिनहरूको विषयमा कसैले तिमीहरूको न्याय गर्न नपाओस्!'* यस संसारका सबै धर्महरू यस कुरामा उस्तै-उस्तै छन्ः यी धर्महरूले मानिसहरूलाई आफ्ना रीति, विधि र नियमहरूको बन्धनमा राख्छन्; वर्षभरि प्रत्येक दिनको तिथि, वार, नक्षेत्र, योग र करण तोकिदिने तिनीहरूको धार्मिक पात्रो पनि छ। त्यस पात्रोमा प्रायः बर्सेनि मान्नुपर्ने 'पवित्र' शुभ-दिनहरू, पूर्णिमा र औंसीजस्तो मासिक पर्व पनि, साथै साप्ताहिक धार्मिक व्रत र बिदाका दिनहरू पनि समावेश हुन्छन्।

आउनुहोस्, हामी *'कसैले तिमीहरूको न्याय गर्न नपाओस्'* भन्ने वाक्यको अर्थ पनि खोलौं! ख्रीष्ट-विश्वासीले सुङ्गुरको मासु खाएकोमा, कुनै धार्मिक चाड़ नमानेकोमा अथवा विश्राम-दिन पालन नगरेकोमा कसैले उसलाई दोष लगाउन पाउँदैन। किनकि यसो गर्नको निम्ति उचित कारणै छैन। यहाँ हामी केही झूटा पन्थका प्रथाको कुरा गरौं। आत्मा-वादकाहरूले आफ्ना सदस्य-सदस्याहरूलाई शाकाहारी हुने बाध्यतामा पार्छन्। शताब्दीहरूदेखि रोमन कथोलिककाहरूले शुत्रवारमा मासु खानुहुँदैन। लेन्ट भन्ने चालीसाभरि धेरै मण्डलीहरूले आफ्ना सदस्य-हरूलाई उपवास गर्न लाउँछन्। अब मर्मनको कुरा आयोः तिनीहरूको बीचमा चिया वा कफी पिउने मानिस असल सदस्य गनिँदैन। सेभेन्थ डे एडभेन्टिष्टकाहरूले परमेश्वरलाई खुशी पार्न अनिवार्य रूपले विश्रामदिन मान्नैपर्छ भन्ने कुरामा पूरा जोड़ गर्छन्। तर ख्रीष्ट-विश्वासीलाई यस प्रकारका विधिहरूले बाँध्नुहुँदैन; ऊ यसमा बाँधिएको छैन। व्यवस्था, विश्रामदिन अनि विधिवाद र कर्मकाण्डवादको विषयमा विस्तृत जानकारी

पाउनलाई तपाईंले क्रपया मत्ती ५ः१८ र १२ः८ पदको टिप्पणी, साथै गलाती ६ः१८ पदअन्तर्गत दिइएको टिप्पणीमा हेर्नुहोला; धन्यवाद।

**कलस्सी २ः१७ः** यी यहूदीधर्मका रीतिविधिहरूचाहिँ आउने कुराहरूको छाया मात्र थिए; तर छायामा देखिने ठोस वस्तु प्रभु येशू हुनुहुन्छ। पुरानो नियममा जति रीतिविधिहरू थिए, ती रीतिविधिहरूको उद्देश्य ख्रीष्टको पूर्व-चित्रण गर्नु हो। यसमा हामी विश्राम-दिनको उदाहरण लिऔं! विश्रामदिनचाहिँ त्यस विश्रामको प्रतीक थियो, जुन विश्रामभित्र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्ने सबैजना प्रवेश गर्छन्। ख्रीष्ट येशूमा यो उनीहरूको भाग हो। यसकारण प्रभु येशू आउनुभए-पछि मानिसहरूले छायामा के देख्छन्, सो कुरा बुझ्न हामीलाई गाह्रो छ। यो त कुनै व्यक्तिको उपस्थितिमा उसकै फोटो हेरिरहेर त्यसमा मग्न हुनु जत्तिकै हो।

**कलस्सी २ः१८ः** यस पदबाट यसको पूरा अर्थ निकाल्न हामीलाई साह्रो लाग्छ; किनभने त्यस बेलाका गूढ़ज्ञानवादीहरूले के-के सिकाउँथे, सो हामी पूरा जान्दैनौं। हुन सक्छ, तिनीहरूको दीनता यति धेरै थियो, कि तिनीहरूले सीधा परमेश्वरकहाँ जाने आँट गर्दैनथिए, कि कसो हो? हुन सक्छ, मानिसले स्वर्गदूतहरूको सहायताले मात्र परमेश्वरकहाँ जानुपर्छ भन्ने कुरा गूढ़ज्ञानवादीहरूले सिकाउँथे होलान्। तर जुन कुरा तिनीहरूको नम्रता हुनुपर्थ्यो, त्यो कुरा प्रभु येशूको उपासना र अराधना कहाँ हुनेथियो र, त्यो त स्वर्गदूतहरूको पूजा पो भएछ!!

वर्तमान संसारमा उस्तै-उस्तै कुरा छ। रोमन कथोलिककाहरूले परमेश्वरलाई अथवा प्रभु येशूलाई आफ्नो प्रार्थनामा सीधा सम्बोधन गर्न अवैध कुरा सम्झन्छन्; यसकारण तिनीहरूले माता मरियमको मध्यस्थता लिएर येशूकहाँ जाने कुरा उच्चतम मान्छन्। अनि यो तिनीहरूको नक्कली दीनता ठहरिन्छ; किनभने यसो गरेर तिनीहरूले आफ्नो सृष्टिकर्तालाई होइन, तर सृष्टि गरिएको प्राणीलाई परमेश्वरलाई दिनुपर्ने श्रद्धाभक्ति चढ़ाउँछन्। तर ख्रीष्ट-विश्वासीहरूले कसैलाई उनीहरूको इनाम खोस्न दिनुहुँदैन, यस प्रकारका अबाइबलीय रिवाजहरूद्वारा पनि होइन; किनकि

परमेश्वरको वचन यस कुरामा सुस्पष्ट भएको छः परमेश्वर र मानिसहरूको बीचमा एकमात्र मध्यस्थ ख्रीष्ट येशू हुनुहुन्छ (१ तिमोथी २:५)।

प्रेरित पावलले यहाँ, यस ठाउँमा 'आफूले नदेखेका[16] कुराहरूमा लागेर' भन्ने अलिक अस्पष्ट भएको वाक्य थपेका छन्। गूढ़ज्ञानवादीहरूले गहनभन्दा गहन गुप्ती रहस्यहरू जान्दछौं भन्ने दाबी गर्थे; अनि यी रहस्यहरू जान्न पाउनलाई मानिस एउटा दीक्षापूर्वक संस्कारद्वारा तिनी-हरूको सदस्य बन्नुपर्थ्यो। अनि हुन सक्छ, यी रहस्यहरूमा दर्शनहरू पनि हुन्थे होलान्। अनि दर्शनहरू सम्झिएका कुराहरू निम्न वर्तमान विधर्मी सम्प्रदायहरूमा महत्त्वपूर्ण भूमिका खेल्छन्, जस्तैः मर्मन, आत्मावादीहरू, कथोलिकहरू र स्विडन्बोर्गवादी आदि। भित्री मण्डलमा प्रवेश गरेर यो गुप्त ज्ञान हासिल गर्न पाउने सदस्य-सदस्याहरूका खुट्टाहरू भुइँमा रहँदैनथिए। यसकारण यस्ताहरूको विषयमा पावलले यसो भन्छन्ः *'त्यो त आफ्नो शारीरिक मनद्वारा व्यर्थमा फुलिएको हुन्छ।'* तिनीहरूले अरूलाई तुच्छ ठानेर उनीहरूलाई मानिस गन्दैनथिए। अनि तिनीहरूले मानिसहरूको बीचमा 'यी गहन-गहन रहस्यहरूको ज्ञानको प्रकाशमा जिउने मानिस मात्र आशिषित र वास्तवमा आनन्दित हुन्छ' भन्ने झूटो आभास सृजना गर्थे। यहाँ एक क्षण अड़िएर हामीलाई भन्न उचित लाग्छ, कि वर्तमान् गुप्त भ्रातृसंघहरू प्रायः सबै यस प्रकारका हुन्छन्। प्रभुको सङ्गतिमा हुर्किएको र उहाँको साथमा हिँड्ने ख्रीष्ट-विश्वासी यस्ता संघहरूमा न चासो लिन्छ, न यस्ताहरूसित आफ्नो समय बर्बाद गर्छ।

यस पदमा एउटा महत्त्वपूर्ण कुरा हाम्रो ध्यानदेखि लुक्नुहुँदैन। यी मानिसहरूका विभिन्न धार्मिक आचरणहरू यिनीहरूकै इच्छाअनुसारका थिए। यिनीहरूको व्यवहार वचनमुताबिक थिएन, तर धर्मशास्त्र बाइबलको अधिकारबिहीन थियो। यिनीहरू ख्रीष्टको अधीनस्थ हुँदैनथिए; यिनीहरूका कामहरू यसको साक्षी थिए। यिनीहरू आफ्नो शारीरिक मनद्वारा फुलिन्थे, मक्ख हुन्थे; किनभने यिनीहरूलाई जे इच्छा लाग्थ्यो, त्यो यिनीहरूले गर्ने गर्थे, स्वावलम्बी भएर। यिनीहरू प्रभु

येशूमाथि भर पर्ने कहाँ थिए र ! तर यिनीहरूले आफ्नो व्यवहारमाथि नम्र र धर्मी हुने भेष ओढ़े ।

**कलस्सी २ः१९ः** *'... र शिरलाई पक्रिराखेको हुँदैन ।'* प्रभु येशू मण्डलीको शिर हुनुहुन्छ। अनि शिरलाई पक्रिराख्ने मानिसले ख्रीष्ट येशूलाई शिरको रूपमा मान्छ र उहाँको अधीनस्थ जिउने गर्छ। उहाँका स्रोतहरू कहिल्यै सुक्दैनन्; यसकारण शिरलाई पक्रिराख्ने मानिसले आफ्नो सबै खाँचोगाह्रोको पूर्ति प्रभु येशूको विशाल सम्पत्ति र अटुट भण्डारबाट पाउने गर्छ; अनि उसले जे गर्छ, त्यो सबै उसले प्रभुको महिमाका निम्ति गर्छ। यसर्थ स्वर्गमा विराजमान हुनुहुने प्रभुको बाटो हेरेर हामीले उहाँबाट आफ्नो भरणपोषण र उहाँको निर्देशन पाउनुपर्छ; अनि हामी उहाँको सम्पर्कमा रहिरहनुपर्छ। यसको स्पष्टीकरण निम्न वाक्यले गर्छः *'जसबाट जोर्नीहरू र बन्धनहरूद्वारा पोषण पाएर र एकसाथ बाँधिएर सम्पूर्ण शरीर परमेश्वरको वृद्धिले बढ्दै जान्छ ।'* यहाँ मानिसको शरीरको कुरा आयोः जोर्नी र बन्धनहरूले मानिसको शरीरका अङ्गहरू जोड्छन्; अनि मानिसको शरीरचाहिँ त्यसको शिरसँग जोड़िएको हुन्छ। अनि शरीरलाई अगुवाइ र निर्देशन दिनुचाहिँ शिरको काम हो। अनि प्रेरित पावलले यही कुरामा यहाँ जोड़ गर्न चाहन्छन्। ख्रीष्टको देहका अङ्गहरू यस पृथ्वीमा छन्, र शिरबाट सबै पोषण पाएर उहाँमा पूरा तृप्त र प्रसन्न हुनुपर्छ, र उहाँमा पर्याप्ति पाउनुपर्छ; अनि ती झूटा शिक्षकहरूका तर्कहरू जति पत्यारलाग्दा भए पनि तिनीहरूको लैलैमा लाग्नुहुँदैन।

शिरलाई पक्रिराख्ने कुराले क्षण-क्षणै प्रभु येशूको भरोसामा रहिरहने हाम्रो आवश्यकता पर्छ भन्ने कुरामा जोड़ दिन्छ। हिजो प्रभुबाट पाएको सहायता आजको निम्ति पर्याप्त नहोला, होइन र? बाँध नाघिसकेको पानीले घट्ट चलाएर अन्न पिँध्न सकिँदैन। अनि यो पनि हामीले भन्नुपर्ला, कि जहाँ-जहाँ ख्रीष्ट-विश्वासीहरूले शिरलाई पक्रिराखेका हुन्छन्, त्यहाँ-त्यहाँ ख्रीष्टको देहका अन्य अङ्गहरूसित मिलेर काम गर्ने कुनै न कुनै योजनाबद्ध नहुने, स्वतःस्फुरित क्रिया त्यसको नतिजा हुन्छ।

**कलस्सी २ः२०ः** यहाँ, यस पदमा संसारका प्राथमिक शिक्षाहरूको सन्दर्भचाहिँ धार्मिक रीतिविधिहरू हुन्। उदाहरणको लागि, गलाती ४ः९-११ पदको खण्डअनुसार पुरानो नियमका रीतिविधिहरूचाहिँ संसारका प्राथमिक शिक्षाहरू भनिएका छन्; किनभने ती रीतिविधिहरूले धर्मको क-ख-ग अर्थात् प्रारम्भिक शिक्षाहरू सिकाउँथे। हुन सक्छ, यहाँ पावलले गूढ़ज्ञानवादका रीतिविधिहरूमाथि आफ्नो विचार पुऱ्याएका छन्, वा अरू अन्य धर्महरूका रीतिविधिहरू तिनको नजरमा परेका छन् कि ? किनभने प्रेरित पावल यहाँ विशेष गरी तपस्यावादको विषयमा कुरा उठाउँछन्। हुन सक्छ, तपस्या गर्नुपर्छ भन्ने शिक्षा पतित यहूदीधर्मको फल थियो, जुन यहूदीधर्मले परमेश्‍वरको दृष्टिमा आफ्नो मान्यता गुमाइसकेको थियो; अथवा यो तपस्या गर्नुपर्ने कुरा गूढ़ज्ञानवाद वा अरू कुनै धर्मपन्थबाट आएको कुरा हुन सक्छ, जुन गूढ़ज्ञानवाद र धर्मपन्थले परमेश्‍वरबाट कहिल्यै मान्यता पाएका थिएनन्। कलस्सी विश्‍वासीहरू ख्रीष्ट येशूसँग मरे; यसकारण पावलले उनीहरूलाई प्रश्‍न गर्छन्ः *'तिमीहरू किन मानिसहरूका आज्ञाहरू र शिक्षासिद्धान्तहरूअनुसार यस्ता विधि-विधानहरूको अधीनतामा रहन्छौ ?'* के उनीहरूले संसारसित आफ्नो सम्बन्ध तोड़िसकेको कुरा बिर्से ?

हुन सक्छ, यस सम्बन्धमा कसै-कसैको मनमा निम्न प्रश्‍न उठ्छः 'ख्रीष्ट-विश्‍वासीहरू सबै रीतिविधिहरूको लेखि मरे भने पानीको बप्तिस्मा र प्रभु-भोजजस्ता पवित्र विधिहरूको विषयमा कसो हो ?' यस प्रश्‍नको सुस्पष्ट र सरल जवाफ यस प्रकारको छः नयाँ नियममा पानीको बप्तिस्मा र प्रभुभोजको शिक्षा दिइएको छ। यी दुईवटा पवित्र विधिहरू ख्रीष्टको मण्डलीका दुईवटा विधिहरू हुन्। तर यति भनेपछि हामी यो पनि भनौंः यी दुईवटा विधिहरू विशेष अनुग्रह प्रदान गर्ने साधन होइनन्। यी विधिहरू पालन गरेर हामी स्वर्गको बढ़ी योग्य बन्दैनौं, परमेश्‍वरको सामु बढ़ी ग्रहणयोग्य हुँदैनौं। तब पानीको बप्तिस्मा र प्रभुभोजका विधिहरू हामी कुन दृष्टिमा लिनु ठीक होला त ? यी विधिहरूद्वारा हामी साधारण प्रकारले प्रभु येशूप्रति आफ्नो आज्ञाकारिता देखाउन सक्छौं।

पानीको बप्तिस्मामा हामी ख्रीष्ट येशूसित पूरा एक भएको देखाउँछौं – विवाह सुसम्पन्न गरिने विधि सम्भनुहोस् ! अनि प्रभुभोजमा हामी प्रभु येशूको मृत्युको सम्भना गर्छौं। यी विधिहरूमा पालन गर्नुपर्ने नियमहरू देख्नुभन्दा बरु यी विधिहरूमा सहभागी हुन पाएकोमा आफूलाई भाग्यमानी सम्भनु उचित छ; किनकि यी विधिहरूमा सहभागी हुन पाउनु हाम्रा निम्ति ठूला सौभाग्यहरू हुन्।

**कलस्सी २ः२१ः** यस पदको अर्थ स्पष्ट पार्ने हिसाबले हामी 'जस्तै' भन्ने शब्द शुरुमा थप्नु उपयोगी हुन्छ, तब यो पद यसरी पढ़िन्छः 'जस्तैः "नछोओ", "नचाख", "हातमा नलेओ !" अनि कलस्सी २ः२० पदसित जोड्दा निम्न अर्थ निस्कन्छः 'संसारमा बाँचिरहेभैं गरी तिमीहरू किन आफूलाई यस्ता विधिहरूको अधीनतामा सुम्पन्छौ, जस्तै "नछोओ", "नचाख", "नचलाओ !" तर अनौठो कुरा के हो भने, कति मानिसहरूले यस पदमा उल्टो अर्थ लगाएर पावलले कलस्सीहरूलाई कति कुराहरू नछुने, नखाने, हातले नचलाउने आज्ञा दिए भन्छन्; कसरी ? त्योजस्तो उल्टो अर्थ अरू के हुन सक्ला ?

हामी यो पनि भनिहालौं, कि श्री विलियम केल्लीजस्ता विशेषज्ञ-हरूको कुरा हामीले पत्याउनु हो भने, यी क्रिया-पदहरूको क्रम उल्टो पार्दा अझै असल अर्थ निस्कनेथियो अरे। किनकि 'हातले नचलाओ, चाख्दै नचाख, र छुँदै नछोओ' भनेर तपस्यामा अघि बढ्दै जाँदाखेरि त्यसका नियमहरू कड़ा र भन् कड़ा हुँदै गएको बुभ्न सकिनेथियो।

**कलस्सी २ः२२ः** 'मानिसहरूका आज्ञाहरू र शिक्षासिद्धान्त-हरूअनुसार' भन्ने वाक्यांशले अर्थ भन् खुलस्त पार्छ। ती मनाही र निषेधहरू त मानिसका रचना हुन्। के केवल खानेकुरा र पिउने कुरा-हरूसँग सरोकार राख्नुचाहिँ सत्धर्म हो र, जब जीवित ख्रीष्ट येशूसितको सम्बन्ध त्यसको मुख्य र प्रमुख कुरा हुनुपर्थ्यो ?

श्री आर. एफ. वेइमूटले कलस्सी २ः२०-२२ पदको खण्ड यस प्रकारले अनुवाद गरेका छन्ः

‘के तिमीहरू ख्रीष्टसँग मरेका र यस संसारका प्रारम्भिक ज्ञान मानिएका कुराहरू विश्वास गर्न छोड़ेका होइनौ ? तब कसरी, अँ, कसरी तिमीहरूले आफूलाई “यो नचलाओ, त्यो नचाख, फलाना थोक नछोओ” भन्ने आज्ञाहरूमा सुम्पन्छौ ? के तिमीहरू अझै पनि संसारका हौ ? यी आज्ञाहरूको सन्दर्भ प्रयोग गरेर फ्याँकिने नाशवान् चीजहरू हुन्। अनि यी निषेधाज्ञाहरू केवल मानिसहरूका शिक्षासिद्धान्त हुन्। तब यिनको आज्ञापालन हामी कसरी गरौं ?’

**कलस्सी २ः२३ः** आफ्नो इच्छाअनुसारको पूजापाठ, दीनता र शरीरलाई कष्ट दिने काम आदि मानिसहरूले रचेको धर्मका नीतिहरूमा बुद्धिको झलक त छ। यी मानिसहरू आफूले स्वीकार गरेको धर्मले चाहिँ यिनीहरूलाई सठीक लाग्ने पूजापाठ गर्ने तरिकाअनुसार आ-आफ्नो रूप लिँदो रहेछ। परमेश्वरको वचनअनुसारको उपासना यो कहाँ हुन्छ र ! ! यिनीहरूको धर्म धर्म नै हो, तर यसलाई साँचो ख्रीष्टीय विश्वास भनिँदैन, भन्न मिल्दैन।

अघि हामीले यस दीनताको कुरा गरिसक्यौं (कलस्सी २ः१८); यी मानिसहरू अति नै धेरै दीन र विनम्र हुन्छन्, यहाँसम्म कि यिनीहरू सीधा परमेश्वरकहाँ जाने आँटै गर्दैनन्, तर त्यसको सट्टामा स्वर्गदूतहरूको, सन्तहरूको वा माता मरियमको सहारा लिन्छन् र तिनीहरूलाई मध्यस्थ बनाउँछन्।

अब शरीरलाई कष्ट दिने कुरा आयो। तपस्या यसको सन्दर्भ हो। योचाहिँ आफ्ना कतिपय इच्छा त्यागेर वा आफूलाई सास्ती दिएर पवित्रतामा एक कदम माथि पुग्ने एउटा व्यर्थको प्रयास हो। हिन्दूधर्ममा र पूर्व-एशियाका रहस्यवादी धर्महरूमा यस प्रकारको तपस्या बढ़ी पाइन्छ।

यी धर्मनीतिहरू पालन गरेकोमा फाइदा के होला त ? शरीरको लालसा पूरा गर्नुबाहेक यिनमा अरू कुनै फाइदा छैन, जसरी यस पदको अन्तिम वाक्यमा लेखिएको छः *‘... तापनि तिनमा कुनै मोल छैन, तर शरीरका लालसाहरू पूरा गर्ने काम मात्र हुन्छ।’* बाहिरबाट हेर्दा तपस्याको भेष राम्रो छ, तर यसरी नै शरीरका अभिलाषाहरू वशमा पार्न सकिँदैन।

संयमी हुन्छु भन्ने भाकल गर्नेहरूको उद्देश्य राम्रो होला, तर यसरी नै कसैले पनि आफ्नो लक्ष्य प्राप्त गर्दैन। किनभने भ्रूटमाथि स्थापित गरिएको जुनसुकै धर्मको शिक्षाले मानिसलाई सुधार्न सक्दैन। परमेश्वरको निगाह प्राप्त गर्न मानिसले आफ्नो शक्तिले केही न केही गर्न सक्छ, र धर्मकर्म गरेर आफ्नो निम्ति पुण्यफल कमाउन सक्छ भन्ने भान गराउँदा-गराउँदै तिनीहरूले शारीरिक वासनाहरू र आफ्ना कुइच्छाहरू वशमा पार्न सक्दैनन्।

यस सम्बन्धमा इसाई धारणा के हो ? हामी मानिसको पापी स्वभावको लेखि मरेका छौं, त्यसका वासना र कुइच्छाहरूको लेखि समेत मरेका छौं; अनि अबदेखि उसो हामी परमेश्वरको महिमाका निम्ति जिउँछौं। दण्ड पो पाइन्छ कि भन्ने डरले हामी जिउने होइनौं, तर प्रेमको प्रेरणाले उहाँका निम्ति जिउँछौं, जसले हाम्रा निम्ति आफूलाई समर्पण गर्नुभयो। यो कुरा श्री ए. टी. रोबर्टसनले यसो भनेर साह्रै राम्रो भनेका छन्ः

> 'उहाँप्रतिको प्रेमले हामीलाई साँच्चै स्वतन्त्र तुल्याउँछ र उहाँको दृष्टिमा जे सठीक र ग्रहणयोग्य हुन्छ, सो गर्न हामीलाई साथ दिन्छ। हामीमा प्रेम छ भने उहाँको इच्छा छान्न हाम्रा निम्ति सजिलो हुन्छ। प्रेमद्वारा कर्तव्य सम्झिएको कुराको शोभा बढ्छ। प्रेम छ भने, त्यहाँबाट ख्रीष्ट येशूसित आफ्नो सङ्गति कायम राख्ने मिठास आउँछ। प्रेमको खातिर अरू मानिसहरूको भलाइ गर्ने सेवाजस्तो स्वतन्त्र लाग्ने अरू कुनै कुरा छैन।'

# खण्ड २) कलस्सी ३ः-४ः प्रथम स्थान प्राप्त हुनुभएको ख्रीष्ट येशूप्रति ख्रीष्ट-विश्वासीहरूको जिम्मेवारी के हो ?

## क) कलस्सी ३ः१-१७ः ख्रीष्ट-विश्वासीहरूको नयाँ जीवन कस्तो छ ? पुरानो मानिसलाई निकालेर नयाँ मानिसलाई धारण गरेजस्तो छ ।

**कलस्सी ३ः१ः** *'यसकारण यदि तिमीहरू ख्रीष्टसँग बिउँतिएका छौ भने, माथिका कुराहरू खोज, जहाँ ख्रीष्ट परमेश्वरको दाहिने हातपट्टि बसिरहनुभएको छ ।'* 'यदि' भन्ने शब्द प्रयोग गरेर प्रेरित पावलले कलस्सी विश्वासीहरूको विषयमा आफ्नो शङ्का प्रकट गरेका छैनन् । सर्तसूचक शब्दको अर्थ तर्कात्मक हो; यसकारण 'हुनाले ...' भनेर यो शब्द अनुवाद गर्नु उचित छ, जस्तैः 'तिमीहरू ख्रीष्टसँग बिउँतिएका हुनाले ...'

कलस्सीको पत्रको दुई अध्यायमा प्रस्तुत गरिएको कुरा होः ख्रीष्ट-विश्वासीहरू ख्रीष्टसँग मरे; यसकारण उहाँसँग उनीहरूको दफन भएको थियो; अनि उहाँसँग उनीहरू मरेकाहरूको बीचबाट बौरिउठे पनि । यो सबको आत्मिक अर्थ यस प्रकारको छः बितेको जीवनको आचरणलाई

बिदा दिएर हामीले नयाँ किसिमको जीवनमा प्रवेश गर्‍यौं। नयाँ जीवनको चाल बौरिउठ्नुभएको प्रभु येशू ख्रीष्टको जीवन जिउनु हो। यसकारण हामी ख्रीष्ट येशूसँग बिउँतिएका हुनाले हामीले माथिका कुराहरू खोज्नुपर्छ। हामी यस पृथ्वीमाथि छौं; तर पनि हामीले स्वर्गीय चालहरू अपनाउनुपर्छ।

**कलस्सी ३ः२ः** ख्रीष्ट-विश्वासीको दृष्टि पार्थिव हुनुहुँदैन, पृथ्वीका कुराहरूमा केन्द्रित रहनुहुँदैन। कुराहरू जस्ता देखा पर्छन्, त्यस्तै उसले नहेर्ने, तर परमेश्वरका निम्ति तिनको महत्त्व कति होला भन्ने उसको अनन्तकालिक दृष्टिकोण हुनुपर्छ। खोज भन्ने विषयमा श्री मार्विन विन्सेन्टले यसो भनेका छन्ः

> 'कलस्सी ३ः१ पदमा "खोज" भनेर पावलले हाम्रो व्यावहारिक प्रयासलाई सङ्केत गरेका छन्, तर ३ः२ पदमा "मन लगाओ" भनेर तिनले हाम्रो मनको प्रेरणा र झुकाउको कुरा गरेका छन्।'

मन लगाओ भन्ने शब्द फिलिप्पी ३ः१९ पदमा पनि छ, जहाँ त्यसको नकारात्मक उदाहरण यसरी पेश गरिएको छः *'तिनीहरू पृथ्वीका कुरा-हरूमाथि मन लगाउँछन्।'* यस सिलसिलामा श्री ए. टी. रोबर्टसनले यसो लेखेका छन्ः

> 'पानीको बप्तिस्मा लिइसकेको विश्वासीको जीवन केवल स्वर्गको विषयमा सोचिरहने, स्वर्गको खोज गरिरहने जीवन हो। ठिक्कै छ, उसका खुट्टाहरू धरती टेकिरहेका हुन्छन्, तर उसको मन र दिमाग माथि ताराहरूसित सङ्गत गर्छ। स्वर्गको नागरिक भएर ऊ यस धरतीमा जिउँछ।' 17)

यस विषयमा दोस्रो विश्व-युद्धको यो कथा सुन्नुहोस्! निक्कै उत्तेजित भएको कुनै जवान इसाई भाइले ख्रीष्टको वृद्ध दासलाई यसो भनेको थियोः 'मेरो सुनाइ ठीक हो भने, बितेको रातमा हाम्रा बमवर्षक विमानहरूले हाम्रो शत्रुका शहरहरू आक्रमण गरे अरे।' यसमा प्रभुको दासको जवाफ यस्तो थियोः 'परमेश्वरको मण्डलीसँग बमवर्षक

विमानहरू छन् भन्ने कुरा मलाई थाहा थिएन।' तिनको दृष्टिकोण कति फरक थियो; हो, आत्मिक दृष्टिकोण यस्तो छ। आत्मिक मानिसले स्त्रीहरू र केटाकेटीहरूको मृत्युमा के आनन्द लिन्छ र?

अब श्री एफ. बी. होलको कुरा आयो, जसले हाम्रो ठहरको विषयमा सठीक कुरा गरेर यसो भनेका छन्ः

> 'ख्रीष्ट येशूसित हामी उहाँको मृत्युमा एक भएको कुरालाई त्यसको उचित जोड़ा मिलेको छः हामी उहाँसँग उहाँको बौरिउठाइमा एक भएका छौं। ख्रीष्टको मृत्युमा उहाँसित एक भएको कुराले हामीलाई मानिसको संसार, मानिसको धर्म र मानिसको बुद्धिबाट अलग पार्छ भने, उहाँसित उहाँको बौरिउठाइमा एक भएको कुराले हामीलाई परमेश्वरको "संसार"सित र त्यसको यावत् थोकसितको सम्बन्धमा ल्याउँछ। यसरी जुन आशिषित ठहरमा हामी ल्याइएका छौं, त्यस सौभाग्यशाली ठहरका आशिषहरू के-के हुन्, सो कुरा कलस्सी ३ः१-४ पदको खण्डमा प्रकट हुँदै जान्छ।' 18)

**कलस्सी ३ः३ः** जब पावलले ख्रीष्ट-विश्वासीहरू मरे भन्छन्, तब तिनले उनीहरूको ठहरको विषयमा कुरा गर्छन्, उनीहरूको व्यवहारको विषयमा होइन। हाम्रो ठहरअनुसार हामी ख्रीष्ट येशूसँग उहाँको मृत्युमा एक भएको हुनाले आफूलाई उहाँसित मरेको ठान्नु नै हाम्रा निम्ति परमेश्वरको इच्छा हो। हाम्रो हृदय यो कुरा कहाँ मान्न तयार हुन्छ र? त्यसले सधैं यो कुरा खण्डन गर्न खोज्छ; किनभने हामीलाई लाग्छ, कि हामी स्वयम् पाप गर्न पूरा सक्षम छौं, र हामीलाई पापको परीक्षामा पार्न कति सजिलो छ। तर यस सम्बन्धमा उदेकको कुरा के हो भने, जब हामी विश्वासद्वारा आफूलाई ख्रीष्टसँग मरेका ठान्छौं, तब त्यो आत्मिक वास्तविकता हाम्रो जीवनमा एउटा व्यावहारिक, नैतिक वास्तविकता बन्छ। हामी आफूलाई मरेको ठान्नुमा जत्ति सफल हुन्छौं, त्यत्ति नै बढ़ी हाम्रो जीवन प्रभु येशू ख्रीष्टको जीवनको रूपमा परिवर्तन हुँदै जान्छ। यस जीवनमा हामी सिद्धतामा आइपुग्न सक्दैनौं; यो कुरा सत्य हो। तर त्यो प्रक्रिया हरेक ख्रीष्ट-विश्वासीमा जारी रहनुपर्छ।

एक त हामी मरेका छौं; त्यो त बिलकुल ठीक छ; तर अर्को प्रकारले हाम्रो जीवन ख्रीष्ट येशूसँग परमेश्‍वरमा लुकेको छ। सांसारिक मानिसलाई मन पर्ने कुराहरू, त्यसले चासो राख्ने कुराहरू, त्यसको एकमात्र चिन्ता र वास्ताको कारण सबका सब त्यसले आफ्नो जीवन गुजार्ने धरतीमा छँदैछन्। तर ख्रीष्ट-विश्‍वासीहरूलाई बढ़ी चासो लाग्ने कुराहरू सबका सब प्रभु येशू ख्रीष्टमा छन्। उहाँको भाग्य हाम्रो भाग्य हो; यी दुई कुराहरू अलग-अलग पार्न सकिँदैन। पावलले यहाँ के सिकाएका छन् भने, हाम्रो जीवन ख्रीष्टसित परमेश्‍वरमा लुकेको हुनाले हामीले यस संसारका तुच्छ, क्षुद्र कुराहरूमा आफ्नो समय खेर फाल्नुहुँदैन, विशेष गरी हाम्रै धर्म-जगत्‌मा भइरहेका नगण्य कुराहरूमा आफ्नो समय बर्बाद गर्नुहुँदैन।

*'... र तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्‍वरमा लुकेको छ'* भन्ने वाक्यमा अझै अर्को कुरा पनि छ। संसारका मानिसहरूले हाम्रो आत्मिक जीवन देख्न सक्दैनन्। मानिसहरूले हामीलाई बुझ्दैनन्। हामी तिनीहरूको जस्तो जीवन नजिएको हुनाले तिनीहरू अचम्म मान्दछन्। तिनीहरूले हाम्रा विचारहरू, हाम्रा अभिप्रायहरू र हाम्रा चालहरू बुझ्न सक्दैनन्। यूहन्ना १४ः १७ पदमा *'सत्यको आत्मालाई संसारले ग्रहण गर्न सक्दैन, किनभने त्यसले न उहाँलाई देख्छ, न उहाँलाई चिन्छ'* भनेर पवित्र आत्माको विषयमा जे भनिएको छ, त्यो कुरा हाम्रो आत्मिक जीवनको विषयमा पनि सत्य ठहरिन्छ। त्यो ख्रीष्टसँग परमेश्‍वरमा लुकेको छ। १ यूहन्ना ३ः१ पदमा यसो लेखिएको छः *'यसकारण संसारले हामीलाई चिन्दैन; किनभने त्यसले उहाँलाई चिनेन।'* ख्रीष्ट-विश्‍वासी संसारदेखि अलग भएको खास कारण यसैमा छः संसारले उसको कुरा बुझ्दैन, बरु उसको कुरा उल्टो बुझ्छ।

**कलस्सी ३ः४ः** ख्रीष्टमा विश्‍वासीले पाएको सौभाग्यरूपी भागको चर्चा गर्ने सिलसिलामा प्रेरित पावल चरमसीमामा आइपुगेर अब ख्रीष्ट येशूको दोस्रो आगमनमाथि आफ्नो विचार पुर्‍याउँछन्। *'जब हाम्रो जीवन हुनुहुने ख्रीष्ट प्रकट हुनुहुनेछ, तब तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ।'* वर्तमान समयमा हामी उहाँसँग बौरिउठेका छौं, र एउटा जीवन

उपभोग गर्छौं, जसको विषयमा संसारका मानिसहरूले केही देख्दैनन् र केही जान्दैनन् । तर त्यो दिन आउँदैछ, जुन दिनमा प्रभु येशू आफ्ना पवित्र जनहरूलाई लिन फर्केर आउनुहुनेछ। तब हामी उहाँसँग महिमामा प्रकट हुनेछौं। त्यस दिनमा मानिसहरूले हामीलाई चिन्नेछन्, र तिनीहरूको निम्ति हाम्रो व्यवहारको रहस्य खुला पारिनेछ।

**कलस्सी ३:५:** तीन पदअनुसार हामी मरेका छौं। अनि यहाँ हामीलाई आज्ञा गरिएको छः *'यस पृथ्वीमाथि भएका तिमीहरूका अङ्गहरूलाई मार !'* कलस्सी ३:३ र ५ पदमा स्पष्ट उदाहरण हाम्रो सामु पेश गरिएको छः ख्रीष्ट-विश्वासको ठहर र उसको व्यावहारिक अवस्थाको बीचमा भिन्नता छ। उसको ठहरअनुसार ऊ मरेको छ; तर यस पृथ्वीमाथि भएका उसका अङ्गहरूलाई मारेर उसले आफूलाई पापको लेखि मरेको ठान्नुपर्छ – उसको व्यवहार यो हुनुपर्छ। ख्रीष्टमा हामी जे छौं, त्यो हाम्रो ठहर हो। तर हाम्रो अवस्था हामी आफू जे छौं, त्यसमाथि भर पर्छ। हाम्रो ठहरचाहिँ परमेश्वरको सित्तैंको वरदान हो, प्रभु येशू ख्रीष्टमाथि राखिएको विश्वासको फल हो। तर परमेश्वरको अनुग्रहप्रति हाम्रो प्रतिक्रिया के हो, त्यसमाथि हाम्रो व्यवहार भर पर्छ।

यहाँ, यस ठाउँमा व्यवस्था र अनुग्रहको बीचको भिन्नतामाथि ख्याल राख्न हामीलाई उचित लाग्छ। परमेश्वरले हामीलाई यसो भन्नुभएको छैनः 'पापमुक्त जीवन जिऊ, र म तिमीलाई ख्रीष्टसँग मरेको ठहर र दर्जा दिन्छु।' यसो भन्नु र 'व्यवस्था पालन गर' भन्नु एउटै कुरा ठहरिनेथियो। त्यस स्थितिमा हाम्रो ठहर हाम्रो कोशिश र मेहनतमाथि निर्भर गर्नेथियो। अनि यसरी नै हामी कहिल्यै त्यस ठहरमा आइपुग्नेथिएनौं; यो पक्का कुरा हो। तर वास्तवमा परमेश्वरले हामीलाई यसो भन्नुभएको छः 'म प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैलाई मेरो सामु निगाहको स्थान प्रदान गर्छु। यसकारण आऊ, र अबदेखि उसो यस उच्च बोलावटको योग्य जीवन जिऊ !' अनुग्रह भनेको यो हो।

जब प्रेरित पावलले हामीलाई 'यस पृथ्वीमाथि भएका अङ्गहरूलाई मार' भनेर भन्छन्, तब तिनले भनेको कुरा साह्रै अक्षरशः लिएर हामीले

आफ्नो शरीरका अङ्गहरूमध्ये कुनैलाई काटेर फाल्नुपर्छ भन्ने अर्थ तिनले भनेको तात्पर्य कदापि होइन । यहाँ प्रयोग गरिएको भाषा सङ्केतात्मक हो । अनि यो कुरा आउँदा वाक्यहरू पढ्दा स्पष्ट हुन्छ; किनकि हाम्रा अङ्ग-हरूले निम्न पदहरूमा सूचित गरिएअनुसार विभिन्न कुइच्छा र अभिलाषा-हरूको रूप लिन्छन् ।

*व्यभिचारः* व्यभिचार भन्नाले विवाहको बन्धनदेखि बाहिरको जुनसुकै अवैध यौन-सम्बन्ध बुझिन्छ। यसो हो भने, विवाह गरेको पुरुषले परस्त्रीगमन गर्छ भने विवाह गरेकी स्त्रीले परपुरुषगमन गर्छे। तर यो शब्द प्रायः अविवाहित पुरुष-स्त्रीको बीचको अनैतिक सम्बन्धको निम्ति प्रयोग गरिएको छ (मत्ती १५:१९; मर्कूस ७:२१)। अरू बेलामा व्यभिचारमा सबै अवैध यौन-सम्बन्धहरू समावेश गरिएका छन् ।

*अशुद्धताः* योचाहिँ अपवित्र विचार, फोहोर बोलीवचन र अशुद्ध कामहरूद्वारा मन, वचन र कर्ममा अशुद्ध हुने अशुद्धता हो । शरीरको मैला यस शब्दको सन्दर्भ होइन, तर यो त नैतिक फोहोरीपना हो ।

*प्रबल वासनाः* यसमा लगाम पूरा छोड़िएको, नियन्त्रणमा नआउने शक्तिशाली अभिलाषा बुझिन्छ ।

*कुइच्छाः* यो त लालायित र आसक्त मानिसको तीव्र चाहना हो; साथै यो प्रायः जबरजस्ती र बलमिचाइ गरेर कसैको खराबी गर्ने इच्छा पनि हो ।

*लोभलालचः* सामान्य अर्थमा लोभ र धनलिप्सा एउटा कुरा हो । यो कहिल्यै तृप्त नहुने, तर धेरै र झन् धेरै पाउने लालच हो । तर यहाँ यसको सन्दर्भ अर्को छ । यसको अर्थ अपवित्र कामवासना हो; किनकि त्यसलाई मूर्तिपूजा भनिएको छ ।

यस सूचिमा उल्लेख गरिएका कुराहरूमा शुरुका दुईवटा पापकर्म हुन्, अनि पछिका कुराहरूचाहिँ भावना र चाहनाहरू हुन् । यसर्थ मानिसलाई अशुद्ध पार्ने विभिन्न यौन-कार्यहरू उल्लेख गरेपछि यी पापकर्महरू कहाँबाट शुरु भए, सो कुरा पत्ता पारिन्छः मानिसको लोभी हृदय;

त्यहाँबाट यी पापहरू निसक्न्छन् । परमेश्वरको वचनको शिक्षा स्पष्ट छः विवाहको बन्धनमा मैथुनमा खास केही खराबी वा अशुद्ध हुने कुनै कुरा छैन । परमेश्वरले मानिसलाई नर र नारी हुने गरी बनाउनुभयो अर्थात् सन्तान पैदा हुने किसिमले सृजना गर्नुभयो । तर जुन कुराहरू परमेश्वरले आफ्नो अनुग्रहमा आफूले सृष्टि गर्नुभएका प्राणीहरूलाई दिनुभयो, ती कुराहरू जब दुष्ट, भ्रष्ट, घृणित र अनुचित उद्देश्यहरूमा बेप्रयोग गरिन्छन्, तब पाप हुन जान्छन् । पावलको जमानामा यौन-पापहरू अन्य-जातिहरूको बीचमा प्रमुख पापहरू हुन्थे; अनि आजको दिनसम्म पनि यौन-पापहरू पापहरूमध्ये पहिलो स्थान ओगटेका छन् । अनि जुन ख्रीष्ट-विश्वासीहरूले आफूलाई पवित्र आत्माको हातमा समर्पण गरेर छोड्दैनन्, ती विश्वासीहरूको जीवनमा धेरैजसो यौन-पापहरू पसेर तिनीहरूको पतनको कारण बन्दा रहेछन् ।

**कलस्सी ३ः६ः** यस्ता घृणित पापहरू पूरा गरेर पनि 'म दण्डबाट उम्कन सक्छु' भन्ने विचार गर्ने मानिसहरू भूलमा परेका हुन्छन् । मानिस-हरूलाई स्वर्ग चुप रहेको लाग्छ, र तिनीहरूमा पाप गर्ने दुःसाहस बढ्छ । तर के यस विषयमा कसैले परमेश्वरसित ठट्टा गर्ने दुःसाहस गर्ला ? हाय, त्यसलाई ! किनभने यी पापहरूको खातिर आज्ञा नमान्नेहरूमाथि परमेश्वरको क्रोध आइपर्नेछ । यी पापहरूका प्रतिफलहरू यस जीवनमा अनुभव गरिन्छन् । अवैध यौनको सम्बन्धमा गरेको व्यभिचारले गर्दा मानिसहरूले आफ्नो शरीरमा ती पापहरूका नराम्रा असरहरू भोग्नुपर्छ, साथै भविष्यमा न्यायको दिनमा आफ्ना पापहरूको भयानक प्रतिफल भोग्नेछन् ।

**कलस्सी ३ः७ः** मुक्ति पाउनुभन्दा अघि कलस्सीहरू यी पापहरूमा लिप्त थिए । अनि पावलले यहाँ उनीहरूलाई उनीहरूको अघिको चाल याद दिलाउँछन् । परमेश्वरलाई धन्यवाद होस्ः उहाँको अनुग्रहले उनीहरूको जीवनमा ठाउँ पायो, र उहाँले उनीहरूलाई उनीहरूको अशुद्धताबाट छुटकारा दिनुभयो । ख्रीष्टको रगतले उनीहरूको बितेको जीवन ढाकिदियो । उनीहरूसँग अहिले एउटा नयाँ जीवन छ; अनि त्यस

नयाँ जीवनले उनीहरूलाई परमेश्वरको निम्ति जिउने शक्ति दिएको छ। गलाती ५ : २५ पद पढ्नुहोस्, जहाँ यसो लेखिएको छः *'यदि हामी आत्मामा जिउँछौं भने आउनुहोस्, हामी आत्मामा हिँड़ौं !'*

**कलस्सी ३ : ८ :** येशूको रगत – यत्रो दाममा उनीहरूको छुटकारा भएको हो। तब उनीहरूले मैला लुगासरह यी पुराना पापका कुराहरू फाल्नुपर्दैन र ? हो, यी फोहोर कुराहरू उनीहरूले फाल्नुपर्छ। पाँच पदमा प्रेरित पावलले किसिम-किसिमका अपवित्र र अशुद्ध पार्ने पापहरूको सूचि दिएका छन्, र अब तिनले घृणाका दुष्ट पापहरूको सूचि दिन थाल्छन्, जस्तैः

*रिसः* कुनै व्यक्तिलाई देख्नै नमाग्नु, तर उसप्रति वैरभाव र शत्रुता राख्नु, बदलाको भावना लिनु, घृणा गर्नु र कटु भावना राख्नु रिस हो।

*क्रोधः* रिसको आगो क्रोध हो; क्रोध पटटट पड्कन्छ; क्रोध निष्ठुर हुन्छ।

*द्वेषः* द्वेष एउटा दुष्ट व्यवहार हो; किनभने अर्को अहित चित्ताउने, अर्कोको हानि-नोक्सानी, मानहानि गर्न चाहने, अरूले दुःख पाएका देख्ने अनुचित रुचि राख्ने र अरूको दुःखमा रमाउने झुकाउचाहिँ द्वेष हो।

*निन्दाः* अपशब्द चलाउनु, गाली दिनु र दुर्वचन बोल्नु निन्दा गर्नु हो। अनि निन्दा सधैं कसैको विरोधमा गरिन्छ। छाड़ा मुखको नमीठो बोलीको तिक्त अनुभव कसले नगरेको होला ? गालीको कटु, निर्लज्ज शब्द खानु कति दुख्छ, आफ्नै हो !

*फोहोर बोलीः* यो त लाजले भुतुक्क पार्ने कुरा बोल्नु हो। जे अश्लील, जे अशिष्ट, जे असभ्य, जे भ्रष्ट र अनैतिक छ, त्यो कुरा फोहोर बोली बोल्नेले मुखमा लिन्छ। यो अपकीर्ति गर्ने मानिसको अशुद्ध भाषा हो।

यहाँ यस सूचिमा प्रेरित पावलले कुभावनाहरूबाट कुरा शुरु गरेर कुकर्महरूमा कुरा टुङ्ग्याएका छन्। किनभने तीतोपना पहिले मानिसको

हृदयभित्रबाट शुरु हुन्छ, र पछि रिस, क्रोध, द्वेष, निन्दा र फोहोर बोलीमा प्रकट हुन्छ ।

**कलस्सी ३ः९ः** यस पदमा प्रेरित पावलले भन्न खोजेको तात्पर्य यो होः 'तिमीहरूको आचरण तिमीहरूको ठहरअनुसार भएको होस् !' अर्थात् 'तिमीहरूले त्यस पुरानो आचरणअनुसारको मानिसलाई निकालिदिएका छौ; यसकारण झूट बोल्न छोड़ेर व्यावहारिक तौरले त्यस पुरानो मानिसको अचारण फालिदेओ !' झूट बोल्नु पुरानो मानिसको अवगुण हो; यसकारण परमेश्वरको छोराछोरीको जीवनमा झूट बोल्ने ठावैं हुँदैन, झूट बोल्ने औठहरूलाई हामीले कुनै ठाउँ दिनुहुँदैन । दैनिक दिनमा सत्य बङ्ग्याउने खतरा सधैं जारी रहेको छ । आइ. टी.-फार्ममा आय कम्ती देखाउने, स्कूलको कुनै परीक्षामा चिट चोर्ने, कुनै कुरामा बढ़ाइचढ़ाइ गर्ने आदि परीक्षाहरूमा पर्नु सजिलो पर्छ । तर झूटो साक्षी दिएर र मिथ्या अभियोग लगाएर कसैलाई चोट पुर्‍याउँदा झूट बोल्नु दोब्बर खतरनाक र झन् जोखिमपूर्ण हुन जान्छ । अनि कुनै बहाना गरेको विषयमा कसो हो ? के यो छलको व्यवहार होइन ?

**कलस्सी ३ः१०ः** पुरानो मानिसलाई फाल्नु मात्र पुग्दैन; हामीले नयाँ मानिसलाई पनि धारण गरेका छौं । अनि त्यो नयाँ मानिस ज्ञानमा नयाँ हुँदै जान्छ र त्यसलाई सृजना गर्नुहुनेको रूप लिन्छ । पुरानो मानिस भन्नाले हामी आदमका सन्तान भएको नाताले हामी जेजस्ता थियौं, त्यो सब, अँ, हाम्रो पापी स्वभाव समेत बुझिन्छ । ठीक त्यस्तै, नयाँ मानिसले चाहिँ परमेश्वरको सन्तान भएको नाताले हाम्रो नयाँ आत्मिक ठहर सङ्केत गर्छ । हाम्रो नयाँ जन्म भयो भने हामी एउटा नयाँ सृष्टि भयौं । अनि यस नयाँ सृष्टिसित परमेश्वरको लक्ष्य र उद्देश्य के हो त ? त्यो नयाँ मानिस बढ्नैपर्छ, सधैं बढ़िरहनुपर्छ र प्रभु येशू ख्रीष्टको रूपमा परिवर्तन हुँदै जानुपर्छ । जहाँसम्म हामी आइपुगेका छौं, जुन सफलता हामीले प्राप्त गरेका छौं, त्यसमा हामी सन्तुष्ट हुनुहुँदैन, तर त्यहाँदेखि हामी सधैं अघि बढ्नुपर्छ र मुक्तिदाता प्रभुको समानतामा आइपुग्ने कोशिश गर्नुपर्छ । उहाँ हाम्रो उच्च उदाहरण र नमुना हुनुहुन्छ; उहाँ हाम्रो जीवनको नाप र मापदण्ड

हुनुहुन्छ। एक दिन, चाँड़ै हामी ख्रीष्टको न्यायआसनको सामु उभिनेछौं, र हाम्रो न्याय हुनेछ। अरूको तुलना हाम्रो जीवन असल-खराब हुने हिसाबले होइन, तर प्रभु येशूको जीवनसित हाम्रो जीवन कति मिलेको छ, सो सम्बन्धमा हाम्रो जाँच हुनेछ।

> 'हाम्रा शरीरहरूको आकारबाट परमेश्वरको रूप देखिँदैन, तर नयाँ भएको मन र हृदयबाट देखिन्छ। पवित्रता, प्रेम, नम्रता, विनीतता, दया देखाएर र पापको क्षमा दिएर हामीबाट परमेश्वरको चरित्र देखा पर्छ। यी गुणहरू ईश्वरीय सद्‌गुणहरू हुन्।'
>
> स्क्रिप्चर यूनियनको दैनिक टिप्पणी

**कलस्सी ३ः११ः** जुन नयाँ सृष्टिको विषयमा प्रेरित पावलले कुरा गर्दै आएका छन्, त्यस नयाँ सृष्टिमा ग्रीक वा यहूदी, खतना वा बेखतना, अन्यभाषी वा सिथियावासी, दासदासी वा स्वतन्त्र मानिस भन्ने भेद रहँदैन, तर ख्रीष्टचाहिँ सबै कुराहरू हुनुहुन्छ, अँ, सबैमा हुनुहुन्छ। हाम्रो जाति, धर्म, संस्कृति, नागरिकता र सामाजिक स्तरको केही पर्बाह छैन। परमेश्वरको दृष्टिमा सबै ख्रीष्ट-विश्वासीहरूको ठहर र स्तर एउटै हो। यसकारण स्थानीय मण्डलीको सङ्गतिमा पनि हामीले त्यही दृष्टिकोण अपनाउनुपर्छ।

यसो भनेपछि हामी यो पनि भनिहालौंः मण्डलीमा कति भिन्नताहरू रहिरहन्छन्। वरदानअनुसार कुनै भाइ सुसमाचार-प्रचारक, अर्को भाइ पास्टर र तेस्रो भाइ शिक्षक हुन्। कोही दाजुभाइहरू मण्डलीका एल्डर, र अरूचाहिँ डिकन हुन्। यी विशेषता र भिन्नताहरू सबै मेटिए भन्ने कुरा यस पदले अवश्य सिकाउँदैन।

संसारमा हुने भिन्नताहरू सबै मेटिए भन्ने कुरा यस पदले पनि सिकाउँदैन। यो साँचो होइन। किनभने ग्रीक र यहूदी मानिसहरू छँदैछन्। ग्रीक भन्नाले हामीले सामान्य अर्थमा अन्यजातिको मानिस बुझ्नुपर्छ। संसारमा खतना भएका मानिसहरू र बेखतना भएका मानिसहरू छँदैछन्। यहूदी-जाति र अन्यजातिहरूको बीचमा भिन्नता राख्न नयाँ नियममा प्रायः

यी दुईवटा शब्द प्रयोग गरिएका छन्। तर यहाँ यसको सन्दर्भ खतनाको विधि हुन सक्छ, जुन विधि यहूदीहरूले मान्थे र अन्यजातिहरूले पूरा तिरस्कार गर्थे।

संसारमा अन्यभाषी र सिथियावासी छँदैछन्। अन्यभाषी असभ्य मानिस हो। अनि सिथियावासी झन् असभ्य मानिस हो। यी दुई किसिमका मानिसहरूको भिन्नता सभ्य र असभ्य होइन, तर असभ्य र झन् असभ्य हो। किनभने सिथियावासीहरू सबैभन्दा असभ्य जाति मानिन्थे, जसको व्यवहार साह्रै जङ्गली र अति नै बर्बर हुन्थ्यो।

संसारमा दासदासी र स्वतन्त्र मानिसहरू छँदैछन्। यहाँ प्रस्तुत गरिएको अन्तिम भिन्नता यही हो। रोमी नागरिकको रूपमा जन्मिएको हरेक मानिस स्वतन्त्र मानिस हुन्थ्यो, जो कसैको बन्धनमा जिउन परेको थिएन।

अबदेखि उसो ख्रीष्ट-विश्वासीहरूका निम्ति संसारमा कायम राखिएका यी भिन्नताहरूमा महत्त्व छैन। ख्रीष्ट येशू उनीहरूको सबको सब गनिनुहुन्छ। ख्रीष्ट-विश्वासीको निम्ति उहाँ सर्वस्व हुनुहुन्छ; अनि उहाँ उसको जीवनको सबै कुरामा हुनुहुन्छ, र हुनुपर्छ। उहाँ ख्रीष्ट-विश्वासीको जीवनको केन्द्र हुनुहुन्छ र उहाँ उसको जीवनको घेरा र सीमा पनि हुनुहुन्छ।

बिशप रायलले यस तथ्यको शक्तिशाली परिभाषा यस प्रकारले गरेका छन्ः

> ‘ख्रीष्ट सर्वस्व हुनुहुन्छ – यी तीनवटा शब्दहरूमा इसाई-विश्वासको सार-तत्त्व प्रस्तुत गरिएको छ। धन्य त्यो मानिस, जसको हृदयले यो सार-तत्त्व सहर्षसाथ स्वीकार गर्छ; उसको आत्मा सुखी हुन्छ। ... धेरैजनाले आफ्नो विश्वासमा ख्रीष्टलाई कुनै स्थान त दिन्छन्, तर परमेश्वरले उहाँको निम्ति निर्धारित गर्नुभएको ठाउँचाहिँ होइन। तिनीहरूका निम्ति ख्रीष्ट येशू सबको सब हुनुहुन्न। तिनीहरूले मण्डली र ख्रीष्टमाथि भरोसा गर्छन्, अँ, मण्डलीका पवित्र विधिहरू र ख्रीष्टमाथि, मण्डलीका अभिषेक गरिएका धर्माधिकारीहरू र ख्रीष्टमाथि, आफूले गरेको पश्चात्ताप र ख्रीष्टमाथि, आफ्नो भलाइ र ख्रीष्टमाथि, आफ्ना

प्रार्थनाहरू र ख्रीष्टमाथि, अथवा आफ्नो इमानदारी र उपकारिता अनि ख्रीष्टमाथि भरोसा गर्छन्। वास्तवमा तिनीहरू आफ्नो आत्माको मुक्तिका निम्ति यी कुराहरूमाथि भर पर्दा रहेछन्; तिनीहरूको व्यवहारबाट यो स्पष्ट बुझिन्छ।' [19)]

**कलस्सी ३:१२:** पावलले दस पदमा के भनेका छन् भने, हामीले नयाँ मानिसलाई धारण गरेका छौं। अब तिनले केही तरिकाहरू प्रस्तुत गर्छन्, जुन तरिकाहरू दैनिक जीवनमा अपनाएर त्यो कुरा व्यावहारिक तुल्याउन सकिन्छ।

तर पहिले, तिनले यी कलस्सी विश्वासीहरूलाई 'परमेश्वरका चुनिएका' भनेर सम्बोधन गर्छन्। परमेश्वरका चुनिएकाहरूचाहिँ उहाँद्वारा संसारको उत्पत्तिभन्दा अघि ख्रीष्टमा चुनिएका हुन्। ईश्वरीय प्रकाश-अन्तर्गत जति रहस्यहरू छन्, ती रहस्यहरूमध्ये 'परमेश्वरको अनुग्रहद्वारा उहाँको छान्ने काम' पनि एउटा हो। हाम्रो विश्वास छ, कि पवित्र धर्मशास्त्र बाइबलको शिक्षाअनुसार परमेश्वरले आफ्नो सर्वाधिकारमा कति मानिस-हरूलाई ख्रीष्टको हुनका निम्ति चुन्नुभएको छ। तर उहाँले कसैलाई नाश हुनका निम्ति छान्नुहुन्न। त्यस प्रकारको धारणा पवित्र धर्मशास्त्रको ठीक विपरीत धारणा हो।

तर जसरी परमेश्वरको अनुग्रहद्वारा उहाँको छान्ने काम हुन्छ, ठीक त्यसरी नै मुक्ति पाउनुमा मानिसको जिम्मेवारी पनि छ। परमेश्वरले मुक्ति पाउन नचाहने कुनै पनि मानिसलाई बचाउनुहुन्न। पवित्र बाइबलमा लेखिएको छः *'तिमी परमेश्वर पिताको पूर्वज्ञानअनुसार चुनिएकाहरू'* (१ पत्रुस १:२); अनि त्यही बाइबलमा *'प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ'* भन्ने कुरा लेखिएको छ (रोमी १०:१३)।

कलस्सीहरू 'पवित्र र प्रिय' पनि थिए; किनभने पावलले उनीहरूलाई यहाँ यसरी सम्बोधन गर्छन्। उनीहरू पवित्र जनहरू थिए, जो ख्रीष्ट येशूमा पवित्र पारिएका थिए, अर्थात् संसारबाट अलग, परमेश्वरका निम्ति अलग पारिएका थिए। ठहरअनुसार हामी पवित्र छौं; अनि व्यावहारिक हिसाबले हाम्रो जीवन र चाल पनि पवित्र हुनुपर्छ। हामी परमेश्वरको प्रेम-

पात्र भएका छौं; यसकारण उहाँको प्रेमले प्रेरित भएर हामी उहाँलाई हर प्रकारले खुशी पार्न चाहन्छौं।

नयाँ वस्त्रझैं धारण गर्नुपर्ने ईश्वरीय सद्गुणहरू ख्रीष्टीय सद्गुणहरू हुन्, जस्तैः कोमल मायाहरू, दया, नम्रता, दीनता, सहनशीलता आदि। कोमल कृपाहरूचाहिँ कोमल र दयालु हृदयबाट उठेको सहानुभूति र हमदर्द हुन्। अनि दया गर्नु भनेको अरू मानिसहरूप्रति निस्वार्थी भावना राखेर तिनीहरूको भलाइ र उपकार गर्नु हो। दयामा स्नेह र शुभेच्छाको भावना प्रकट हुन्छ। नम्रता त्यो दीनता हो, जुन दीनताले गर्दा मानिस आफूलाई होच्याउन र अरूलाई आफूलाई भन्दा श्रेष्ठ ठान्न तयार हुन्छ। दीनताचाहिँ विनीतता हो, कमजोरता होइन। कसले आफूलाई इन्कार गर्न सक्छ? र कसले सबै मानिसहरूप्रति शिष्टाचार, मर्यादा र शालीनता देखाउन सक्छ? के विनीत मानिसले होइन र? उसको शक्ति यसैमा छ।

यस विषयमा श्री वाइनले यसो भनेका छन्ः

> 'जुन मानिस असहाय हुन्छ र जसको कुनै सीप चल्दैन, त्यो मानिस मात्र विनयी हुन्छ भन्ने सर्वमान्य धारणा हो। तर प्रभु येशू नम्र र दीन हुनुहुन्थ्यो; किनकि परमेश्वरका अनन्त स्रोतहरू उहाँको हातमा थिए। स्वाग्रह र स्वार्थ दीनताको ठीक विपरीत, त्योभन्दा ठीक उल्टा कुराहरू हुन्। दीनताचाहिँ माथि-तल केही नहुने, तर सम-चित्त हुने मन हो; किन? किनभने त्यो सद्गुण आफूमा स्वकेन्द्रित हुँदै-हुँदैन।' [20]

नम्रता घमण्डको अभाव हो भने, दीनताचाहिँ आवेगको अभाव हो। अनि सहनशीलताचाहिँ? सहनशीलता रिस उठाइरहेका परिस्थितिहरू सहन सक्ने धीरज हो, अनि आफ्नो विरोधमा अपराध हुँदा त्यो सबै लामो समयसम्म सहन सक्ने दीर्घ-धैर्य, दीर्घ-धीरता हो। सहनशीलतामा आनन्द छ, अरू मानिसहरूप्रति दयालु भावना पनि छ र दुःखकष्टमा संलग्नता देखाउन सक्ने दृढ़ता पनि छ; यी तीनवटा गुणहरू सहनशीलतामा एक भएका छन्।

**कलस्सी ३ः१३ः** *'एक-अर्कालाई सहिदेओ!'* हाम्रा विश्वासी दाजुभाइ-दिदीबहिनीहरूका भूलचूकहरू र अनौठा बानीबेहोराहरू हामीले

सहनुपर्छ, र सहन सक्नुपर्छ। यस पदको माग यही हो। अरू मानिसहरूसँग सँगै बाँचिरहेको बेलामा हामीले तिनीहरूका कमजोरीहरू जानिहाल्छौं। अरू मानिसहरूको व्यक्तित्वका विशेषताहरू सहन सक्नलाई परमेश्वरको अनुग्रहले हामीलाई सक्षम तुल्याउँछ; अनि हाम्रो स्वभावका विशेषताहरू सहनलाई अरूलाई उत्तिकै अनुग्रह चाहिएको छ। तरै पनि हामीले एक-अर्कालाई सहनुपर्छ।

*'कसैले कसैको विरोधमा कुनै दोष दिने कुरा छ भने एक-अर्कालाई क्षमा गर!'* परमेश्वरका जनहरूको बीचमा जति विवादहरू, जति कलहहरू, जति झगड़ाहरू हुन सक्छन्, तीमध्ये कुनचाहिँ एक-अर्कालाई सहेर र एक-अर्कालाई क्षमा गरेर छिटो समाधान हुँदैन होला, मलाई भन्नुहोस्! हाम्रा अपराधिहरूलाई हामीले क्षमा दिनुपर्छ। तर घरिघरि यो गनगन हाम्रो सुनाइमा आएको छः 'म उसलाई किन क्षमा दिऊँ? किनकि अपराध गर्ने उही हो?' हे भाइबहिनीहरूहो, ठीक यही परिस्थितिमा हामीले क्षमा दिनुपर्छ। हाम्रा निम्ति परमेश्वरको आज्ञा यही हो। कसैले पनि हाम्रो विरोधमा अपराध गरेको छैन भने, उसलाई क्षमा गर्नु के दरकार छ? कसुर आफ्नो हो भने हामी गएर क्षमा माग्नुपर्छ। अरू मानिसहरूलाई, तिनीहरूका कमजोरी र गल्तीहरू सहन सक्ने मानिस ठक्कर खाँदैन। चोट लागेको मानिसले क्षमा दिएपछि उसको चोट निको हुन्छ। तब त्यो कुरा किन मनमा राख्ने? आउनुहोस्, हामी एक-अर्कालाई क्षमा गर्न छिटो हौं!

एक-अर्कालाई क्षमा गर्ने सबैभन्दा ठूलो प्रेरणा यसैमा छः *'जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै तिमीहरूले पनि क्षमा गर!'* के प्रभु येशूले हामीलाई हाम्रा पापहरू क्षमा गर्नुभयो? हो, उहाँले कुनै सर्त नराखी हामीलाई क्षमा गर्नुभयो। तब हामी क्षमा गर्ने सर्त कसरी राख्ने? उहाँले हामीलाई सित्तैंमा क्षमा गर्नुभयो। हाम्रो विषयमा कसो हो? उहाँले क्षमा गर्नुभयो र बिर्सनुभयो। हामीले पनि यसरी गर्नुपर्छः क्षमा गरेर एक-अर्काका भूलचूकहरू बिर्सनुपर्छ। आउनुहोस्, हामी एक-अर्कालाई क्षमा गर्ने सम्बन्धमा हाम्रा परमधन्य प्रभुको देखासिकी गरौं! उहाँले सर्तविना,

सित्तैंमा हामीलाई क्षमा गर्नुभयो र हाम्रा अपराधको सम्झना राख्नुहुन्न। हामीप्रति उहाँको मन कति ठूलो छ! अनि हामीचाहिँ? हाम्रो क्षमा दिने काम पनि उदारचित्त र सम्पूर्ण हुनुपर्छ।

**कलस्सी ३:१४:** *'तर यी सबै कुराहरूमाथि प्रेम धारण गर!'* यहाँ प्रेमले बाहिर लाउने लुगाको रूप लिन्छ, र कम्मरपेटीको काम गर्छ। किनकि प्रेमले सबै सद्‌गुणहरू एकसाथ बाँधिदिन्छ। प्रेमविना यी सद्‌गुणहरू सिद्ध हुँदैनन्। जुन कुरा ख्रीष्टीय चरित्र भनिन्छ, त्यस इसाई चरित्रभित्र परेका सबै सद्‌गुणहरू प्रेमले सन्तुलन गर्छ। कुनै व्यक्तिले आफ्नो हृदयमा प्रेम नभएर पनि उक्त सद्‌गुणहरूमध्ये कुनै-कुनै देखाउन सक्छ; यसकारण पावलले प्रेममा जोड़ दिन्छन्। जे हामी गर्छौं, त्यो हामीले साँचो भ्रातृप्रेमको भावनाले गर्नुपर्छ। हाम्रा कामहरू अनिइच्छाको फल हुनुहुँदैन; गनगन गरेर हामीले केही गर्नुहुँदैन; हृदयभरि स्नेह र स्नेह मात्र हुनुपर्छ। गूढ़ज्ञानवादीहरूले ज्ञानमा सिद्धताको बन्धन देख्थे। तर पावलले त्यस धारणाको संशोधन गरेर के भन्छन् भने, 'होइन, होइन! प्रेमचाहिँ सिद्धताको बन्धन हो।'

**कलस्सी ३:१५:** परमेश्वरको शान्तिले हाम्रो हृदयमा निर्णायकको काम गर्नुपर्छ, रेफरी वा खेलपञ्चले जस्तो। कुनै कुराको विषयमा हामीलाई शङ्का छ भने, हामीले आफूलाई सोध्नुपर्छः 'के यसबाट आपसमा मेलमिलाप बढ़्छ?' अथवा 'अघि बढ़ेर त्यो काम पूरा गर्ने सम्बन्धमा के मेरो हृदयमा शान्ति छ?'

प्रभुबाट अगुवाइ खोज्ने बेलामा यस पदको सहायता ठूलो छ। किनभने प्रभु येशूले हामीबाट केही निश्चित कामको आशा राख्नुहुन्छ, तब निश्चय नै उहाँले त्यस सम्बन्धमा हामीलाई शान्ति दिनुहुन्छ। कुनै कुराको विषयमा शान्ति नभएको बेलामा हामी अघि बढ़्नुहुँदैन, त्यस विशेष कामकुरामा हात हाल्नुहुँदैन। यस सिलसिलामा यस्तो नियम लागू हुन्छः 'अगाड़ि बढ़्ने विषयमा अस्पष्ट अगुवाइरूपी अँध्यारो हामीले अघि नबढ़्ने प्रकाश मान्नुपर्छ।'

व्यक्तिगत रूपले होस्, वा स्थानीय मण्डलीको रूपमा होस्, ख्रीष्टको शान्ति उपभोग गर्न हाम्रा निम्ति प्रभुको इच्छा हो। तर यस पदको बाँकी खण्डमा प्रस्तुत गरिएको कुरामा महत्त्व छ; त्यो हामी नभुलौं ! *'... यसैका निम्ति तिमीहरू पनि एउटै शरीरमा बोलाइएका छौ।'* तपाईंले हामीलाई सोध्नुभएको भए हाम्रा निम्ति शान्तिसँग रहन सकिने उपाय अरू सबै विश्वासीहरूको सङ्गतबाट अलग बस्नु हुनेथियो होला। तर परमेश्वरले हामीलाई यसो गर्न दिनुभएन। हाम्रो जीवनको निम्ति यो उहाँको इच्छा र उद्देश्य होइन। *'परमेश्वरले एकलो परेकाहरूलाई परिवारभित्र राख्नुहुन्छ'* (भजन ६८:६)। ख्रीष्ट-विश्वासीहरूका निम्ति स्थानीय मण्डलीहरूमा भेला हुनु परमेश्वरको इच्छा हो। अरू विश्वासीहरूसँग जिउँदाखेरि यसरी बेला-बेलामा हामी आफ्नो धैर्यको सीमा पुग्छौं र हाम्रो धीरता भङ्ग होला; तर यस सम्बन्धमा हामीले याद गर्नुपर्छः हाम्रो जीवनमा कति इसाई सद्‌गुणहरू यस प्रकारले मात्र पैदा हुन्छन्, अरू कुनै उपायले हुँदैन। यसकारण परमेश्वरलाई आफ्नो जीवनमा यी सद्‌गुणहरू विकास गर्ने मौका दिनुहोस्, र आफ्नो स्थानीय मण्डलीप्रति आफ्नो जिम्मेवारी पूरा गर्नुहोस् ! खिचखिच र दिक्दार लागेको बेलामा र आफूलाई रिस उठेको बेलामा हामीले मण्डलीलाई छोड्नुहुँदैन। तर हामी बरु आफ्ना सङ्गी-विश्वासी-हरूसित मिलीजुली रहन सिक्नुपर्छ र हामी वचन र कर्मद्वारा जे गर्छौं, त्यो सबले उनीहरूलाई सहायता गर्नुपर्छ।

*'अनि धन्यवादी होओ !'* पावलका लेखहरूमा फेरि र फेरि स्थायी बोलको रूपमा यो पढ़िन्छ; यसको विशेष कारण हुनुपर्छ। परमेश्वरको आत्माको दृष्टिमा कृतज्ञता धेरै महत्त्वपूर्ण गुण हुनुपर्दो रहेछ। अनि हाम्रो विचारमा यो आफ्नो आत्मिक जीवनको निम्ति मात्र होइन, तर आफ्नो शरीरको स्वास्थ्यका निम्ति पनि अति महत्त्वपूर्ण कुरा हो। किनकि जुन कुरा पवित्र धर्मशास्त्र बाइबलले उहिलेदेखि भन्दै आएको छ, त्यो कुरा डाक्टरहरूले पनि पत्ता लगाइहाले अर्थात् प्रसन्न चित्त र कृतज्ञ मन शरीरको स्वास्थ्यको निम्ति लाभदायक हुन्छ; अनि फिक्रीचिन्ता र डरत्रास गर्ने बानी, रिसका झोकहरू, निराश खाएको उदासी मन र गनगन गर्ने आत्मा

स्वास्थ्यका निम्ति हानिकारक हुन्छन् । धन्यवादी हुनु-नहुनु हामी असल-खराब परिस्थितिको फल ठान्छौं; तर पावलले यहाँ हामीलाई अर्को कुरा भनेका छन्ः यो सद्गुण विकास गर्न सकिन्छ। अनि हाम्रो कर्तव्य धन्यवादी हुनु हो । संसारका सबै मानिसहरूको निम्ति भन्दा हाम्रो निम्ति नै सबैभन्दा बढ़ी धन्यवादी हुने कारणहरू छन् (तपाईंले व्यवस्था ३३ः२९ पदमा हेर्नुहोला ।) कृतज्ञ हुने कारण नभएको हुनाले हामी कृतघ्न भएका छैनौं होला नि ? यो अवगुण हाम्रो हृदयभित्रको स्वार्थको जड़को फल हो । आउनुहोस्, हामी त्यो अवगुण तत्कालै आफ्नो हृदयबाट निकालिदिऔं !

**कलस्सी ३ः१६ः** मूल भाषामा लेखिएको नयाँ नियममा कुनै विराम आदि चिन्हहरू नलगाइएको हुनाले यस पदमा यो विराम-विधान कसरी लगाउनुपर्छ, सो एकमत छैन। तर जुन विराम-विधान अपनाइएको छ, त्यस विधानअनुसार यस पदको अर्थमा अलिक हेरफेर आउँछ। हाम्रो सुझाउअनुसार यस पदको बोल यस प्रकारको हुनु उचित देखिन्छः *'ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्; सारा बुद्धिसित एक-अर्कालाई सिकाओ र सम्झाओ ! भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा आनन्दसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ !'*

यस प्रकारको विराम-विधान अपनाएर यस पदका तीन खण्डहरू निस्कन्छन्, जस्तैः **क)** ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस् ! **ख)** बुद्धिको साथ एक-अर्कालाई सिकाओ र सम्झाओ ! **ग)** भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा सारा आनन्दसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ !

***क)** ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस् !*

ख्रीष्टको वचनको सन्दर्भ ख्रीष्ट येशूको शिक्षा हो, जसरी हामी त्यो शिक्षा पवित्र बाइबलमा अर्थात् नयाँ नियमको पुस्तकमा पाउँछौं । हामीले आफ्नो मन र हृदय उहाँको पवित्र वचनले भिजाउनुपर्छ, पूरा सिँच्नुपर्छ। अनि हामीले वचनप्रति आज्ञाकारी हुन सकभर प्रयास गर्नुपर्छ। हाम्रो हृदयचाहिँ ख्रीष्टको वचनको निम्ति स्थायी घर बन्नुपर्छ।

***ख)*** *सारा बुद्धिको साथ एक-अर्कालाई सिकाओ र सम्झाओ !*

एक-अर्कालाई सिकाउने-सम्झाउने सम्बन्धमा ख्रीष्टमा आफ्ना दाजुभाइ-दिदीबहिनी पर्नेहरूप्रति हरेक ख्रीष्ट-विश्वासीको जिम्मेवारी छ। सिकाउनु भनेको शिक्षा दिनु हो। सम्झाउनु भनेको कर्तव्य के-के हो, सो याद दिलाउनु हो। पवित्र धर्मशास्त्र बाइबलको सम्बन्धमा हाम्रो ज्ञान जेजति छ, त्यो सबै हामीले आफ्ना सङ्गी-विश्वासीहरूसँग बाँड्नुपर्छ। अनि व्यावारिक तौरले होस्, वा आत्मिक सरसल्लाह दिएर होस्, हामीले उनीहरूलाई सकभर सहायता दिन कोशिश गर्नुपर्छ। जब हाम्रो शिक्षा दिने र सम्झाउने काममा बुद्धि लगाइएको हुन्छ, तब त्यो प्रायः बढ़ी ग्रहणयोग्य हुन्छ। हाम्रो बोलीमा शब्दको बल त होला, तर बुद्धि र प्रेमचाहिँ छैन भने हाम्रो आत्मिक खुराक कसले निल्न सक्छ र?

***ग)*** *भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा आनन्दसाथ आफ्ना हृदयहरूमा प्रभुका निम्ति गाओ !*

*भजनः* भजनसङ्ग्रहको पुस्तकमा समावेश गरिएका गीतहरू आत्माको प्रेरणाले दिइएका भजनहरू हुन्। इस्राएलीहरूले परमप्रभुको आराधना गर्दा यी भजनहरू गाउँथे।

*स्तुतिगानः* सर्वमान्य अर्थमा स्तुतिगानहरू पिता परमेश्वरको प्रशंसा वा प्रभु येशू ख्रीष्टको स्तुति गर्ने उपासनायुक्त गीतहरू हुन्, जस्तैः

प्रभु येशू, तपाईंको नामको मिठासले मेरो छाती भरिदिन्छ।
तर अहो, तपाईंको अनुहार देख्न र तपाईंको उपस्थितिमा रहन पाउने
आशा मेरो निम्ति झन् कति मीठो हुनेछ!!

क्लारवोको श्री बेर्नहार्ड

तर यी स्तुतिगानहरू बाइबलका भजनहरू जत्तिकै आत्माको प्रेरणाले रचिएका गीतहरू मानिँदैनन्।

*आत्मिक गीतः* ख्रीष्ट-विश्वासीहरूको अनुभवमा आधारित लेखिएका धार्मिक कविताहरू आत्मिक गीतहरू हुन्। यसका निम्ति निम्न उदाहरणबाट कुरा स्पष्ट हुन्छः

येशू कस्तो प्यारो मित्र, पाप र शोक उठाउनुभयो;
दुःख-सुख ईश्वरकहाँ ल्याउने वरदान हामीलाई कत्रो ! !
कति शान्ति, सुख गुमाउँछौं, कति पीड़ा हुन्छ व्यर्थमा,
किनभने हामी ईश्वरकहाँ ल्याउँदैनौं सब प्रार्थनामा ।
श्री जोसेफ स्क्रिवन

हामीले यी विभिन्न किसिमका भजन, स्तुतिगान र गीतहरू आफ्नो हृदयमा प्रभुका निम्ति गाउनुपर्छ। यहाँ 'अनुग्रहको साथ' भनेको 'कृतज्ञ भएर' वा 'धन्यवादको साथ' हो। ख्रीष्ट-विश्वासीहरू कुन प्रकारको सङ्गीतको प्रभावमा परेका छन्, यसको विषयमा होशियार बस्नुपर्छ र विवेकशील हुनुपर्छ। वर्तमान समयमा इसाई सङ्गीतको नाममा जे भेट्टिन्छ, त्यो साह्रै फिक्का र हल्का छ; त्यसका कति सङ्गीतहरू रद्दी पनि छन् । इसाई सङ्गीतहरूको अधिक भाग पवित्र धर्मशास्त्रको विरोधमा छ, अनि त्यसको झन् ठूलो अंश सांसारिक छ; यस्ता सङ्गीतहरूलाई बरु पप र रक भन्न सुहाउँछ; तर यी सङ्गीतहरू ख्रीष्टको नामका योग्य हुँदैनन् ।

कलस्सी ३:१६ पद र एफेसी ५:१८-१९ पदहरूको बीचमा धेरै कुरा समान छन्। एफेसी ५:१८-१९ पदमा यसो लेखिएको छः *'अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ, तर आत्माले भरपूर होओ ! आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा कुरा गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ र भजन गर !'* कलस्सी ३:१६ पदमा मुख्य भिन्नता यसैमा छः 'आत्माले भरपूर होओ' भन्नुको सट्टामा 'ख्रीष्टको वचनले तिमीहरूभित्र प्रशस्त गरी वास गरोस्' भनिएको छ। अर्को शब्दमा भन्नु हो भने, पवित्र आत्माले भरिनु र परमेश्वरको वचनले भरिनु आनन्दित, उपयोगी र फलवन्त जीवनका निम्ति अनिवार्य कुराहरू हुन् । अनि पवित्र आत्माको भरपूरी परमेश्वरको वचनले सिँचिएको मानिसले मात्र अनुभव गर्न पाउँदो रहेछ। अनि परमेश्वरको वचनको अध्ययन तब मात्र लाभदायक हुन्छ, जब हाम्रो अन्तरात्मा पवित्र आत्माको वशमा र उहाँको नियन्त्रणमा रहिरहन्छ। यसकारण के आत्माले भरिने कुरा

परमेश्वरको वचनले भरिने कुरा एउटै कुरा हो ? जेजस्तो भए पनि, आत्माको भरपूरीचाहिँ सङ्कटको रूपमा हाम्रो जीवनमाथि आइपर्ने रहस्यमय, आवेगपूर्ण अनुभव होइन रहेछ, तर बरु दिन प्रतिदिन पवित्र धर्मशास्त्र बाइबलको वचनरूपी खुराकले अघाउने गरी आफ्नो मन भरिनु, पढ़िएको पाठका वचनहरूको विषयमा मनन गर्नु, वचनप्रति आज्ञाकारी हुनु र वचनको ज्योतिमा चल्नु हुँदो रहेछ ।

**कलस्सी ३ः१७ः** *'अनि वचनमा वा काममा तिमीहरू जे पनि गर्छौ, यी सबै कुराहरू उहाँद्वारा परमेश्वर र पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूकै नाममा गर !'* यस पदले हामी ख्रीष्ट-विश्वासीहरूको चाल जाँच्ने सर्व-समावेशी कसीको काम गर्छ। आजभोलि हाम्रा जवान भाइ-बहिनीहरूको समस्या केमा छ ? तिनीहरूले असल र खराबको बीचमा छुट्ट्याउन सक्दैनन्, तिनीहरूलाई यसो गर्न अति नै गाह्रो पर्छ । यसकारण भाइबहिनीहरूहो, मेरो सल्लाह सुन्नुहोस् र यो पद कण्ठस्थ गर्नुहोस्, आफ्नो मनमा राख्नुहोस् ! र तपाईंहरूका समस्याहरूमध्ये धेरै हल हुनेछन् । किनभने यो पद समस्याहरू हल गर्ने जाबी हो । यस पदको आधारमा हामीले आफूलाई सोध्नुपर्छः के म यो कुरा कि त्यो कुरा प्रभु येशू ख्रीष्टको नाममा गर्न सक्छु कि ? के यसो गरेर उहाँको महिमा बढ़्छ कि ? के मैले गर्न लागेको त्यस कामकुरामाथि उहाँको आशिष रहने आशा गर्न सक्छु कि ? प्रभु येशू फर्केर आउनुहुने बेलामा उहाँले मलाई यस काममा व्यस्त रहेको भेट्टाउनु हुन्छ कि हुँदैन ? याद गर्नुहोस्ः यस कसौटीले दुवै हामीले बोलेको वचन र हामीले गरेको कामको जाँच गर्छ । यस पदमा हामीलाई आदेश गरिएको आज्ञा पालन गर्नुहोस्, र तपाईंको जीवन त्यसका सबै क्षेत्रहरूमा एउटा आदरयोग्य, उच्च जीवन बन्नेछ । ख्रीष्ट-विश्वासीहरूले यो बहुमूल्य कुञ्जी कहिले प्रयोग गर्न सिकून् ? आजदेखि सबै कुराहरू प्रभुका निम्ति र उहाँको नामको महिमाका निम्ति गर्न थाल्नुहोस् !

प्रेरित पावलले *'उहाँद्वारा परमेश्वर र पितालाई धन्यवाद चढ़ाओ !'* भन्ने वाक्य यहाँ फेरि एक पल्ट थपिदिन्छन् । धन्यवाद, अनि धन्यवाद र फेरि पनि धन्यवाद ! ! हे परमेश्वरको अनुग्रहद्वारा मुक्ति पाएकाहरूहो, तपाईंहरूको निरन्तर कर्तव्य र नित्यकर्म धन्यवाद चढ़ाउनु हो । हे भाइ-

बहिनीहरूहो, जसको भाग्य स्वर्ग नै हो, परमेश्वरलाई धन्यवाद चढ़ाउनुहोस्, हो, धन्यवाद चढ़ाउनुहोस् !

## ख) कलस्सी ३ः१८-४ः१ः इसाई परिवारका सदस्यहरूलाई सुहाउँदो व्यवहार के-कस्तो छ ?

अबचाहिँ पावलले इसाई परिवारका सदस्यहरूलाई केही आदेशहरू दिन थाल्छन् । यो खण्ड कलस्सी ४ः१ पदसम्म जान्छ । पहिले पत्नीहरू र पतिहरूका निम्ति तिनको सल्लाह छ, त्यसपछि छोराछोराहरू र तिनीहरूका बुबाआमाहरूका निम्ति तिनको सल्लाह छ, साथै दासदासीहरू र तिनीहरूका मालिकहरूका निम्ति पनि तिनको छुट्टै सल्लाह छ । पावलले यहाँसम्म प्रस्तुत गरेका गहाकिला विषयहरू छोड़ेर किन र कसरी साधारण पारिवारिक जीवनमा पुगे भन्ने कुरामा कसैलाई ताजुप लाग्न सक्छ । तर यसमा ठूलो महत्त्व छ ।

# इसाई परिवार

इसाई जीवनको सम्बन्धमा परमेश्वरले ख्रीष्टीय परिवारको भूमिकामा ठूलो महत्त्व देख्नुहुन्छ । 'कोक्रो हल्लाउने हातले विश्वमा राज्य गर्छ' भन्ने सुपरिचित उक्तिभित्र एउटा ठूलो सत्यता छ, जुन सत्यता त्यसको सतहमा देखा पर्दैन । परिवार परमेश्वरको रचना हो । अनि जिउन लायकका धेरै कुराहरू कायम राख्ने परिरक्षणको हिसाबले परिवारभित्र राखिएका छन् । अनि घरपरिवारलाई कम्ती र झन् कम्ती ध्यान दिइनाले हाम्रो समाज, हाम्रो सभ्यता र हाम्रो संस्कृतिमा पनि ह्रास आएको-आएकै हुन्छ । तिमोथीलाई लेखिएको पावलको पहिलो पत्रमा आत्मिक गुणहरूको विकास गर्ने सम्बन्धमा दिइएको शिक्षाको विशेष जोड़ पारिवारिक जीवनमाथि रहेको छ; किनभने मानिसले मण्डलीको अगुवा हुने योग्यता परिवारमा प्राप्त गर्नुपर्छ भन्ने कुरा परमेश्वरले ठहराउनुभएको निर्धारण हो । घरपरिवारमा आफ्नो योग्यता देखाउन सक्ने भाइमा मण्डलीको अगुवाको योग्य हुने एउटा मुख्य गुण आएको छ ।

कलस्सी ३:१८-२१ पदको खण्डमा इसाई परिवारको स्थापनाको सम्बन्धमा त्यसका खाँबा मानिएका केही आधारभूत शिक्षाहरू पेश गरिन्छन्। यस खण्डमा अघि बढ्दाखेरि हामीले निम्न नभई नहुने कुराहरूमा ध्यान दिनुपर्छः

**क)** परिवारले हरेक दिन परमेश्वरको भक्ति गर्ने समय निकाल्नुपर्छ। निर्धारित समयमा परिवारका सबै सदस्यहरू पवित्र बाइबलको पठन र प्रार्थनाको निम्ति भेला हुनुपर्छ।

**ख)** परिवारको शिर घरको बुबा हुन्। तिनको हुकुम चल्छ; अनि तिनले बुद्धिमानी र प्रेमसाथ आफ्नो यो कर्तव्य पूरा गर्नुपर्छ।

**ग)** पत्नीले पत्नी र आमाको भूमिका निभाउनुपर्छ। यसर्थ उसले परमेश्वरप्रति र आफ्नो परिवारप्रति प्राथमिकता दिनुपर्छ। सामान्य हिसाबले हेर्नु हो भने, पत्नीले घरदेखि बाहिरको कुनै जागिर नगरेकी राम्रो हुन्छ। तर बाध्यतामा परेको भिन्नै कुरा हो।

**घ)** पति र पत्नीको भक्तिपूर्ण जीवन आफ्ना छोराछोरीहरूको निम्ति तिनीहरूले देखासिकी गर्ने उदाहरण हुनुपर्छ। सबै कुराहरूको सम्बन्धमा पति-पत्नीको बीचमा एकता हुनुपर्छ; अँ, कुन अनुशासन कस्तो परिस्थितिमा अनुकूल र उपयोगी हुन्छ भनेर छोराछोरीहरूको अनुशासन गर्ने सिलसिलामा पनि एक हुनुपर्छ।

**ङ)** परिवारको एकाइ कायम राख्नुपर्छ। कामधन्धामा, समाजमा र ख्रीष्ट येशूका निम्ति गरिने सेवामा हामी चाहिएको भन्दा बढ़ी व्यस्त रहन सक्छौं; यसो हुँदा हाम्रा छोराछोरीहरूले पाउनुपर्ने स्नेह र ममता पाउँदैनन्, पर्याप्त मात्रामा मित्रता, आत्मीयता, शिक्षा र अनुशासन पनि पाउँदैनन्। कुबाटोमा लागेको छोरा वा भड्किएर गएकी छोरीको सम्बन्धमा धेरै बुबाआमाहरूले अफसोसी भई स्वीकार गर्नुपरेको छः *'तपाईंको दास यता-उता व्यस्त रहेको बेलामा त्यो भागेछ'* (१ राजाहरू २०:४०)।

**च)** अब छोराछोरीहरूको ताड़नाको कुरा आयो। यस सम्बन्धमा सुझाउको रूपमा तीनवटा प्रमुख नियमहरू छन्: **क)** रिस उठेको तातो झोकमा कहिल्यै आफ्ना छोराछोरीहरूलाई ताड़ना नदिनुहोस्! **ख)** ताड़ना सधैं उचित हुनुपर्छ, यसमा ओवर गर्नुहुँदैन, हददेखि बाहिर जानुहुँदैन। **ग)** ताड़नाको कारण नबताईकन कहिल्यै अनुशासन नगर्नुहोस्, छोराछोरीहरूलाई दण्ड नदिनुहोस्!

**छ)** *'आफ्नो युवा-अवस्थामा जुवा बोक्न सिक्नु मानिसका निम्ति असल हो'* (विलाप ३:२७)। छोराछोरीहरूले काम गर्न सिक्नुपर्छ; तिनीहरूले जिम्मेवारी उठाउन र आफ्नो काम र व्यवहारको निम्ति जिम्मेवारी लिन सिक्नुपर्छ; तिनीहरूले पैसा चिन्नुपर्छ।

**ज)** इसाई बुबाआमाहरूले निम्न कुरा सबैभन्दा बढ़ी याद गर्नुपर्छः आफ्ना छोराछोरीहरूको निम्ति सांसारिक वा शारीरिक प्रकारले उच्च आकांक्षी हुनुहुँदैन। बुबाआमाहरूले प्रभुको सेवा गर्नु चाहिँ जीवनको सर्वोच्च लक्ष्य हो भन्ने कुरा निरन्तर आफ्ना छोराछोरी-हरूको सामु राख्नुपर्छ। किनभने हुन सक्छ, तपाईंका छोरा-छोरीहरूमध्ये कसैले पूर्णकालीन सेवकाइ गर्ने अवसर पाउँला, मिशनरी बन्ला। हुन सक्छ, कति छोराछोरीहरूले कुनै पेशा अपनाएर नै प्रभुको सेवा गर्लान्। जेजस्तो भए पनि, तिनीहरूको जीवनमा प्रभुको कामले प्राथमिकता पाउनुपर्छ। चाहे घरमा होऔं, चाहे काममा, अथवा हामी जहाँ पनि किन नहोऔं, हामी मुक्तिदाता प्रभुका प्रतिनिधि हौं भन्ने कुरा हामीले कहिल्यै भुल्नुहुँदैन। हामीले बोलेको हाम्रो हरेक शब्द र हामीले गरेको हाम्रो हरेक काम उहाँको योग्य हुनुपर्छ र उहाँको नियन्त्रणमा बोलेको र गरेको हुनुपर्छ।

**कलस्सी ३:१८:** यस सिलसिलामा प्रेरित पावलले दिएको पहिलो आदेश पत्नीहरूको निम्ति हो। *'हे पत्नीहरूहो, आफूलाई आ-आफ्ना पतिको अधीनतामा सुम्प ! किनकि प्रभुमा यो उचित छ।'* परमेश्वरको योजनाअनुसार पतिचाहिँ घरको शिर हुन्। अनि पत्नीले आफ्नो पतिको अधीनतामा आफ्नो स्थान ग्रहण गर्नुपर्छ। उसले परिवारमा अधिकार चलाउन, पतिलाई दमन गर्न र परिवारलाई अगुवाइ गर्न पाउँदिन, तर हरेक कुरामा ख्रीष्ट येशू आफ्ना प्रभुप्रति सधैं निष्ठावान् रहेर आफ्नो पतिको अगुवाइमा चल्नुपर्छ। कारणवश यस्ता परिस्थितिहरू पनि आउलान्, जब पत्नीले पतिको आदेश पालन गर्न सक्दिन; नत्र ता ऊ प्रभुप्रति विश्वासी रहन सक्दिन। यस्तो अवस्थामा ऊ प्रभु येशूप्रति आज्ञाकारी रहनुपर्छ। कसैको पछाड़ि परेको पति पनि होलान्; तब के गर्ने ? यस पदको सुझाउअनुसार पत्नीले आफ्नो पतिलाई घरमा आफ्नो भूमिका निभाउनुमा सहायता गर्नुपर्छ। तर ऊ बढ़ी ज्ञानी र बाठी भएकीले उसले आफ्नो पतिको ठाउँ ओगट्नुहुँदैन।

**कलस्सी ३:१९:** यस विषयमा तपाईंले परमेश्वरको वचनको सुन्दर सन्तुलन याद गर्नुहोला। प्रेरित पावलले केवल पत्नीहरूलाई आदेश गरेर कुरा टुङ्ग्याउँदैनन्, तर तिनले अहिले पतिहरूलाई पनि तिनीहरूको जिम्मेवारी अवगत गराउँछन्। *'हे पतिहरूहो, आ-आफ्ना पत्नीलाई प्रेम गर, र उनीहरूप्रति तीता नबन !'* पति-पत्नीले यी सरल आदेशहरू शिरोपर गरेका भए अर्थात् पत्नी आफ्नो पतिको अधीनतामा रहेर र पतिले आफ्नी पत्नीलाई प्रेम गरेर दाम्पत्य जीवनका धेरै समस्याहरू आफैआफ हल हुनेथिए, र प्रभुमा परिवारहरू बढ़ी सुखी हुनेथिए। अनि कुनचाहिँ पत्नी होली, जसले आफूलाई उसलाई साँचो प्रेमले प्रेम गर्ने पतिको अधीनतामा सुम्पँदिन ? अनि यस सम्बन्धमा यो पनि याद गरौं: पत्नीलाई आज्ञाकारी तुल्याउने आदेश पतिलाई दिइएको छैन। अनाज्ञाकारी पत्नी पतिका निम्ति प्रभुको सामु ल्याउने प्रार्थनाको विषय पो हो; किनभने आफूलाई पतिको अधीनतामा सुम्पने कुरा पत्नीको स्वेच्छाको फल हुनुपर्छ; प्रभुमा त्यो उचित छ।

**कलस्सी ३ः२०ः** छोराछोरीहरूका निम्ति पावलको अर्ती यस प्रकारको छः *'हे छोराछोरीहरूहो, सबै कुराहरूमा आफ्ना बुबाआमाको आज्ञापालन गर; किनकि यस कुराले प्रभुलाई साह्रै खुशी तुल्याउँछ।'* सबै युगहरूमा परिवारहरूको अस्तित्व दुईवटा नियमहरूले कायम राखेका छन्ः अधिकार र आज्ञापालन, अर्थात् आफ्ना छोराछोरीहरूमाथि बुबा-आमाहरूको अधिकार र बुबाआमाहरूप्रति छोराछोरीहरूको आज्ञापालन अनिवार्य नियम हुन्। अनि यहाँ छोराछोरीहरूको आज्ञाकारिताको कुरा गरिएको छ, जुन आज्ञाकारिता सबै कुराहरूमा हुनुपर्छ; परमेश्वरको आज्ञाको माग यही हो। तिनीहरूको आज्ञापालनचाहिँ मन परेका कुरा-हरूमा गरिने र मन नपरेका कुराहरूमा नगरिने कुरा होइन।

विश्वास गर्ने छोराछोरीहरू जसका बुबाआमाहरूले मुक्ति पाएका छैनन्, तिनीहरूको परिस्थिति अर्को छ, अप्ठ्यारो छ। तिनीहरूले प्रभुप्रति विश्वासी रहने इच्छा गर्दा-गर्दै आफ्ना बुबाआमाका माग र आदेशहरू छँदैछन्; तब तिनीहरू धर्मसङ्कटमा पर्छन्। यस विषयमा हाम्रो राय यस्तो छः सर्वमान्य हिसाबले तिनीहरूले आफ्ना बुबाआमाहरूको आदर र सम्मान गर्नुपर्छ; तब परमेश्वरले तिनीहरूको पक्ष लिनुहुन्छ र तिनीहरूको कदर गर्नुहुन्छ। बुबाआमासँग रहुन्जेल छोराछोरीहरूले बुबाआमाका आज्ञा मान्नैपर्छ। यो तिनीहरूको सुनिश्चित कर्तव्य हो। तर तिनीहरूले ख्रीष्ट येशूको शिक्षाको विरोधमा केही गर्नुपरेमा यस कर्तव्यबाट छुट पाएका छन्। तर प्रायः यस्तो परिस्थिति कम आउँछ। ठिक्कै छ, तिनीहरूलाई मन नपरेका कामहरू गर्न घरिघरि अह्राइन्छ होला, तर जबसम्म कुनै कुरा पाप हुँदैन, खराब हुँदैन, तबसम्म तिनीहरूले त्यो कुरा प्रभुका निम्ति गरेझैं गर्नुपर्छ। यस प्रकारले तिनीहरूले आफ्ना बुबाआमाको सामु एउटा असल गवाही कायम राख्छन् र यसरी नै बुबाआमालाई प्रभुमा ल्याउन कोशिश गर्न सठीक तरिका देखिन्छ।

**कलस्सी ३ः२१ः** *'हे बुबाहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाओ, नत्र तिनीहरू निराश हुन्छन्।'* छोराछोरीहरूको रिस नउठाउने आज्ञा आमाहरूलाई होइन, तर बुबाहरूलाई दिइएकोमा हामीले अचम्म मान्नुपर्दैन; किनभने उनीहरू यस प्रकारको गल्ती गर्ने खतरामा पर्नु बढ़ी

सम्भव हुन्छ। आमाहरूले छोराछोरीहरूलाई पुलपुलाउने डर हुन्छ, श्री विलियम केल्लीको विचारअनुसार आमाहरूलाई यसको सम्भावना बढ़ी हुन्छ।

**कलस्सी ३ः२२ः** अब दासदासीहरूको कुरा आयो। यस पददेखि यस अध्यायको अन्तसम्म परमेश्वरको आत्माले दासदासीहरूलाई आदेश दिनुहुन्छ। नयाँ नियमको कति खण्डहरूमा ध्यान तिनीहरूलाई दिइएकोमा हामीलाई अचम्म लाग्छ। यो अर्थहीन छैन। किनभने यसरी नै, मानिसको सामाजिक स्तर जति निम्न किन नहोस्, परमेश्वरको वचनप्रति विश्वासयोग्य रहेर दासदासी पनि इसाई जीवनको सर्वोच्च स्तरमा आइ-पुग्न सक्दो रहेछ भन्ने कुराको विषयमा हामीलाई बोध दिलाइएको छ। हुन सक्छ, यसबाट परमेश्वरको पूर्वज्ञानको एक झलक मिल्छ होला; किनकि उहाँले अघिबाट जान्नुभएको छ, कि परमेश्वरका जनहरू प्रायः अधिकारी-वर्गबाट आएकाहरू होइनन्, तर साधारण स्तरका, साधारण काम गर्ने मानिसहरू हुन्। याद रहोस्ः नयाँ नियममा देश-देशका शासकहरूलाई एकदम थोरै शिक्षा दिइएको छ, तर अरू मानिसहरूको सेवामा समर्पित भएका व्यक्तिहरूका निम्ति परमेश्वरबाट सल्लाह र अर्तीहरू धेरै छन्।

पावलको जमानामा दासदासीहरूलाई कुनै वास्ता गरिँदैनथियो। यसकारण नयाँ नियमका पत्रहरूमा दासदासीहरूलाई यत्रो स्थान र ध्यान दिइएकोमा शुरुका ख्रीष्ट-विश्वासीहरूलाई कति घत लागेको, कति असाधारण लागेको हुनुपर्छ!? तर परमेश्वरको अनुग्रह कहाँसम्म झुक्न तयार हुन्छ, यसबाट छर्लङ्ग देखिन्छ; किनभने निम्न दर्जाका मानिसहरू उहाँको अनुग्रहबाट वञ्चित गरिएका छैनन्। यस विषयमा श्री सी. एच. म्याकिन्तोशले यस प्रकारको टिप्पणी गरेका छन्ः

> ‘दासदासीहरू परमेश्वरको सेवा गर्नदेखि वञ्चित गरिएका छैनन्; परमेश्वरप्रति निष्ठावान् भई उनीहरूले आफ्नो कर्तव्य पूरा गरेर नै सुचमाचारको शिक्षाको शोभा बढ़ाउन सक्छन् र परमेश्वरको महिमा गर्न सक्छन्।’

*'हे दासदासीहरूहो, जो शरीरअनुसार तिमीहरूका मालिकहरू हुन्, सबै कुराहरूमा उनीहरूको आज्ञापालन गर!'* यी मालिकहरू केवल शरीरअनुसार दासदासीहरूका मालिकहरू थिए। उनीहरूका निम्ति यो कति दयालु स्मरण भएको थियो होला। उनीहरूका मालिक अर्को पनि हुनुहुन्थ्यो, उनीहरूका सर्वोच्च मालिक हुनुहुन्थ्यो, जसले आफ्ना छोरा-छोरीहरूमध्ये सबैभन्दा नगण्य र तुच्छलाई अनि उसप्रति गरिएको हरेक असल-खराब व्यवहार देख्नुहुन्छ। दासदासीहरू मानिसहरूलाई खुशी पार्ने गरी तिनीहरूको आँखाको अघि मात्र सेवा गर्नेहरू हुनुहुँदैन। तर उनीहरूले परमेश्‍वरको डर मानेर हृदयको सच्चाइको साथ काम गर्नुपर्छ। (उत्पत्ति २४:३३ पदमा त्यसको असल उदाहरण छ; यस पदमा पढ़ेर हेर्नुहोला।) थिचोमिचोमा परेको दासदासीका निम्ति मालिकले नहेरेको बेलामा काममा ढिलो-सुस्त हुन स्वाभाविक हो। तर इसाई दासदासीले उसका मालिकले उसलाई सधैं हेरिरहनुहुन्छ भन्ने कुरा याद गर्छ। यसकारण यस पृथ्वीमा उसका परिस्थितिहरू तिक्त र पिरा भए पनि उसले प्रभु येशूका निम्ति गरेझैं विश्‍वासयोग्यतासाथ काम गरिरहन्छ। हृदयको सच्चाइको साथ काम गर्नु भनेको प्रभुलाई खुशी पार्ने गरी काम गर्नु हो; अनि त्यो उसको एकमात्र मनसाय हो। उसको काम गर्ने अभिप्राय विशुद्ध छ।

कसैलाई यो अनौठा लाग्न सक्छ, तर नयाँ नियममा दासप्रथाको विरोधमा केही लेखिएको छैन, त्यसलाई निषेध गरिएको पनि छैन। किनकि सुसमाचारले समाजका प्रथाहरू पल्टाउने क्रान्तिहरू अपनाउँदैन। तर जहाँ-जहाँ सुसमाचार पुग्छ, त्यहाँ-त्यहाँ त्यसले दासप्रथा जरैसित उखेलेको छ, पूरा हटाइदिएको छ। तब हाम्रा निम्ति यी आदेश र अर्तीहरूको के काम छ? तिनलाई हामीले काम नलाग्ने ठान्नुहुँदैन। किनकि यहाँ, यस खण्डमा जे लेखिएको छ, त्यो सबै कुरा काम दिने मालिकहरू र काम लिने कामदारहरूमा लागू हुन्छन्।

**कलस्सी ३:२३:** *'अनि तिमीहरू जे गर्छौ, त्यो सब मानिसहरूका निम्ति गरेझैं होइन, तर प्रभुका निम्ति गरेझैं तनमनले गर!'* प्रभुको सेवामा र जीवनको हरेक क्षेत्रमा मानिसहरूलाई दिक्क लाग्ने दिक्दार

कामकुराहरू धेरै हुन्छन्। अनि यस प्रकारको कामबाट कसले तर्कने कोशिश गर्दैन र? तर यस पदको शिक्षा अर्को छ; यसको महत्त्वपूर्ण पाठ सुन्नुहोस् र सिक्नुहोस्! प्रभुका निम्ति गरेर नै सबैभन्दा सानो, तुच्छ कामको गौरव र इज्जत बढ्छ। यस अर्थमा खास पवित्र मानिएको काम र सांसारिक काम छुट्टिँदैन; सबै कामहरू उस्तै पवित्र हुन्। अनि स्वर्गमा हाम्रो इनाम हामी कति प्रतिष्ठा थियौं वा हाम्रो सफलता कति ठूलो थियो, त्यसअनुसार दिइनेछैन। हाम्रा प्रतिभाहरूअनुसार वा हाम्रा सुअवर-हरूअनुसार पनि इनाम दिइनेछैन। तर हाम्रो विश्वासयोग्यता इनामको योग्य गनिनेछ। त्यस दिनमा ती अपरिचित व्यक्तिहरूको इनाम ठूलो हुनेछ, जुन व्यक्तिहरूले प्रभुका निम्ति गरेझैं आफ्ना कामहरू पूरा विश्वासयोग्यताको साथ गर्ने गर्थे। यसकारण होला, थाल-कचौराहरू र भान्साका सबै भाँड़ाकुँड़ाहरू माझिने ठाउँदेखि मास्तिर प्रायः 'जसो-तसो होइन, तर हामी खुशीसाथ गरौं' र 'यहाँ, यस ठाउँमा दिनमा तीनै पल्ट प्रभुको सेवा गरिन्छ' भन्ने टुक्का टाँसिएको देखिन्छ।

**कलस्सी ३:२४:** प्रभु येशूले सबैजनाको र सबै कुराहरूको हरहिसाब राख्नुहुन्छ। उहाँका निम्ति गरिने जुनसुकै कामले उहाँको ध्यान आकर्षण गर्छ-गर्छ; यसमा शङ्का छैन। 'परमेश्वरले आफ्नो दयामा मानिसहरूलाई तिनीहरूले देखाएको दयाको निम्ति प्रतिफल दिनुहुनेछ।' संसारमा जस-जसको अधिकारको भाग सानो हुन्छ, उनीहरूले सम्झनु-पर्छः स्वर्गमा उनीहरूको इनाम उनीहरूको अनन्त पैतृक सम्पत्ति हुनेछ। चाहे मण्डलीमा होस्, चाहे घरमा होस् अथवा हाम्रो काम गर्ने ठाउँमा किन नहोस्, हामीलाई मन नपरेको कुनै काम कसैले हामीलाई अह्रायो भने, यो कुरा याद गरौं, अनि हामी गनगन नगरीकन यो काम गरौं, र ख्रीष्ट येशूका निम्ति गवाही बनौं! यसकारण हामी सकेसम्म असल ढङ्गले यो काम र अरू सबै कामहरू पूरा गरौं!

**कलस्सी ३:२५:** यस पदमा पावलले कसलाई ताकेका छन्, सो स्पष्टसँग बताइएको छैन। तर स्वाभाविक तवरले सन्दर्भबाट उठ्ने कुरा एकजना अधर्मी मालिक होलान्, जसले आफ्ना दासदासीहरूलाई

थिचोमिचो गरेका छन् । अथवा यसको प्रसङ्ग एकजना इसाई दासदासी हुन सक्छ, जो अन्यायको व्यवहार सहँदा-सहँदै वाक्कदिक्क भएको छ । पावलले उसलाई यसो भनेको तात्पर्य यस प्रकारको छः 'भाइबहिनीहो, यसको विषयमा चिन्ता नगर ! प्रभुले यसको एक-एक कुरा जान्नुहुन्छ, अनि अन्याय र अत्याचारको लेखा पनि लिनुहुन्छ ।'

हाम्रो विचारमा, मालिकहरूलाई ताकेर-नताकेर पावलले यहाँ विशेष गरी दासदासीहरूलाई ताकेर यसो भनेका छन्; किनकि काममा गरिएको लापरवाही, छलकपट, अल्छीपना र जाँगरमरुवा चाल, साथै अन्य सबै बेइमानीहरूको लेखा लिइन्छ । परमेश्वरसँग कुनै पक्षपात हुँदैन । उहाँ सबै मानिसहरूको मालिक हुनुहुन्छ । अनि मानिसहरूको बीचमा भइरहेका भिन्नताहरू उहाँका निम्ति केही पनि होइनन् । जुन दासले आफ्नो मालिकको सम्पत्ति लुट्छ, (अनि ओनेसिमसले यसो गरेको हुनुपर्छ), त्यस दासले प्रभुलाई त्यसको लेखा दिनुपर्नेछ ।

**कलस्सी ४:१:** यो पद तीन अध्यायसित जोड़िनु तर्कसङ्गत कुरा हो । *'हे मालिकहरूहो, स्वर्गमा पनि तिमीहरूका मालिक हुनुहुन्छ भन्ने जानेर आफ्ना दासहरूसँग उचित र समान व्यवहार गर !'* कामका मालिकहरूले आफ्ना कामदारहरूलाई तिनीहरूको काम सुहाउँदो उचित ज्याला दिनुपर्छ, र तिनीहरूलाई त्यसमा ठग्नुहुँदैन, अँ, तिनीहरूको ज्यालाबाट केही बाँकी राख्नुहुँदैन भन्ने अर्थ यसको मतलब हो । यो कुरा सीधा काम दिने इसाई मालिकहरूलाई भनिएको हो । परमेश्वरले कसैद्वारा गरिबहरूमाथि गरिएको अत्याचार र शोषण घृणा गर्नुहुन्छ । अनि धन कमाउन बेइमानी तरिकाहरू अपनाएर धनवान् भएका मानिसहरूका भेटीहरू उहाँ कुनै हालतमा पनि ग्रहण गर्नुहुन्न । परमेश्वरले तिनीहरूलाई यसो भन्नुहुन्छः 'आफ्नो पैसा आफैसँग राख ! किनकि तिमीले त्यो पैसा जसरी कमाएका छौ, त्यो तरिका मलाई मन पर्दैन' (याकूब ५:१-४) । मालिकहरू अहङ्कारी हुनुहुँदैन; तर तिनीहरूले परमेश्वरको डर मान्नुपर्छ; किनभने तिनीहरूका मालिक स्वर्गमा हुनुहुन्छ । उहाँका सबै चालहरू सठीक र न्यायी हुन्छन् ।

यो खण्ड सिद्ध्याउनुभन्दा अघि एउटा कुरा हामीले आफ्नो ध्यानदेखि छुटिन दिनुहुँदैन; किनभने प्रेरित पावलले हाम्रो दैनिक जीवनका मामुली कुराहरू घरिघरि ख्रीष्ट येशूको प्रभुत्वमनि छन् कि छैनन् भन्ने पारख गर्छन्, जस्तैः

**क)** *कलस्सी ३:१८:* पत्नीले आफूलाई आफ्ना पतिको अधीनतामा सुम्पनुपर्छ; *किनभने प्रभुमा यो उचित छ*।

**ख)** *कलस्सी ३:२०:* छोराछोरीहरूले सबै कुराहरूमा आफ्ना बुबाआमाको आज्ञापालन गर्नुपर्छ, *किनकि यसले प्रभुलाई साह्रै खुशी तुल्याउँछ*।

**ग)** *कलस्सी ३:२२:* दासदासीहरूले जुन सेवा, जुन काम गर्छन्, त्यो सेवा, त्यो काम *परमेश्वरको* डर *मानेर* हृदयको सच्चाइको साथ गर्नुपर्छ।

**घ)** *कलस्सी ३:२३:* दासदासीहरूले जे पनि गर्छन्, त्यो सबै *प्रभुका निम्ति गरेझैं* तनमनले गर्नुपर्छ।

## ग) कलस्सी ४:२-६: ख्रीष्ट-विश्वासीहरूको प्रार्थनाको जीवन कस्तो हुनुपर्छ? अनि उनीहरूको जीवन-चरित्र र बोलीवचनरूपी गवाही कस्तो हुनुपर्छ?

**कलस्सी ४:२:** पावलले परमेश्वरका जनहरूलाई प्रार्थनामा यत्नशील हुनुपर्छ र प्रार्थनामा निरन्तर लागिरहनुपर्छ भन्ने अर्ती दिन कहिल्यै थाकेनन्। स्वर्गमा पुगेपछि प्रार्थनामा बढ़ी समय नबिताएको कुराचाहिँ हामीलाई अफसोस लाग्ने कुराहरूमध्ये एउटा हुनेछ; यसमा कुनै शङ्का छैन। अनि जब हाम्रा प्रार्थनाहरूले कति उत्तरहरू पाए, सो बुझ्नेछौं, तब हामीलाई थकथकी र अफसोस झन् बढ़ी लाग्नेछ।

प्रार्थनाको सम्बन्धमा कति रहस्यमय कुराहरू बुझ्न बाँकी नै छन्, र प्रार्थनाको विषयमा उठेका धेरै प्रश्नहरूका निम्ति हाम्रो दिमागलाई सन्तोष

पार्ने कुनै उत्तर पाइँदैन। तर ख्रीष्ट-विश्वासीले प्रार्थनाका गहन रहस्यहरू बुझ्नुपर्दैन, प्रार्थनाको विश्लेशण र छानबिन पनि गर्नुपर्दैन। उसले साधारण विश्वासले एउटा नानीले झैं गरी प्रार्थना गरिरहनु उसका निम्ति समुचित तरिका ठहरिन्छ; दिमागबाट उठेका शङ्का-उपशङ्काहरू पर जाऊन्! तिनको के पर्बाह?

प्रार्थनामा दृढ़तासाथ लागिरहनुको साथै हामी प्रार्थनामा जागा रहनुपर्छ। झट्टै यहाँ हामीलाई प्रभु येशूको सम्झना आउँछ, जसले गेत्समनीको बगैंचामा आफ्ना चेलाहरूलाई *'जागा रहो र प्रार्थना गर, नत्र तिमीहरू परीक्षामा पर्छौ'* भनेर विन्ती गर्नुभयो। अनि तिनीहरू जागा रहेनन्, तर मस्त निदाए। प्रार्थना गर्दा हामी ननिदाउनका निम्ति जागा रहनुपर्छ; तर मन बरालिनु, अनिच्छा हुनु र चाहिँदो भन्दा बढ़ी काल्पनिक कुरा गर्नुदेखि होशियार हुनुपर्छ। हाम्रो प्रार्थनाको समय लुट्न हामीले कसैलाई र कुनै कुरालाई दिनुहुँदैन (एफेसी ६:१८)।

अनि हाम्रो प्रार्थना धन्यवादको साथ गरिनुपर्छ। हामीले विगत समयमा पाएका प्रार्थनाका उत्तरहरूको विषयमा हामी धन्यवादी हुनुपर्छ; तर हामीले प्रभुबाट अहिलेसम्म उत्तर नपाएका प्रार्थनाहरूको जवाफ पाउनेछौं भन्ने विश्वासको निश्चयतामा उहाँलाई धन्यवाद चढ़ाउन पनि सक्नुपर्छ। श्री गुइ किङले प्रार्थनाको विषयमा यस प्रकारको सुन्दर सार दिएका छन्:

> 'हाम्रो सर्वोत्तम भलाइ परमेश्वरको प्रेमको तीव्र चाहना हो; हाम्रो निम्ति सर्वोत्तम भलाइ उहाँको बुद्धिको परिकल्पना हो; अनि हाम्रो सर्वोत्तम भलाइ गर्न उहाँको शक्ति सम्पूर्ण रूपले सक्षम हुन्छ।' [21)]

**कलस्सी ४:३:** पावलले कलस्सीहरूलाई तिनको निम्ति र रोममा तिनको साथमा भएका प्रभुका सेवकहरूका निम्ति प्रार्थना गरिदिने अनुरोध गर्छन्। अचम्म, झ्यालखानाबाट छुटकारा पाऊँ भन्ने तिनको विन्ती थिएन; तर परमेश्वरले तिनको लागि वचन प्रचार गर्ने ढोका खोलिदिऊन् भन्ने प्रार्थना तिनी गरिमाग्छन्। परमेश्वरले तिनका निम्ति ढोकाहरू खोल्नुपर्छ; प्रेरित पावलको इच्छा यो थियो। यहाँ हाम्रो निम्ति हामीले सिक्नुपर्ने एउटा

महत्त्वपूर्ण पाठ छ। प्रभुको सेवाको नाममा हामी जताततै गएर कतै सेवाको ढोका खोलिन्छ कि भनेर खोजिहिँड्न सक्छौं। तर यस प्रकारको खतराबाट हामी बाँच्नुपरेको छ। किनभने जब प्रभु येशूले हाम्रा निम्ति कुनै ढोका खोल्नुहुन्छ, तब हामी यसमा उहाँको अगुवाइ देख्न सक्छौं र हिम्मतसाथ अघि बढ़ेर हामीलाई दिइएको त्यो मौका छोप्न सक्छौं। तर हामी आफैले आफ्ना निम्ति ढोकाहरू खोल्छौं भने, हामी प्रभुको इच्छा केन्द्रित छौं कि छैनौं, सो निश्चित जान्न सक्दैनौं; अनि प्रभुको सेवाको नाममा हामीले शारीरिक तरिकाहरू अपनाउन सक्छौं। पावलको प्रार्थनाको अनुरोध यस प्रकारको थियोः 'तिनले ख्रीष्टको रहस्य स्पष्ट पार्न सकून् भन्ने हेतुले परमेश्वरले तिनका निम्ति वचन सुनाउने ढोका खोलिदिऊन्।' अनि यसको खातिर तिनी जेलमा थिए।

यस पदमा फेरि एकपल्ट ख्रीष्टको रहस्यको कुरा आयो। ख्रीष्टको रहस्यचाहिँ मण्डलीको विषयमा दिइएको प्रकाश हो, जुन प्रकाशअन्तर्गत एउटा विशेष भाग यो थियोः अन्तजातिहरूलाई ख्रीष्ट येशूमा कुनचाहिँ अंश दिइएको छ, सो भाग यसमा प्रस्तुत गरिएको छ। सुसमाचारमा अन्यजातिहरूका निम्ति एउटा विशेष भूमिका थियो; अनि त्यो भूमिका के हो, सो प्रचारद्वारा प्रकट गर्ने जिम्मेवारी पावलको थियो। जसरी यहूदी मानिसहरूले मुक्ति पाउँछन्, ठीक त्यसरी नै अन्यजातिका मानिसहरूले पनि मुक्ति पाउन सक्छन् भन्ने दाबी गर्न पावलले आँट गर्थे; अनि तिनको यही दाबीले गर्दा यहूदी अगुवा र धर्मनेताहरू तिनलाई पक्रेर कैदीको रूपमा रोममा पठाउन सफल भए।

अनि कोही-कोही पनि छन्, जसले मण्डलीको महान् सत्यतारूपी रहस्यचाहिँ पावल भ्यालखानामा बस्दाखेरि तिनलाई प्रकट गरियो भन्ने कुरा सिकाउने गर्छन्। यसकारण तिनीहरूले भ्यालखानामा लेखिएका पावलका पत्रहरूमा बढ़ी महत्त्व दिन्छन्; यसो गर्दा तिनीहरूले सुसमाचारका चार पुस्तकहरू र नयाँ नियमका अन्य पत्रहरू बेवास्ता गरेको देखिन्छ। तर पावलले यो रहस्य प्रचार गरेको हुनाले तिनी भ्यालखानामा हालिए भन्ने कुरा यस पदबाट स्पष्ट बुझिन्छ। यसकारण तिनी

झ्यालखानामा बस्नुभन्दा अघि कुनै समयमा तिनलाई यो रहस्य प्रकट भएको हुनुपर्छ।

**कलस्सी ४ः४ः** *'... र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी नै म यो प्रकट गर्न सकूँ।'* त्यो रहस्य प्रकट गर्न पावल पूरा उत्साहित थिए। तिनले प्रचार गरेको कुरा सुस्पष्ट हुनुपर्छ, तब मानिसहरूले छर्लङ्ग बुझ्नेछन्। हरेक ख्रीष्ट-विश्वासीको इच्छा र चाहना यही हुनुपर्छ। के हामीले यस प्रकारले मानिसहरूलाई ख्रीष्ट येशू चिनाउँछौं, चिनाउन चाहन्छौं? गहन हुनुमा के सद्‌गुण छ र? हामीले सर्वसाधारण मानिसहरूलाई सुसमाचार सुनाउनुपर्छ। अनि यसो गर्न हाम्रो सन्देश सरल र सुस्पष्ट हुनुपर्छ।

**कलस्सी ४ः५ः** *'बाहिरकाहरूसँग बुद्धिमानीसाथ चल!'* ख्रीष्ट-विश्वासीहरूका निम्ति आदेश यो हो। विश्वास नगर्ने मानिसहरूले उनीहरूलाई ध्यानपूर्वक हेरिरहेका छन् भन्ने कुरा उनीहरूले दैनिक जीवनको व्यवहारमा सधैं याद गर्नुपर्छ। अनि संसारका मानिसरूलाई हाम्रा शब्दले भन्दा हाम्रो व्यवहारले प्रभावित पार्छ। यस विषयमा श्री एड्‌गर गेष्टले यसो भनेका छन्ः

> 'प्रवचन सुन्नुभन्दा बढ़ी म त्यस प्रवचनअनुसारको जीवन व्यवहारमा उतारिएको देख्न चाहन्छु; यस्तो जीवन म दिन-दिनै हेर्न सक्छु र यसबाट मलाई कहिल्यै, अँ, कहिल्यै दिक्क लाग्नेछैनँ।'

यसबाट ख्रीष्ट-विश्वासीले आफ्नो मुखले ख्रीष्ट येशूलाई स्वीकार गर्नुपर्दैन भन्ने अर्थ कसैले पनि नबुझोस्! तर हामीले भन्न खोजेको तात्पर्य यो होः उसको चाल उसको प्रचारको योग्य होस्। 'त्यसले ठूलो कुरा त गर्छ, तर खोइ, त्यसअनुसारको जीवन कहाँ छ? त्यसको कुरासित त्यसको जीवन अलिकति पनि मिल्दैन' भन्ने कुरा हाम्रो विषयमा कसैले कहिल्यै भन्न नपाओस्!

*'समय मूल्यवान् सम्झेर ...;'* समय मूल्यवान् सम्झिने मानिसले उसलाई दिइएका मौकाहरू छोप्छ। हाम्रो जीवनको हरेक दिनमा प्रभु येशू ख्रीष्टको र उहाँको मुक्ति दिने शक्तिको गवाही दिने मौकाहरू आउँछन्। अनि यस्ता मौकाहरू आउँदा हामीले यी मौकाहरू छोपिहाल्नुपर्छ। यी

मौकाहरू छोप्न हामीले प्रायः कुनै न कुनै दाम चुकाउनुपर्छ। यसैले होला, यसको शाब्दिक अर्थ 'समय किन्नु' हो। हामीले जति दाम तिर्नु किन नपरोस्, हामीले आफ्ना प्यारा मुक्तिदाता प्रभुको सुसमाचार ती मानिस-हरूलाई सुनाउनुपर्छ, जसले उहाँलाई चिनेका छैनन्।

**कलस्सी ४:६:** *'तिमीहरूको बोलीवचन सधैं अनुग्रहले पूर्ण, नुनले स्वादिलो पारिएको होस्! अनि हरेकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरूले जान्नुपर्छ।'* हाम्रो बोली सधैं अनुग्रहले पूर्ण अर्थात् शिष्ट हुनुपर्छ, नम्र हुनुपर्छ, ख्रीष्टको योग्य हुनुपर्छ। हाम्रो बोलीमा गफ, बदनामी, चेवाचर्चा, ठट्टा, दिल्लगी, ख्यालख्याल हुनुहुँदैन; त्यसमा फोहोर, मैला, अशुद्ध, अश्लील कुरा केही पनि हुनुहुँदैन, अरूलाई तिक्त, पिरो, चोट लाग्ने केही हुनुहुँदैन।

'नुनले स्वादिलो पारिएको होस्' भन्ने वाक्यमा विभिन्न अर्थहरू छन्। यहाँ टिप्पणीकारहरूको कुरा आयो। कतिजनाको विचारमा, हाम्रो बोली अनुग्रहले पूर्ण हुनुको साथमा सधैं इमानदार र कपटरहित हुनुपर्छ। अरू कतिजनाको रायअनुसार नुनले स्वाद बढ़ाउँछ; यसकारण पावलले यहाँ हामीलाई के आदेश दिएका छन् भने, हाम्रो बोली अल्छीलाग्दो, थकाइ-लाग्दो, निद्रालाग्दो, फिक्का, अर्थहीन, निरुत्साहित, बेस्वादको हुनुहुँदैन, तर सुन्न लायकको, लाभदायक र हितकारी हुनुपर्छ। आउनुहोस्, हामी श्री जे. बी. लाइटफूटको कुरा पनि सुनौं, जसले यसो भनेका छन्:

> 'अन्यजातिका लेखकहरूले चलाख, व्यङ्ग्यात्मक, रसिलो भाषालाई नुन भन्थे, तर पावलले यहाँ नुनको अर्थ बुद्धिमा परिवर्तन गरे।'

मेरो विचारमा, प्रभु येशूको बोली कसरी नुनले स्वादिलो पारिएको थियो, सो कुरा अध्ययन गरेमा यसको सबैभन्दा असल व्याख्या निस्कन्छ।

प्रभु येशूले व्यभिचारमा रङ्गेहात पक्रा परेकी स्त्रीलाई यसो भन्नुभयोः *'म पनि तिमीलाई दोषी ठहराउँदिनँ; जाऊ र अबदेखि उसो पाप नगर!'* (यूहन्ना ८:११)। 'म पनि तिमीलाई दोषी ठहराउँदिनँ' भन्ने शब्दमा

अनुग्रहले पूर्ण बोलीको उदाहरण छ। अनि 'जाऊ र अबदेखि उसो पाप नगर' भन्ने शब्दमा नुनको स्वाद छ। अनि याकूबको इनारमा प्रभु येशूले त्यस स्त्रीलाई भन्नुभयोः *'मलाई पानी पिउन देऊ! ... जाऊ, आफ्ना पतिलाई बोलाएर यहाँ आऊ!'* (यूहन्ना ४ः७ र १६)। 'मलाई पानी पिउन देऊ' भन्ने वाक्य अनुग्रहले पूर्ण थियो भने, 'जाऊ, आफ्ना पतिलाई बोलाएर यहाँ आऊ' भन्ने वाक्य नुनले स्वादिलो पारिएको थियो।

*'... अनि हरेकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरूले जान्नुपर्छ।'* हुन सक्छ, पावलले यहाँ विशेष गरी गूढ़ज्ञानवादीहरूको सम्झनामा यसो लेखेका छन् होलान्; किनभने यी गूढ़ज्ञानवादीहरू आफ्ना पत्यारलाग्दा शिक्षाहरू लिएर कलस्सीहरूकहाँ आएका थिए। यसकारण कलस्सी विश्वासीहरूले ती झूटा शिक्षकहरूलाई जवाफ दिन जान्नुपर्छ। सठीक जवाफ दिन सक्नलाई उनीहरू बुद्धिमान् र निष्ठावान् हुनुपर्छ।

## घ) कलस्सी ४ः७-१४ः पावलका केही सहकर्मीहरूको झलक्क सम्झना

**कलस्सी ४ः७ः** यस खण्डबाट स्पष्ट बुझिन्छः प्रेरित पावलले यो पत्र रोमदेखि कलस्सेअमा पुऱ्याउन तुखिकसलाई छाने। श्री अलेक्सान्डर म्याक-लरनले कल्पना गरेर तुखिकसको विषयमा निम्न टिप्पणी लेखेका छन्ः

> 'चर्ममा लेखिएको यो पत्रचाहिँ ठाँटबाँट र शृङ्गारले पूर्ण कलस्सेअ शहरभन्दा चिरस्थायी हुनेछ भन्ने कुरा कसैले तुखिकसलाई भनेको भए उनी तीनछक पर्नेथिए होला। अनि यस पत्रमा उनको नाम लेखिएको हुनाले उनी संसारभरि र यस युगको अन्तसम्म चिरपरिचित हुनेछन् भन्ने कुरा उनले जानेका भए उनी कति आश्चर्यचकित हुनेथिए होला।'

'तिमीहरूकहाँ आएपछि तुखिकसले मेरो विषयमा सबै कुराहरू तिमीहरूलाई बताइदिनेछन्' भन्ने कुराको विषयमा पावलले पवित्र जनहरूलाई आश्वासन दिन्छन्। पावलले यहाँ तुखिकसको निम्ति कुन-

कुन उपाधि प्रयोग गरेका छन्, सो हेर्न लायकको छ। किनकि तिनले उनलाई 'प्रभुमा प्रिय भाइ, विश्वासयोग्य सेवक र सङ्गीदास' भनेका छन्। हिलोआज मण्डलीका धर्माधिकारीहरूलाई के-के ठूला, आडम्बरपूर्ण नामहरू दिइन्छन्? बाफरेबाफ!! के तिनीहरूलाई यसमा कुनै लाज लाग्दैन? त्योभन्दा 'प्रिय दाजु', 'प्रिय भाइ', 'प्रभुको भक्त, विश्वासयोग्य सेवक' वा 'मसीह-दास' भनिनु झन् कति मनोहर र सुन्दर कुरा हो; यस प्रकारका नामहरू हामीलाई बढ़ी सुहाउँछ।

**कलस्सी ४:८:** तुखिकसका निम्ति कलस्सेअको यात्रामा दुईवटा उद्देश्यहरू थिए। पहिले, उनले यी पवित्र जनहरूलाई पावल र तिनका साथीहरूको विषयमा रोमबाट ताजा हालखबर सुनाउनु थियो। अनि उनले कलस्सीहरूका हृदयहरूलाई सान्त्वना दिनु थियो। अनि यहाँ सान्त्वना दिनुको अर्थ बरु विश्वासमा 'सुदृढ़ र बलियो तुल्याउनु' वा 'उत्साह दिनु' होला, कलस्सी २:२ पदमा भएजस्तो। सान्त्वना दिनु भन्ने अर्थ हामीलाई अर्कोतिर, सहानुभूति देखाउनुतिर लान्छ। उनीहरू प्रचलित गूढ़ज्ञानको झूटो शिक्षाको विरोधमा खड़ा रहन सक्नुपर्‍थ्यो; अनि तुखिकसको सेवकाइ उनीहरूलाई त्यसमा टेवा पुर्‍याउनेथियो।

**कलस्सी ४:९:** ओनेसिमसको नाम सुन्नासाथ त्यो मनोहर जीवनको कथा हाम्रो सम्झनामा आउँछ, जुन ओनेसिमसको विषयमा विस्तृत चर्चा फिलेमोनलाई लेखिएको पावलको पत्रमा गरिन्छ। ओनेसिमसचाहिँ फिलेमोनको दास थियो, जो सजायबाट उम्कन खोजेर रोममा भागेको थियो। अनि संयोगवश त्यहाँ पावलसित उसको भेट भएको थियो, जसले उसलाई ख्रीष्ट येशू चिनाइदिए। अनि अहिलेचाहिँ ओनेसिमस फिलेमोन आफ्ना मालिकलाई भेट्न कलस्सेअमा फर्केर जान लागेको थियो। अनि उसको हातमा फिलेमोनलाई लेखिएको पावलको पत्र हुनेथियो; अनि तुखिकससँग कलस्सेअमा भएको मण्डलीलाई लेखिएको तिनको पत्र हुनेथियो। अब कल्पना गर्नुहोस्! यी दुईजना भाइहरू कलस्सेअमा आइपुग्दा त्यहाँका विश्वासीहरू कति उत्साहित भए होलान्?! पक्का पनि उनीहरूले अबेरसम्म बसेर रोमको हालखबर जान्न चाहँदैथिए र

मुक्तिदाता प्रभुको नाममा पावलले रोममा सबै मानिसहरूलाई दिएको साहसी गवाहीको विषयमा सुनेर ताजुप मान्दैथिए; यसमा शङ्का छैन।

**कलस्सी ४:१०:** अनि अरिस्टार्खसचाहिँ को थिए? यिनको विषयमा धेरै जानकारी पाइँदैन। प्रेरित १९:२९ पदमा यिनको नाम उल्लेख गरिएको छ। प्रभुको सेवा गरेको सिलसिलामा यिनी एफेससमा पक्राउ परे। अन यहाँ यिनी रोममा पावलको सङ्गी-कैदी थिए।

अनि मर्कूसचाहिँ? उनी बर्नबासको भानिज थिए। उनी जवान हुँदा पावल र बर्नबाससँग तिनीहरूको प्रथम सुसमाचार-धावामा गए। पहिलो यात्रामा उनले फेल खाएकोले दोस्रो यात्राको तयारीमा पावलले उनलाई साथमा लैजाने अयोग्य ठाने, तर बर्नबासले उनलाई लैजाने जिद्दी गरे। उनको कारणले पावल र बर्नबास यी दुईजना अनुभवी मिशनरी छुट्टिए। तर मर्कूसको जीवनबाट हामी एउटा कुरा सिक्छौंः उनको एकै असफलता विफलतै-विफलता भएन; किनकि अहिले उनी फेरि पावलको भरोसा पाउने योग्य थिए; यहाँसम्म उनको पुनर्स्थापना भएको थियो।

सम्भवतः मर्कूस पनि कलस्सेअमा आउनेथिए; यस सम्बन्धमा यी पवित्र जनहरूले पावलबाट उनलाई स्वागत गर्ने आदेश पाए। *'जसको विषयमा तिमीहरूले आदेशहरू पाएका छौ'* भन्ने वाक्यको अर्थ यस प्रकारको छः कलस्सीहरूले पहिले कुनै समयमा मर्कूसको विषयमा आदेशहरू पाए भन्ने कुरा बढ़ी असम्भव भएको देखिन्छ। बरु अहिले पावलले यस पत्रमार्फत 'उनलाई स्वागत गर' भन्ने आदेश दिएका छन्। अनि 'तिमीहरूले आदेशहरू पाएका छौ' भन्ने सन्दर्भ हालैमा उनीहरूकहाँ आएमा उनीहरूले मर्कूसलाई स्वागत गर्ने आदेश भएको हुनुपर्ला। 'पाएका छौ' भन्ने क्रियापदको काल निश्चयार्थमा छ, र त्यसले कलस्सीहरूले पावलको पत्र पाएको बेला सङ्केत गरेको हुन सक्छ, किनभने यो पत्र पढ्नेबित्तिकै उनीहरूले मर्कूसको विषयमा आदेशहरू पाइहाल्नेथिए। मर्कूस को थिए? उनी मर्कूसको सुसमाचारको पुस्तकको लेखक पनि थिए। अनि हामीचाहिँ? हामी सबैजना पनि दिन प्रतिदिन आफ्नो सुसमाचारको पुस्तक लेख्दै गरेका मानिस हौं।

दिनदिनै यसमा एक अध्याय थपेर, अँ,
आफ्ना कामहरूद्वारा, आफ्नो मुखको हेराइ र आफ्नो मनमुद्राले,
हामीले बोलेका शब्दहरूले नै
हामी सबैले आफ्नो सुसमाचारको पुस्तक लेख्दैछौं;
तब आउनुहोस्, यस विषयमा यो विश्वासयोग्य र सत्य वचन सुनौं,
जुन वचनले हामीलाई यसो भन्दै सोध्दछः
'तिमीले लेखेको सुचमाचार कुनचाहिँ हो ?'
यस प्रश्नको जवाफ हामीले दिनुपर्दैन;
किनभने हाम्रा कर्महरूले हामीलाई अघिबाट चिनाइसकेका छन्।

**कलस्सी ४ः११ः** युस्टस भनिने येशूचाहिँ पावलको अर्को सहकर्मी थिए। त्यस बेलाको कुरा होः येशू भन्ने नाम चल्ती नाम थियो, जसरी आजको दिनमा पनि कति देशहरूमा यो नाम चल्छ। येशू भन्ने नाम ग्रीक भाषाको नाम हो, जसको हिब्रू भाषाको दुरुस्त रूप यहोशू हो। अनि यिनको उपनाम युस्टस किन भयो ? यिनका इसाई साथीहरूले यिनलाई यो उपनाम दिएको हुनुपर्ला; किनभने यिनले परमेश्वरको पुत्रको उस्तै नाम पाएकोमा तिनीहरूलाई निक्कै अप्ठ्यारो र पूरा असङ्गल लागेको हुनुपर्छ; यसमा शङ्का छैन।

अरिस्टार्खस, मर्कूस र युस्टस भनिने येशूचाहिँ प्रभु येशूकहाँ फर्केका यहूदी मानिसहरू थिए। यहूदी पृष्ठभूमिबाट आएका यी तीनजना भाइहरू परमेश्वरको राज्य बढ़ाउने सम्बन्धमा पावलका सहकर्मी थिए; हो, केवल यी तीनजना थिए, जो पावलको निम्ति सन्त्वनाको कारण बने।

**कलस्सी ४ः१२ः** पावलले आफ्नो पत्र अन्त्याउन लागेका छन्। अब एपाफ्रासले कलस्सेअमा भएका पवित्र जनहरूलाई आफ्नो व्यक्तिगत अभिवादन चढ़ाउने मौका छोप्छन्; किनभने यिनले उनीहरूलाई प्रेम गर्थे। यिनी कलस्सेअको बासिन्दा र रैथाने थिए; यिनले आफ्ना प्रार्थनाहरूमा निरन्तर यी विश्वासीहरूको सम्झना गर्थे। यिनले उनीहरूका निम्ति 'उनीहरू सिद्ध र पूर्ण भई परमेश्वरको सारा इच्छामा खड़ा भएका होऊन्' भन्ने विन्ती प्रभु येशूलाई चढ़ाउँथे।

**कलस्सी ४:१३:** एपाफ्रासको बोझसितको प्रार्थना कलस्सी विश्वासीहरूका निम्ति, साथै लाओडिसियामा भएका विश्वासीहरूका निम्ति र हिरापोलिसमा भएका विश्वासीहरूका निम्ति जारी रहन्थ्यो; यस कुरामा पावल यिनको प्रत्यक्ष साक्षी थिए। यिनले ती चिनाजान भएका परमेश्वरका जनहरू र तिनीहरूको आत्मिक अवस्थामा पूरा चासो लिन्थे। यिनको दैनिक प्रार्थनाको सूचि निक्कै लामो थियो होला? ! यिनले एक-एकजनाको नाम लिँदै उनीहरू सबैका निम्ति दिनदिनै प्रार्थना गरेको हुनुपर्छ। एन. ई. बी.को अनुवाद अनुसार 'यिनले नबिराईकन तिमीहरू सबैका निम्ति बोझसित प्रार्थना गर्छन्; तिमीहरू दृढ़ भई खड़ा रहन सक्नुपर्छ; तिमीहरू विश्वासमा परिपक्व हुनुपर्छ; तिमीहरू परमेश्वरको इच्छामा पूरा समर्पित हुनुपर्छ। तिमीहरूका निम्ति यिनको प्रार्थना यही हो।'

**कलस्सी ४:१४:** अब प्रिय वैद्य लूका र डेमासले कलस्सी विश्वासीहरूलाई आ-आफ्नो अभिवादन पठाउँछन्। अनि नयाँ नियममा लूकाको विषयमा सकारात्मक कुरा र डेमासको विषयमा नकारात्मक कुरा लेखिएको छ। किनभने लूका निक्कै समय पावलसँग यात्रा गर्दै आए; अनि पावल बिरामी भएको बेलामा, अथवा तिनी सतावटमा परेको र झ्यालखानामा हालिएको अवस्थामा पनि लूकाले तिनको शारीरिक खाँचो पूरा गरेका र तिनको आत्मिक सेवा गरेका हुनुपर्छ। यो निक्कै सम्भव देखिन्छ।

अनि डेमासचाहिँ? उनी पनि निक्कै समयसम्म प्रेरित पावलको साथमा रहे, तर अन्तमा प्रेरित पावललाई उनको विषयमा लेख्न करै लाग्योः *'डेमासले यस वर्तमान् संसारलाई प्रेम गरेर मलाई त्यागेको छ, र ऊ थेस्सलोनिका गएको छ'* (२ तिमोथी ४:१०)।

## ङ) कलस्सी ४:१५-१८: बिदाको अभिवादन र केही अन्तिम अर्तीहरू

**कलस्सी ४:१५:** अब विभिन्न अभिवादनहरू पठाइन्छन्ः लाओडिसियाका भाइहरूका निम्ति, नुम्फासका निम्ति र यिनको घरमा

भेला भएको मण्डलीका निम्ति। प्रकाश ३:१४-२२ पदको खण्डमा हामी लाओडिसियाको मण्डलीको विषयमा फेरि एकपल्ट पढ्न पाउँछौं। त्यस बेलामा परमेश्वरका कुराहरूमा कुनै चासो नराखेर उहाँसित तिनीहरूको सम्बन्ध मनतातो भयो। तिनीहरू पूरा सांसारिक र आत्मसन्तोषी भए। लाओडिसियाका विश्वासीहरूको दृष्टिमा सायद सबै कुरा ठीक थियो, तर ती विचराहरूले आफ्नो नाग्नता देख्न सकेनन्।

पाण्डुलिपिहरूको बीचमा नुम्फास र नुम्फा लेखिएको भिन्नता छ। नुम्फास पुरुषको नाम हो भने नुम्फा स्त्रीको नाम हो। नुम्फास भन्ने भाइ कि नुम्फा भन्ने बहिनी होस्, यिनको घरमा मण्डली भेला भएको रहेछ। यहाँ यस कुरामा ध्यान दिनु उचित र पर्याप्त छ। त्यस जमानाको कुरा होः ख्रीष्ट-विश्वासीहरू कसैको घरमा भेला हुन्थे, आजभोलिजस्तै भव्य, विशाल गिर्जाघरहरूमा होइन। अनि स्थानीय मण्डलीका निम्ति भव्य भवनहरू वा उत्कृष्ट साजसज्जाभन्दा परमेश्वरको शक्ति बढ़ी खाँचो पर्छ, त्यसको महत्त्व ठूलो छ भन्ने कुरा हामीमध्ये कोचाहिँ स्वीकार गर्न तयार नहोला? यसमा प्रायः सबैजना राजी छन्। अनि परमेश्वरको शक्ति भव्य भवन र त्यसका उत्कृष्ट साजसज्जामा निर्भर गर्दैन। तर दुःखलाग्दो कुरा के हो भने, धेरैपल्ट ऐयासले पूर्ण गिर्जाघरहरू परमेश्वरको शक्तिका निम्ति बाधा पो भएछन्।

**कलस्सी ४:१६:** यो पत्र कसैले कलस्सेअको मण्डलीमा पढ़ेर सुनाउनुपर्छ; त्यसपछि उनीहरूले यो पत्र लाओडिसियाको मण्डलीमा पनि पठाउनुपर्छ; त्यहाँका विश्वासीहरूले पनि यो पत्र पढ़िदिऊन्। निश्चय नै यो पत्र त्यहाँ पढ़ेर सुनाइयो पनि; तर प्रकाशको पुस्तकको तीन अध्यायबाट के बुझिन्छ भने, यी लाओडिसियाका विश्वासीहरूले यस पत्रको सन्देशमाथि त्यत्ति ध्यान नदिएको हुनुपर्छ, कि त हुन सक्छ, यस पत्रको प्रभाव केवल अल्पकालिक थियो।

अनि पावलको आदेशअनुसार लाओडिसियाको मण्डलीलाई लेखिएको पत्र पनि कसैले त्यहाँबाट ल्याएर कलस्सेअको मण्डलीमा पढ़ेर सुनाउनुपर्छ। लाओडिसियाको मण्डलीलाई लेखिएको पत्रको पत्ता

पाइएन । तब अड्कलको कुरा मात्र रह्यो । कतिको विचारमा, सायद त्यो पत्र पावलले एफेससको मण्डलीलाई लेखेको पत्रको एक प्रति पो थियो कि ? किनभने कति पुराना पाण्डुलिपिहरूमा एफेसी १:१ पदमा 'एफेससमा' भन्ने शब्द छैन । यसकारण टिप्पणीकारहरूले अनुमान लगाएर के भनेका छन् भने, एफेसीहरूलाई लेखिएको पावलको पत्रचाहिँ एउटा गस्ती पत्र वा परिपत्र भएको हुनुपर्ला, जुन पत्र विभिन्न मण्डलीहरूमा लगेर सुनाउनुपरेको थियो, जस्तै एफेससको मण्डलीमा, लाओडिसियाको मण्डलीमा र कलस्सेअको मण्डलीमा आदि । एफेसीहरूलाई लेखिएको पावलको पत्रमा थोरै व्यक्तिहरूका नाम र कलस्सीहरूलाई लेखिएको पावलको पत्रमा धेरै व्यक्तिहरूका नामहरू उल्लेख गरिएको तत्त्वले यस प्रकारको धारणा पुष्टि गरेको जस्तो देखिन्छ । [22)]

**कलस्सी ४:१७ :** अब अर्खिप्पसको कुरा आयो । *'प्रभुमा जुन सेवा तिमीले पाएका छौ, त्यो सेवा पूरा गर्न त्यसको विषयमा होशियार होऊ'* भन्ने चेताउनी यिनलाई यहाँ, यस ठाउँमा दिइएको छ। अर्खिप्पसको सेवकाइ कस्तो किसिमको सेवकाइ थियो, त्यसको विषयमा कुनै खास जानकारी मिलेको छैन। धेरैजनाको विचारमा, अर्खिप्पसचाहिँ फिलेमोनको छोरा थिए, जो कलस्सेअको मण्डलीमा सक्रिय, कर्मठ सेवक थिए अरे । तर हामी अर्खिप्पसको ठाउँमा आफूलाई राखेर यो पद यसरी पढ्यौं भने यो पद बढ़ी अर्थपूर्ण हुन जान्छ। तब परमेश्वरको आत्माले हामीलाई 'प्रभुमा जुन सेवा तिमीले पाएका छौ, त्यो सेवा पूरा गर्न त्यसको विषयमा होशियार होऊ' भन्नुभएको सुन्छौं कि ? के तपाईंले उहाँको सोर सुन्नुभयो ? किनभने हामीमध्ये हरेकलाई प्रभुबाट कुनै न कुनै सेवकाइ दिइएको छ, अनि हामीले एकदिन यसको लेखा दिनुपर्नेछ । तब हामीले आफ्नो त्यो सेवकाइ पूरा गरेको-पूरा नगरेको न्यायजाँच हुनेछ ।

**कलस्सी ४:१८ :** अन्तमा प्रेरित पावलले कलम आफ्नो हातमा लिएर कलस्सीका विश्वासीहरूलाई बिदाको न्यानो अभिवादन टक्राएर यस पत्रमा 'पावल' भनेर आफ्नो अन्यजातीय नामले हस्ताक्षर गर्छन् । निश्चय तिनका हातमा लगाइएका नेलहरूले तिनलाई लेख्न निक्कै बाँधा दिए । तर

यसले गर्दा तिनी कलस्सीहरूलाई 'मेरा नेलहरूको सम्झना गर' भन्ने कुरा लेख्न पुगे ।

'कलमको डाँठ लेख्दा निकालिरहेको आवाज र त्यससित मिसिएका पावलका साङ्लाहरूको आवाजले अन्तमा के सङ्केत गर्छ भने, प्रचारकका हातखुट्टामा लगाइएका नेलहरूले कुनै हालतमा पनि परमेश्वरको वचनलाई बाँध्न वा रोक्न सक्दैनन् ।' [23)]

अब पावलले निम्न शब्द लेखेर यो पत्र अन्त्याउँछन्ः *'अनुग्रह तिमीहरूसित रहिरहोस् ! आमेन ! !'*

यस सिलसिलामा श्री ए. टी. रोबर्टसनले यसो लेखेका छन्ः

'अनुग्रहभन्दा अर्थपूर्ण अरू कुनै शब्द नै छैन; किनभने परमेश्वरको प्रेमभित्र जेजति छ, त्यो सबै त्यस शब्दमा समावेश गरिएको छ। अनि परमेश्वरको प्रेम उहाँको पुत्रमा प्रकट भएको छ, जो हाम्रा निम्ति उहाँको अनुग्रहको वरदान हुनुहुन्छ ।' [24)]

आमेन ।

## ENDNOTES:

1) **Introduction:** George Salmon, A Historical Introduction to the Study of the Books of the New Testament, p. 384.
2) **Introduction:** *New Bible Commentary*, p. 1043.
3) **Introduction:** A. T. Robertson, *Paul and the Intellectuals*, p. 16.
4) **1:5:** J. B. Lightfoot, Saint Paul's Epistles to the Colossians and to Philemon, p. 134.
5) **1:6:** Both NU and M texts add "and growing."
6) **1:11:** A. S. Peake, "Colossians," *The Expositor's Greek Testament*, III:499.
7) **1:14:** The words "through His blood" definitely occur in the parallel passage in Ephesians 1:7, but here they are neither in the oldest (NU) nor in the majority (M) of Greek mss.
8) **1:18:** Alfred Mace, further documentation unavailable.
9) **1:19:** The strengthened form of *oikeoµ* used here (*katoikeo_*) suggests settling down and being at home.
10) **1:22:** Charles R. Erdman, Epistle of Paul to the Colossians and Philemon, p. 46.
11) **1:23:** The Greek language has two words for "if" (*ei* and *ean*) and several grammatical constructions to note the type of condition the writer or speaker envisions. Here the *ei* with the indicative *epimenete* is a first class condition (Paul takes it for granted that they *will* continue).
12) **1:23:** Pridham, further documentation unavailable.
13) **2:2:** Alfred Mace, further documentation unavailable.
14) **2:9:** Marvin Vincent, *Word Studies in the New Testament*, II:906.
15) **2:14:** H. A. W. Meyer, *Critical and Exegetical Handbook to the Epistles to the Philippians and Colossians,* p. 308.
16) **2:18:** The word *not* is omitted in the NU text, but the resultant meaning would be much the same. Whether they actually saw anything or not, it was all carnal emptiness.
17) **3:2:** A.T. Robertson, *Paul and the Intellectuals*, p. 149.

**18) 3:2:** F. B. Hole, *Paul's Epistles, Volume Two*, p. 105.
**19) 3:11:** J. C. Ryle, *Holiness*, pp. 436, 455.
**20) 3:12:** W. E. Vine, Expository Dictionary of New Testament Words, p. 56.
**21) 4:2:** Guy King, *Crossing the Border*, p. 111.
**22) 4:16:** On the other hand, since Paul spent three years at Ephesus, he would have known *so many* people there that it would have been precarious to choose a handful for fear of offending the rest.
**23) 4:18:** New Bible Commentary, p. 1051.
**24) 4:18:** A.T. Robertson, *Paul and the Intellectuals,* p. 211.

## विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी

# फिलेमोनलाई लेखिएको प्रेरित पावलको पत्रको टिप्पणी

विलियम म्याक डोनाल्ड

# फिलेमोनलाई लेखिएको प्रेरित पावलको पत्र

## भूमिका

*'चिट्ठी लेख्ने कलाको दृष्टिकोणले हेर्नु हो भने, साँच्चि नै हामीले यो सानो पत्र उत्कृष्ट कलाकृतिको रूपमा स्वीकार गर्नुपर्छ।'*

श्री एर्नेस्ट रेनान

*'मेरो विचारमा, हामी सबैजना उहाँका ओनेसिमसहरू हौं।'*

श्री मार्टिन लुथर

### १) कानुनमा त्यसको अद्वितीय स्थान

कतिजनाले फिलेमोनलाई लेखिएको यस पत्रको विषयमा 'पावलले लेखेको यो सानो चिट्ठी नभए केही फरक हुँदैनथियो' भन्ने धारणा लेलान्, तर यस प्रकारको विचार बिलकुल गलत हो। किनभने एक त, यस पत्रले प्रेरित पावलको मौलिक रचना भनेर सबैको मान्यता पाएको छ, र यसले हामीलाई यी सज्जन व्यक्तिको मन र हृदयभित्र हेर्ने एक ताजा झलक

दिन्छ। यसकारण हामी शुरुमा भनिहालौंः यो पत्रचाहिँ एउटा साहित्य-रत्न हो।

इस्वी संवत् ६१-११३ सालमा जिएका रोमी लेखक प्लिनियस सेकुन्डसले आफ्नो साथीलाई एउटा भागेको दासको विषयमा उस्तै पत्र लेखे, जुन पत्रसित फिलेमोनलाई लेखिएको पावलको पत्र प्रायः तुलना गरिएको छ। प्लिनियसको त्यो पत्र आलङ्कारिक त छ, तर पावलले लेखेको पत्रको स्तरमा आइपुग्दैन।

यस सानो पत्रमा सज्जनता, सुव्यवहार र एक चुट्की हास्यरस पनि छ, तर सबैभन्दा बढ़ी यसले पावलको हृदयभरिको प्रेम प्रकट गर्छ। यस पत्रमा कुनै सुस्पष्ट शिक्षाको खण्ड नहोला, तर 'उसलाई तिम्रो केही ऋण लागेको छ भने, त्यो ऋण मेरो हिसाबमा लेखिदेऊ' भनेर जुन कुरा पावलले यसमा लेख्छन्, त्यो कुरा अरू कसैको गुण-अवगुण आफ्नो हिसाबमा लगाइदिने शिक्षाको सर्वोत्तम नमुना हो। जसरी ओनेसिमसका कसूर र बिरामहरू पावलको हिसाबमा लेखिए र पावलको तिर्न सक्ने सुसम्पन्नता ओनेसिमसको असहाय परिस्थितिमा लगाइयो; ठीक त्यस्तै ख्रीष्ट-विश्वासीका सबै पापहरू प्रभु येशूको हिसाबमा लेखिए र उहाँलाई तिर्न लगाइयो; अनि हाम्रा प्रभुको त्राणको कामका शुभ परिणामहरू, उसलाई पापबाट बचाउन र उसलाई पूरा धर्मी ठहराउन सक्ने सबै गुणहरू उसको खातामा लेखिए। यसकारण हामीलाई अचम्म लाग्दैन, कि यस सम्बन्धमा महान् धर्मसुधारक श्री मार्टिन लुथरले यसो लेखेः

> 'यस पत्रले ख्रीष्टीय प्रेमको मनोहर उदाहरण प्रस्तुत गर्दछ; किनभने प्रेरित पावलले यहाँ कङ्गाली ओनेसिमसको पक्ष लिएर बल र बुद्धिले भ्याएसम्म उसको मालिकसँग सकभर उसको वकालत गर्छन्। यसो गर्दा तिनले ओनेसिमससित जग्गा साटफेर गर्छन् र आफूलाई फिलेमोनको विरोध गरेको अपराधी तुल्याउँछन्।
>
> तर यसो गर्दा तिनले फिलेमोनलाई कुनै करमा वा बाध्यतामा पारेनन्। तिनले आफ्नो प्रेरितिक अधिकार काममा लगाएनन्, तर

आफूबाट त्यो पर सारे; तब फिलेमोनले आफ्नो मालिक हुने अधिकार पनि पर सार्नुपरिगयो। जसरी ख्रीष्ट येशूले परमेश्वर पिताको सामु हाम्रो पक्ष लिनुभयो, ठीक त्यसरी नै पावलले फिलेमोनको सामु ओनेसिमसको पक्ष लिए। ... किनकि विश्वास गर्नुहोस् कि नगर्नुहोस्, तर मेरो विचारमा, हामी सबैजना उहाँका ओनेसिमसहरू हौं।' [1)]

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

यहाँ हामी साह्रै नकार्ने समीक्षकहरूको कुरा छोड़िदिऔं; किनभने फिलेमोनको पत्र पावलको रचना हो भन्ने कुरा प्रायः सबैजनाले स्वीकार गर्छन्। श्री जोसेफ एर्नेस्ट रेनान फिलेमोनको पत्र पावलको रचना हो भन्ने कुरामा पूरा निश्चित थिए, यहाँसम्म कि यिनले कलस्सीहरूलाई लेखिएको पत्रको विषयमा आफ्नो राय सठीक नहोला भन्ने शङ्का गर्दैथिए; किनकि यिनले त्यो कलस्सीको पत्र पावलको सक्कली पत्र हो भन्ने कुरा इन्कार गर्दथिए।

फिलेमोनलाई लेखिएको पत्र धेरै छोटो छ र अति व्यक्तिगत छ; यसकारण यस पत्रबाट उद्धृत गरिएका प्रमाणहरू कम भेट्टाइएकोमा हामीलाई अलि कति पनि अचम्म लाग्दैन।

*बाहिरी प्रमाणहरू:* बाहिरी प्रमाणहरू यस प्रकारका छन्: इग्नाटियस (इस्वी संवत् -१४०), टेर्टुलियान (इस्वी संवत् १५५-२२०) र इस्वी संवत् १८४-२५३ जिउने ओरिगेनले आफ्ना लेखहरूमा यस पत्रबाट केही अंश उद्धृत गरे, कि त यसको सन्दर्भमा केही सङ्केत दिए। अँ, दुवै कानुनहरूमा, मार्सियोन कानुन र मुराटोरी कानुनमा यो पत्र सक्कली पत्रको रूपमा समावेश गरिएको थियो।

*भित्री प्रमाणहरू:* यस पत्रमा पावलले तीन पल्ट आफ्नो नाम लिएका छन्, जस्तै फिलेमोन १:१, १:९ र १:१९ पदमा। अनि फिलेमोन १:२, १:२३ र २४ पदहरूको नजिकको सम्बन्ध कलस्सी ४:१०-१७ पदको खण्डसित प्रत्यक्ष देखिन्छ। यसरी यी दुईवटा पत्रहरू एक-अर्काको

यथार्थता प्रमाणित गर्ने प्रमाणको स्वरूप काम गर्छन्। अनि यसरी भित्री प्रमाणहरू बाहिरी प्रमाणहरूसित मेल खान्छन्।

## ३) त्यस पत्रको लेख्ने मिति

कलस्सीहरूलाई लेखिएको पावलको पत्रको समयमै अर्थात् इस्वी संवत् ६० सालतिर यो पत्र लेखियो; यसर्थ हाम्रा प्रभु येशूको स्वर्गारोहणको लगभग तीस वर्षपछि यो पत्र लेखियो।

## ४) सन्दर्भ र विषयवस्तु

यस पत्रको पृष्ठभूमि यस पत्र स्वयम्बाट र कलस्सीहरूलाई लेखिएको पावलको पत्रबाट मिलाउनुपरेको छ। यसो बुझ्दा फिलेमोन कलस्सेअको बासिन्दा र रैथाने थिए (यसका निम्ति तपाईंले कलस्सी ४ः१७ र फिलेमोन १ः२ पद आपसमा तुलना गर्नुहोला)। प्रेरित पावलद्वारा उनले प्रभु येशूमाथि विश्वास गर्ने सुअवसर पाए (फिलेमोन १ः१९)। अनि ओनेसिमस, उनका दासहरूमध्ये एकजना भागेछ (फिलेमोन १ः१५-१६)। अनि हुन सक्छ, उसले आफ्नो मालिकको सम्पत्तिमाथि हात लगाएर केही थोक चोरी गर्‍यो कि? फिलेमोन १ः१८ पदमा यसको सङ्केत देखिन्छ।

पावल रोममा कैदी भएर झ्यालखानामा बसेको बेलामा भाग्दै गरेको यो दासचाहिँ त्यहाँ आइपुगेछ (फिलेमोन १ः९)। त्यो त कि त पावल भाड़ामा लिएको घरमा बसिरहेको बेलामा, कि त तिनी झ्यालखानामा हालिएको बेलामा भएको हुनुपर्ला (प्रेरित २८ः३०)। त्यसमा हामी सुनिश्चित हुन सकेनौं। जे होस्, परिस्थितिहरूको संयोगको अन्तमा त्यस्तो व्यस्त राजधानी रोममा ओनेसिमस र पावलको भेट भयो; अनि तिनले उसलाई ख्रीष्ट येशूकहाँ डोर्‍याए (फिलेमोन १ः१०)। समय बित्दै जाँदा यी दुईजनाको बीचमा आपसी प्रेमको बन्धन निक्कै कसिलो भयो

(फिलेमोन १:१२)। अनि ओनेसिमस प्रेरित पावलको उपयोगी सहायक बन्यो (फिलेमोन १:१३)। तर ओनेसिमस फिलेमोनकहाँ फर्केर जानुपर्छ र उसले जे बिगारेको थियो, ती विगत भूलहरू सच्याउन र सठीक पार्नुपर्छ भन्ने कुरामा यी दुईजना सहमत थिए। यसकारण पावलले फिलेमोनलाई यो पत्र लेखे। यस पत्रमा पावलले फिलेमोनको सामु ओनेसिमसको पक्ष लिए, उसको मुद्दा लड़े र उनले ओनेसिमसलाई अनुग्रहको साथ ग्रहण गर्ने सिलसिलामा उनको सामु बलिया तर्कहरू पेश गरे (फिलेमोन १:१७)। त्यही समयमा पावलले कलस्सीहरूलाई पनि एउटा पत्र लेख्दैथिए। तिनले तुखिकसलाई कलस्सीको पत्र बोक्ने हुकाकीको काम अह्राए र ओनेसिमसलाई यिनको साथ कलस्सेअमा पठाए (कलस्सी ४:७-९)।

पावलका सबै पत्रहरूभन्दा यो फिलेमोनको पत्रचाहिँ तिनको सबैभन्दा व्यक्तिगत पत्र हो। तिमोथीलाई लेखिएका दुईवटा पत्रहरू र तीतसलाई लेखिएको पत्र पनि व्यक्तिगत नभएका त होइनन्, तर ती पत्रहरूमा व्यक्तिगत कुराहरूभन्दा मण्डलीका व्यावहारिक र औपचारिक कुराहरू बढ़ी लेखिएका छन्।

## रूपरेखाः

**क) फिलेमोन १:१-३:** अभिवादन

**ख) फिलेमोन १:४-७:** पावलले फिलेमोनका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् र उनका निम्ति प्रार्थना गर्छन्

**ग) फिलेमोन १:८-२०:** पावलले ओनेसिमसका निम्ति फिलेमोनलाई आग्रह गर्छन्

**घ) फिलेमोन १:२१-२५:** अन्तिम मन्तव्यहरू

# फिलेमोनलाई लेखिएको प्रेरित पावलको पत्रको टिप्पणी

## क) फिलेमोन १:१-३: अभिवादन

**फिलेमोन १:१:** पावलले यहाँ प्रेरितको रूपमा होइन, तर कैदीको रूपमा आफ्नो परिचय दिन्छन्। तिनले आफ्नो प्रेरितिक अधिकार दाबी गर्न सक्नेथिए, तर कैदीको निम्न स्तरबाट तिनले फिलेमोनलाई आग्रह गर्न यहाँ यो 'प्रतिकूल' परिस्थिति अपनाउन रुचाए। तर तिनले आफ्नो यो निम्न स्तर स्वर्गको महिमाले जड़ाए; किनकि तिनी ख्रीष्ट येशूको कैदी थिए। रोमी कैदी भएर तिनी एक क्षण पनि मुन्टिन वा मुन्टोले टेक्न तयार भएनन्; किनकि आफ्नो परिस्थितिमा तिनले रोमी सम्राटको हात होइन, तर राजाहरूको महाराजाको हात देख्न सके। तिनले यो पत्र लेख्ने बेलामा तिमोथी पनि तिनको साथमा थिए। यसकारण तिनले आफ्नो नामसित ती विश्वासयोग्य चेलाको पनि नाम हाले। यी दुईजनाका नामहरूमा लेखिएको पत्र अवश्य पावलको रचना थियो; यसमा शङ्का छैन।

यस पत्रको मुख्य प्रापकचाहिँ फिलेमोन थिए। उनको नामको अर्थ 'प्रेमिलो', 'स्नेही' हो। अनि उनी आफ्नो नामअनुसारको मानिस रहेछन्;

किनभने पावलले उनलाई *'हाम्रा प्रिय र सहकर्मी फिलेमोन'* भनेर सम्बोधन गर्छन् ।

**फिलेमोन १:२:** अप्फियाचाहिँ स्त्रीको नाम हो । यसकारण प्रायः सबै बाइबल-विद्वान्हरूले यिनलाई फिलेमोनकी पत्नी ठानेका छन् । अप्फियाले यहाँ यस पत्रकी सह-प्रापकिकाको भूमिका खेलेकी हुनाले यिनले हामीलाई यहाँ याद दिलाइदिएकी छिन्: इसाईधर्मले स्त्री-जातिलाई उच्च स्थानमा राख्छ ।[2] अनि यस पत्रमा अघि बढ्दाखेरि अर्को कुरा पनि देखा पर्छः इसाईधर्मले दासदासीहरूलाई पनि उच्च स्थानमा राख्छ ।

अप्फिया फिलेमोनकी पत्नी थिइन् भने, अर्खिप्पसचाहिँ फिलेमोनको छोरा भएका हुनुपर्ला । यो एउटा पवित्र मनले रचिएको कल्पना मात्र हो । तर प्रायः सबैलाई यस्तो लाग्नु स्वाभाविक कुरा हो । यस कुराको विषयमा निश्चित हुन नसक्ने कुरा हो । तर अर्खिप्पस पावलको सङ्गी-सिपाही भएर आत्मिक लड़ाइँको इसाई रणभूमिमा उत्रेर त्यसमा सक्रिय योद्धा थिए । यसकारण पावलले तिनको सम्मान गरेर तिनलाई यहाँ सङ्गी-सिपाही भन्ने उपाधि दिएका छन् । तिनीजस्तो प्रभु येशूको निम्ति पूरा समर्पित र पवित्र जोशले तेजिलो भएको चेला विरलै भेटाइन्छ । अनि कलस्सीहरूलाई लेखिएको पत्रमा पावलले अर्खिप्पसलाई आफ्नो ध्यानमा राखेर तिनको विषयमा यो विशेष आदेश समावेश गरेः *'अर्खिप्पसलाई भनिदेओः प्रभुमा जुन सेवा तिमीले पाएका छौ, त्यो सेवा पूरा गर्ने विषयमा होशियार होऊ !'* (कलस्सी ४:१७) ।

के फिलेमोन, अप्फिया र अर्खिप्पसले नयाँ नियमको एउटा इसाई परिवारको सुचित्र गर्छन् ? तब 'तिम्रो घरमा भएको मण्डली' भन्ने वाक्यले नयाँ नियमको स्थानीय मण्डलीलाई चित्रण गर्नुपर्ला, होइन र ? किनभने यस वाक्यबाट स्पष्ट के बुझिन्छ भने, फिलेमोनको घरचाहिँ स्थानीय मण्डलीका विश्वासीहरू भेला हुने ठाउँ भएको रहेछ । उनीहरू उनको घरमा आराधना गर्न, प्रार्थना गर्न र बाइबल-अध्ययन गर्न भेला हुन्थे । अनि त्यहाँबाट उनीहरू सुसमाचार लिएर संसारमा निस्कन्थे – एउटा यस्तो संसारमा, जसले उनीहरूको मुखबाट ख्रीष्टको गवाही प्रायः ग्रहण

गर्दैनथियो, तर उनीहरूको सन्देश कहिल्यै भुल्न सक्दैनथियो। फिलेमोनको घरमा भेला भएका ख्रीष्ट-विश्वासीहरू सबै एक थिए, ख्रीष्ट येशूमा एक थिए। के धनी, के गरिब, के पुरुष, के स्त्री, के मालिक, के दासदासी, उनीहरू सबैजना परमेश्वरको परिवारका पूर्ण मान्यता प्राप्त भएका सदस्य-सदस्याहरू थिए। तर जब उनीहरू कर्मभूमिमा फर्केर जान्थे, तब उनीहरूको बीचमा भएका सामाजिक भिन्नताहरू फेरि देखा पर्थे। तर प्रभु-भोजको समयमा उनीहरू सबजना एउटै पवित्र पूजाहारी-गिरी हुन्थे, उनीहरूको एकसमान स्तर हुन्थ्यो। त्यस बेलामा फिलेमोनसँग ओनेसिमसभन्दा ठूलो हुने अग्रता हुँदैनथियो, चल्दैनथियो।

**फिलेमोन १ः३ः** पावलको आदतअनुसार तिनको अभिवादनमा प्रायः सधैं अनुग्रह र शान्ति भन्ने शब्दहरू हालिन्थे। किनभने यी शब्दहरूभन्दा ठूलो शुभेच्छा तिनले आफ्ना प्रियजनहरूलाई टक्राउन सक्दैनथिए। अनुग्रह भन्नाले परमेश्वरले आफ्नो निगाहमा आफ्ना जनहरूमाथि सित्तैंमा बर्साइदिनुहुने सबै आशिषहरू बुझिन्छ, जसको योग्य उनीहरू कहिल्यै हुँदैनन्। अनि शान्तिचाहिँ आत्मिक स्वच्छता भएका र शङ्काको अभाव हुनेहरूको जीवनमा अनुभव गरिन्छ र ती सबैजनाको जीवन सुदृढ़ पार्छ, जतिले परमेश्वरको अनुग्रहबाट शिक्षा प्राप्त गरेका हुन्छन्। अनुग्रह र शान्ति – यी दुईवटा आशिषहरू परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट आउँछन्। अनि यसमा पनि ठूलो अर्थ हुन्छ। किनभने अनुग्रह र शान्ति दिनुमा प्रभु येशूचाहिँ परमेश्वर पितासित एकसमान हुनुहुन्छ भन्ने कुरा बुझिन्छ। ख्रीष्ट साँच्चै परमेश्वर हुनुहुन्न, अँ, सम्पूर्ण रूपले परमेश्वर हुनुहुन्न भने उहाँलाई यस प्रकारको सम्मान दिनु ईश्वरनिन्दा ठहरिनेथियो।

## ख) फिलेमोन १ः४-७ः पावलले फिलेमोनका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् र उनका निम्ति प्रार्थना गर्छन्

**फिलेमोन १ः४ः** जहिले पावलले फिलेमोनका निम्ति प्रार्थना गर्थे, तहिले तिनले यी आदर्शवान् भाइका निम्ति परमेश्वरलाई धन्यवाद

चढ़ाउँथे। हाम्रो विचारमा, उनी परमेश्वरको अनुग्रहले जितेको सर्वोत्तम विजयोपहार थिए; उनी हाम्रा मित्र र दाजुभाइ हुन पूरा लायकको मानिस थिए। कोही-कोही टिप्पणीकारहरूले पावललाई यहाँ, यी शुरुका पदहरूमा चिप्लो घसेको आरोप लगाएका छन्। तिनीहरूको तुच्छ विचार-अनुसार पावलले फिलेमोनको मन यस हेतुले कोमल तुल्याउन खोजे, कि उनले ओनेसिमसलाई कुनै वादविवादविना फेरि स्वीकार गरून् अरे। तर यस प्रकारको नीच धारणाले प्रेरित पावलको पत्र लेख्ने प्रेरणा तल भुइँमा झार्छ र तिनको अभिप्राय साह्है धमिलो पारेर निकम्मा तुल्याउँछ, साथै पवित्र आत्माको प्रेरणाले लेखिएको यस पत्रमाथि ठूलो कलङ्क लगाउँछ। होइन, होइन, पावलले यहाँ फिलेमोनलाई जे लेखेका छन्, त्यो सबका सब तिनले इमानदारीपूर्वक भनेका हुन्; यसमा कुनै शङ्का छैन।

**फिलेमोन १:५:** फिलेमोनको जीवनमा दुईवटा सद्‌गुणहरू थिए, जुन दुईवटा सद्‌गुणहरूले पावललाई ठूलो आनन्द प्रदान गर्थे। किनकि प्रभु येशूप्रति र सबै पवित्र जनहरूप्रति उनको प्रेम र विश्वास थियो। उनलाई ईश्वरीय जीवन प्रदान गरिदिने जरा ख्रीष्ट येशूमाथि राखिएको उनको विश्वास थियो, अनि ईश्वरीय जीवन प्राप्त गरेको फल सबै पवित्र जनहरूप्रतिको उनको प्रेम थियो। यसर्थ उनको विश्वासचाहिँ फलवन्त विश्वास थियो।

एफेसी १:१५-१६ र कलस्सी १:३-४ पदहरूमा पावलले एफेससका र कलस्सेअका पवित्र जनहरूका निम्ति धन्यवाद चढ़ाउँदा उनीहरूका उस्तै-उस्तै सद्‌गुणहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्, तर ती खण्डहरूमा तिनले पहिले उनीहरूको विश्वास, त्यसपछि उनीहरूको प्रेमको सहराना गर्छन्। तर यहाँ यस पत्रमा तिनले फिलेमोनको प्रेम र त्यसपछि उनको विश्वासको सम्झना गर्छन्। यसमा भिन्नता के होला त ? श्री म्याक-लरनले यसको उत्तर यसरी दिएका छन्:

'यहाँ विश्लेषणको क्रम यस प्रकारको छः फिलेमोनको जीवनमा देखा परेको प्रेमको कारण र हेतु पत्ता लगाउने क्रम अपनाइयो; तर एफेसीको पत्र र कलस्सीको पत्रमा उत्पादनको क्रम अपनाइएको छ, जुन

क्रमअनुसार अनुसन्धानचाहिँ विश्वासको जरादेखि शुरु गरेर त्यसको फलसम्म पुगेको छ।'

पावलका शब्दहरूको क्रममा अझै पनि अर्को रोचक कुरा छः सबै पवित्र जनहरूप्रति उनको प्रेमको कुरा लेख्दा-लेख्दै तिनले प्रभु येशूप्रति उनको विश्वास भएको कुरा बीचमा हालेछन्। यसरी झण्डै शब्दहरूको खिचड़ी भएछ। तर फिलेमोनको विश्वास प्रभु येशूमाथि राखिएको विश्वास थियो भने, उनको प्रेम उपभोग गर्न पाउने प्रापकहरूचाहिँ सबै पवित्र जनहरू भएका रहेछन्। तर पावलले यहाँ विश्वासको कुरालाई प्रेमको कुराले लपेटेका छन्, मानौं तिनले यसरी नै फिलेमोनलाई अब चाँड़ै उनले आफ्नो दास ओनेसिमसलाई प्रेम देखाएर आफ्नो विश्वासको वास्तविकता देखाउने सुनौलो मौका पाउन लागेका छन् भन्ने पूर्व-चेताउनी दिन खोजेका छन्। यसकारण एकजनालाई नछोड़ी *सबै* पवित्र जनहरूप्रति उनको प्रेम भएको कुरामा यहाँ जोड़ लगाइएको छ।

**फिलेमोन १ः६ः** अघिका दुईवटा पदहरूमा पावलले फिलेमोनका निम्ति धन्यवाद चढ़ाएका छन् भने, यहाँ यस पदमा प्रेरित पावलले फिलेमोनका निम्ति आफ्नो प्रार्थनामा कुनचाहिँ विन्ती चढ़ाउँछन्, सो निम्न शब्दद्वारा प्रकट गर्छन्ः *'तिम्रो विश्वासको सङ्गति प्रभावकारी भएको होस्।'* फिलेमोनले अरू मानिसहरूप्रति दया देखाउँदा उनको विश्वासको सङ्गतिले एउटा व्यावहारिक रूप लिएको थियो, र लिनुपरेको थियो। हामीले ख्रीष्टको सुसमाचारको प्रचार गरेर अरू मानिसहरूसित आफ्नो विश्वास बाँड़्न सक्छौं; तर भोका भएकाहरूलाई खुवाएर, असहाय-हरूलाई लुगाफाटा दिएर, शोकित हुनेहरूलाई सान्त्वना दिएर र कष्टमा परेकाहरूको कष्ट हल्का पारेर हामीले आफ्नो विश्वास पनि प्रकट गर्न र प्रभावकारी तुल्याउन सक्छौं; अनि फिलेमोनको सन्दर्भमा, उनले भागेको दास ओनेसिमसलाई क्षमा दिएर आफ्नो विश्वास प्रकट गर्न सक्नेथिए। यसकारण फिलेमोनले अरूलाई गरेका सबै उपकारहरू ख्रीष्ट येशूबाट भएका हुन् भन्ने कुरा धेरैजनाले उनको भलाइ-भलाइले युक्त जीवनबाट बुझून्, जानून् र मानिलिऊन् भनेर पावलले उनको विषयमा प्रार्थना गरे।

जुन मानिसको जीवनमा परमेश्वरको प्रेम स्पष्ट देखिन्छ, त्यस मानिसको जीवनमा प्रभाव पार्ने शक्ति ठूलो हुन्छ। कुनै किताबमा प्रेमको विषयमा पढ्नु एउटा कुरा हो, तर प्रेम देहधारी भएको मानिसको जीवनको प्रभाव अकाट्य र सम्मोहित पार्ने किसिमको हुन्छ; वचन देहधारी हुनुभएको मानिसको जीवन यसको निम्ति साक्षी बसेको छ।

**फिलेमोन १:७:** फिलेमोनको पोखिने उदारता अनि उनको त्याग र बलिदानयुक्त प्रेमको खबर कलस्सेअबाट रोममा आइपुग्यो, जहाँ यस खबरले ख्रीष्ट येशूको कैदी पावलको हृदयमा ठूलो आनन्द [3] र सान्त्वना सृजना गऱ्यो। पावलले फिलेमोनलाई प्रभु येशूकहाँ ल्याउन पाएकोमा यो आफ्नो ठूलो सौभाग्य ठान्थे। अनि अहिले विश्वासमा तिनको छोरा भएको फिलेमोन प्रभुमा एकदम राम्रो भएको खबर सुन्न पाउनु तिनका निम्ति कति खुशीको कुरा थियो। किनकि यी प्रिय भाइ फिलेमोनद्वारा, विशेष गरी उनको प्रेमले गर्दा पवित्र जनहरूका आन्तरिक हृदयहरू कति शीतल पारिएका थिए। यो कुरा पावलका निम्ति ठूलो उत्साहको कारण बन्यो। हामीमध्ये कोही पनि आफ्नो निम्ति जिउँदैन, र कोही पनि आफ्नो निम्ति मर्दैन; तर हाम्रा कामकुराहरूले अरू मानिसहरूलाई प्रभाव पार्छन्-पार्छन्। हाम्रो प्रभावको घेरा कति हो, सो हामी नाप्न सक्दैनौं। तर हामीले बुझ्नुपरेको यो हो कि, अरूलाई असल प्रभाव कि खराब प्रभाव पार्ने हाम्रो जीवनको शक्ति र क्षमता असीमित हुन्छ।

## ग) फिलेमोन १:८-२०: पावलले ओनेसिमसका निम्ति फिलेमोनलाई आग्रह गर्छन्

**फिलेमोन १:८:** अबचाहिँ पावलले यो पत्र लेख्ने मुख्य उद्देश्य प्रकट गर्छन्। तिनले ओनेसिमसका निम्ति विन्ती गर्न लागेका छन्। तर तिनले यो विषय कसरी उठाउनु ठीक होला ? प्रभुको प्रेरित भएको हुनाले तिनले फिलेमोनलाई यसो भन्न सक्नेथिएः 'प्रिय भाइ फिलेमोन, तिमी एक ख्रीष्ट-विश्वासी हौ; यसैले तिमीले यस भागेको दासलाई क्षमा दिनुपर्छ र

उसलाई फेरि ग्रहण गर्नुपर्छ। अनि ठीक यही कुरा म तिमीलाई आज्ञा गर्छु।' पावलसँग फिलेमोनलाई आज्ञा गर्ने अधिकार थियो; अनि फिलेमोनले खुरुक्क तिनको आज्ञा मान्नेथिए। तर यो पावलको फोस्रो जीत मात्र ठहरिनेथियो।

**फिलेमोन १:९:** होइन, पहिले प्रेरित पावलले फिलेमोनको हृदय जित्नुपरेको थियो, नत्र ओनेसिमसको स्वागत न्यानो हुनेथिएन। यहाँ, यस ठाउँमा प्रेमको प्रेरणाले प्रेरित भएको आज्ञाकारिता खास कुरा थियो; प्रेमको वातावरण नभए ओनेसिमसका निम्ति फिलेमोनको घरमा रहनु-बस्नु सहन नसकिने कुरा हुनेथियो। हुन सक्छ, पावलले यस पदका शब्द लेख्दाखेरि मुक्तिदाता प्रभुको वचन सम्झन्थे होला, जसले यसो भन्नुभयोः *'तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर!'* (यूहन्ना १४:१५)। यसकारण प्रेमको खातिर तिनले फिलेमोनलाई आग्रह गरे, उनलाई आदेश गरेनन्। के फिलेमोनको प्रेम सात समुद्र पार, प्रभु येशूको खातिर कैदी भएर झ्यालखानामा बसिरहेका यी ख्रीष्टको वृद्ध[4] राजदूतकहाँ पुग्नेथियो? वृद्ध भएका र हालैमा कैदी पनि भएका पावल – के यी दुईवटा कुराले फिलेमोनको हृदयमा प्रेम पलाउन सक्नेथिए कि? त्यस बेलामा प्रेरित पावलको उमेर कति थियो, सो हामी निश्चित रूपले जान्न र भन्न सक्दैनौं; तर हुन सक्छ, तिनी लगभग त्रिसट्ठी वर्ष पुगेका थिए होला। आज त्रिसट्ठी वर्ष कुनै खास उमेर नै गनिँदैन। तर हुन सक्छ, ख्रीष्ट येशूको सेवामा आफूलाई पूरा खर्च गरेर तिनी छिट्टै वृद्ध भए होलान्। अनि अहिलेचाहिँ तिनी येशू ख्रीष्टका निम्ति कैदी पनि थिए। तिनले फिलेमोनबाट सहानुभूति खोजेको हुनाले तिनले यसो लेखेनन्, तर उनले यी कुराहरूमाथि आफ्नो विचार पुऱ्याएर र मूल्याङ्कन गरेर नै सठीक निर्णयमा आइपुग्नेछन् भनेर उनीमाथि तिनले आशा गरे।

**फिलेमोन १:१०:** मूल-लेखमा ओनेसिमसको नाम यस पदको अन्तिम शब्द हो, जस्तैः 'म तिमीलाई मेरो छोराका निम्ति, जसलाई मैले मेरो बन्धनमा जन्माएको हुँ, अँ, ओनेसिमसका निम्ति विन्ती गर्छु।' पत्र पढ्दा-पढ्दै फिलेमोन आफ्नो अपराधी दासको नामकहाँ पुग्ने बेलामा उनी

निरस्त्र, अँ, तर्करहित भइसक्नेथिए। फिलेमोनको प्रतिक्रिया कल्पना गर्न कोशिश गर्नुहोस् ! 'अरे, त्यो बदमास केटा प्रभु येशूकहाँ फर्क्यो, कसरी ? बाफरे, त्यसले कैदी पावलद्वारा प्रभुलाई पाएको रहेछ ! ! यो कति अचम्म, कति अद्‌भुत, अँ, कति पत्यार नलाग्दो कुरा हो ।'

अहो, इसाई जीवनमा कति रहस्यमय आनन्दहरू अनुभव गरिन्छन् ! परमेश्वरले अद्‌भुत र आश्चर्यजनक ढङ्गले काम गर्नुभएको कुरा देख्नु ती आनन्दहरूमध्ये एउटा हो; किनभने उहाँले पूर्वनिश्चित ठाउँमा विभिन्न परिस्थितिहरू मिलाएर आफूलाई प्रकट गर्नुहुन्छ, जुन परिस्थितिहरूको मिलन कदापि संयोगको फल भन्न मिल्दैन । पहिले पावलले फिलेमोनलाई प्रभु येशूकहाँ डोर्‍याए। अनि कुनै समयपछि प्रेरित पावल पक्राउ परे र न्यायजाँचको निम्ति रोममा ल्याइए। अनि फिलेमोनको दास ओनेसिमस भाग्यो र रोममा पुग्यो । संयोगवश त्यहाँ उसको भेट पावलसित भयो; अनि उसले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पायो । यसरी मालिक फिलेमोन र उनको दास ओनेसिमसले एकै प्रचारकद्वारा नयाँ जन्म पाए, तर विभिन्न ठाउँहरूमा र विभिन्न परिस्थितिहरूमा । के यो सब त्यत्तिकै, आफैआफ भएको, अकस्मात् भएको कुरा हो र ?

**फिलेमोन १ः११ः** ओनेसिमस भन्ने नामको अर्थ 'कामलाग्दो' हो । तर ऊ भाग्यो; तब फिलेमोनका निम्ति ऊ निकम्मा, बदमास र धूर्त ठहरियो । अनि पावलले उसको विषयमा भन्न खोजेको कुरा खास यो थियोः 'ठिक्कै छ, बितेको समयमा ओनेसिमसचाहिँ तिम्रो निम्ति निकम्मा र काम नलाग्ने भयो, तर अबचाहिँ ऊ तिम्रो र मेरो निम्ति काम लाग्ने भएको छ।' फिलेमोनकहाँ फर्केर आउने दास उनीबाट भागेको भन्दा असल मानिस भएको थियो । अनि यहाँ नयाँ नियमको जमानाको कुरा आयोः दास-बजारमा अइसाई दासहरूभन्दा इसाई दासदासीहरूको दाम ज्यादा हुन्थ्यो । अनि वर्तमान समयमा कुरा कस्तो छ ? के अइसाई कामदारहरूको भन्दा इसाई कामदारहरूको काम बढ़ी विश्वासयोग्य हुन्छ र तिनीहरू काम दिने मालिकहरूका निम्ति बढ़ी मूल्यवान् ठहरिएका छन् ?

**फिलेमोन १:१२:** यस पत्रबाट नयाँ नियमले दासप्रथाको विषयमा अपनाएको दृष्टिकोण स्पष्ट हुन्छ। प्रेरित पावलले दासप्रथामाथि आरोप लगाउँदैनन्, र त्यो चलन मनाही पनि गर्दैनन्। यसको विषयमा वास्तवमा कुरा के हो? तिनले त ओनेसिमसलाई फेरि उसको मालिककहाँ पठाउँछन्। तर यो पनि स्पष्ट छः नयाँ नियमभरि दासप्रथाका दुराचारहरूमाथि आरोप लगाइएको छ र त्यसका दुर्व्यवहारहरू निषेध गरिएका छन्। यस सिलसिलामा श्री अलेक्जान्दर म्याक-लरनले यसो लेखेका छन्ः

> 'नयाँ नियमको शिक्षाले सीधा राजनीतिमाथि वा समाजका अरू प्रबन्धहरूमाथि हस्तक्षेप गर्दैन, तर यस्ता नियमहरू प्रस्तुत गर्छ, जुन नियमहरूले जुनै पनि समाजको व्यवस्थालाई सुअसर गर्छन्; अनि पछि नयाँ नियमका यी अर्तीहरूद्वारा मानिसहरूको मन र विचार भिज्दा-भिज्दै ती लोकभावना बनिँदै जान्छन्।' [5)]

कुनै समाजका खराबीहरू सच्याउन-सुधार्न पवित्र बाइबलले बलमिचाइ लगाउने क्रान्ति अपनाउँदैन, कसैलाई अपनाउन दिँदैन। किनभने मानिसको असभ्यता र अनैतिकता उसको पतित स्वभावको फल हो। सुसमाचारको सन्देशले यही खराबीको जरामा बन्चरो लगाइदिन्छ र ख्रीष्ट येशूमाथि विश्वास गर्नाले मानिसहरूमा एउटा नयाँ सृष्टि पैदा गर्छ।

यो एउटा कल्पनाको कुरा हो; तर हुन सक्छ, जुन दासको मालिक दयावान् छन्, ती मालिकको दासको दशा प्रायः राम्रो हुन्छ; ऊ स्वतन्त्र भयो भने उसले त्यसभन्दा असल दशामा जिउन नपाउला। यो कुरा प्रभु येशूका दासदासीहरूको विषयमा अवश्य सत्य ठहरिन्छ। किनभने उहाँका दासदासीहरू सबैभन्दा बढ़ी स्वतन्त्र मानिसहरू भएका हुन्छन्; यसमा कुनै शङ्का छैन।

यसकारण जब पावलले ओनेसिमसलाई फेरि फिलेमोनकहाँ पठाए, तब तिनले यस दासप्रति कुनै अन्याय गरेनन्; किनभने अब त मालिक र

उनको दास दुवैजना विश्वासी बनेका थिए। यसैले फिलेमोनले ओनेसिमसलाई ख्रीष्टीय सद्‌व्यवहार देखाउनुपरेको थियो; अनि ओनेसिमसले फिलेमोनप्रति काममा इसाई विश्वासयोग्यता देखाउनुपरेको थियो।

*'उसलाई ग्रहण गर, जो मेरो आफ्नै हृदयको टुक्रा हो'* भन्ने वाक्यबाट प्रेरित पावलले ओनेसिमसलाई कति प्रगाढ़ प्रेमले माया गरे, सो स्पष्ट बुझिन्छ। किनभने ओनेसिमसलाई पठाउँदा पावललाई आफ्नो शरीरको कुनै अङ्ग गुमाउनुपर्छ जस्तो लागेको रहेछ।

हामीले ख्याल गर्नुपर्छ, कि यहाँ क्षतिपूर्ति गर्नुपर्ने विषयमा एउटा महत्त्वपूर्ण नियम पेश गरिएको छ। अब ओनेसिमस मुक्ति पाएको मानिस थियो। यसकारण ऊ आफ्नो मालिककहाँ फर्कनुपरेको थियो। मुक्ति पाउँदा मानिसले आफ्ना पापको दण्ड र पापको शक्तिबाट छुटकारा पाउँछ, तर उसलाई लागेका ऋणहरू खारिज गरिँदैनन् नि। यसकारण नयाँ विश्वासीले नतिरेका सबै बिलहरू तिर्नुपर्छ, र बितेको जीवनमा आफूले जेजत्ति गल्तीहरू गरेको थियो, उसले ती सबै गल्तीहरू, जहाँ सम्भव हुन्छ, सकभर मिलाउनुपर्छ। ओनेसिमसको सम्बन्ध कुरा यस्तो थियोः आफ्नो मालिककहाँ फर्केर उसले उनको सेवा गर्नुपरेको थियो र आफूले चोरी गरेको पूरा रकम उनलाई फर्काउनुपरेको थियो।

**फिलेमोन १:१३ः** ओनेसिमसलाई रोममा आफूसँग राख्न प्रेरित पावललाई मन परेको थियो। मुक्ति पाएको दासले सुसमाचारको खातिर झ्यालखानामा बसिरहेका पावलका निम्ति के-के गर्न सक्नेथियो ? ? अँ, उसबाट तिनलाई धेरै कुराहरूमा मद्दत हुनेथियो। अनि यसरी फिलेमोनलाई यस सहायकमार्फत प्रेरित पावलको सेवा गर्ने सुन्दर मौका मिल्नेथियो। तर यस कुरामा नमिल्ने कुरा के थियो भने, फिलेमोनको बोध, इच्छा र अनुमतिविना यो सब हुनेथियो।

**फिलेमोन १:१४ः** पावलका निम्ति ओनेसिमसलाई रोममा आफूसँग राख्ने कुरा भएन। किनकि दासको मालिकलाई यस प्रकारको करकापमा पार्नु ठीक हुँदैनथियो। यसकारण तिनले फिलेमोनको मञ्जुरीविना केही पनि नगर्ने इच्छा गरे। भलाइको जुनसुकै काम करले हुनुहुँदैन, तर

स्वेच्छापूर्वक भएको हुनुपर्छ, नत्र यस प्रकारको करकापद्वारा त्यस उपकारको कार्यबाट त्यसको शोभा हराउनेथियो ।

**फिलेमोन १:१५:** विश्वासीको जीवनमा आत्मिक परिपक्वता केमा देखिन्छ ? वर्तमान समयका प्रतिकूल परिस्थितिहरूदेखि आफ्ना आँखाहरू उठाएर सबै कुराहरूमा परमेश्वरको हात देख्न सक्नुचाहिँ आत्मिक परिपक्वताको लक्षण हो; किनभने परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुराहरू मिलेर भलाइ उत्पन्न गर्दा रहेछन् (रोमी ८:२८)। जब ओनेसिमस भाग्यो, तब हुन सक्छ, फिलेमोनलाई कति तिक्त लाग्यो होला नि; अनि उनको हानि निक्कै ठूलो थियो। के उनले एकदिन त्यस दासलाई फेरि देख्न पाउनेथिए? त्यसमा शङ्का थियो। तर अहिले पावलले काला-काला बादलहरूमा इन्द्रेणीले कहाँ-कहाँ आफ्ना आशाको किरणरूपी चिन्हहरू छोड़िराखेको, सो पत्ता पार्छन्। ठिक्कै छ, कलस्सेअमा भएको फिलेमोनको यस परिवारबाट ओनेसिमस हरायो, तर केही समयको निम्ति मात्र हरायो । ऊ किन हरायो ? ऊ यस हेतुले हरायो, कि फिलेमोनले उसलाई सधैंभरिका निम्ति प्राप्त गरून्। हाम्रा विश्वासी दाजुभाइ-दिदीबहिनीहरूका निम्ति सान्त्वना यसैमा छ; के मृत्युद्वारा तपाईंले विश्वास गर्ने आफन्तहरू र मित्रहरूलाई गुमाउनुपर्‍यो ? याद गर्नुहोस्ः यो विछोड़ केही समयका निम्ति मात्र हुँदो रहेछ; तपाईं र मृत्युद्वारा गुमाइएका प्रियजनहरूको बीचमा एकदिन पुनर्मिलन हुनेछ, र त्यो मिलनचाहिँ अनन्त मिलन हुनेछ ।

**फिलेमोन १:१६:** फिलेमोनले ओनेसिमसलाई फिर्ता पाउनेथिए। त्यत्ति मात्र होइन, तर उनले उसलाई पहिलेको भन्दा राम्रो अवस्थामा फिर्ता पाउनेथिए। किनभने अबदेखि उनीहरूको बीचमा मालिक-दासको नाताको साधारण सम्बन्ध मात्र रहनेथिएन। अबचाहिँ ओनेसिमस दासभन्दा बढ़ी थियो; ऊ उनका निम्ति प्रभुमा एक प्रिय भाइ भएको थियो । अबदेखि उसो ओनेसिमसले दण्ड पाउने डरले काम गर्ने होइन, तर काम गर्ने वातावरणमाथि प्रेमको छाया पर्नेथियो। रोममा पावलले यस प्रिय भाइको सङ्गति उपभोग गरिरहेका थिए। तर अब त तिनले उसलाई

अझै बढ़ी समय आफूसँग राख्नेथिएनन्। यसमा प्रेरित पावलको हानि फिलेमोनको लाभ हुने भयो। अब फिलेमोनले ओनेसिमसलाई भाइको रूपमा चिन्न पाउनेथिए, शरीरमा पनि र प्रभुमा पनि। पावलले ओनेसिमस-माथि राखेको भरोसा शरीरमा र प्रभुमा सत्य ठहरिनेथियो – शरीरमा; किनभने उसले तनमनले र इमानदारीपूर्वक फिलेमोनको सेवा गर्नेथियो; अनि प्रभुमा; किनकि ओनेसिमस ख्रीष्ट-विश्वासी भएको हुनाले फिलेमोनले उसको आत्मिक सङ्गति पनि पाउनेथिए।

**फिलेमोन १:१७:** प्रेरित पावलको आग्रह कति साहसिलो छ र कति ममताले पूर्ण थियो; यसमा हामी छक्क पर्दछौं। किनभने तिनले फिलेमोनलाई *'उसलाई मलाई जस्तै गरी ग्रहण गर'* भनेर विन्ती गर्छन्। तिनले उनलाई यसो लेखेका छन्: *'यसकारण यदि तिमीले मलाई एक साझेदार सम्झन्छौ भने उसलाई मलाई झैं गरी ग्रहण गर!'* यस वाक्यले हामीलाई मुक्तिदाता प्रभुका शब्दहरूको सम्झना दिलाएको छ, जसले यसो भन्नुभयो: *'जसले तिमीहरूलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ, अनि जसले मलाई ग्रहण गर्छ, त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ'* (मत्ती १०:४०); *'अनि मेरा यी भाइहरूमध्ये सानोभन्दा सानो एकजनालाई तिमीहरूले जेजति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ'* (मत्ती २५:४०)। अनि यस वाक्यबाट अर्को स्मरण पनि आउँछः परमेश्वरले हामीलाई आफ्नो पुत्रमा, उहाँमार्फत ग्रहण गर्नुभएको छ; परमेश्वरका निम्ति हामी ख्रीष्ट येशू जत्तिकै आत्मीय र प्रिय भएका छौं।

के पावल अझै पनि फिलेमोनको साझेदार थिए? के उनीहरूको बीचमा अझै पनि आपसी सङ्गति जारी रहेको थियो? तब यही आधारमा फिलेमोनले ओनेसिमसलाई ग्रहण गर्नुपर्नेथियो; उनका निम्ति प्रेरित पावलको आग्रह यो थियो। ओनेसिमस फिलेमोनको घरमा सधैंको पाहुना भएर बस्न पाउने र उनीहरूले उसलाई कुनै काम अह्राउन नपाउने अर्थ यस विन्तीको माग होइन। होइन नि! ऊ अवश्य फिलेमोनको घरको दास हुनेथियो। तर ओनेसिमस ख्रीष्टको जन भएको थियो, र यही कारणले विश्वासमा एक भाइ पनि थियो।

**फिलेमोन १:१८:** ओनेसिमसले फिलेमोनको सम्पत्ति चोरेको अर्थ हामी यहाँ पावलका शब्दहरूमा नलगाऔं ! यो त एउटा सम्भावना मात्र थियो । दासदासीहरूको बीचमा चोरी गर्ने पाप एउटा मूल-पाप गनिन्थ्यो । फिलेमोनको क्षति भएमा पावलले त्यो बेहोर्नेथिए, त्यसको ऐभारा बोक्नेथिए। तिनले फिलेमोनको क्षतिको पूर्ति हुनुपरेको कुरामा पूरा सहमत भएका थिए। ओनेसिमसले मुक्ति पायो; तर यसबाट उसलाई लागेका ऋणहरू चुक्ता भएनन्। यसकारण पावलले फिलेमोनलाई यसो लेख्छन्: 'त्यो मेरो हिसाबमा लगाइदेऊ !'

यो कुरा पढ्दाखेरि हाम्रो सम्झना फेरि एकदम ताजा हुन्छः हो, पापी मानिसहरू भएको हुनाले हामीलाई अत्यन्तै ठूलो पापको ऋण लागेको थियो; अनि त्यो जम्मै ऋण प्रभु येशूको हिसाबमा लेखियो; अनि गलगथामा हाम्रो सट्टामा क्रूसको मृत्यु सहेर उहाँले हाम्रो ऋण तिरिदिनुभयो र पूरा चुक्ता गर्नुभयो ।

यहाँ, यस ठाउँमा हामी हाम्रो अधिवक्ता हुनुहुने ख्रीष्टको सेवकाइ पनि याद गरौं ! किनकि जब विश्वासीहरूलाई दोष लगाउनुमा धेरै सिपालो भएको शैतानले हामीले बिराएका कुराहरूको विषयमा हाम्रो विरोधमा आरोपहरू लगाउन थाल्छ, तब हाम्रा परमधन्य प्रभुले त्यसलाई यसो भन्नुहुन्छः 'हे शैतान, त्यो मेरो हिसाबमा लगाइदे !'

यस पत्रमा मेलमिलापको शिक्षाको सुन्दर चित्र छ। ओनेसिमसको अपराधले गर्दा उसको र फिलेमोनको बीचमा मनमुटाउ भएको थियो । अनि निस्सन्देह पावलको सेवकाइद्वारा उनीहरूको बीचमा भएको त्यो फाटो र शत्रुता हटाइयो । यस दास र उसको मालिकको बीचमा मेलमिलाप भयो । हाम्रा पापहरूले गर्दा परमेश्वरसित हाम्रो सम्बन्ध टुट्यो । तर ख्रीष्ट येशूको मृत्यु र बौरिउठाइद्वारा परमेश्वर र हाम्रो बीचमा भएको शत्रुताका सबै कारणहरू हटाइए; अनि यसरी परमेश्वरसँग ख्रीष्ट-विश्वासीहरूको मेलमिलाप भयो ।

**फिलेमोन १:१९:** पावलले प्रायः जसो कसैलाई आफ्नो पत्र लेख्न लगाउँथे, र अन्तमा आफ्नो हातले एक-दुई शब्द लेख्ने गर्थे। अनि यस

पत्रको विषयमा तिनले कति खण्ड आफ्नो हातले लेखे, सो हामी भन्न सक्दैनौं। तर कम्तीमा तिनले यहाँ, यस ठाउँमा कलम आफ्नो हातमा लिएको कुरा स्पष्ट बुझिन्छ। तिनले खेस्रो ढङ्गमा आफ्नै अक्षरले यसो लेखेका छन्ः 'ओनेसिमसलाई तिम्रो जेजत्ति ऋण लागेको छ, त्यो म तिरिदिनेछु।' *'तिमीलाई मेरै ऋण लागेको छ, त्यो म तिमीलाई भन्दिनँ।'* फिलेमोन पावलको ऋणी थिए, र तिनीप्रति ठूलो ऋणमा परेका थिए; किनभने पावलले उनलाई प्रभु येशूकहाँ डोऱ्याएका थिए। फिलेमोन आफ्नो आत्मिक जीवनका निम्ति प्रेरित पावलबाट कहिल्यै उऋण हुनेथिएनन्, किनभने उनलाई मुक्ति दिलाउने माध्यम पावल नै भएका थिए। अनि निश्चय नै पावलले उनलाई त्यो आत्मिक ऋण तिरिहाल्ने करमा पार्नेथिएनन्।

**फिलेमोन १ः२०ः** फिलेमोनलाई 'भाइ' भन्ने सम्बोधन गरेर पावलले यहाँ उनीबाट प्रभुमा केही उपकार, अँ, उनीबाट ख्रीष्टमा केही ताजा आनन्द पाउन चाहन्छन्। 'ओनेसिमसलाई दयाको साथ ग्रहण गर, उसलाई क्षमा गर र उसलाई घरको दासको रूपमा फेरि स्थापित गर! होइन, दासको रूपमा होइन, तर खास गरेर परमेश्वरको परिवारको एक भाइको रूपमा अब ग्रहण गर' भन्ने आग्रह फिलेमोनका निम्ति वृद्ध पावलको सुस्पष्ट अनुरोध थियो।

## घ) फिलेमोन १ः२१-२५ः अन्तिम मन्तव्यहरू

**फिलेमोन १ः२१ः** फिलेमोनमाथि प्रेरित पावलको भरोसा यस प्रकारको थियोः पावलले उनलाई भने, उनले त्योभन्दा बढ्ता गर्नेथिए। उनको आज्ञाकारिता यस किसिमको थियो। ख्रीष्ट येशूले उनलाई सित्तैंमा उनका सबै पापहरू क्षमा गर्नुभयो; यसैकारण उनले ओनेसिमसलाई अवश्य उसका जम्मै पापहरू क्षमा गर्नेथिए। यहाँ एफेसी ४ः३२ पदको शिक्षा व्यवहारमा उतारिएको जीवित उदाहरण छ, जुन पदमा यसो लेखिएको छः *'अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र*

*जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी नै तिमीहरूले पनि एक-अर्कालाई क्षमा गर !'*

**फिलेमोन १ः२२ः** तर फिलेमोनले ओनेसिमससित कस्तो व्यवहार गरे, सो कुरा पावलले कसरी जान्न पाउनेथिए ? तिनले यहाँ कलस्सेअमा आउने र फिलेमोनको घरमा पाहुनाको रूपमा बस्न पाउने आशा प्रकट गरेका छन् । ख्रीष्ट-विश्वासीहरूले तिनका निम्ति चढ़ाएका प्रार्थनाहरूको उत्तरमा अब चाँड़ै सरकारी अधिकारीहरूले तिनलाई रिहाइ दिने अपेक्षामा तिनी बसिरहेका थिए । यसकारण तिनले फिलेमोनलाई 'मेरो निम्ति एउटा बस्ने ठाउँ तयार पारिदेऊ' भनिराख्छन् । अनि हुन सक्छ, पावलको निम्ति पाहुना-कोठा तयार गर्ने काम त्यहाँ फर्केर आएको ओनेसिमसका निम्ति उसलाई अह्राइएको पहिलो काम भएको थियो कि, कसले जान्दछ ? अनि पावल आफ्नो योजनाअनुसार कलस्सेअमा पुगेको कुरा कसले भन्न सक्छ ? हाम्रो अनुमानअनुसार हामी यति भन्न सक्छौंः तिनको निम्ति पाहुना-कोठा तयार गरिएको थियो; अनि फिलेमोनको घरानाका सबै सदस्य-सदस्याहरू तिनलाई चाँड़ै देख्ने तीव्र आशामा बसिरहेका थिए। किनभने तिनको र उनीहरूका हृदयहरू प्रेमले एकसाथ बाँधिएका थिए ।

**फिलेमोन १ः२३ः** अब एपाफ्रासको कुरा आयो । यिनले कलस्सेअको मण्डली स्थापित गरे होलान् (कलस्सी १ः७-८ ; कलस्सी ४ः१२-१३) । अनि अहिलेचाहिँ यिनी रोममा पावलसित सङ्गी-कैदी थिए। यसकारण यिनले पनि यहाँ फिलेमोनलाई आफ्नो न्यानो अभिवादन टक्राउँछन् ।

**फिलेमोन १ः२४ः** अनि त्यही समयमा पावलसँग मर्कूस, अरिस्टार्खस, डेमास र लूका थिए। अनि यी नामहरू कलस्सी ४ः१० र १४ पदहरूमा पनि उल्लेख गरिएका छन्। युस्टस भनिने येशूको नाम कलस्सीको पत्रको चार अध्यायमा उल्लेख गरिएको छ, तर यहाँ लेखिएन। यसको के कारण थियो होला, कुनि ? अनि मर्कूसचाहिँ ? तिनी मर्कूसको सुसमाचारको पुस्तक लेख्ने लेखक थिए। शुरुमा एकपल्ट विफल भएपछि तिनी प्रभुको विश्वासयोग्य सेवक बने; यो सबैलाई प्रमाणित भयो (२ तिमोथी ४ः११; प्रेरित १३ः१३ र १५ः३६-३९) ।

अरिस्टार्खसचाहिँ थेस्सलोनिकीको विश्वासी थिए, जसले पावललाई विभिन्न यात्राहरूमा, र रोमको यात्रामा पनि साथ दिए। अनि कलस्सी ४:१० पदमा पावलले यिनलाई सङ्गी-कैदीको नाम दिए। अनि डेमासचाहिँ? उसले पछि कुनै समयमा वर्तमान संसारलाई प्रेम गरेर पावललाई त्याग्यो (२ तिमोथी ४:१०)। प्रिय वैद्य लूका पावलको विश्वासयोग्य मित्रको रूपमा प्रमाणित भए, जसले तिनलाई अन्तसम्म मद्दत गरे र साथ दिए (२ तिमोथी ४:११; कलस्सी ४:१४)।

**फिलेमोन १:२५:** हामी यस पत्रको अन्तमा आइपुग्यौं। अनि बिदाको आशीर्वाद पावलको चिनारी थियो। *'हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्माको साथमा रहिरहोस्!'* फिलेमोन र उनको परिवारको साथमा प्रभु येशू ख्रीष्टको अनुग्रह सधैं रहेको होस्! यसभन्दा ठूलो आशिष के हुन सक्नेथियो? हामीमध्ये मुक्तिदाता प्रभुको निगाह पाउनुको योग्य को होला त? तैपनि हामी आफ्नो जीवनको क्षण-क्षणमा उहाँको अनुग्रह अनुभव गरिरहेका हुन्छौं, कसरी? यसैले प्रभु येशू र उहाँको त्राणको काममा मग्न हुन पाउनुचाहिँ हामीले आफ्नो सारा हृदयले चाहना गरेको हाम्रो एकमात्र इच्छा हो। यसकारण सबैजनाका निम्ति यो हाम्रो सल्लाह छः यस प्रकाशमा हिँड्दै गर्नुहोस् र उहाँको अनुग्रहको अनुभव पाउँदै गर्नुहोस्!

पावलले यहाँ यो पत्र लेख्न छोड़े र कलम टेबलमा राखे; त्यसपछि तिनले यो पत्र तुखिकसको हातमा सुम्पे, जसले यो पत्र फिलेमोनलाई दिनु थियो। यस पत्रको सन्देशले आउँदा शताब्दीहरूमा इसाई व्यवहारलाई कहाँसम्म प्रभाव पार्नेथियो, त्यो कुरा पावलले त्यस बेलामा के जान्थे र? तर यो पत्रचाहिँ प्रेम र शिष्टाचारको गौरवग्रन्थ बनेको छ, जसको व्यावहारिक शिक्षा लेखिएको समयमा काम लाग्थ्यो भने वर्तमान समयमा पनि पूरा कामलाग्दो हुन्छ। आमेन!

## ENDNOTES:

1) **Introdution:** Martin Luther, quoted by J. B. Lightfoot, *Saint Paul's Epistles to the Colossians and to Philemon*, pp. 317, 318 (translation updated by the present editor).

2) **1:2:** If one compares the status of Christian women with pagan and Muslim women, she (or he) will have to agree that the true "Liberator of women" is the Lord Jesus Christ.

3) **1:7:** The majority of manuscripts read *thanksgiving* (*charin*) for *joy* (*charan*).

4) **1:9:** The Greek words for "aged" (*presbuteμs*) and *ambassador* (*presbeuteμs*) are so similar that Bentley conjectured that Paul wrote "ambassador." The traditional manuscripts are totally against this conjecture, however nicely it may fit the context.

5) **1:12:** Alexander Maclaren, "Colossians and Philemon," *The Expositor's Bible*, p. 461.

## BIBLIOGRAPHY

Carson, Herbert M. *The Epistles of Paul to the Colossians and to Philemon*. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1960.

English, E. Schuyler. *Studies in the Epistle to the Colossians*. New York: Our Hope Press, 1944.

Erdman, Charles R. *Epistles of Paul to the Colossians and Philemon*. Philadelphia: Westminster Press, 1933.

King, Guy. *Crossing the Border*. London: Marshall, Morgan and Scott, Ltd., 1957.

Lightfoot, J. B. *Saint Paul's Epistle to the Colossians and to Philemon*. Grand Rapids: Zondervan Publishing House, reprint of 1879 edition by MacMillan.

Maclaren, Alexander. 'Colossians and Philemon," *The Expositor's Bible*. London: Hodder and Stoughton, 1888.

Meyer, H. A. W. *Critical and Exegetical Handbook to the Epistles to the Philippians and Colossians.* New York: Funk and Wagnalls, 1884.

Nicholson, W. R. *Popular Studies in Colossians: Oneness with Christ*. Grand Rapids: Kregel Publications, 1903.

Peake, Arthur S. 'Colossians," *The Expositor's Greek Testament*. Vol. 3. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1961.

Robertson, A. T. *Paul and the Intellectuals*. Nashville: Sunday School Board of the Southern Baptist Convention, 1928.

Rutherfurd, John. *St. Paul's Epistles to Colossae and Laodicea*. Edinburgh: T. & T. Clark, 1908.

Sturz, Richard. *Studies in Colossians*. Chicago: Moody Press, 1955.

Thomas, W. H. Griffith. *Studies in Colossians and Philemon*. Grand Rapids: Baker Book House, 1973.

Vine, W. E. The Epistle to the Philippians and Colossians. London: Oliphants, 1955.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**
**२) मामुली जीवनभन्दा उच्च जीवन**
**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**
**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**
**५) अब यो परमेश्‍वरको अचम्मको अनुग्रह**
**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**
**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू यस प्रकारका छन्ः

**१) मत्तीको सुसमाचारको टिप्पणी**
**२) मर्कूसको सुसमाचारको टिप्पणी**
**३) लूकाको सुसमाचारको टिप्पणी**
**४) यूहन्नाको सुसमाचारको टिप्पणी**
**५) प्रेरितको पुस्तकको टिप्पणी**
**६) रोमीको पुस्तकको टिप्पणी**
**७) पहिलो कोरिन्थीको टिप्पणी**
**८) गलातीको पुस्तकको टिप्पणी**
**९) एफेसीहरूलाई लेखिएको पत्रको टिप्पणी**
**१०) कलस्सीहरूलाई लेखिएको पत्रको टिप्पणी**
**११) थेस्सलोनिकीहरूका पहिलो र दोस्रो पत्रको टिप्पणी**
**१२) तिमोथीलाई लेखिएको पावलको पहिलो पत्रको टिप्पणी**
**१३) तिमोथीलाई लेखिएको पावलको दोस्रो पत्रको टिप्पणी**
**१४) तीतसलाई लेखिएको पावलको पत्रको टिप्पणी**
**१४) हिब्रूहरूको पुस्तकको टिप्पणी**

**१६) याकूबको पुस्तकको टिप्पणी**
**१७) १ र २ पत्रुसका पत्र र यहूदाको पत्रको टिप्पणी**
**१८) १-३ यूहन्नाका पत्रको टिप्पणी**
**१९) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाबाट पाउन सक्नुहुन्छः

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738